# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २००८ साल माघ ७ गते सोमबारका दिन कोशी अञ्चलको तेह्रथुम जिल्लाको थोक्लुङ-६, केरेपे भन्ने गाउँमा सामान्य परिवारमा जन्मिएका रविमान लमजेलले कविता, गजल, कथा, निबन्ध, एकाङ्की र खोज समालोचना आदि विधामा कलम चलाएका छन् । नेपाली विषयमा एम.ए. र बी.एड. गर्ने लमजेलले औपचारिक रूपमा कथाकारको रूपमा वि.सं. २०३६ सालदेखि पाठकहरूका माझमा देखा पर्न थालेका हुन् । उनका हालसम्म खोज अनुसन्धानमूलक कृतिहरूमा "मेची अञ्चलको साहित्यिक रूरेखा" (२०४२) र "कोशी अञ्चलको साहित्यिक इतिहास" (२०५०), कविता सङ्ग्रहहरूमा "उन्मुक्त आवेगहरू" (२०४८), "सिर्जनाका छालहरू" (२०६०) र "मनभित्रका खुलदुलीहरू" (२०६२), गजल सङ्ग्रहरूका रूपमा "आकाश चुम्ने रहरहरू" (२०६१) र कथा सङ्ग्रहका रूपमा "आस्थाका पदचापहरू" (२०६९) गरी जम्मा सातवटा पुस्तकाकार कृतिहरू प्रकाशित हुनुका साथै विविध पत्र पत्रिकामा तीनसय भन्दा बढी निबन्ध, एकाङ्की, समालोचना र कविता जस्ता विविध विधाका रचनाहरू प्रकाशित भएका पाइन्छन् । लमजेलका कविता सङ्ग्रहहरूका बारेमा कुनै न कुनै रूपमा अध्ययन भए पनि उनको "आस्थाका पदचापहरू" कथा सङ्ग्रहको अध्ययन तथा विश्लेषण नभएकोले यस सङ्ग्रहको अध्ययनको आवश्यकतालाई औंल्याइएको छ । "आस्थाका पदचापहरू" कथा सङ्ग्रह मार्फत लमजेलले नेपाली कथा साहित्यमा दिएको योगदानलाई ठम्याउँन उनको यस सङ्ग्रहको विशिष्ट र गहकिलो अध्ययन तथा विश्लेषण हुनु आवश्यक छ ।

वि.सं. २०६९ सालमा प्रकाशित रविमान लमजेलको एउटै मात्र कथा सङ्ग्रह "आस्थाका पदचापहरू" मा विभिन्न समयमा विभिन्न पत्र पत्रिकामा प्रकाशित एकाउन्न वटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहका कथाहरूमा सामाजिक, आर्थिक, प्रशासनिक तथा राजनीतिक आदि विविध क्षेत्रमा देखा परेका विकृति, विसङ्गति, दमन, अन्याय र अत्याचार आदिको यथार्थ प्रस्तुतिका माध्यमबाट व्यङ्ग्य

प्रहार गरिएको पाइन्छ । उनका हालसम्म 'स्रष्टा रविमान लमजेल : व्यक्ति र कृतित्व' (२०६६) र 'साहित्यकार रविमान लमजेलका कविता कृतिको अध्ययन' (२०६३) नामक अप्रकाशित शोधपत्र भइसकेको भए तापनि उनको "आस्थाका पदचापहरू" कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको बारेमा विस्तृत र व्यवस्थित अध्ययन र विश्लेषण भएको पाइँदैन । यहि अभावको परिपूर्ति तर्फ यो शोधकार्य अघि बढेको छ ।

## १.२ शोध समस्या

प्रगतिवादी धाराका कथा सर्जकका रूपमा परिचित रविमान लमजेल नेपाली साहित्य जगतका बहुमुखी प्रतिभाले सम्पन्न साहित्यकारका रूपमा परिचित भएका छन् । लमजेलको विविध व्यक्तित्व भए पनि उनले वि.सं. २०३६ सालदेखि आफ्नो कलम कथा विधामा निरन्तर रूपमा चलाउँदै आएका छन् । "आस्थाका पदचापहरू" कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको विस्तृत  अध्ययन तथा विश्लेषण हुन सकेको छैन । यसै सिलसिलामा निम्नलिखित समस्याहरूमा केन्द्रित भएर यो शोधकार्य सम्पन्न गरिएको छ :

(क) रविमान लमजेलको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

(ख) रविमान लमजेलका कथाकृति के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

माथिका शोध समस्यामा केन्द्रित रही "आस्थाका पदचापहरू" कथा सङ्ग्रह भित्रका सम्पूर्ण कथाहरूको समग्र पक्षको अध्ययन र विश्लेषण गरी प्रस्तुत गरिने भएकाले यस शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) रविमान लमजेलको जीवनी र व्यक्तित्व निरूपण गर्नु,

(ख) रविमान लमजेलका कथाकृतिको कथा तत्त्वका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने साहित्यकार र तिनीहरूको कृतिहरूको अध्ययन र समालोचनाको परम्परा चलिरहेको छ । ओझेलमा परेका प्रतिभाहरूको बारेमा प्रकाश पार्नु महत्त्वपूर्ण कार्य हो । रविमान लमजेलका विविध व्यक्तित्वका विषयमा  र उनका कथाहरूको बारेमा सामान्य टिका टिप्पणी विभिन्न

समालोचक तथा विद्वान्हरूको पुस्तक तथा पत्रिकामा छिटफुट रूपमा चर्चा गरिएको पाइन्छ, जसलाई यस प्रकार देखाउन सकिन्छ :

काजीमान कन्दङ्वाले "मेची अञ्चलको साहित्यिक रूपरेखा" (२०४२) कृतिको भूमिकामा रविमान लमजेललाई एक खोज समालोचकको रूपमा औंल्याएका छन् ।

जवाहर रोकाले "कोशी अञ्चलको साहित्यिक इतिहास" (२०५०) नामक कृतिको भूमिकामा नेपाली साहित्यको क्षेत्रमा रविमान लमजेल समष्टिगत रूपमा एक जाज्वल्य, उदयमान, सशक्त र हक्की युवा कवि, निबन्धकार र कथाकार भनी उल्लेख गरेका छन् ।

रविलाल अधिकारीले "नेपाली समालोचनाको रूपरेखा" (२०५१) नामक कृतिमा रविमान लमजेललाई खोजमूलक समालोचकका रूपमा अन्य समालोचकका पङ्क्तिमा राखेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले "कविता सिद्धान्त र नेपाली कविताको इतिहास" (२०६०) मा लमजेललाई सामाजिक विकृति विसङ्गतिका विरुद्ध सरल, सहज र सुवोध शैलीमा कविता रचना गर्ने कविको रूपमा चर्चा गरेका छन् ।

जगमोहन शाक्यले "सिर्जनाका छालहरू" (२०६०) मा रविमान लमजेललाई कवि मात्र नभएर कथाकार, निबन्धकार, समालोचक, अनुसन्धाता, गजलकार र एकाङ्कीकारका रूपमा समेत नेपाली साहित्य जगतमा परिचित छन् भनेका छन् ।

राजेन्द्र सुवेदीले "नेपाली समालोचना परम्परा र प्रवृत्ति" (२०६१) मा लमजेललाई नेपाली साहित्यको क्षेत्रीय इतिहास लेखनको एक कडी भनी उल्लेख गरेका छन् ।

मेदनीप्रसाद भण्डारीले "साहित्यकार रविमान लमजेलका कृतिको अध्ययन" (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०६३ : ११) मा रविमान लमजेल आफ्ना कथामा गाउँ समाजमा भएका देखेका वस्तुलाई टिपेर प्रगतिवादी र क्रान्तिकारी विचारले प्रस्तुत गर्ने कथाकार हुन् भनेका छन् ।

एकराज भण्डारीले "स्रष्टा रविमान लमजेल : व्यक्ति र कृतित्व" (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., स्नातकोत्तर क्याम्पस, विराटनगर, २०६६ : १२) मा

सामाजिक र आर्थिक जीवनका यथार्थ वस्तु स्थितिलाई रेखाङ्कित गर्दै कथायात्रामा सङ्लग्न रविमान लमजेल पचास भन्दा बढी कथा सृजना गरेर नेपाली कथा र साहित्यको इतिहासमा तेह्रथुम जिल्लाका प्रतिनिधि कथाकार बन्ने लहडको उपज उनी भित्र जुर्मुराएको पाइन्छ भन्ने उल्लेख गरेका छन् ।

यसरी माथि उल्लेखित समालोचक तथा विद्वान्हरूले रविमान लमजेलका कथाकार व्यक्तित्वको बारेमा केही चर्चा गरे पनि उनको कथाकृतिको कथा तत्त्वको आधारमा विस्तृत र गहिरो अध्ययन हुन नसकेकोले यसको अभाव पूर्तिका लागि यो शोधकार्य गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

रविमान लमजेलको व्यक्ति र कृतित्वका बारेमा २०६६ मा र कविता कृतिको अध्ययनका बारेमा २०६३ मा शोधकार्य भइसकेको पाइन्छ तर उनका एक मात्र कथा सङ्ग्रह "आस्थाका पदचापहरू" मा सङ्कलित कथाहरूको बारेमा गहिरो अध्ययन तथा विश्लेषण भएको छैन । यसै तथ्यलाई हेर्दा आस्थाका पदचापहरू कथा सङ्ग्रहको गहन अध्ययन तथा विश्लेषण हुनु आवश्यक छ । साथै आस्थाका पदचापहरू कथा सङ्ग्रहको गहन र व्यवस्थित अध्ययन गरेर रविमान लमजेलको यथोचित मूल्याङ्कन गर्नु पनि आवश्यक छ । यिनै आवश्यकताका परिपूर्तिका लागि यो शोधपत्र तयार गरिएको हुँदा यसको अध्ययन औचित्यपूर्ण छ । यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको बारेमा थप अध्ययन अनुसन्धान गर्नेहरूका निम्ति महत्त्वपूर्ण आधार सामग्रीका रूपमा समेत यो शोधपत्रको महत्त्व रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

रविमान लमजेलमा बहुमुखी प्रतिभा भए पनि प्रस्तुत शोधकार्य उनका कथाहरूको अध्ययन तथा विश्लेषणमा केन्द्रित रहेको छ । त्यसमा पनि मुख्यतः उनका **आस्थाका पदचापहरू** कथा सङ्ग्रहमा सङ्कलित कथाहरूलाई मात्र कथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । कथा विश्लेषणका क्रममा यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरू भन्दा बाहेकका उनका अन्य साहित्यिक कृतिहरू यस शोधपत्रमा समावेश गरिएको छैन ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रको शीर्षक रविमान लमजेलका कथाहरूको विश्लेषण हुनाले लमजेलका कथाकारितासँग सम्बन्धित विविध स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा मूलतः पुस्तकालयीय अध्ययन विधिलाई अवलम्बन गरिएको छ । आवश्यकता अनुसार शोधनायक र शोधनिर्देशकसँग शोधपुछ, टेलिफोन सम्पर्क, प्रत्यक्ष कुराकानी र सम्बद्ध विषयका विद्वान्हरूद्वारा लेखिएका पुस्तकको अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा आवश्यकता अनुसार वर्णनात्मक एवम् विश्लेषणात्मक प्रक्रियाको अनुसरण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित रूप दिनको लागि निम्नलिखित परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार विविध शीर्षक उपशीर्षकमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : रविमान लमजेलको जीवनी र व्यक्तित्व

**तेस्रो परिच्छेद** : कथाको सैद्धान्तिक परिचय

**चौथो परिच्छेद** : रविमान लमजेलका कथाकृतिमा कथावस्तु

**पाँचौं परिच्छेद** : उपसंहार

# दोस्रो परिच्छेद

# रविमान लमजेलको जीवनी र व्यक्तित्व

## २.१ विषय प्रवेश

कुनै पनि साहित्यिक कृति लेखकको जीवनीबाट नितान्त अलग रहन सक्दैन । स्रष्टाको जीवनीका कतिपय सन्दर्भको प्रभाव कृतिमा पनि परेहेको हुन्छ । त्यो कुरा लेखकको जीवनीगत अध्ययनबाट बुझ्न सकिन्छ । त्यसैले यस परिच्छेदमा रविमान लमजेलको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ ।

## २.२ रविमान लमजेलको जीवनी

### २.२.१ जन्म र परिचय

रविमान लमजेलको जन्म वि.सं. २००८ माघ ७ गते सोमबार कोशी अञ्चलको तेह्रथुम जिल्लाको थोक्लुङ ६, केरेपे भन्ने गाउम भएको पाइन्छ । उनी स्वर्गीय पिता धनवीर लमजेल (१९६०-२०४२) र स्वर्गीय माता जानुकादेवी लमजेल (१९६७-२०६०) का चार छोरा र चार छोरी मध्ये कान्छा छोरा भएको पाइन्छ (लमजेलबाट प्राप्त जानकारी) । उनका पिता धनवीर ग्रामीण परिवेशमा जन्मेका र निम्न मध्यम वर्गीय शान्त, गम्भीर कडा र मिजासका व्यक्ति थिए भने माता जानुकादेवी पनि सरल हृदयकी कुशल गृहिणी भएकी थिइन् । लमजेलको पुर्ख्यौली घर पनि ८/१० पुस्तादेखि नै तेह्रथुमको केरेपे भन्ने गाउँमा बसोवास भएको हो (भण्डारी, २०६३ : ६) ।

### २.२.२ बाल्यकाल र शिक्षादीक्षा

रविमान लमजेलको बाल्यकाल मातापिताको लाडप्यार र दाजु दिदीहरूको असीम प्यारमा व्यतीत भएको पाइन्छ । निरोगी, स्वास्थ्य र केही हक्की स्वभावका लमजेलको बाल्य जीवनका प्रारम्भिक क्षणहरू पाखा भित्तामा गाईवस्तु चराउँदै र साथीहरूसँग खेल्दै व्यतीत भएको देखिन्छ (लमजेलबाट प्राप्त जानकारी) ।

शिक्षादीक्षाको अवसर चाहिँ थोक्लुङ गा.वि.स. स्थिति श्री भगवती मा.वि. तत्कालीन भगवती प्राइमरी स्कुलबाट वि.सं. १०१७ भाद्रदेखि भएको थियो । वि.सं.

२०२१ पौष ९ गते कक्षा ५ उत्तीर्ण गरेपछि वि.सं. २०२१ पौष ११ गते श्री शारदा माध्यमिक विद्यालय चुहानडाँडामा कक्षा ६ मा पढाइ सुरु गरी वि.सं. २०२७ मा सोही विद्यालयको नियमित विद्यार्थीको हैसियतले एस.एल.सी. उत्तीर्ण गरेका हुन् । उनले वि.सं. २०३२ सालमा धनकुटा बहुमुखी क्याम्पसबाट आई.ए. पास र श्री महेन्द्ररत्न बहुमुखी क्याम्पसबाट वि.सं. २०४६ सालमा बि.ए. पास गरेका हुन् भने वि.सं. २०५१ सालमा काठमाडौँ शिक्षाशास्त्र क्याम्पसबाट बी.एड. र वि.सं. २०५३ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. पास गरेका हुन् (लमजेलबाट प्राप्त जानकारी) । डाक्टर उपाधि लिने उनको ठूलो धोको भए पनि अफै पूरा हुन भने सकेको छैन ।

### २.२.३ पारिवारिक अवस्था र दाम्पत्य जीवन

रविमान लमजेल निम्न मध्यम परिवारमा जन्मिएका व्यक्ति भएकाले आफ्नो पूर्खादेखि नै चलि आएको कृषि पेसालाई पनि उनले अवलम्बन गरेका छन् साथै उनी शिक्षण पेसामा लागेर र विभिन्न क्षेत्रबाट पाएका पुरस्कार, सम्मान र प्रशंसाबाट केही आर्थिक अवस्था सुध्रेकाले पहिलेको भन्दा उनको आर्थिक अवस्था राम्रो देखिएको छ । हाल शिक्षण पेसाबाट प्राप्त भएको रकमबाट नै उनले घर गृहस्थी चलाउने गरेको पाइन्छ (लमजेलबाट प्राप्त जानकारी) ।

रविमान लमजेलको विवाह परम्परागत नियम अनुसार निर्मला लमजेलसँग भएको हो । हाल उनीहरूका दिनेश कुमार लमजेल छोरा र सिर्जना लमजेल छोरी गरी दुई सन्तान रहेका छन् । यसरी दुई सन्तानका पिताका रूपमा रहेको लमजेल निम्न पारिवारिक स्थितिबाट सङ्घर्ष गरेर अहिलेको अवस्थासम्म आइपुगेको देखिन्छ (भण्डारी, २०६३ : ७) ।

### २.२.४ आर्थिक अवस्था र आजीविका

रविमान लमजेलको जन्मथलो तेह्रथुम भए पनि कर्मथलो चाहिँ ताप्लेजुङ्ग जिल्लाको दुर्गम क्षेत्र भएको देखिन्छ भने आजीविका पनि प्रमुख रूपमा जागिरसँग निकट रहन पुगेको देखिन्छ । वि.सं. २०३४ फाल्गुण १ गतेदेखि श्री महेन्द्र माध्यमिक विद्यालय, ओलाङचुङगोलामा प्र.अ. पदबाट उनको शिक्षण पेसा प्रारम्भ भएको देखिन्छ । वि.सं. २०३५ कार्तिकदेखि निम्नमाध्यमिक दरबन्दी खारेज भएको

हुनाले खेजेनिम गा.वि.स. स्थित श्री आदर्श नि.मा.वि. मामांखे, ताप्लेजुङ्गमा उनको सरुवा भई वि.सं. २०४० देखि पुनः त्यही विद्यालयमा वि.सं. २०४६ फाल्गुण १ गतेसम्म प्र.अ. भएर कार्य गरी वि.सं. २०४६ फाल्गुण २ गतेदेखि ताप्लेजुङ्गको कुम्भकर्ण नि.मा.वि. तिरिङ्गेमा प्र.अ. पदमा नै सरुवा भएको पाइन्छ । त्यहाँबाट अस्थायी पदोन्नति भई वि.सं. २०४७ कार्तिकमा श्री सरस्वती मा.वि. लेलेपमा तृतीय श्रेणी शिक्षक पदमा स्थापित भए भने सोही विद्यालयमा २०५६ भाद्र ६ गतेदेखि प्र.अ. पदमा नियुक्ति भएको पाइन्छ (लमजेलबाट प्राप्त जानकारी) । हाल शिक्षक पेसाबाट अवकास भई विभिन्न लेख रचनाका साथै विभिन्न सङ्घ संस्थाहरूमा आबद्ध भई आफ्नो जीवन सुखमयको साथ चलाई रहेको देखिन्छ ।

### २.२.५ रुचि र स्वभाव

रविमान लमजेललाई बाल्यकालदेखि नै साहित्यप्रति विशेष रुचि भएको पाइन्छ । श्री शारदा माध्यमिक विद्यालय चुहानडाँडा, आठराईमा अध्ययन गर्दा पाठ्यक्रममा निर्धारित पाठ्य पुस्तकका रचना, साहित्यिक कार्यक्रम र गुरुवर्गबाट यस क्षेत्रमा अगाडि बढ्ने प्रेरणा प्राप्त गरेको देखिन्छ (भण्डारी, २०६६ : ७) । त्यस बेलाका चर्चित साहित्यकारहरूमा डा. वामदेव पहाडी, भानुभक्त पोखेल, मोहन सिटौला, खगेन्द्र सङ्ग्रौला, नरेश शाक्य आदि त्यस क्षेत्रका अग्रज साहित्य स्रष्टा थिए । अध्ययनका क्रममा उनले अङ्ग्रेजी र नेपालीका पाठ्य पुस्तकमा भएका कविता कण्ठस्थ पार्ने गरेको पाइन्छ । साथै लमजेलले हिन्दी, बंगालीका कृतिहरूलाई अध्ययन गर्ने गरेका थिए । यिनै विभिन्न भाषाका कृतिहरूलाई अध्ययन गर्ने क्रममा नै लमजेलमा पनि नेपाली साहित्यमा कलम चलाउने रुचि बढेको पाइन्छ (लमजेलबाट प्राप्त जानकारी) ।

### २.२.६ लेखन कार्यको आरम्भ

रविमान लमजेलको साहित्य लेखनको शुभारम्भ १६ वर्षको उमेर अर्थात् वि.सं. २०२४ देखि भएको पाइन्छ । श्री शारदा पुस्तकालय चुहानडाँडामा सङ्कलित पुस्तक, पत्रिका र पाठ्य पुस्तक अध्ययन गर्दै विद्यालयमा सञ्चालित साहित्यिक कार्यक्रममा संलग्न हुँदै लेखन कार्य आरम्भ गरेको पाइन्छ (भण्डारी, २०६६ : ७) । वि.सं. २०२९ माघ १४ गते इलामबाट निस्कने 'मेची साप्ताहिक' मा पदमलाल

विश्वकर्माको सहयोगबाट 'मेरा पूर्खाहरू' शीर्षकको कविता प्रकाशित हुन पुगेको देखिन्छ । अशिक्षित र निम्न मध्यम परिवारमा जन्म भएको हुनाले लमजेललाई शिक्षाप्रति अभिरुचि जगाई विद्यालयमा लगेर नाम लेखाइदिने उनका जेठा दाजु अमृतबहादुर लमजेल र उत्साह थपिदिने गुरु बसन्त सिटौला रहेको पाइन्छ । उनले विद्यार्थी जीवनदेखि नै विद्यालयमा अतिरिक्त कार्यक्रममा सहभागी हुँदै पाठ्य पुस्तकका रचना अध्ययन गर्दै गुरु वर्गका रचना र भाषण सुन्दै आफू पनि थाहै नपाई साहित्य सागरमा होमिन पुगेको कुरा लमजेल स्वयम्ले बताएका छन् । गुरुहरूमा तुलसी लामिछाने, चन्द्र कन्दङ्वा, यज्ञराज खरेलले उनलाई प्रेरणा दिएको पाइन्छ (भण्डारी, २०६६ : ८) ।

### २.२.७ भ्रमण

लमजेल कोशी अञ्चल अन्तर्गत तेह्रथुम जिल्लाको थोक्लुङ ६, केरेपेमा जन्मिएर हुर्किएको भए पनि आफ्नो उच्च शिक्षा अध्ययनका क्रममा र नेपाली साहित्य क्षेत्रमा संलग्न भएर नेपालका विभिन्न गाउँ जिल्लाहरूमा घुम्ने मौका पाउनुका साथै भारतका केही ठाउँहरूको भ्रमण पनि गरेका छन् । अध्ययनका क्रममा उनी इलाम हुँदै नेपाली केन्द्रीय विभाग कीर्तिपुर काठमाडौँसम्म भ्रमण गर्दै आएको पाइन्छ भने साहित्यतिर संलग्न भएर मेची अञ्चलका चारवटै जिल्ला र कोशी अञ्चलका छवटै जिल्लाका विभिन्न गाउँ घुम्नुका साथै नेपालका केही पश्चिमी पहाडी जिल्लाहरूको पनि भ्रमण गरेका छन् । भ्रमण गर्ने क्रममा लमजेललाई अत्यन्तै मन परेको ठाउँ इलाम बताउँछन् (लमजेलबाट प्राप्त जानकारी) । यसरी भ्रमण गर्ने क्रममा देखिएका र भोगिएका यथार्थ कुरालाई पनि लमजेलले आफ्ना कथाहरूमा प्रतीकात्मक र व्यङ्ग्यात्मक शैलीको रूपमा प्रस्तुत गरेका छन् । साथै आफ्नो कार्यक्षेत्र ताप्लेजुङ्ग भएकाले त्यहाँको सामाजिक, आर्थिक, राजनीतिक, आर्थिक परिवेशलाई पनि उनले आफ्ना कथामा उतारेका छन् (भण्डारी, २०६३ : ९) ।

### २.२.८ सम्मान र पुरस्कार

लमजेलले १६ वर्षको उमेरदेखि नै सिर्जनशील प्रतिभाको परिचय दिन थालेका थिए । उनको साहित्य साधनाले वि.सं. २०२९ देखि निरन्तरता पाइरहेको देखिन्छ । उनले साधनाका क्रममा कविताका माध्यमबाट साहित्यमा प्रवेश गरी अन्य

विधामा समेत कलम चलाएका छन् । लमजेलले प्राप्त गरेका सम्मान र पुरस्कारहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) जिल्ला शिक्षा समिति ताप्लेजुङबाट (२०४२, २०५९ र २०६२) मा नगद र प्रशंसापत्र

(ख) पाँचौं महानन्द पुरस्कार (२०४७) नग र प्रशंसा पत्र

(ग) उत्पीडित जातीय मुक्ति समाज (२०५१) बुटवलबाट

(घ) राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२) दोसल्ला र प्रशंसा पत्र

(ङ) वीरगञ्ज साहित्य परिषद् (२०५५)

(च) नौलो साहित्यिक बिहान (२०५६)

(छ) दलित साहित्य एकेडेमी (२०५७)

(ज) याक्थुङ कलाकार ताप्लेजुङ (२०५९)

(झ) डा. नरेन्द्र चापागाई स्मृति सम्मान पुरस्कार (२०६७)

(ञ) श्री सरस्वती थ्यारिवुक उच्च मा.वि. लेलेपबाट वि.सं. २०६८ सालमा सम्मान र दोसल्ला

(ट) राष्ट्रिय शिक्षा यूनियन ताप्लेजुङबाट वि.सं. २०६८ मा अभिनन्दन

(ठ) उत्पीडित जातीय मुक्ति समाज (२०६९) ताप्लेजुङबाट

## २.३ रविमान लमजेलको व्यक्तित्व

### २.३.१ शारीरिक व्यक्तित्व

रविमान लमजेल मझौला कद, गहुँगोरो रङ, लाम्चो अनुहार, बाटुलो निधार, चम्किला आँखा भएका शारीरिक रूपमा हृष्टपुष्ट देखिन्छ । उनी सरल, बोलक्कड, विनम्र, मिलनसार, सधै हसिलो अनुहार भएका र जस्तै कठिन परिस्थितिमा पनि धैर्य, साहस र सन्तुलन नगुमाई जीवनमा सधै क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएका व्यक्तित्व हुन् । साथीभाई र आगन्तुक मित्रहरूसँग नहिच्किचाई बिना रोकटोक धारा प्रवाह वार्तालाप गर्ने उनको वाककला प्रशंसनीय रहेको छ भने आत्मीयताको प्रभाव फजाउन पनि पछि परेको देखिँदैन । कहिले खेतीपाती, कहिले शिक्षण पेसा, कहिले समाज सेवा, कहिले साहित्य लेखन र अध्ययन, कहिले विभिन्न जिल्लाहरूमा घुमफिर गरेर नयाँ मित्रहरूसँग आत्मीयता गाँस्न रुचाउने लमजेललाई फुर्सद भने कमै भएको देखिन्छ । मान्छेले यस धर्तीमा जन्मेपछि केही न केही समाज, राष्ट्र र जातिका निम्ति उल्लेखनीय कार्य गरेर छोड्नु पर्छ भन्ने उनको धारणा रहेको पाइन्छ (लमजेलबाट प्राप्त जानकारी) ।

### २.३.२ साहित्यिक व्यक्तित्व

#### २.३.२.१ कथाकार व्यक्तित्व

रविमान लमजेलले सिर्जनाको प्रारम्भ कविता विधाबाट गरेका भए पनि उनले कथाकारको रूपमा पनि प्रसिद्धि कमाई सकेका छन् । उनी सर्वप्रथम 'मुखभरिको जवाफ' (२०३६, सौगात) कथा लिएर नेपाली कथा विधामा प्रवेश गरेको देखिन्छ (भण्डारी, २०६३ : १६) । यस कथामा शान्ताले नारी स्वतन्त्रताप्रति विद्रोह गरेको छ । साथै यस कथामा कुनै पनि नारीको चाहना आफ्नो पति आफ्नो हृदयलाई बुझिदिने पुरुष होस् भन्ने हुन्छ भन्ने भाव पनि प्रकट भएको छ ।

लमजेलका हालसम्म एउटै मात्र कथा सङ्ग्रह "आस्थाका पदचापहरू" (२०६९) प्रकाशित भएको छ । जसमा ५१ वटा कथाहरू सङ्कलित रहेका छन् । यी कथाहरूले उनको कथाकार व्यक्तित्वलाई चिाउने काम गरेका छन् (लमजेलबाट प्राप्त जानकारी) । उनका कथामा समाजमा भएका जीवन जगत्का यथार्थ कुरालाई प्रस्तुत गरिएको पाइन्छ । पञ्चायती प्रशासनमा पाइने नातावाद, कृपावाद र घृणित सोर्सफोर्सको राम्रो विश्लेषण गरिएको छ । साथै अशिक्षित बाबुआमाको विषालु वचनवाणको प्रहारबाट छोरीमा परेको नकारात्मक प्रभाव र त्यसले भोग्नु परेको दृष्टिपरिणामको राम्रो चित्रण गरिएको छ । सामन्तको विरोध डटेर गर्नु पर्ने क्रान्तिकारी दृढता पनि उनको कथामा पाइन्छ । गरिबहरूको साहस र एकता बुझेपछि सामन्तहरूको मनोबल कसरी गिर्ने गर्छ र आफ्नो गाउँ छोडेर भाग्नु पर्छ भनेर सामन्तको पराजित मनस्थितिको विश्लेषण समेत लमजेलका कथामा पाइन्छ ।

यसरी लमजेलले आफ्ना कथामा गाउँ समाजमा भएका देखेका वस्तुलाई टिपेर प्रगतिवादी र क्रान्तिकारी विचारले प्रस्तुत गरेका छन् । यी सरल र सहज शैलीमा लेखिएका फुटकर आयामिक कथाहरूले लमजेलको कथाकार व्यक्तित्वको उद्घाटन गरेका छन् । लमजेलका कथाहरूलाई मध्यनजर गर्दा उनी प्रगतिवादी कथाकारका रूपमा देखा परेका छन् ।

#### २.३.२.२ कवि व्यक्तित्व

रविमान लमजेलको कवि व्यक्तित्व उल्लेखनीय रहेको छ । उनको सिर्जनाको सुरुवात कविताबाट भएको पाइन्छ । नेपाली साहित्यको फाँटमा 'मेरा पूर्खाहरू'

(२०२९, मेची साप्ताहिक) कविताद्वारा औपचारिक रूपमा प्रवेश गर्ने लमजेल अनवरत रूपमा साहित्य साधनारत देखिन्छन् । नेपाली साहित्यको अन्य विधामा कलम चलाए पनि लमजेलको कवि व्यक्तित्व नै प्रमुख देखिन्छ ।

रविमान लमजेलका हालसम्म तीनवटा कविता सङ्ग्रहहरू **उन्मुक्त आवेगहरू** (२०४८), **सिर्जनाका छालहरू** (२०६०) र **मनभित्रका खुल्दुलीहरू** (२०६२) प्रकाशित भइसकेका छन् (लमजेल, २०६९) । उनका **उन्मुक्त आवेगहरू**मा २४ वटा, **सिर्जनाका छालहरू**मा ४८ वटा र **मनभित्रका खुल्दुलीहरू**मा २४ वटा गरी जम्मा ९६ वटा मुक्तक छन्दका गद्य कविताहरू प्रकाशित भएका छन् भने विभिन्न पत्र पत्रिकामा पनि उनका फुटकर कविताहरू छिटफुट रूपमा प्रकाशित भएको पाइन्छ (भण्डारी, २०६६ : ११) । यिनै कविताहरूले लमजेलको कवि व्यक्तित्वलाई चिनाउने काम गरेका छन् । आफूले देखेको, भोगेको जीवनको आधारमा भएका यावत् सत्य र यथार्थ कुरालाई कवितामा समावेश गरेका छन् । समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन, कुरीति, विसङ्गतिका विरुद्धमा जनचेतना दिने उद्देश्यले कविता लेखेका छन् । यस्ता विसङ्गति र विकृतिका विरुद्धमा लमजेलले आफू बाँचेको परिवेशबाट नै कविताको विषयवस्तु लिने गर्दछन् । उनका कविताहरूमा समाजमा व्याप्त कुरीति र वेतिथि, आर्थिक शोषण र प्रशासनिक दमनप्रति व्यङ्ग्य प्रहार गर्दै स्वतन्त्रता, समानता, न्याय र शिष्टताको स्थापनाको लागि गरिबी उन्मूलन गर्दै मुक्तिको दिन उदाउनु पर्ने आशावादी र प्रगतिवादी स्वर पाइन्छ । झन्डै चार दशकको साहित्यिक यात्रा पार गर्ने लमजेल अत्याचारको अन्त्यको निम्ति क्रान्तिकारी स्वर घन्काउने प्रगतिवादी कविको रूपमा सुपरिचित भएका छन् । यसरी सरल, सहज र श्रुतिमधुर शैलीमा गद्यलयमा लेखिएका कविताहरू सङ्क्षिप्त र गेयात्मक भएकाले उनको कवि व्यक्तित्व उच्च रहेको छ (भण्डारी, २०६३ : १४) ।

### २.३.२.३ गजलकार व्यक्तित्व

रविमान लमजेलले कविता, कथाका साथै गजल लेखनमा पनि आफ्नो कलम दौडाएका छन् । उनी सर्वप्रथम 'विडम्बना' (२०५६, क्षितिज) गजल लिएर नेपाली गजलकारका रूपमा आफ्नो स्थान ओगट्न सफल बनेका छन् । लमजेलका हालसम्म एउटा मात्र गजल सङ्ग्रह 'आकाश चुम्ने रहरहरू' (२०६१) प्रकाशित रहेको छ, जसमा विभिन्न समयमा लेखिएका ५६ वटा गजलहरू सङ्कलित रहेका छन् (लमजेलबाट

प्राप्त जानकारी) । उनका गजलमा अन्याय, अत्याचार, दमनको विरोध, अवसरवादी, घुसखोरी, समाजका व्यभिचारी, राजनीतिक, धार्मिक क्षेत्रका विकृतिहरूको खण्डन, प्रशासनिक ढिलासुस्ती, नेतागिरीको अवसरवादी प्रवृत्तिको भर्त्सना, श्रमप्रति विश्वास आदि विविध विषयवस्तुहरू रहेका छन् (भण्डारी, २०६६ : १३) । वर्तमान समयका गजलकारहरू जस्तै एक सशक्त गजलकार हुन् रविमान लमजेल पनि ।

अन्य गजलकारहरूले गजलकै प्रथम पङ्क्तिलाई शीर्षक मानेको पाइन्छ भने कतिपय गजलकारले गजलको सिरानमा सङ्ख्या उल्लेख गरेको पाइन्छ तर स्वतन्त्र शीर्षक दिन सकेको पाइँदैन । सम्पूर्ण गजलको केन्द्रीय विषयवस्तुलाई समेट्ने गरी रविमान लमजेलले गजललाई शीर्षक प्रदान गरी गजललाई पनि स्वतन्त्र अस्तित्व प्रदान गरेको पाइन्छ । गजलमा शीर्षक दिनु लमजेलको छुट्टै विशेषता भएको पाइन्छ (भण्डारी, २०६६ : १३) ।

### २.३.२.४ निबन्धकार व्यक्तित्व

रविमान लमजेलले निबन्ध विधामा पनि कलम चलाएका छन् । उनको पहिलो निबन्ध 'विद्यार्थी जीवन र अनुशासन' (२०३९, मेची प्रवाह) हो । लमजेलले धेरै निबन्धहरू लेखेको चर्चा पाइए पनि निबन्ध सङ्ग्रह अहिलेसम्म निस्केको पाइँदैन । विभिन्न पत्र पत्रिकामा प्रकाशित फुटकर निबन्धहरू मात्र प्राप्त भएका छन् (भण्डारी, २०६६ : १२) ।

समग्रमा निबन्धकार रविमान लमजेल निजात्मक अनुभूतिलाई कलात्मक अभिव्यक्ति दिने कुशल प्रस्तोता भएको पाइन्छ । उनले आफ्ना निबन्धमा छाती खोलेर सरलता र सहजताको गण्डकी नै बगाएको पाइन्छ । उनले निबन्धमा चोटिलो व्यङ्ग्य, सरल प्रस्तुति दुवैलाई मिश्रित रूपमा पनि अघि बढाएको पाइन्छ । आत्मकथात्मक पाराले निबन्धको सुरुवात गर्ने र पाठकका कुतुहलता जगाउँदै अन्त्य गर्ने उनको शैली डा. तारानाथ शर्माको निकट रहेको देखिन्छ । लमजेलका निबन्धमा सामुहिक व्यङ्ग्य र सामुहिक विसङ्गतिप्रतिको कठोर प्रहार पनि पाइन्छ (भण्डारी, २०६६ : १२) ।

### २.३.२.५ एकाङ्कीकार व्यक्तित्व

रविमान लमजेल सर्वप्रथम 'सच्चा पत्रकार' (२०४८, हाम्रो तमोर) निबन्ध लिएर नेपाली निबन्धकारको रूपमा देखा परेका हुन् । यसमा पञ्चायती शासनमा

कम्युनिष्ट भनेर आरोप लगाई अन्तरजातीय विवाह गरेवापत यातना भोग्न विवश एक स्वाभिमानी पत्रकार श्यामकृष्णको इमान्दारिताको चित्रण रहेको छ । मुलुकको राजनैतिक परिवर्तनपछि उसको कदर हुने र मण्डलेहरूको करङ्ग भाच्ने सङ्केत यस एकाङ्कीमा छ (भण्डारी, २०६३ : १३) । लमजेलले एक दर्जन एकाङ्की लेखेको जानकारी उनी स्वयम्बाट प्राप्त भए पनि अहिलेसम्म दुईवटा मात्र एकाङ्की प्रकाशित भएको पाइन्छ ।

लमजेलका दोस्रो एकाङ्की हो 'नारी अस्मिताको खोज' (२०५४, खुला आकाश) । यस एकाङ्कीले एक्काइशौँ शताब्दीमा आइपुग्दा पनि पुरुष सरह नारीलाई अधिकार नदिई दमन गरेर राख्ने निरङ्कुश सरकारको चुत्थो मनोवृत्तिको परिचय दिएको पाइन्छ साथै सरकारको निरङ्कुशताप्रति एकाङ्कीकारले व्यङ्ग्य प्रहार गरेको पाइन्छ (भण्डारी, २०६६ : १३) ।

### २.३.२.६ खोज–समालोचक व्यक्तित्व

कविताको क्षेत्रमा विशेष प्रसिद्धि पाएका रविमान लमजेलका खोज-समालोचकमा पनि उत्तिकै कलम चलाएको पाइन्छ । 'नेपाली लोक साहित्यको अविछिन्नता' (२०३८ जेठ, मधुपर्क) खोजमूलक निबन्ध र समालोचनाबाट देखा पर्ने लमजेलका कृतिमा अनुसन्धानात्मक अभिरुद्धि र कालक्रमिक रचनाकारिताको मूल्याङ्कनपरक प्रस्तुति पाइन्छ (लमजेल, २०५० : ११) । हालसम्म उनका 'मेची अञ्चलको साहित्यिक रूपरेखा' (२०४२) र 'कोशी अञ्चलको साहित्यिक इतिहास' (२०५०) गरी दुईवटा कृति साहित्यको क्षेत्रीय इतिहास अन्वेषण गर्ने क्रममा तयार भएका खोजमूलक कृति हुन् ।

'मेची अञ्चलको साहित्यिक रूपरेखा' (२०४२) नामक कृति नेपालको मेची अञ्चलको खोजमूलक तथा समालोचनामूलक कृति हो । यस कृतिमा मेची अञ्चलका चार जिल्ला ताप्लेजुङ्ग, पाँचथर, इलाम र झापाको साहित्यिक गतिविधिमा केन्द्रित छ भने 'कोशी अञ्चलको साहित्यिक इतिहास' (२०५०) नामक कृतिमा नेपालको कोशी अञ्चलको छवटा जिल्लाको विधागत रूपमा कथा, कविता, निबन्ध, एकाङ्की, उपन्यास र समालोचना आदिमा कलम चलाउने स्रष्टाहरूको उल्लेख गरिएको पाइन्छ (भण्डारी, २०६३ : १५) ।

क्षेत्रीय रूपमा इमान्दारीपूर्वक अनुसन्धान गरेर कृति तयार गर्न सके साहित्यको विश्वसनीय राष्ट्रिय इतिहास तयार गर्न सकिन्छ भन्ने प्रबल धारणा नै रविमान लमजेलको अनुसन्धानात्मक वैशिष्ठ्य हो भन्न सकिन्छ ।

### २.३.३ साहित्येतर व्यक्तित्व

#### २.३.३.१ प्रशासनिक व्यक्तित्व

रविमान लमजेलको प्रशासनिक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको देखिन्छ । पेसाले शिक्षक भएकाले उच्च शिक्षा आर्जन गर्ने समयदेखि नै श्री सरस्वती माध्यमिक विद्यालय लेलेप ताप्लेजुङ्गमा प्रधानाध्यापक भएर विद्यालयको आर्थिक, सामाजिक पक्षलाई प्रशासकको रूपमा हेर्ने मौका पाए । नेपाली विषयमा एम.ए., वी.एड. गरेका लमजेलले आफू प्रशासकको रूपमा रहेर विद्यालयका कर्मचारी र विद्यार्थी बीच सम्बन्ध कायम गरेका छन् (भण्डारी, २०६३ : १७) । प्रशासनिक क्षेत्रमा रहेर पनि उनले साहित्यिक क्षेत्रमा उत्तिकै योगदान दिएका छन् ।

#### २.३.३.२ सम्पादक व्यक्तित्व

लमजेलले विभिन्न साहित्यिक पत्रिकाको सम्पादन गरेका छन् । उनले सम्पादन गरेका पत्रिकाहरूको कालक्रमिक रूपको सूची तल दिइएको छ (लमजेल, २०६०) ।

(क) शुभारम्भ (२०४६)
(ख) अन्तर्राष्ट्रिय मानवअधिकार वर्ष पुस्तक (२०४९)
(ग) आगमन (२०५२)
(घ) खुला आकाश (२०५३)
(ङ) नेपालमा जातीय छुवाछुत (२०५३)
(च) सम्प्रति : प्रज्ञासभा, ने.प्र.प्र. (२०५६-२०६१)
(छ) कञ्चनजङ्घा उपहार (२०५८)

यसरी लमजेलले विभिन्न साहित्यिक पत्रिकाको सम्पादन गरेर सम्पादकीय व्यक्तित्वलाई उच्च बनाएका छन् ।

### २.३.४ समाजसेवी व्यक्तित्व

लमजेल दीनदु:खीको सेवा गर्न, अन्याय र अत्याचारमा परेका गरिब वर्गको पक्षमा आवाज उठाउन तत्पर रहने व्यक्ति हुन् । उनले आफ्नो गाउँघरका

बाटाघाटा, पाटीपौवा मर्मत गर्न र शिक्षा क्षेत्रमा लगानी गर्न उहयोग गरेका छन् (लमजेलबाट प्राप्त जानकारी) ।

वि.सं. २०४८ मा ताप्लेजुङ्गमा गठित राष्ट्रिय जनसांस्कृतिक मञ्चको उपाध्यक्ष भएर प्रमुख जिम्मेवारी वहन गरेको पाइन्छ । वि.सं. २०५६ असारमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईबाट राजकीय प्रज्ञा प्रतिष्ठानको प्रज्ञा सभामा मनोनित भएपछि सो पदमा २०६१ असारसम्म रहेको पाइन्छ भने वि.सं. २०४९ देखि पूर्वाञ्चल सुनसरीमा गठित दलित साहित्य एकेडेमीको सदस्य भएर सक्रियता देखिएको पाइन्छ । विकास निर्माण, साहित्यिक संस्था स्थापना लगायत ताप्लेजुङ्गमा जिल्ला बुद्धिजीवि परिषद् २०५७ को पनि सदस्य भएर समाज र राष्ट्रको सेवामा लागि रहेको पाइन्छ । वि.सं. २०४८ मा कञ्चनजङ्घा साहित्यिक प्रतिष्ठान स्थापना गर्न संस्थापक सदस्यको हैसियतले भूमिका निर्वाह गरेको पाइन्छ (भण्डारी, २०६६ : १४) । यसरी नै उनको समाजसेवी व्यक्तित्व मौलाएको देखिन्छ ।

## २.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच सम्बन्ध

लमजेलको छ दशक लामो जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न परिवेश माझबाट साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । सानै उमेरदेखि पढाइमा प्रेरित उनको जीवन निकै सङ्घर्षमय देखिन्छ । बाबुआमा, खेतीपाती र पशुपालन व्यवसायमा बढी संलग्न भएकाले छोरालाई ध्यान दिन नपाउनुका साथै खर्चको पनि अभाव थियो । आफू गरिब भएकाले अन्य धनी र परम्परावादी विचारका व्यक्तिले गरेको हेला र तिरस्कारबाट अघि बढ्दै र साथीभाईको प्रेरणा, हौसला र सहयोगले समाजमा केही गर्नु पर्छ भन्ने कुरालाई आत्मसाथ गरी उनले लेखनमा प्रेरणा पाएको देखिन्छ । निम्न मध्यम परिवारमा जन्मिएका लमजेलले पाएका पुरस्कार र सम्मानले पनि उनको जीवनमा हौसला प्रदान गरेको देखिन्छ । लेखन तथा अध्ययनमा रुचि जगाई निरन्तर अगाडि बढेर शिक्षण पेसाका रूपमा प्रवेश गरी उनले साहित्य क्षेत्रमा पनि नाम कमाएको पाइन्छ । नेपालका विभिन्न ठाउँको भ्रमणबाट पनि धेरै ज्ञान हासिल गरेकाले विद्यार्थी जीवनदेखि जागिरे जीवनसम्मका यिनै तीता-मीठा अनुभवहरूबाट उनको साहित्य लेखन प्रशस्त प्रभावित रहेको देखिन्छ । लमजेल प्र.अ. भएकाले उनलाई विभिन्न प्रकारका मानिससँगको सम्पर्क, ग्रामीण र सहरी परिवेश, नेपालको राजनीतिक

स्थिति तथा यस्तै प्रकारका आफूले देखे भोगेका कुराहरूको अध्ययनले साहित्य सिर्जनाका लागि आधार सामग्री प्रदान गरेका छन् ।

## २.५ निष्कर्ष

उमग्रमा भन्नु पर्दा रविमान लमजेलको निरन्तरको अध्ययन, चिन्तन, साहित्यिक लेखन र बेफूर्सदको कारण सुरु सुरुका दिनमा आर्थिक प्रगति हुन नसके तापनि पछिल्ला दिनहरूमा भने उनको आर्थिक प्रगति राम्ररी नै हुँदै गएको देखिन्छ । सैद्धान्तिक दृढता, वैचारिक निर्भीकता, श्रमप्रतिको स्नेह र आफूले थालेको काममा निरन्तर एकाग्र, कसैको दमन र अत्याचार सहेर बस्न नचाहने, चाकडी र षड्यन्त्र गर्न नचाहने अवसरवादी प्रवृत्तिबाट टाढै बस्ने लमजेलको जीवनका उच्चतम, पवित्र र सबल पक्ष पाइन्छन् । उनलाई भाषिक सरलता र प्रस्तुतिमा तिख्खरता भएको जाँगरिलो साहित्यिक योद्धाको रूपमा चिन्न सकिन्छ । कविता विधामा जतिको प्रख्यात कथा, एकाङ्की, गजल, निबन्ध आदि विधामा हुन नसके तापनि तेह्रथुम जिल्लामा जन्मेर सबभन्दा बढी कथा लेख्नेमा उनको नाम अगाडि भएको पाइन्छ । त्यसैले जमजेल कथाका तेह्रथुमे प्रतिनिधि हुन भन्न सकिन्छ ।

# तेस्रो परिच्छेद

# कथाको सैद्धान्तिक परिचय

## ३.१ विषय प्रवेश

कथा साहित्यको एउटा महत्त्वपूर्ण विधा हो । यसको आफ्नै संरचना हुन्छ । कथाको संरचनात्मक पूर्णताका लागि विभिन्न तत्त्वहरू आवश्यक पर्दछन् । यस परिच्छेदमा कथाको सैद्धान्तिक परिचयलाई प्रस्तुत गरिएको छ ।

## ३.२ कथाको परिचय

संस्कृतको 'कथ्' धातुमा 'टाप्' (आ) प्रत्यय लगाउँदा कथा शब्दको निर्माण हुन्छ (गौतम, २०६९ : १) र यसले कुनै कुरा कथ्नु वा भन्नु भन्ने अर्थ बुझाए पनि समय अनुसार कथा शब्दको अर्थमा परिवर्तन र विकास हुँदै आएको छ । त्यसैले आधुनिक कालसम्म आइपुग्दा पनि कथाले आख्यान विधा अन्तर्गत रहेर आफ्नो स्थान सुरक्षित राख्न सफल भएको छ । कथाले आफू उत्पत्ति भएको परिवेश भित्रका विभिन्न अवस्थाहरू मध्ये केहीको वहन र केहीको परिवर्तन गर्दै अगाडि बढेको देखिन्छ र आजको युगमा यो एक अतिप्रिय तथा प्रभावकारी साहित्य रूप भएर विश्वभरि नै जगमगाएको छ ।

आज जुन प्रकारको कथालाई कथाको संज्ञाले परिचित गराइन्छ त्यस्तो कथाको विकास भने दसौँ शताब्दीमा अमेरिकाका स्कनेर एडगर एलेन पोबाट भएको हो । अङ्ग्रेजीमा कथालाई 'सर्ट स्टोरी' भनिन्छ र यही अङ्ग्रेजी 'सर्ट स्टोरी' लाई पर्यायवाची शब्दको रूपमा कथा भन्ने शब्दले नेपाली साहित्यमा ठाउँ लिएको छ (गौतम, २०६९ : १) । आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो साहित्य रूप हो । कथाले अन्य विधाहरूका गुण स्वभावलाई आफूभित्र स्वायत्त गरेर आफ्नो मजबुतीपनलाई निर्वाह गर्न सकेको छ । त्यसैले निरन्तर गतिशील हुने स्वभाव यसले पाएको छ र समयको परिवर्तनका साथ अनुकूल बन्दै गएको पनि पाइन्छ (श्रेष्ठ, २०६७ : ६) ।

## ३.३ कथाको परिभाषा

साहित्यका विद्वान्हरूले अन्य विधाझैँ कथाको पनि सैद्धान्तिक मानदण्ड तयार पारेका छन् । यसै सन्दर्भमा समीक्षकहरूका साथै स्वयम् कथा स्रष्टाहरूले

समेत यसलाई परिभाषित गर्ने क्रममा आ-आफ्ना धारणा वा प्रतिक्रियाहरू व्यक्त गरेका छन् । वास्तवमा कथा एक गत्यात्मक कला भएकाले कुनै एउटा मात्र परिभाषामा यसलाई बाँध्नु पनि युक्ति सङ्गत ठहर्दैन । करिब डेढ दुई वर्ष जतिको विकास क्रममा यस विधाको शरीर रचना तथा स्वभावमा आमूल परिवर्तन आइसकेको छ, तर यति भएर पनि यसको मौलिक जैविक रचनालाई दृष्टिगत गरेर विभिन्न परिभाषाहरू प्रस्तुत गरिएका छन् ।

कथालाई परिभाषित गर्ने क्रममा एडगर ऐलेन पोले भनेका छन् "कथा एक बसाइमा पढ्न सकिने सङ्क्षिप्त तर पूर्णताको प्रभाव छोड्ने त्यस्तो रचना हो, जसको सिर्जना एकल प्रभाव उत्पन्न गर्नका निम्ति गरिन्छ र त्यस प्रभावमा बाधा पार्ने सबै अनावश्यक भनाइ हटाइएको हुन्छ" (बराल, २०६९ : ५१) । यस्तै गरी ब्रेन्डर म्याथ्युजले "कथाले अन्ततः एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट उद्भूत विभिन्न संवेगहरूको शृङ्खलाहरूसँग मात्र सरोकार राख्दछ । यस विधामा अङ्गगत समन्विति हुन्छ" (श्रेष्ठ, २०६७ : ७) । अर्का विद्वान् विलियम हेनरी हड्सनले "एकै बसाइमा सजिलोसँग पढेर सकिने आख्यान नै कथा हो । यसमा एउटा मात्र भूलभाव रहन्छ र त्यसलाई तार्किक निष्कर्षमा पुऱ्याइएको हुन्छ" भनेका छन् (गौतम, २०६९ : ५) । प्रेमचन्दका अनुसार "कथा एउटा यस्तो रचना हो, जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथा विन्यास सबैले त्यही एउटा भावको पुष्टि गर्दछन् । यसको उपन्यासमा झैं यसमा मानव जीवनका सम्पूर्ण तथा वृहत् रूप देखाउने प्रयास गरिदैन, न त यसमा उपन्यासझैं सबै रसहरूको सम्मिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय बगैंचा होइन, जसमा थरी थरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ, तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्दछ" (श्रेष्ठ, २०६७ : ७) । यस्तै गरी संस्कृत साहित्यकार वाणभट्टका अनुसार "सुमधुर वार्तालाप र हाउभाउको आकर्षणका कारण अत्यन्त सुन्दरी र आफै शय्यानजिक उपस्थित भएकी नव बधू जस्तै सरल, सुबोध, कलात्मक वाक्यविन्यासले कर्णप्रिय, भावानुकरणका कारण चित्ताकर्षक भएको, अलङ्कारहरूले युक्त रसिकको हृदयलाई आल्हादित तुल्याने बत्तीहरू जस्तै उज्यालो र फूल जस्तै सुशोभित गद्याख्यान नै कथा हो" (गौतम, २०६९ : ३) । नेपाली

कथाकार गुरुप्रसाद मैनालीले "कुनै एक पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतले लेख्नु नै कथा रचना हो" (गौतम, २०६९ : ७) भनेका छन् । लक्ष्मीप्रसाद देवकोटाले "छोटो किस्सा एउटा सानो झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु यसको बानी हो भने यो एउटा संसार हो र महान संसार हो" (बराल, २०६९ : ५३) भन्दै कथालाई परिभाषित गरेका छन् ।

## ३.४ कथाका तत्त्व

कथा एउटा पूर्ण संरचना हो । यसलाई पूर्णता दिने विभिन्न तत्त्वहरू हुन्छन् । जसलाई तत्त्व, अवयव, घटक आदि पनि भनिन्छ । कथाका तत्त्वका सन्दर्भमा पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूका बीच भिन्न भिन्न किसिमका मतहरू रहेको पाइन्छ । कथा चिन्तनका सन्दर्भमा हिन्दी आलोचक गोविन्द त्रिगुणायनले कथा रचना विधानका मूल आधार कथावस्तु, पात्र/चरित्र चित्रण, कथोपकथन/संवाद, वातावरण/स्थिति, शैली र उद्देश्यलाई मानेका छन् भने रामकुमार वर्माका अनुसार कथाका तत्त्वहरूमा कथानक, चरित्र चित्रण, संवाद, शैली, प्रकृतिवाद, वातावरण, सत्यता र उद्देश्य रहेका छन् (उपाध्याय, २०५९ : १२३) । नेपाली साहित्यमा चिन्तक ईश्वर बरालले कथाका उपकरण भनेर कथानक, क्रियाकलाप, चरित्र, घटना, सङ्घर्ष, परिवेश र कौतूहललाई मानेका छन् (बराल, २०५३ : ६३) । केशवप्रसाद उपाध्यायले कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतूहल, संवाद, शैली र उद्देश्य नै कथाका तत्त्व हुन् (उपाध्याय, २०५९ : २१३) भनेका छन् भने हिमांशु थापाले कथानक, पात्र, संवाद, भौषाशैली, वातावरण र उद्देश्यलाई कथाका आवश्यक तत्त्वहरू मानेका छन् (थापा, २०३६ : १५५) ।

नयाँ समालोचना शास्त्र अनुसार कथाको रचना विधानलाई संरचना र रूपविन्यास गरी दुई प्रकारले विभाजन गरिएको पाइन्छ । यसमा संरचना र रूपविन्यास अन्तर्गत कथाका सम्पूर्ण तत्त्वहरूलाई समेटिएको पाइन्छ । कथाकारले आफ्नो विचार, धारणा वा अनुभूतिलाई घटना र पात्रको माध्यमबाट प्रस्तुत गर्ने क्रममा कथाको सिर्जना गर्दछ वा त्यसलाई कथाको आकार दिन्छ र यही आकार नै कथाको संरचना हो (बराल, २०५५ : १६५) । कथाका संरचना भित्र स्थूल तत्त्वहरू मात्रै रहन्छन् । जस्तै : कथावस्तु, पात्र, कथात्मक, दृष्टिविन्दु र सारवस्तु (श्रेष्ठ, २०६० : ९) ।

कथावस्तुलाई एउटा निश्चित संरचनामा ढालि सकेपछि कथालाई अझ आकर्षक बनाउन गरिने शिल्प शैलीगत प्रयास नै रूपविन्यास हो वा कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसके पछि कथाकारले त्यसलाई सौन्दर्यपूर्ण बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो (बराल, २०५५ : १६८) । यस भित्र कथाका सूक्ष्म तत्त्वहरू पदविन्यास, बिम्ब विधान, व्यङ्ग्य, प्रतीक विधान, तुलना (उपमा, प्राक्सन्दर्भ आदि), शीर्षक आदि पर्दछन् (श्रेष्ठ, २०६० : १२) ।

यस प्रकार कथाको संगठनात्मक तत्त्वहरूको विषयमा साहित्य चिन्तकहरूका आ-आफ्नै किसिमका मत छन् । यिनै साहित्य चिन्तकहरूका विचारहरू वा मतलाई आधार बनाउँदै निष्कर्षमा कथाका तत्त्वहरूलाई यस प्रकार देखाउन सकिन्छ ।


(१) कथानक/कथावस्तु
(२) पात्र/चरित्र चित्रण
(३) संवाद/कथोपकथन
(४) देशकाल वातावरण/परिवेश
(५) भाषाशैली
(६) दृष्टिविन्दु
(७) उद्देश्य

### ३.४.१ कथानक/कथावस्तु

कथानक संस्कृत स्रोतको शब्द हो । 'कथ्' धातुमा 'आनक' प्रत्यय लागेर बनेको यस शब्दले संस्कृतमा 'छोटा खाले कथा वा कहानी' लाई बुझाउँछ । यहाँ भने कथानकलाई कथाको भवन निर्माण गर्ने आधारभूत तत्त्वका रूपमा लिइएको छ । यस अर्थमा कथानक अङ्ग्रेजीको 'प्लट' शब्दको पर्यायका रूपमा नेपालीमा प्रचलित छ (बराल, २०६९ : ५५) । कथानक कथाको स्थूल तत्त्व हो जसमा विभिन्न घटनाहरूको व्यवस्थित विन्यास भएको हुन्छ । कथामा विन्यास हुने घटनाहरूको योजनाबद्ध विकासका साथै कार्यकारण शृङ्खलामा आधारित सङ्गठनात्मक स्वरूप नै कथानक हो । प्रत्येक आख्यानात्मक विधामा विचार सौन्दर्यको उद्वोधनका निम्ति कथानक एउटा कलात्मक एवम् स्थूल साधन मानिन्छ । कथामा कथानकको विस्तार केका लागि र किन सित सम्बन्धित हुनाले यसले कलात्मक मूल्यका साथै उद्देश्यसँग

पनि अविच्छिन्न सम्बन्ध राख्दछ । कथावस्तु कथाको कच्चा पदार्थ हो र बिजविन्दु हो जसलाई कथाकारले कथानकको कलात्मक साँचोमा ढालेर पूर्णता प्रदान गर्दछ (पौडेल, २०६५ : १०) । क्रियाव्यापारले महत्त्वपूर्ण भूमिका खेल्दछन् । कथावस्तु प्रारम्भ, मध्य र अन्त्यको शृङ्खलाबद्ध अनुशासनमा रहेको हुन्छ (श्रेष्ठ, २०६० : ४) । कथावस्तुले कथामा हुने अन्य तत्त्व जस्तै : देश, काल, परिस्थिति, चरित्र चित्रण, उद्देश्य, विचार, क्रियाव्यापार, द्वन्द्व जस्ता तत्त्वहरूलाई योजनाबद्ध रूपमा प्रस्तुत गर्दछ जसले गर्दा कथा सशक्त बन्दछ । कथावस्तुको चरित्र विकासमा सहयोग पुऱ्याउनु कथाको मुख्य उद्देश्य हो (थापा, २०५० : १६८) ।

कथानकको ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । रैखिक ढाँचामा कथावस्तु शृङ्खलित रूपमा अगाडि बढेको हुन्छ भने वृत्तकारीय ढाँचामा कथानकका घटनाहरूलाई परिवर्तित गरी पूर्वदीप्तिका रूपमा प्रस्तुत गरिएको हुन्छ । वर्तमान कथा लेखनले परम्परागत कथानकको ढाँचा भत्काएर एउटा चुनौतीपूर्ण लेखनलाई स्वीकार्दै आएको छ, त्यो लेखन हो कथामा कथावस्तुलाई नगण्य बनाएर आफ्नो विचार वा अनुभूतिको प्रतिक्रियालाई नै संरचना बनाउनु । त्यसैले आज कथानकहीनता तर्फ कथाकारहरू उन्मुख छन् । आज यो तत्त्व निकै शक्तिहीन भएको छ र यसको पुर्ख्यौली लक्षण मुस्किलैले बाँचि रहेको छ (श्रेष्ठ, २०६७ : ४) । हरेक कथामा प्रारम्भिक अवस्थादेखि नै घटना क्रमशः गम्भीर हुँदै जान्छ । बीच बीचमा उत्कर्ष वा अपकर्ष पनि हुन सक्छ । कथानकमा रहेको मुख्य पात्रको एउटा जटिल समस्या हुन्छ र त्यस समस्याको समाधानका निम्ति एउटा खास लक्ष्य रहेको हुन्छ । कथानकमा समस्या सुरु भएको भाग कथाको आदि वा प्रारम्भ हो र समस्याको समाधान भएको भाग कथाको अन्त्य हो । यसलाई फ्रेटागको सिद्धान्त अनुसार यसरी देखाइन्छ (गौतम, २०६९ : १३-१४) ।



कथामा कथानकलाई निम्नलिखित चार स्रोतबाट प्राप्त गर्न सकिन्छ । ती हुन् : इतिहास, यथार्थ, रागभाव र स्वैरकल्पना । समय समयमा घटित घटनाहरूलाई इतिहासको रूपमा, आफ्नै वरिपरि घटित घटनाहरूलाई यथार्थको रूपमा, रागीय प्रवृत्तिसँग सम्बन्धित कुराहरूलाई रागभावको रूपमा र अतिशय कल्पनाबाट निस्पन्न असम्भव कुराहरूलाई स्वैरकल्पनाको रूपमा स्रोत बनाई कथानक निर्माण गर्न सकिन्छ । यसरी निर्मित कथानक कुनै एक स्रोतको विशुद्ध कथानक पनि हुन सक्छ र धेरै स्रोतहरूको मिश्रित कथानक पनि हुन सक्छ (शर्मा, २०५० : १२२) । यसरी नै कथा भित्र कथानक रहेको हुन्छ ।

### ३.४.२ पात्र/चरित्र चित्रण

कुनै पनि कथालाई अगाडि बढाउन पात्रको आवश्यकता पर्ने हुनाले यसलाई कथाको अनिवार्य तत्त्वका रूपमा लिइन्छ । कथामा पात्र मानव, मानवेत्तर वा जडवस्तु जे भए पनि कथामा ती पात्रको अस्तित्व उपास्थापन भएको हुनु पर्दछ । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू 'क्रियाव्यापर' र 'द्वन्द्व' को प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ (श्रेष्ठ, २०६० : १०) ।

कथामा पात्रहरू विभिन्न रूपमा उपस्थित हुन्छन् । भूमिकाका आधारमा उच्च, मध्य र निम्न पात्र, विचारका आधारमा क्रान्तिकारी, सुधारवादी र यथास्थितिवादी पात्र, गतिशीलताको आधारमा गतिशील र स्थिर पात्र, स्वभावका आधारमा अन्तर्मुखी र बहिर्मुखी पात्र भनेर वर्गीकरण गरिएको छ । यसका अतिरिक्त क्षेत्रीयता, जातीयता, लिङ्ग, आसन्नता, आबद्धता, उमेर आदिका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ (पौडेल, २०६५ : १४) ।

कथामा पात्रको सङ्ख्याको बारेमा यति नै भन्ने निश्चित सङ्ख्या नतोकिए पनि कम भन्दा कम पात्रको उपस्थित हुनु राम्रो मानिन्छ । कथामा पात्रको घुइचो हुनुहुँदैन । कथाको स्वरूप र प्रकृति हेरेर आवश्यकता अनुसार पात्रको चयन गरिन्छ । त्यसैले कथावस्तुको प्रकृति अनुसार पात्रको सङ्ख्या रहने देखिन्छ । कथामा पात्रहरू के कति राख्ने र कुन पात्रलाई कस्तो स्थान दिने हो त्यसको पूर्वयोजना स्वयम् कथाकारले गर्नु आवश्यक छ र कथाकारकै योजना मुताविक पात्रहरूको उपस्थिति रहन्छ । कथाका उपकथाहरूलाई क्रमबद्ध रूप दिनको लागि नै कथाकारले पात्रको

महसुस गर्दछ र पात्रकै द्वन्द्व र क्रियाव्यापार कथाका उपकरण हुन पुग्दछन् । पात्रकै गतिविधिले कथा सशक्त र दूर्वल बन्न जान्छ । पात्र सामाजिक जीवन वा सङ्घर्षशील जीवनको प्रतिनिधि हो । विचार र व्यवहारले खारिएको चरित्रले नै परिस्थितिको आँकलन गर्दै कथालाई उद्देश्यसम्म डोऱ्याउन सक्छ । पात्र भनेका कथाकारको उद्देश्य र दृष्टिकोणलाई संवहन गर्ने माध्यम हुनाले कथामा चलखेल गर्ने पात्रहरू पनि जीउँदा जाग्दा हुनु अपरिहार्य देखिन्छ ।

### ३.४.३ संवाद/कथोपकथन

कथा भित्र कथानक हुन्छ, कथानक भित्र पात्रहरू हुन्छन् । पात्रहरू भित्र तिनका कार्यव्यापार हुन्छन् र कार्यव्यापार अन्तर्गत ती पात्र बोलेका पनि हुन सक्छन् र नबोलेका पनि हुन सक्छन् । पात्रले नबोलेरै भए मनका कुरा व्यक्त गर्न सक्छ । यसरी संवेगात्मक रूपमा पात्रले मन मनमा सोचेका कुरा मनोवैज्ञानिक कथाहरूमा देखाइन्छ । यस प्रकार कथामा पात्रले बोल्नु वा सोच्नुलाई कथोपकथन वा संवाद भनिन्छ । कथोपकन कथाको सूक्ष्म तत्त्व हो । संवादमा दुई वा सो भन्दा बढी पात्रहरूका बीच संवाद हुनु पर्छ तर कथोपकथन वा संवादमा एउटा पात्रमा मात्र मानसिक अन्तरमन्थन पनि हुन सक्छ (गौतम, २०६९ : १६) ।

कथोपकथन कथानक जस्तो स्थूल र कथाको आत्मा होइन । तर पनि कथामा यसको महत्त्व रहेको हुन्छ । कथामा कथोपनकथनको प्रमुख कार्य कथानकलाई अगाडि बढाउनु हो चाहे कथाको आदिबाट मध्यतिर होस् चाहे मध्यबाट अन्त्यतिर होस् यसले कथाको कथानकलाई विस्तार गर्नमा मद्दत गर्दछ । कथोपनकथनको अर्को कार्य हो पात्रको चिनारी गराउनु । पात्रको चरित्रलाई खोलेर देखाउने काममा कथोपकथनले मद्दत गर्दछ । कथोपकथनको प्रयोजन चाहिँ कथानकलाई अगाडि बढाउनुका साथै पात्रको स्वभाव, नैतिकता, आचरण, बानी वेहोरालाई बताउनु पनि रहन्छ (गैरे, २०६३ : ११) । कथोपकथन पात्रको सामाजिक बौद्धिक स्तर अनुसारको हुनु पर्छ ।

संवाद भनेको बोल्नै पर्छ भन्ने होइन, तर परम्परागत कथामा संवाद दुई पात्रमा नै हुन्छ । संवाद वा कथोपकथनमा पात्र अनुरूपको भाषाको प्रयोग गरियो भने बढी विश्वसनीयता प्राप्त हुन्छ । संवादमा लेखकीय दर्शन र विचार लादिएको हुनु हुँदैन ।

### ३.४.४ देशकाल, वातावरण/परिवेश

कथामा वर्णित स्थान, काल र वातावरणको समष्टि नै परिवेश हो र यो पात्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ, समय र परिस्थिति हो । यस परिवेशले स्थान, काल र वातावरण मध्ये कुनै एकको अथवा तीनओटैको अभिव्यक्तिलाई जनाउँछ । कथामा यस्तो अभिव्यक्ति वर्णनात्मक, विवरणात्मक र सङ्केतात्मक किसिमले गरिएको हुन्छ । परिवेश वा देशकाल परिस्थिति कथाको संरचनामा आउने एउटा स्थूल तत्त्व हो । देश र काल भन्ने वित्तिकै स्थान र समय आउँछ । परिस्थिति भन्नाले वातावरण भन्ने बुझिन्छ । कथामा आउने घटनाहरू निश्चित स्थान र समयमा घटित हुन्छन् । यसै गरी वातावरण वा परिस्थिति भौतिक वा मानसिक दुवै हुन्छन् । कथालाई प्रस्तुत गर्न, कथामा सजीवता, स्वभाविकता, विश्वसनीयता ल्याउन वातावरणको ठूलो स्थान हुने हुँदा यसलाई कथाको पृष्ठभूमि पनि भन्न सकिन्छ (गौतम, २०६९ : १९) ।

परिवेशले पात्रको कार्यव्यापारको निर्माणमा गहन जिम्मेवारी निर्वाह गर्दछ । परिवेश भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म गरी दुई प्रकारको हुन्छ । भौतिक वा स्थूल परिवेश भनेको चरित्रले कार्य गरेको स्थल सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त हो भने सामाजिक वा सूक्ष्म परिवेश भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहन सहन आदिको समष्टि हो (बराल र एटम, २०६६ : ३३) । अर्को शब्दमा भन्दा वातावरण (परिवेश) भौतिक र मानसिक दुवै हुन्छ । बाह्य पक्षलाई भौतिक पक्ष र आन्तरिक पक्षलाई मानसिक पक्ष भनिन्छ । बाह्य व्यक्ति र प्रकृतिको बाह्य सौन्दर्य हुन्छ । यसरी बाह्य पक्षलाई भौतिक सौन्दर्य पनि भन्न सकिन्छ । आन्तरिक पक्ष चाहिँ कथाको मानसिक वा आत्मिक सौन्दर्य हो । यसैले आन्तरिक पक्षमा पात्रको मानसिकता, यसको सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ (थापा, २०६६ : १५७) ।

समग्रमा भन्नु पर्दा कथालाई सजीव बनाउन बाह्य र आन्तरिक परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले कथाको एक महत्त्वपूर्ण तत्त्वको रूपमा रहेर कथामा स्वभाविकता र विश्वसनीयताको सिर्जना गराउन परिवेशले उत्कृष्ट भूमिका खेलेको हुन्छ ।

### ३.४.५ भाषाशैली

भाषाशैली कथाको महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ । भाषाशैली भाषा र शैली दुई शब्दको योगद्वारा निर्मित भएको छ । कथामा कुनै न कुनै भाव वा विचारको अनुभूतिको प्रकटीकरण हुन्छ । त्यसलाई व्यक्त गर्न भाषाको आवश्यकता पर्दछ । कथा एउटा साहित्यिक विधा भएकोले त्यसको निर्माणमा भाषाशैलीको अपरिहार्यता हुन्छ र त्यसले कथालाई बढी कलात्मकता प्रदान गर्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली त्यस भाषालाई सुन्दर र मीठो बनाउने कला हो । कथामा विचार, भाव वा अनुभूतिलाई अभिव्यक्ति दिने तरिका वा ढाँचालाई नै शैली भनिन्छ । प्रत्येक कथाकारको आफ्नै शैली हुन्छ (गौतम, २०६९ : २०) ।

समाजका व्यक्तिहरू बीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाकप्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५० : १) । भाषा अभिव्यक्तिको अनिवार्य माध्यम हुनाले साहित्यमा हुने कलात्मक अभिव्यक्तिको माध्यम पनि भाषा नै हो । भाषाका माध्यमबाट मानिसका आनीवानी, चालचलन, जीवनशैली तथा जीवन दृष्टि लगायत यावत तथ्यका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । भाषाका माध्यमबाट कथा स्रष्टाले अवलम्बन गरेको जीवन दृष्टि, उसको विचार तथा वर्ग स्रोत समेत थाहा पाउन सकिन्छ । अर्को अर्थमा भाषा भनेको मानवीय जीवन र क्रियाकलापलाई बुझ्ने माध्यम पनि हुनाले समाज र युग जीवनको कलात्मक अभिव्यक्ति हुने कथामा भाषाको सर्वोपरि स्थान रहने गर्दछ । भाषा मूलतः विचार सम्प्रेषणको माध्यम हो भने कथाको भाषाले पनि यही कार्य गर्दछ । कथामा भाषाको सम्बन्ध बाह्य संरचनासँग मात्रै नभएर अन्तर्वस्तुसँग पनि गाँसिएको हुन्छ । कथामा प्रतिबिम्बित हुने विचार तथा कथाकारले चयन गरेको अन्तर्वस्तु अनुरूपको भाषिक प्रयोग कथामा हुने गर्दछ । कथामा भाषाको तात्पर्य शब्द चयन र वाक्य विन्यास मात्र नभएर पात्रको शारीरिक चेष्टा, हावभाव, परिवेश आदि पनि देखिन आउँछ (पौडेल, २०६५ : २२-२३) ।

शैली भनेको प्रस्तुतीकरणसँग सम्बन्धित कुरा हो । यसको परिचय भाषा प्रयोग, कथानकको गठन, चरित्र चित्रण र विषयको शृङ्खलाबद्ध प्रस्तुतीकरणमा पाइन्छ (उपाध्याय, २०५९ : १५१) । त्यसैले भाषा एउटै भए पनि शैली भने भिन्न रहन्छ । रचनाकारको यस्तो विशिष्ट प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा


भाषिक एकाइको सौन्दर्य बोधक समुच्य हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०४८ : ३) । त्यसैले शैली भनेको कलात्मक रूप दिने ढङ्ग हो ।

यस प्रकार भाषाशैली साहित्य कलाका लागि अनिवार्य तत्त्व भएकाले यसको उपयोग अपरिहार्य छ । भाषाशैलीको महत्त्वलाई कथामा प्रायः सबै विद्वान्हरूले स्वीकार गरेका छन् । भाषाशैली कथाको त्यस्तो महत्त्वपूर्ण तत्त्व हो, जसले कथाको बाह्य एवम् आन्तरिक दुवै संरचनात्मक पक्षलाई सबल पारिदिन्छ भने स्रस्टा र पाठक दुवैका बीचमा यसले सम्प्रेषणको माध्यम बन्ने काम गर्दछ ।

### ३.४.६ दृष्टिविन्दु

कथाको अर्को महत्त्वपूर्ण तत्त्व भनेको दृष्टिविन्दु हो । दृष्टिविन्दु भनेको कथामा कथावाचकले कथा भन्दै यात्रा गर्ने र गन्तव्य पहिल्याउने पद्धति हो (पौडेल, २०६५ : १९) । दृष्टिविन्दुले आख्यानमा समाख्याता वा कथयिता वा कथावाचक कहाँ बसेर हामीलाई कथा सुनाउँदै छ भन्ने कुरालाई बुझ्फाउँछ (बराल, २०६९ : ७२) । कथावस्तुलाई पाठक वर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिपविन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्गसमक्ष पुऱ्याउँछ । त्यसैले कथाकार र पाठक वर्ग बीचको सम्बन्ध सूत्र नै दृष्टिविन्दु हो । कथात्मक दृष्टिविन्दु भनेको पात्रको मन भित्रको डुबुल्की लगाइ हो (श्रेष्ठ, २०६७ : १०-११) ।

दृष्टिविन्दुको प्रकारको सम्बन्धमा जे जति कुरा गरिए पनि कथामा दुई प्रकारका दृष्टिविन्दुको प्रयोग गरिन्छ । जसलाई यस प्रकार देखाउन सकिन्छ ।




दृष्टिविन्दु पात्र कथामा प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ । यस अन्तर्गत केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा

मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिविन्दुमा चाहिँ 'म' पात्र त रहन्छ, तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ । यस दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ (श्रेष्ठ, २०६७ : ११-१२) ।

कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ । यस अन्तर्गत सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ । कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपले चियाउने गर्दछ । सीमित दृष्टिविन्दुमा चाहिँ एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ भने वस्तुपरक दृष्टिविन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन (श्रेष्ठ, २०६७ : १२) ।

कुनै पनि उत्कृष्ट कथामा स्वयम् कथाकारको ज्ञान, बोध र भावनाको अन्तः सम्बन्ध पात्रसँग रहेको हुन्छ । पात्रको जीवन्तता तथा विश्वसनीयता दृष्टिविन्दुमा निर्भर रहेको हुन्छ । त्यसैले कुनै पनि कथामा दृष्टिविन्दु कमजोर हुनुको अर्थ हुन्छ त्यस कथाको संरचना फितलो हुनु ।

### ३.४.७ उद्देश्य

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ र प्रयोजन नै उद्देश्य हुन्छ । कथाले प्रस्तुत गर्न खोजेको मुख्य प्रयोजन नै उद्देश्य हो र प्रयोजन बिना कुनै कथा पनि रचना गरिदैन । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थको प्रकटीकरणलाई कथा सिर्जनाको प्रमुख उद्देश्य मानिन्छ र यी उद्देश्य मध्ये पनि यथार्थको प्रकटीकरणलाई नै कथाको प्रमुख उद्देश्य मानिन्छ (गौतम, २०६९ : १७) ।

उद्देश्य कथाको सूक्ष्म तत्त्व हो । उद्देश्यविहीन कथाको कल्पना गर्न सकिन्न । सामान्यतया कथामा कथा सृजनाको कुनै न कुनै उद्देश्य हुन्छ । यो रचनाले देखाउन वा भन्न चाहेको कुरा हो अर्थात् रचनाले कुनै न कुनै रूपमा केही सन्देश बोकेको हुन्छ त्यही नै रचनाको उद्देश्य हुन्छ । कुनै कथाकृति पढि सकेपछि समग्रमा हामी

जुन भावार्थ पाउँछौ त्यही नै उद्देश्य हो (श्रेष्ठ, २०६० : ४) । यस बीजरूपी विचारलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्दछ (श्रेष्ठ, २०६० : १२) ।

## ३.५ निष्कर्ष

कथा साहित्यको एउटा महत्त्वपूर्ण विधा हो । यसको आफ्नै संरचना हुन्छ । कथाको संरचनागत पूर्णताका लागि विभिन्न तत्त्वहरू आवश्यक पर्दछ । कथाको संगठनात्मक तत्त्वहरूको विषयमा साहित्य चिन्तकहरूका आ-आफ्नै किसिमका मत छन् । यिनै साहित्य चिन्तकहरूका विचारहरू वा मतलाई आधार बनाउँदै निष्कर्षमा कथाका तत्त्वहरूलाई यस प्रकार देखाउन सकिन्छ : कथानक/कथावस्तु, पात्र/चरित्र चित्रण, संवाद/कथोपकथन, देशकाल वातावरण/परिवेश, भाषाशैली, दृष्टिविन्दु र उद्देश्य समावेश गरिएको छ ।

# चौथो परिच्छेद

## 'आस्थाका पदचापहरू' कथा सङ्ग्रहका कथाहरूको विश्लेषण

### ४.१ विषय प्रवेश

**आस्थाका पदचापहरू** कथा सङ्ग्रह रविमान लमजेलको पहिलो कथा सङ्ग्रह हो र यो केरेपे प्रकाशनबाट वि.सं. २०६९ मा प्रकाशित भएको हो । यस कृतिमा ५१ वटा कथाहरू सङ्कलित छन् । यस कृतिमा सङ्कलित कथाहरूमा 'धनबहादुरको प्रतिशोध', 'तीतो प्रतिक्रिया', 'चुनाव', 'पराजय पछिको विजय', 'मूल्याङ्कन', 'दृढ निश्चय', 'मुद्दा', 'ओझेलमा परेको इतिहास', 'प्रतिबद्धता', 'न्यायको तराजु', 'शंका निवारण', 'ठीक बाटो', 'खुसीले भरिएको हृदय', 'आदर्श शिक्षिका', 'नयाँ क्षितिजको खोजी', 'आत्मविश्वासको क्षितिजतिर', 'हाकिमको कुटनीति', 'कागजी बाघ', 'आफूले रोजेको बाटो', 'जनआन्दोलनको तस्वीर', 'निधारको खत', 'आभाष', 'स्थिर धरातल', 'सहिद दिवस', 'ठेकेदार छिरिङ शेर्पा', 'स्वदेशमै मर्ने-बाँच्ने प्रण', 'जनयुद्धको विजय', 'कोरिदै गएका भविष्यका रेखाहरू', 'हात्तीको देखाउने दाँत', 'नक्कली मयूर', 'कोपभाजन', 'सिफारिस', 'स्वभिमानको परिचय', 'खास मान्छेहरूको आगमन', 'युगद्धको माग', 'नयाँ जीवनको सुरुवात', 'खुशामद', 'सन्याँस', 'विवेकको खडेरी', 'अन्तर्वनी', 'जन्तरे काका', 'टुक्रिएको सपना', 'चाकडी', 'अस्मिताको सङ्घर्ष', 'विदेशको सपना', 'उत्सर्गको बाटो', 'बालुवाको घर', 'उज्ज्वल भविष्यको सपना', 'मोलतोल', 'भिनाजुको करामत' र 'मुखभरिको जवाफ' रहेका छन् । यी कथाहरूको विश्लेषण यसै शोधपत्रको तेस्रो परिच्छेदमा निर्धारित कथा तत्त्वको आधारमा गरिएको छ ।

### ४.२ कथावस्तु

रविमान लमजलेका **आस्थाका पदचापहरू** कथा सङ्ग्रहमा सङ्कलित कथाहरू सामाजिक, अस्तित्ववादी, राजनीतिक, मनोवैज्ञानिक र प्रगतिवादी विषयवस्तुमा आधारित छन् । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

#### ४.२.१ सामाजिक विषयवस्तु

'आत्मविश्वासको क्षितिजतिर', 'हात्तीको देखाउने दाँत', 'नक्कली मयूर', 'कोपभाजन', 'अन्तर्ध्वनी', 'चाकडी', 'विदेशको सपना', 'बालुवाको घर', 'मोलतोल' र

'भिनाजुको करामत' कथाहरू सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । यी कथाहरूमा समाजका मूल्य, मान्यता र मानकलाई विषयवस्तु बनाइएको छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथामा कथाकारले नेपाली समाजमा प्रचलित युवाहरूको लाहुर जाने प्रवृत्तिलाई विषयवस्तु बनाएका छन् । प्रस्तुत कथामा प्रेमप्रसादले दाउरा बेचेर आफ्नो परिवारलाई पाल्ने गरेको छ । प्रेमप्रसादको बाबुको मृत्यु भए पछि उसलाई साहुले दुःख दिएको छ । आफ्नो विधवा आमा, बहिनी र भाइलाई सुख साथ पाल्ने सपना देखेर प्रेमप्रसाद बाध्यतावश लाहुर गएको छ । मलायामा पुगे पछि खेतबारी उकास्ने भाइबहिनीलाई पढाउने र गरिब मीथ शोषण गर्ने साहुको प्रतिकार गर्ने आदि कुराहरूलाई समेटेर उसले नरेश 'म' लाई चिठी पठाएको छ । प्रस्तुत कथामा समाजका साहुमहाजनले गरिबहरूप्रति गर्ने व्यवहारलाई यथार्थपरक ढङ्गमा कथाकारले प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यका क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको रहेको छ ।

'हात्तीको देखाउने दाँत' कथामा कुनै पनि मानिस माथिल्लो स्तरमा पुगे पछि उसले आफ्नो गाउँघर, छरछिमेकी, कर्तव्य सम्पूर्ण कुरालाई बिर्सिएर पैसा कमाउन मात्र तत्पर रहने सामाजिक यथार्थतालाई कथाकारले व्यङ्ग्यका साथ प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका मुख्य पात्र दिलेन्द्र गुरु सुरुमा मामुली शिक्षकका रूपमा देखा परेको छ । उनको सादा जीवन र उच्च विचार देखेर गाउँलेहरूको अनुरोधमा शिक्षा दिवसको दिन उसले प्रशंसा पत्र र पुरस्कार प्राप्त गरेको हुन्छ । मन्त्रीको कृपाले दिलेन्द्र गुरु खाद्य संस्थानको महाप्रबन्धक पदमा समेत मनोनित भएको हुन्छ । त्यस पछि उसले सम्पूर्ण कुरा बिर्सिएर पैसा कमाउनतिर लागेको छ । उसलाई सहयोग गर्ने गाउँलेहरूले विद्यालयलाई आर्थिक सहयोग माग्दा आफूसँग पैसा नभएको कुरा बताएको छ । यसरी समाजका मानिसहरू माथिल्लो स्तरमा पुगे पछि आफ्नो हैसियत बिर्सने प्रथालाई कथाकारले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रमिक गतिमा परिपुष्ट कथानकको रूपमा विस्तार भएकाले यसमा उच्च रैखिक कथानक ढाँचाको प्रयोग भएको छ ।

'नक्कली मयूर' कथामा कथाकारले नेपाली समाजका चेलीहरूको दयनीय अवस्थालाई यथार्थ रूपमा चित्रण गरेका छन् । प्रस्तुत कथाको प्रमुख पात्र

नानीमैयाले सधैं घरको कामकाज मात्र गर्नु परेको हुन्छ । उसलाई घरदेखि टाढा साथीहरूसँग जाने अनुमति दिएको छैन । आफ्नो साथीसंगी धरान गएको देख्दा उसलाई पनि जान मन लागेको हुन्छ र यही कुरा उसले आफ्नी आमालाई व्यक्त गरेको छ तर त्यसको बदलामा उसले आमाको विषालु वचनवाण मात्र पाएकी छ । ऊ यमनाथको साथ भागेर धरानमा गएको छ । यमनाथ कहिले रातमा त कहिले दिनमा आफ्नो ड्युटीमा जाने गरेको र त्यही बखत नानीमैयालाई भूसतिघ्रेहरूले दुःख दिएको हुन्छ । उसले आफ्नो श्रीमान यमनाथलाई यही कुरा व्यक्त गर्दा वास्ता गरेको छैन । नानीमैया न आफ्नो माइतीघर फर्कन सकेको छ न धरान सहरमा आनन्द साथ बस्न नै सकेको छ । उसले प्रत्येक घण्टा डर र त्रासमा बिताउनु परेको छ । यसरी कथाकारले प्रस्तुत कथामा नेपाली चेलीहरूको दयनीय अवस्थालाई आफ्नो कथामा प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'कोपभाजन' कथामा कथाकारले नेताहरू भ्रष्ट हुने र योग्यताको कदर नहुने कुरालाई यथार्थताका साथ प्रस्तुत गरेका छन् । प्रस्तुत कथाको प्रमुख पात्र 'म' पात्रले वी.ए. पास गरेको भए पनि ड्राइभर काम गरेको छ । उसले शिक्षा आयोगमा भिड्दा दलालले पैसा मागेको हुनाले आफ्नो हेडमास्टर पेसालाई पनि राजीनामा दिएर गाडी चलाउन थालेको छ । साथै नेताहरूले विभिन्न ठाउँको बाटो बनाउँछु भनेर सरकारबाट पैसा लिएर बाटो नबनाएको नेताहरूको भ्रष्ट प्रवृत्तिलाई पनि यहाँ प्रस्तुत गरिएको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकका रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको रहेको छ ।

'चाकडी' कथामा समाजमा प्रचलित चाडकी प्रथालाई यथार्थपरक ढङ्गमा कथाकारले प्रस्तुत गरेका छन् । प्रस्तुत कथाको प्रमुख पात्र नारायणप्रसादले हाकिम भएर पनि सम्पत्ति कमाउन सकेको हुँदैन । यही कुरामा सधैं उसलाई आफ्नी श्रीमतीले कचकच गरिरहेकी हुन्छ । कार्यालय निरीक्षण गर्न मन्त्रालयबाट सचिव आउने जानकारी पाए पछि बिहान सात बजेदेखि नै सबै कर्मचारीहरू फूलमाला लिएर सचिवको स्वागतको लागि तयार भएर ५ बजेसम्म बस्दा पनि सचिव नआए पछि नारायणप्रसाद घर गएको हुन्छ । त्यसको लगत्तै सचिव पनि आइपुग्छ । खरदार

चेतप्रसाद चाहिँ जहिले पनि ठग्ने प्रवृत्तिको कर्मचारी हुन्छ । उसले नै उल्टै आफूलाई हाकिमले गाली मात्र गरेको कुरा सचिवलाई बताएको हुन्छ । चेतप्रसादले सचिवलाई आफ्नो घरमा लगेर रातभरि मेजमान गरेको हुन्छ । नारायणप्रसाद भोलिपल्ट कार्यालयमा सचिवलाई स्वागत गर्न जाँदा आफू भन्दा निम्न स्तरका कर्मचारीप्रति व्यवहार गर्न जान्नु पर्छ भनेर सचिवले गाली गर्दै उसलाई ताप्लेजुङ्गमा काज फिर्ता गरिदिएको छ । जसले अरूको चाकडी गर्न सक्छ, त्यस्तो मान्छेको मात्र यस समाजमा अस्तित्व रहने कुरा प्रस्तुत कथाबाट प्राप्त हुन्छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको छ ।

'विदेशको सपना' कथामा नेपाली समाजमा प्रचलित देशका युवाहरू बाध्यतावश दिन प्रतिदिन विदेश पलायन हुने यथार्थ स्थितिलाई कथाकारले प्रस्तुत गरेका छन् । प्रस्तुत कथाको प्रमुख पात्र 'म' पात्र शिक्षकहरूमा सबै भन्दा गरिब हुन्छ । गरिबताका कारण नै उसका साथीहरूले उस माथि उपहास गर्ने गरेको र अझ प्र.अ. जीतसिंहले उसलाई विदा समेत दिएको हुँदैन । दशैमा घर आउँदा मलेसिया जानेवाला साथीहरूसँग 'म' पात्रको भेट भएको हुन्छ । उसलाई पनि विदेश जाने इच्छा स्वरूप विद्यालयमा राजीनामा दिएको हुन्छ र मामाबाट पैसा लिएर काठमाडौँ गएको हुन्छ । विदेश जान एक दिन मात्र बाँकी रहँदा उसको पैसा हराएको हुन्छ । ऊ खाली हात लिएर घर फर्कन सक्दैन र आफू बसेको होटलमा नै काम गरेर दिन काट्न थालेको हुन्छ । यसरी प्रस्तुत कथामा विदेश जान सपना देख्ने नेपाली युवाहरूको विदेश नपुगी नै बाटैमा उनीहरूले झेल्नु परेका अनेक समस्याहरूलाई कथाकारले प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको छ ।

'बालुवको घर' कथामा चुनाव हुने समयमा नेताहरूले गाउँ, समाज र राष्ट्रलाई यस्तो गर्छु उस्तो गर्छु भन्छ तर चुनाव पश्चात् केही पनि नगर्ने कुरालाई कथाकारले यथार्थपरक ढङ्गमा चित्रण गरेका छन् । चुनाव अघि नेताहरूले आफ्नो कार्यकर्तालाई विभिन्न आश्वासन दिएका हुन्छन् तर जब नेताहरू चुनाव जितेर माथिल्लो पदमा पुग्छन् त्यस समयमा आफ्ना सहयोगी साथीहरूलाई दिएको वचन समेत बिर्सेर चिल्लो कारमा हिड्छन् भन्ने कुरालाई पनि यस कथाले प्रतीकात्मक

रूपमा प्रस्तुत गरेको छ । प्रस्तुत कथाको मुख्य पात्र हितमान विश्वकर्मालाई चुनाव अगाडि ललितले चुनावको प्रचार प्रसार गर्न लगाएको हुन्छ तर पछि आफू प्रधानमन्त्री भए पछि हितमानलाई वास्तै नगरेको कुरालाई कथाकारले प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको छ ।

'मोलतोल' कथामा कथाकारले कुनै पनि पुरस्कार र सम्मान पाउनको लागि मान्छेलाई पैसाले किन्नु पर्ने कुरालाई प्रस्तुत गरेका छन् । नेपाली समाजमा सच्चा स्रष्टाको कहिल्यै पनि सम्मान नहुने यथार्थतालाई व्यङ्ग्यात्मक रूपमा कथाकारले प्रस्तुत गरेका छन् । प्रस्तुत कथाको मुख्य पात्र हरिभक्तले आफूलाई पुरस्कृत गराउनको लागि प्रतिनिधि मण्डललाई पैसा दिएको हुन्छ । जसको फलस्वरूप उसले पाँच हजार नगद पुरस्कार प्राप्त गरेको छ । यसरी प्रस्तुत कथाले साहित्यमा पनि सौदावाजी चल्ने प्रथालाई कथाकारले व्यङ्ग्य गरेका छन् । यस कथाको कथावस्तु झिनो भएकोले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'भिनाजुको करामत' कथामा कवि गोष्ठीमा प्रथम हुनको लागि आफ्नो मान्छे हुनु पर्ने कुरालाई कथाकारले प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा कल्पना कवि गोष्ठीमा प्रथम भएकी छ । उसले सबैको प्रशंसा र स्यावासी पाएकी छ । कल्पनाको भिनाजु निर्णायक मण्डलका सदस्य भएका कारण कल्पनाले कवि गोष्ठीमा प्रथम स्थान हासिल गरेकी छ । यसरी वर्तमान समाजमा बुद्धिजीविहरूको सही मूल्याङ्कन हुन नसक्ने स्थितिलाई कथाकारले प्रस्तुत गरेका छन् । यस कथाको कथावस्तु क्षीण खालको भएकाले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

### ४.२.२ अस्तित्ववादी विषयवस्तु

'सन्यास' र 'टुक्रिएको सपना' कथा अस्तित्ववादी विषयवस्तुमा आधारित रहेका छन् । प्रस्तुत कथाहरूमा जे जस्तो रूपमा भए पनि जीवनलाई स्वीकार्न बाध्य भएको पराजित मानिसको कथालाई प्रस्तुत गरिएको छ ।

'सन्यास' कथामा कुनै पनि मानिसले छोटो समयमा नै धेरै मान, प्रतिष्ठा र पैसा कमाउने आकाङ्क्षा राख्नु हुँदैन यदि ती आकाङ्क्षाहरू पूर्ण भएन भने जीवनमा विसङ्गति उत्पन्न हुने कुरालाई कथाकारले प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा

उत्तमप्रसाद पहाडीले ठूलो धनराशी पाउने आशाले मन्त्रीको बारेमा बढाइ चढाई भए नभएको कुरालाई समावेश गरेर जीवनी लेखी पुस्तक तयार पारेको हुन्छ । उक्त कृति लेखेवापत् उसलाई कुनै धनराशी प्राप्त भएको हुँदैन । अर्कोतिर उसलाई अन्य साहित्यकार साथीहरूले तस्करको जीवनी लेख्ने भनेर होच्याएका छन् । ऊसँग सङ्गत पनि गर्न चाहेका छैनन् । साहित्य क्षेत्रमा लागेर आफू बदनाम भएको सम्भेर उत्तमप्रसाद पहाडीले रक्सी खान थालेको छ । अन्त्यमा उसले साहित्य साधनाबाट सन्यास पनि लिएको छ । यसरी उत्तम पहाडीको छिट्टै इज्जत र पैसा कमाउने सपनाले अन्त्यमा उसको जीवन निराश बनेको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकाले रैखिक प्रकारको रहेको छ ।

'टुक्रिएको सपना' कथामा मानिसले ठूलो सपना देख्नु हुँदैन यदि त्यो सपना पूरा हुन नसकेमा जीवनमा विसङ्गति सिर्जना हुने र अस्तित्वविहीन भएर बाँच्न बाध्य हुनु पर्छ भन्ने कुरालाई कथाकारले सहज रूपमा चित्रण गरेका छन् । प्रस्तुत कथामा सरुले भविष्यको स्वर्णिम सपना बुनेर मन्त्रीको भाइसँग बिहे गरेकी हुन्छ । उसको नाममा दुईवटा विल्डिङ परेको तर केही समयमै अख्तियार अनुसन्धान आयोगले छानबिन गरेर सम्पूर्ण सम्पत्ति अख्तियारको कब्जामा परेको छ । सरुको श्रीमान पनि भागेर अमेरिका गएको छ । यसरी सरुको धनीसँग बिहे गरी ठूलो घरमा ऐस आरामका साथ जीवन व्यतीत गर्ने इच्छा केही समयमा नै टुक्रिएकोले ऊ निराश भएर पनि बाँच्नु पर्ने स्थितिलाई कथाकारले कथामा प्रस्तुत गरेका छन् । यस कथाको कथावस्तु भिनो भएको कारण यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

### ४.२.३ राजनीतिक विषयवस्तु

'पराजयपछिको विजय', 'जनआन्दोलनको तस्वीर', 'चुनाव' र 'जनयुद्धको विजय' कथाहरू राजनीतिक विषयवस्तुमा आधारित रहेका छन् । यी कथाहरूमा कुनै राजनीतिक सिद्धान्त वा व्यवस्थालाई हटाउन पात्रहरू सङ्घर्ष गरेका छन् ।

'पराजयपछिको विजय' कथामा कथाकारले पञ्चायती व्यवस्थाको विरुद्धमा बहुदलीय प्रजातन्त्रको स्थापनालाई विषयवस्तु बनाएका छन् । प्रस्तुत कथामा

हरिशरणले काठमाडौँको ना.सु. पदको जागिर समेत राजीनामा दिएर बहुदलीय प्रजातन्त्रको स्थापनाको निम्ति सभा, जुलुस र भाषणमा उपस्थित भएको हुन्छ । लाखौं नर-नारीहरू, डाक्टर, वकील, प्राध्यापक, शिक्षक, विद्यार्थी आदि विभिन्न पेसामा संबद्ध व्यक्तिहरू विरोध प्रदशर्नीमा निस्केका हुन्छन् । अन्त्यमा प्रजातन्त्र आउनुका साथै हरिशरणको पनि पुनर्वहाली र पदोन्नती समेत भएको छ । यसरी कथाकारले आफ्नो कथामा बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि देशका जनताहरूले के कतिको बलिदान दिए भन्ने कुरालाई नाटकीकरणका रूपमा प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा वृत्ताकारीका साथै रैखिक पनि रहेको छ ।

'जनआन्दोलनको तस्वीर' कथामा कथाकारले लोकतन्त्रको स्थापनाको लागि देशका जनताले गरेको आन्दोनलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा बखत सिंह र लाक्पा शेर्पालाई ड्युटी इमान्दार साथ पूरा गर्न नसकेको भन्ने लाञ्छना लगाएर खारेजीको पत्र आएको हुन्छ । त्यस पछि उनीहरूले सुरक्षाकर्मीको पदबाट राजनीनामा लिई साधारण जनताको रूपमा जनआन्दोलनमा प्रवेश गरेका छन् । अन्त्यमा गणतन्त्रको स्थापना भई नयाँ नेपालको निर्माण भएको छ । यसरी कथाकारले प्रस्तुत कथामा जनआन्दोलनमा घटेका घटनालाई चित्रण गरेका छन् । यस कथाको कथानक ढाँचा क्षीण कथावस्तु भएकोले निम्न रैखिक प्रकारको रहेको छ ।

'जनयुद्धको विजय' कथामा कथाकारले नेपालमा घटेको लामो जनयुद्धलाई विषयवस्तु बनाएका छन् साथै त्यस समयमा जनताले भोगेका दुःख कष्टलाई पनि यथार्थ रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा अनिल माओवादी कार्यक्रममा उपस्थित भएको कारण उसलाई माओवादी हो भन्ने अभियोग लागेको हुन्छ । त्यसैले सुरक्षाकर्मीका कारण अन्त्यमा अनिलले जङ्गल पस्नु पर्ने बाध्यतालाई कथाकारले प्रस्तुत गरेका छन् । यस कथाको कथावस्तु जहाँबाट प्रारम्भ भएको छ अन्त्यमा त्यहीँ आएर टुङ्गिएकोले कथानक ढाँचा वृत्ताकारीय छ ।

'चुनाव' कथामा कथाकारले गरिबको पनि दिन आउने कुरालाई प्रतीकात्मक रूपमा विषयवस्तु बनाएका छन् । प्रस्तुत कथामा देउनारायण प्रधानपञ्च हुन्छ । उसले दोस्रो पटक पनि छलबलले चुनाव जितेको हुन्छ ऊ प्रधानपञ्च भएकै कारण उसले गाउँका गरिब जनता माथि शोषण गर्ने गरेको छ । देउनारायणको शोषण सहन नसकेर श्यामकर्णले मुख छोडेको कारण उसलाई अनेक अभियोग लगाएर

देउनाराणले जेल पठाएको छ । तीन वर्षपछि श्यामकर्ण जेलबाट निस्किएको र ऊ देउनारायणको विपक्षमा चुनावमा उठी उसले चुनाव जितेको छ । त्यस पछि देउनारायणको शोषण प्रवृत्ति अन्त्य भई गरिब गाउँलेका सुखका दिन आएको छ । प्रस्तुत कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

### ४.२.४ मनोवैज्ञानिक विषयवस्तु

'दृढ निश्चय', 'हाकिमको कुटनीति', 'आफूले रोजेको बाटो', 'निधारको खत' र 'मुखभरिको जवाफ' कथाहरू मनोवैज्ञानिक विषयवस्तुमा आधारित कथाहरू हुन् । यी कथाहरूमा पात्रको मनोदशाको चित्रण गरिएको छ ।

'दृढ निश्चय' कथामा कथाकारले दिलीपको मानसिक द्वन्द्वलाई चित्रण गरेका छन् । प्रस्तुत कथामा दिलीप र सावित्रीको प्रेम भएको हुन्छ । दिलीपले सावित्रीलाई काठमाडौँबाट पढेर फर्केपछि विहे गर्ने बाचा समेत गरेको हुन्छ तर दिलीपले बाबुको कुरा सुनेर शर्मिलासँग विहे गर्न लाग्दा सावित्रीले दिलीपलाई एउटा चिठी पठाएको हुन्छ । जसमा उसले दिलीपलाई साँचो प्रेम गरेको कुरा उल्लेख गरेको हुन्छ । यही कुराले दिलीपको मानसिक द्वन्द्व सुरु भएको छ । उसलाई बाबुको कुरा सुन्ने की आफ्नो प्रेमलाई सफल बनाउने भन्ने कुरामा चिन्ता बढ्न थालेको छ । उसले मनमनै सावित्री र शर्मिलाको व्यवहारलाई दाँज्न थालेको छ । अन्तयमा दिलीपले आफूलाई प्राण भन्दा प्यारो माया गर्ने सावित्रीसँग विवाह गरी सुख साथ जीवन बिताउने निश्चय गरेको छ । यसरी कथामा कथाकारले विवाह गर्दा धन सम्पत्ति होइन विचार र स्तर मिल्ने जीवन साथी रोज्नु पर्ने कुरालाई उल्लेख गरेका छन् । यस कथामा झिनो कथावस्तुको प्रयोग भएको कारण यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'हाकिमको कुटनीति' कथामा कथाकारले 'म' पात्रको मानसिक स्थितिलाई चित्रण गरेका छन् । 'म' पात्रलाई जागिर मिलाइदिए वापत् 'म' पात्रले हाकिमलाई आमाको सुन दिएको हुन्छ तर जाली हाकिमले उसलाई अनेक बहाना गरेर एक महिनामै जागिरबाट निकालि दिएको छ । 'म' पात्रले जागिरबाट कमाएको पैसाले घरबारी किन्ने, विवाह गर्ने, आमाको सुन फिर्ता दिने, ऋण तिर्ने आदि विविध सपनाहरू देखेको हुन्छ तर ती सपनाहरू एक महिनामै चकनाचुर हुँदा उसको

मानसिक अवस्था अर्धविक्षिप्त भएको छ । हाकिमको सोझो गाउँलेलाई ठगेर पैसा कमाउने कुटनीतिले 'म' पात्रलाई चिन्तित बनाएको छ । उसका कैयौँ सपनाहरू एक महिनामै भताभुङ्ग भएको छ । यस कथाको कथावस्तु अन्त्यमा प्रारम्भ भएको बिन्दुमा नै घुमेर आई टुङ्गिएकोले यसको कथानक ढाँचा वृत्ताकारीय प्रकारको छ ।

'आफूले रोजेको बाटो' कथामा कथाकारले 'म' पात्र (ललिता) को मानसिक स्थितिको चित्रण गरेका छन् । 'म' पात्रको विवाह विराटनगरको अधिकृत दुर्गाप्रसादसँग भएको छ । 'म' पात्रले आफू तेस्रो श्रीमती भएको कुरा छिमेकीहरूबाट थाहा पाएको हुन्छ तर पनि उसले कुनै प्रतिवाद गरेको हुँदैन । विस्तारै उसको श्रीमानले नराम्रो व्यवहार देखाउन थाले पछि 'म' पात्र भागेर आफ्नो माइतीघर गएकी छ । जहाँ सानो छँदाको साथी हरिलाल पनि आएको हुन्छ । उसलाई आफ्नो जीवन कसरी चलाउने भन्ने बारेमा चिन्ता परेको हुन्छ । उसका मनमा अनेक किसिमको द्वन्द्व चलेको हुन्छ । अन्त्यमा 'म' पात्रले हरिलाललाई श्रीमानको रूपमा वरण गरेर सुखमयका साथ जीवन चलाएको छ । प्रस्तुत कथा आत्मसंस्मरणात्मक शैली र पूर्वदीप्ति प्रणालीमा प्रस्तुत भएको छ ।

'निधारको खत' कथामा 'म' पात्रको मानसिक विक्षिप्ततालाई चित्रण गरेका छन् । 'म' पात्रले आफ्नी श्रीमती विपनाको पहलमा विपनाकी मीतभाइ (दुर्गेश) लाई ५० हजार जापान जानको लागि ऋण दिएको हुन्छ । दुर्गेश तीन वर्षपछि जापानबाट घर फर्के पनि उसले 'म' पात्रको पैसा तिर्ने कुरा गरेको हुँदैन । एक दिन दुर्गेश 'म' पात्रको घरमा आएको बेला 'म' पात्रले दुर्गेशसँग आफ्नो पैसाको कुरा गर्दा उल्टै अनेक वचन लगाएर झगडा गरेको छ । 'म' पात्रले अन्त्यमा २५००० मात्र पाएको छ । दुर्गेशलाई पैसा दिनु भन्दा अगाडि उसलाई पैसा दिने नदिने भन्ने बारेमा 'म' पात्रको मनमा द्वन्द्व मच्चिएको थियो । उसले आफ्नो पच्चीस वर्षको कमाई रू. ५०००० आधा मात्र पाउँदा उसलाई पीर परेको छ । दुर्गेशसँग झगडा गर्दाको फल निधारको खतले 'म' पात्रलाई सधै दुर्गेशको सम्झना गराएको छ । प्रस्तुत कथाको कथावस्तु 'म' पात्रको संरणात्मक शैलीमा प्रस्तुत गरिएको र कथाको कथानक ढाँचा प्रारम्भ भएको बिन्दुमा नै घुमेर अन्त्य भएकोले वृत्ताकारीय प्रकारको रहेको छ ।

'मुखभरिको जवाफ' कथामा कथाकारले शान्ताको मानसिक द्वन्द्वलाई चित्रण गरेका छन् । एक दिन शान्तालाई माग्नका लागि प्रकाश र एक बुढो मान्छे आएको

हुन्छ तर प्रकाश गरिब भएको कारण शान्ताको बाबुले प्रकाशलाई अस्वीकार गरेको छ । शान्तालाई भने प्रकाश एकदमै मन परेको हुन्छ । यसरी प्रकाशलाई अस्वीकार गरेको देख्दा शान्ताले आफ्नो बाबुलाई मनमनै प्रतिकार गरेको छ । एक दिन शान्ता बजार जाँदा केटाहरूबाट उसलाई होच्चाइएको कुरा सुनेकी हुन्छ । त्यस पछि उसको मनमा अनेक किसिमको द्वन्द्व मच्चिन थालेको हुन्छ । अन्त्यमा उसले प्रकाशलाई घर बोलाउन चिठी मात्र लेखि सकेकी हुन्छ । शान्ताको आमाले चिठी लगेर बाबुलाई दिएको कारण शान्तालाई बाबुले अनेक किसिमको गाली गर्दै कुटेर घरबाट निकालिदिएको छ । त्यस पछि शान्ताले आमाबाबुलाई आफू प्रकाशकोमा जाने आत्मघोष सुनाएकी छ र प्रकाशकोमा गएकी पनि छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको रहेको छ ।

### ४.२.५ प्रगतिवादी विषयवस्तु

'धनबहादुरको प्रतिशोध', 'तीतो प्रतिक्रिया', 'मूल्याङ्कन', 'मुद्दा', 'ओझेलमा परेको इतिहास', 'प्रतिबद्धता', 'न्यायको तराजु', 'शंका निवारण', 'ठीक बाटो', 'खुशीले भरिएको हृदय', 'आदर्श शिक्षिका', 'नयाँ क्षितिजको खोजी', 'कागजी बाघ', 'आभाष', 'स्थिर धरातल', 'सहिद दिवस', 'ठेकेदार छिरङ शेर्पा', 'स्वदेशमै मर्ने-बाँच्ने प्रण', 'कोरिदै गएका भविष्यका रेखाहरू', 'सिफारिस', 'स्वभिमानको परिचय', 'खास मान्छेहरूको आगमन', 'युगको माग', 'नयाँ जीवनको सुरुवात', 'खुशामद', 'विवेकको खडेरी', 'जन्तरे काका', 'अस्मिताको सङ्घर्ष', 'उत्सर्गको बाटो' र 'उज्ज्वल भविष्यको सपना' कथाहरू प्रगतिवादी विषयवस्तुमा आधारित रहेका छन् । यी कथाहरूमा सामाजिक, आर्थिक, विसङ्गति र विरोधाभासलाई विषयवस्तु बनाइएको छ ।

'धनबहादुरको प्रतिशोध' कथामा गरिब धनबहादुरले शोषक चुच्चे साहुसँग लिएको प्रतिशोधलाई कथाकारले विषयवस्तुका रूपमा चित्रण गरेका छन् । प्रस्तुत कथामा धनबहादुर गरिब हुन्छ । ऊ माथि चुच्चे साहुले शोषण गरिरहेको हुन्छ । बिरामी श्रीमतीलाई स्याहार गरिरहेको बेला चुच्चे साहुले धनबहादुरलाई धम्क्याएर धरान भारी बोक्न लगेको हुन्छ । धनबहादुरले चुच्चे साहुको कारण आफ्नी श्रीमतीको अन्तिम दाहसंस्कार समेत गर्न पाएको हुँदैन । अन्त्यमा उसले चुच्चे साहुलाई कुटेर अपाङ्ग बनाई सम्पूर्ण गाउँलेहरूलाई नै चुच्चे साहुको अन्यायबाट स्वतन्त्र बनाएको

छ । यस कथामा परिपुष्ट कथानक भएको कारण यसको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'तीतो प्रतिक्रिया' कथामा साहुमहाजनले गाउँका गरिब वर्गहरू माथि शोषण गर्ने प्रवृत्तिलाई विषयवस्तुका रूपमा कथाकारले चित्रण गरेका छन् । प्रस्तुत कथामा सम्पूर्ण गाउँलेहरू नै जर्कटे साहुको अन्यायमा परेका छन् । असारमा खेतमा पानी हाल्न समेत गाउँलेहरूले उसलाई सोध्नु पर्ने हुन्छ । एक दिन सुब्बा जेठोले जर्कटे साहुलाई नसोधी पानी फर्काएर धान रोप्दै गर्दा जर्कटे साहुले नक्कली प्रहरी ल्याएर सुब्बा जेठोलाई थानातिर लगेको हुन्छ तर बीच बाटोमै अनेक धम्की सहित रू. ५०० तिर्न लगाएको हुन्छ । त्यही बखत सुब्बा जेठोको छोरा अजय साथीहरूसँग त्यहाँ गई उल्टै जर्कटे साहुलाई थानामा पुऱ्याएको छ । जर्कटे साहु जेलबाट निस्के पछि मधेशतिर बसाई सरेको छ । यसरी सम्पूर्ण गरिबहरू एक भएमा कसैले केही पनि गर्न नसक्ने कुरालाई यस कथाम कथाकारले प्रस्तुत गरेका छन् । प्रस्तुत कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको रहेको छ ।

'मूल्याङ्कन' कथामा कथाकारले देशका गरिब गाउँलेहरूलाई सहयोग गर्ने व्यक्तिको एक दिन सही मूल्याङ्कन हुने कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस कथामा शिक्षित भए पनि गरिबसँग बोलचाल गर्न नचाहने प्रतापसिंहको सालिक नबनाएर उदारवादी, क्रान्तिकारी, गरिबका पक्षमा बोल्ने र गरिबका लागि जीवन समर्पित गर्ने गरिब कुलनाथ पहाडीको गाउँलेहरूले सालिक बनाएर सम्मान गरेको छ । यो कुराले पूर्व प्रधानपञ्च डम्बरसिंहलाई पीर परेको छ । सम्मान समारोहमा डम्बरसिंहलाई कुनै स्थान नदिएको र आफ्नो छोरा प्रतापसिंहको बदलामा गरिब कुलनाथ पहाडीको सालिक बनाएर सम्मान गरेको देख्दा ऊ मुर्छा परेको छ । यसरी एक दिन सही मान्छेको सही मूल्याङ्कन हुने कुरालाई कथाकारले यथार्थका साथ प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'मुद्दा' कथामा कथाकारले एक दिन योग्यताको कदर हुने कुरालाई विषयवस्तु बनाएका छन् । प्रस्तुत कथाको 'म' पात्र दक्ष शिक्षक भए पनि आफ्नो मान्छे नभएको कारण शिक्षक सेवा आयोगमा उत्तीर्ण भएको हुँदैन । आन्तरिक

नि.मा.वि. को बढुवामा पनि हुइयाँप्रसादलाई गलैचा नदिएकै कारण 'म' पात्रको बढुवा भएको छैन । एक दिन 'म' पात्र प्रशासक पदमा नियुक्ति भएको हुन्छ । उसले अख्तियारमा मुद्दा परेको लमजडीप्रसादलाई थुन्न लगाएको छ । लमजडीप्रसादले पहिले शिक्षा अधिकारी हुँदा घूस लिएको जम्मा दुई करोड भएको हुन्छ र त्यो फिर्ता गर्न लगाई अबदेखि निष्पक्ष भएर काम गर्नेछु भनेर कागज गराएर 'म' पात्रले लमजडीप्रसादलाई जेलबाट निकालेको छ । प्रस्तुत कथाको कथानक परिपुष्ट रूपमा विकास भएकाले उच्च रैखिक प्रकारको रहेको छ ।

'ओझेलमा परेको इतिहास' कथामा कथाकारले नेपाली चेलीहरू मुम्बइमा कसरी बेचिन पुग्छन् भन्ने कुरालाई विषयवस्तुका रूपमा चित्रण गरेका छन् । प्रस्तुत कथाका 'म' पात्र र गंगा दिदीभाइ हुन्छन् । 'म' पात्र आई.एस्सी. पढ्न काठमाडौँ गएको हुन्छ तर गंगा गाउँकै स्कुलमा पढ्न थालेकी हुन्छ । यत्तिकैमा 'म' पात्र र गंगा टाढा भएका हुन्छन् । बाबुले सानीमाको लहैलहैमा लागेर गंगालाई डाँडो कटाई दिनु भनी रू. १०००० मीत दाजुलाई दिएको हुन्छ । सोही बमोजिम मीत दाजुले गंगालाई सिलगढीमा रू. २५००० मा बेचेको हुन्छ । पत्रकार सम्मेलनमा नेपालको प्रतिनिधि भएर 'म' पात्र मुम्बई गएको बखत आफ्नी दिदी गंगालाई मुम्बईको एक कोठीमा भेट्टाएको छ र आफ्नी दिदीलाई उसले नेपाल फर्काएको छ । 'म' पात्र र गंगा मिलेर बाबु र मीत दाजुलाई जेलमा हालेका छन् साथै गाउँका कतिपय त्यस्ता सोच भएका मानिसहरू पनि भागाभाग भएका छन् । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकाले रैखिक प्रकारको रहेको छ ।

'प्रतिबद्धता' कथामा कथाकारले मानध्वज खालिङको साहसलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका मानध्वज खालिङले घोसे साहुको अन्याय र अत्याचारलाई सहन नसकेर घोसे साहुलाई गालामा एक चड्कन दिएको छ । यस भन्दा अघि कसैले पनि घोसे साहुसँग बोल्ने साहस गरेको हुँदैन । उसले घोसे साहुको प्रतिवाद गर्न सकेको कारण सबैबाट स्याबासी पाएको छ । मानध्वज खालिङ भोलिपल्ट पचास जना गाउँलेहरूलाई लिएर घोसे साहुको घरमा गएको हुन्छ र सम्पूर्ण गाउँलेहरूको हिसाब-किताब चुक्ता गरेर फर्केको हुन्छ । गरिबको यस्तो साहस देखेर घोसे साहु बसाइँ सरेर मधेश जाने तरखर गर्न थालेको छ । यस

कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'न्यायको तराजु' कथामा कथाकारले साहुमहाजनले गरिबहरूप्रति गर्ने अन्याय, अत्याचारलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका तुङ्गप्रसाद एक्लो, असहाय र टुहुरो हुन्छ । ऊ कामको खोजीमा काठमाडौँ आउँदा टंकनाथ साहुसँग भेट भएको हुन्छ र टंकनाथ साहुले उसलाई छोरा जस्तै पाल्ने, बिहे गरिदिने, घरजग्गा दिने सर्तमा गाउँमा ल्याएको हुन्छ । तुङ्गप्रसादको बिहे भएको केही महिना पछि टंकनाथ साहुकी श्रीमतीले उसलाई र उसकी श्रीमतीलाई घरबाट निकालि दिएको छ । मालिकको दया पलाउला भनेर तुङ्गप्रसादले मालिकलाई विन्ति गरेको छ तर उल्टै टंकनाथ साहुले उसलाई अनेक अभियोग लगाएर सुरक्षाकर्मीलाई बोलाएको छ । त्यही समयमा सुरक्षाकर्मीले टंकनाथ साहुको कर्तुतलाई आफ्नै कानले सुन्न पाएको छ र तुङ्गप्रसादलाई लिन आएको सुरक्षाकर्मीले टंकनाथ साहुलाई जेलमा लगेको छ । यस कथाको परिपुष्ट कथानक भएकाले यसको कथानक ढाँचा उच्च रैखिक प्रकारको रहेको छ ।

'शंका निवारण' कथामा कथाकारले आफूले विश्वास गरेको मान्छेबाट नै आफूले धोका पाइने कुरालाई प्रस्तुत गरेका छन् । यस कथाको चतुरमान जेलमा परेको हुन्छ । उसले कान्छा महाजनलाई भगवान बराबर मानेको हुन्छ तर ऊ जेल परेको समयमा उसकी श्रीमतीलाई कान्छा महाजनले अनेक लोभलालच देखाएर बिहे गर्न चाहेको हुन्छ । यी कुराहरू चतुरमानले आफ्नी श्रीमतीबाट थाहा पाएको हुन्छ । अर्को कुरा चतुरमानलाई आतङ्ककारी, फटाहा, चोर भनेर जेलमा हाल्ने पनि कान्छा मुखिया नै भएको कुरा चतुरमानलाई थाहा हुन जान्छ । चतुरमान जेलबाट छुटेर आएको रात कान्छा महाजनले पुकुलीलाई आक्रमण गरेको छ र चतुरमानले कान्छा महाजनलाई कुटेर घाइते बनाइदिएको छ । यस दिनदेखि कान्छा महाजनको गरिबलाई शोषण गर्ने आत्मबल घटेर गएको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकाले रैखिक प्रकारको रहेको छ ।

'ठीक बाटो' कथामा कथाकारले गाउँका धनी वर्गहरूले गरिब वर्गहरू माथि गरेका थिचोमिथोलाई यथार्थताका साथ विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत कथामा हर्कराजको बाबुलाई खोलाले बगाउँदा मेरो बीस हजार पनि बगायो भनेर भ्याकुरे साहुले हर्कराजको लैनो भैंसी, खसी, हलगोरु आदि सबै वस्तुभाउहरू लैजान लागेको बखत हर्कराजले भ्याकुरे साहुलाई मुर्छा हुने गरी कुटेको छ । भ्याकुरे साहुले ज्यान मार्ने अभियोगमा हर्कराजलाई जेल पठाएको छ । हर्कराज केही महिना पछि जेलबाट निस्की भ्याकुरे साहु कहाँ गएर आफ्नो सारा वस्तुभाऊ फिर्ता ल्याउनुका साथै आफ्नो आमाको खुट्टा समाएर भ्याकुरे साहुलाई माफ माग्न लगाएको छ । भोलिपल्ट राती नै भ्याकुरे साहु आफ्नो परिवार सहित त्यस गाउँ छाडेर भागेको छ । प्रस्तुत कथाको कथानक ढाँचा वृत्ताकारीय छ ।

'खुसीले भरिएको हृदय' कथामा कथाकारले सविनाको आँट र साहसलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस कथाकी सविना घटकसिंहकोमा गोठाल्नी बसेकी हुन्छ । एक दिन सविना फिदिम बजार गएर फर्कीदै गर्दा बाटोमा घटकसिंहले सविनालाई कुटेको हुन्छ । सविना बाटोबाट नै फर्केर झापातर्फ लागेको हुन्छ  झापामा जयप्रसादको घरमा भात पकाउने काम गर्दै सविनाले पढ्ने अवसर पनि पाएकीले उसले एक वर्षमै एस.एल.सी. पास गरेकी छ साथै उसको योग्यता क्रमिक रूपमा बढ्दै पनि गइरहेको हुन्छ । सविनाले नायब सुब्बामा नाम निकालेर झापा जिल्लाको मालपोत कार्यालयमा जागिर पाएकी छ । घटकसिंहको छोरो श्यामराज पनि त्यही कार्यालयमा मुखिया भएको हुन्छ भने गाउँकै लोथर्के साहुको छोरो दिपेश पनि त्यही कार्यालयमा हाकिम पदमा रहेको हुन्छ । एक दिन विदाइ भोजमा हाकिमले सविनालाई हातपात गर्न खोज्दा प्रतिकार गरेकी छ । त्यसको केही महिनापछि सविना अधिकृतमा नियुक्त भएकी हुन्छ र आफ्ना गाउँका माता, पिता र भाइलाई झापा बोलाएर सुखसाथ जीवन व्यतीत गरेकी छ । यस कथाको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'आदर्श शिक्षिका' कथामा कथाकारले श्रीमती विमला कसरी आदर्श शिक्षिका हुन सफल भइन् भन्ने कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा विमला केरेपे प्राथमिक विद्यालयमा प्रवेश गरे पछि विद्यालयको मुहार फेरिएको छ । भाचिएका डेस्क, वेन्च, उक्किएका पर्खालका ढुङ्गाहरू र झारले ढाकिएका खेलकुद प्राङ्गण भएको विद्यालयलाई विमलाले गाउँलेहरूको सहयोगमा सफा र मर्मत गरेर विद्यालयलाई आकर्षक बनाएका छन् । विमलाकै अगुवाइमा प्रौढ

शिक्षा र साक्षरता कक्षा सञ्चालन भएको छ । जसले गाउँकै काचुली फेरिएको छ । शिक्षिका विमलाको विद्यार्थी, शिक्षक समुदाय हुँदै सर्वत्र चर्चा चलेको छ । गाउँका सर्वसाधारणदेखि नेता, मन्त्री सबै उसलाई भेट्न आउने गरेका छन् । गाउँका शोषकहरू विमलाको अघिल्तिर शिर झुकाएर हिड्छन् कारण उनी विद्यालय प्रवेश गर्दा तिनीहरूको दृष्टिमा विमला हाँसोको पात्र बनेकी थिइन् । अहिले आदर्श शिक्षिका बनेर सम्पूर्ण शोषक वर्गलाई घुडा टेकाएकी छ । यस कथा पूर्वदीप्ति प्रणालीमा रहेकाले यसको कथानक वृत्ताकारीय ढाँचामा रहेको छ ।

'नयाँ क्षितिजको खोजी' कथामा कथाकारले ज्योतिको परिवर्तित रूपलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । ज्योति धनी बाबुकी कान्छी छोरी हुन्छ । बाबुको इच्छा बमोजिम ऊ कसै गरिब मानिससँग बोल्दिन तर पनि ज्योतिको मनमा गणेशले हलचल मच्चाई रहेको हुन्छ । गणेश ज्योतिकै घरमा डेरा गरी बसेको हुन्छ । एक दिन गणेशले ज्योतिलाई बोलाउँदा ज्योतिको बाबुले गणेशलाई तथानाम गाली गरेको हुन्छ । ज्योति घमण्डी भएकै कारण गुण्डाहरूले उसको इज्जत लुट्न दुई पटक उसलाई आक्रमण गरेको हुन्छ तर दुई पटक नै उसलाई गणेशले बचाएको हुन्छ । यी घटनाहरूले ज्योतिले गणेशलाई मनमनै मन पराउन थालेकी हुन्छ । गणेशकै प्रभावका कारण ज्योतिले आफ्नो बाबुको इच्छालाई त्यागेर नारा, जुलुसमा हिडेकी छ । नारी जागरणको कुरा गर्न थालेकी छ । यस कथाको कथानक जुन बिन्दुबाट प्रारम्भ भएको छ अन्त्य पनि त्यही बिन्दुमा आएर भएकोले यसको कथानक ढाँचा वृत्ताकारीय छ ।

'कागजी बाघ' कथामा समाजका गरिब गाउँलेहरू सक्रिय भए पछिको शोषक वर्गहरूको दयनीय स्थितिलाई कथाकारले विषयवस्तुका रूपमा चित्रण गरेका छन् । प्रस्तुत कथाका साहिला मुखिया आफ्नी श्रीमती साहिली मुखिनीसँग एक रातै घरबाट भागेको छ कारण पहिलेको जस्तै सम्झेर साहिला मुखियाले रामवीरे माथि शोषण गर्न खोजेको हुन्छ तर रामवीरले उसको विरोध गरेको हुन्छ । साहिला मुखिया र रामवीरे बीच कुटाकुट भएको हुन्छ । थानाको मान्छे पनि मुखियाको हातमा नभएको कारण रामवीरले उजुर गरेमा पक्राउ परिन्छ भन्ने शंकाले साहिला मुखिया गाउँ छोडेर भागेको छ । प्रस्तुत कथाको कथानक क्षीण भएकोले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'आभाष' कथामा कथाकारले गाउँका धनीहरूले गरिब र असहायलाई अनेक प्रलोभन देखाएर घरमा ल्याएर काममा दल्ने प्रवृत्तिलाई देखाउने उद्देश्य राखेका छन् । यस कथाका भक्तबहादुर भुजेललाई पनि दुर्योधन साहुले नागरिकता निकालि दिने, एक पाटो बारी दिने, बिहे गरि दिने आश्वासन दिएर घरमा ल्याई काममा मात्र जोताएको छ । यी कुनै पनि कुरा दुर्योधन साहुले भक्तबहादुरलाई गरिदिएको छैन । त्यस पछि भक्तबहादुर छापामार साथीहरूसँग मिसिएको छ । पाँच वर्ष पछि उसले दुई वर्षसम्म हलो जोतेको आफ्नो पैसा उठाउन दुर्योधन साहुकोमा आएको छ तर दुर्योधन साहुले उसलाई पैसा दिन नमानेपछि दुर्योधनलाई बाधेर कुटी आफ्नो परिश्रमको रकम लिई ऊ फर्केको छ । त्यस दिनदेखि दुर्योधन साहुको शोषण प्रवृत्ति हराएर गएको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'स्थिर धरातल' कथामा कथाकारले नेपाली समाजमा छोरीको अवस्थालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस कथामा 'म' पात्र एम.ए. उत्तीर्ण हुँदा पनि उनका मातापिता खुसी भएका छैनन् । बरु उनीहरू चिन्तित पो देखिएका छन् कारण 'म' पात्रको बिहे गर्ने उमेर गई सकेकोले राम्रो ज्वाँइ पाइँदैन भन्ने पीर उनीहरूलाई परेको छ । 'म' पात्रको मामाको सहयोगमा अञ्जान कहिल्यै नचिनेको कालिम्पोङ्ग बस्ने जगतप्रसादसँग बिहे भएको छ । बिहे पश्चात् जगतप्रसादको सरुवा झापाको क्याम्पसमा भएको छ । 'म' पात्रलाई श्रीमानले आफ्नो घर कालिम्पोङ्ग लैजादा उसलाई सौताले हातपात गरेको छ । उसले आफू अञ्जान रहेको कुरा उल्लेख गर्दै सौतासँग माफ मागेकी छ । कालिम्पोङ्गबाट झापा फर्के पछि थिरलाल रसाइलीको सहयोगमा 'म' पात्रले शिक्षिका भएर विद्यालयमा पढाउन थालेकी छ । 'म' पात्रको श्रीमान दिनैपिच्छे रक्सी खाएर अनेक किसिमको लाञ्छना लगाएर उसलाई पिट्न थालेको छ । एकरात 'म' पात्रलाई श्रीमान्ले घरबाट निकालि दिएको र उसलाई थिरलाल रसाइलीले शरण दिएको छ । 'म' पात्रले थिरलाल तल्लो जातको भए पनि उसलाई आफ्नो श्रीमान स्वीकार गरी जगतप्रसादलाई छोडेको छ । 'म' पात्रको यो कार्यलाई उसको दाजुले पनि प्रशंसा गरेको छ । त्यस पछिको 'म' पात्रको जीवन सुख साथ बितेको छ । प्रस्तुत कथा पूर्वदिप्ती प्रणालीमा रहेको छ ।

'सहिद दिवस' कथामा कथाकारले सहिदले देखाएको बाटोमा हिड्नु पर्ने कुरालाई उल्लेख गरेका छन् । कथामा सहिद दिवसको दिन वातावरण उल्लासमय

रहेको छ । जुलुसमा उपस्थित सबैले सहिदहरूप्रति श्रद्धाञ्जली प्रकट गरेको छ । जुलुस सभामा परिणत भएर सहिदले देखाएको बाटोमा तन, मन र वचनले अघि बढ्नु पर्ने कुरा सभामा व्यक्त भएको छ साथै गणतन्त्रको स्थापनाको लागि सबै जनता पङ्क्तिबद्ध भएर लाग्नु पर्ने कुरा पनि सभामा उल्लेख भएको छ । अन्त्यमा संकटकालीन अवस्थामा सरकारी सेनाहरूबाट प्राण बिर्सन गर्न बाध्य पारिएका मुक्ति योद्धाहरूको सालिक स्थापना गरिने निर्णय गरी सभा विसर्जन भएको छ । सभा विसर्जन पश्चात शोषक नन्दु सिंहलाई गाउँलेहरूले तह लगाएका छन् । यस कथाको कथानक क्षीण भएकोले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथामा कथाकारले छिरिङ शेर्पाले ठेकेदार काम गरेर पैसा र नाम कमाएको विषयवस्तुलाई प्रस्तुत गरेका छन् । यस कथाका छिरिङ शेर्पाले इलामदेखि फिदिमसम्म सडक खने वापत् लेखापाल जगदीश कहाँ रकम लिन गएको छ तर उसलाई लेखापालले अनेक वाहना गरेर भुल्याएको छ । लेखापालले अरू ठेकेदारलाई चाहिँ रकम दिएको छ र तिनीहरू होटेलमा रक्सी खादै हिडेका छन् । ठेकेदार छिरिङले धेरै पटक लेखापाललाई विन्ति गर्दा उसले आधा पैसा घुस मागेको छ । यो कुराले छिरिङ शेर्पा आवेशमा आई लेखापाललाई लछारपछार गरी भोलिसम्ममा पनि आफ्नो पैसा पूरा नदिएमा ज्यान लिने धम्की दिएको छ । भोलिपल्ट छिरिङ शेर्पाले आफ्नो पाउँदार साठी हजारको चेक पाई आफूले लिएको ऋण तिरेर र श्रीमतीको गहना उकासेको छ । उसले आफ्नी श्रीमतीलाई उसको गहना सहित पन्ध्र हजार पैसा पनि दिएको छ । यसरी छिरिङ शेर्पाले लेखापाललाई कुटेर आफ्नो रकम चुक्ता गरेकोले उसले सबैको स्याबासी पाएको छ साथै पछि गएर ऊ ठूलो ठेकेदार पनि बनेको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले यसको कथानक उच्च रैखिक प्रकारको रहेको छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथामा कथाकारले श्यामेले घर छोडेर केही वर्ष आसाम गए पनि पुनः फर्केर आफ्नै देशमा आई देशको विकासमा लागेको कुरालाई प्रस्तुत गरेका छन् । यस कथाका श्यामे साथीहरूको लहैलहैमा लागेर आसाम गएको हुन्छ । आसाममा मनिपुरे बुढाकामा महिनाको पचास रूपैयामा काम गरेर श्यामे र उसको साथीहरू बसेका हुन्छन् । च्याँसे साहुले श्यामेको बाबुआमालाई

श्यामेले सोह्र हजार लगेर गएको छ भनी उनीहरूको घरजग्गा र वस्तुभाऊ आफ्नो कब्जामा पारेर उठिबास पारेको छ । श्यामेको बाबु विरामी भएको कारण सुब्बा जेठोले उसलाई आश्रय दिएको छ । आमा चाहिँ फिदिमको जोरसालमा व्यापार गरेर आफ्नो श्रीमानलाई पाल्ने गरेकी छ । श्यामे तीन वर्ष पछि आसामबाट फर्कदा बाटोमै आमासँग भेट भएको छ र गाउँका सम्पूर्ण घटना पनि थाहा पाएको छ । श्यामे आफ्नी आमासँग गाउँ गई आफ्नो बाबुलाई भेटेको छ । सुब्बा जेठो र गाउँलेहरूको सहयोगले श्यामेले बाबुआमालाई ढाटेर लिएको पैसा, आफ्नो वस्तुभाऊ र घर च्याँसे साहुबाट फिर्ता ल्याएको छ साथै सुब्बा जेठोले च्याँसे साहुलाई यस्तो अनैतिक काम गरे वापत् दण्ड पनि दिएको छ । आसामबाट फर्के पछि श्यामेले पढ्न थालि एस.एल.सी. पास गरेको छ । उसले आयोग भिडेर गाउँमै जागिर पनि खाएको छ र शोषणको विरुद्ध जनचेतना जगाउने काम समेत गरेको छ । यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ । यस कथाको कथावस्तु वर्तमानबाट अतीत तर्फ गएको र अतीतबाट फर्केर वर्तमानमा आई टुङ्गिएको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथामा कथाकारले मानिस ठूलो पदमा पुगेपछि उसले सबै आफन्तहरूलाई बिर्सिएर पैसा मात्र कमाउनतिर लाग्छ भन्ने विषयवस्तुलाई प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका 'म' पात्रको काकाले सुब्बाको जागिर पाए पछि काठमाडौँ गएको छ । काकाले 'म' पात्रलाई अर्को पटक घर आउँदा पढ्नको लागि काठमाडौँ लैजाने आश्वासन दिएको हुन्छ । 'म' पात्रको काकाले बिहे खर्चको लागि पैसा चाहिएको कुरा उल्लेख गरेर काठमाडौँबाट भाउजुलाई चिठी पठाएको छ । सोही बमोजिम 'म' पात्रको आमाले पैसा पठाइदिएको छ । त्यस पछि काकाको कुनै खबर आएको हुँदैन । 'म' पात्रले एस.एल.सी. पास गरे पछि उसले आमालाई फकाएर आई.ए. पढ्नको लागि काकाको घर गएको छ, त्यस बेला काका अधिकृत पदमा नियुक्त भइसकेको हुन्छ । 'म' पात्रको काकासँग भेट भएको हुन्छ तर काका पहिलेको काका नभएर अर्कै भएको हुन्छ । उसलाई काकाले अपमान गरेको छ । उसले काकालाई प्रतिशोध लिने चुनौती दिएर काकाको घरबाट निक्लिएको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'सिफारिस' कथामा कथाकारले ठूलो पदका कर्मचारीले सानो पदका कर्मचारीलाई शोषण गर्ने प्रवृत्तिलाई विषयवस्तु बनाएका छन् । प्रस्तुत कथामा 'म' पात्र खरदार पदमा नियुक्त भएको छ । उसले आफ्नो तलव लिन कैयौं पटक हाकिमसँग भेट्ने कोसिस गरेको छ तर भेट हुनै सकेको छैन यदि भेट भए पनि हाकिमले 'म' पात्रलाई झुल्याएको मात्र छ । हाकिमले अनेक वाहना गरेर 'म' पात्रलाई तलव दिन चाहेको छैन । अन्त्यमा केही गर्दा पनि सीप नलागे पछि 'म' पात्रले मन्त्रीले पठाएको चिठी भनी नक्कली चिठी लेखेर हाकिमलाई दिएको छ र उसले तुरुन्तै आफ्नो तलव पाएको छ । जसरी भए पनि 'म' पात्रले आफ्नो पसिनाको फल लिएरै छोडेको छ । यस कथाको कथानक क्षीण भएकोले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'स्वभिमानको परिचय' कथामा कथाकारले मानिस सहर गए पछि आफ्नो परिवार लगायत, घर गाउँलाई बिर्सिएर सहरबासी भएर बस्ने गरेको छ । प्रस्तुत कथाका 'म' पात्र कालिम्पोङ्गबाट वी.ए. सिध्याएर तीन वर्ष पछि आफ्नो गाउँ आठराई फर्केको छ । धनहाङ बाजेले आफ्नो छोरो सुरेशलाई धरानमा पढ्न पठाएको, सुरेशले धरानमै जागिर खाएर घर बनाई बिहे गरेर बसेको तर गाउँमा बस्ने आफ्नो बुढाबूढी आमाबाबुलाई कुनै वास्ता नगरेको र उनीहरू दुःख गरेर बाँचेको कुरा 'म' पात्रले धनहाङ बाजेबाट थाहा पाएको छ । उसले पनि काठमाडौंमा जागिर खाने सोच बनाएको थियो तर धनहाङ बाजेको कुरा सुनेर उसको सोच परिवर्तन भई बुढाबूढी बाबुआमालाई नरुवाउने, गाउँमै जागिर खाने र सामन्तीसँग जुध्ने प्रतिज्ञा गरेको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'खास मान्छेहरूको आगमन' कथामा कथाकारले साहुमहाजनको अत्याचार प्रवृत्ति र त्यसको निवारणलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका नरवीर साहुको अत्याचारले सीमा नाघि सकेको हुन्छ तर पनि उसको अत्याचारको प्रतिकार भने कसैले पनि गर्न सकेको हुँदैन । पहिले प्रधानपञ्च हुँदा उसले गाउँका चेलीहरूको सतीत्व लुट्ने, गाउँलेहरूलाई बसाइँ हिड्न बाध्य पार्ने जस्ता अनेकौं कुकृत्यहरू गरेको हुन्छ । एक दिन एक्कासी खास मान्छेहरूको जमात आएर नरवीर साहुले गरिबहरूलाई तर्साएर आर्जन गरेको कालो सम्पत्ति, जवर्जस्ती

हडपेर लगेको जग्गा जमीन फिर्ता गर्नु पर्ने कवुल गराएर थप्पड लगाइएको छ । त्यस दिनदेखि नरवीरको शोषक प्रवृत्ति अन्त्य भएको छ । यस कथाको कथानक क्षीण भएकोले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'युगको माग' कथामा कथाकारले धनी, गरिब र जातीय वर्ग भेदलाई हटाउनु पर्ने कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस कथाका चतुरे मुखियाको छोरो बलभद्रले आफ्नै घरमा नोकर्नीको रूपमा काम गरेर बस्ने टुहुरी जमुना विश्वकर्मालाई बिहे गरेको छ । चतुरे मुखिया मानवरूपी दानव हुन्छ भने बलभद्र चाहिँ मानवीय गुणहरूले युक्त र आधुनिक विचार धाराको रहेको छ । त्यसैले बलभद्रले आफ्नो बाबुको कुरालाई प्रतिकार गरी जमुना विश्वकर्मालाई श्रीमतीको रूपमा स्वीकार गरेको छ । यही कुरालाई सहन नसकेर चतुरे मुखियाले आत्महत्या गरेको छ । यसरी प्रस्तुत कथामा दुई भिन्न विचार धाराका व्यक्ति बीचको द्वन्द्व देखाएर आधुनिक युगमा आधुनिक विचार धाराका व्यक्तिको जीत हुने कुरालाई कथाकारले स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । यस कथाको कथानक ढाँचा कथा जुन बिन्दुबाट प्रारम्भ भएको छ त्यही बिन्दुमा घुमेर आई अन्त्य भएकोले वृत्ताकारीय रहेको छ ।

'नयाँ जीवनको सुरुवात' कथामा कथाकारले सम्पत्ति मात्र सबथोक होइन त्यसमा माया पनि हुनु पर्छ भन्ने कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका कल्पनालाई बाबुआमाले अधिकृत पीताम्बरसँग बिहे गरिदिएको हुन्छ । केही समय सुख साथ बिते पनि पीताम्बरले आफूमा लागेको बानी पुनः दोहोऱ्याउन थालेको छ । ऊ सधै मात्ने, जुवातास खेल्ने र श्रीमती कल्पनालाई पिट्ने गरेको छ । उसको अत्याचार सहन नसकेर यी कुराहरू उल्लेख गर्दै र आफूलाई लिन आग्रह गर्दै कल्पनाले आफ्नो बाबुआमालाई चिठी पठाएको छ । बाबुआमाले कल्पनालाई लिन पठाएको व्यक्ति प्रभाकरसँगै कल्पना भागेर माइत नगई प्रभाकरको श्रीमती बनी प्रभाकरको घर गएकी छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'खुशामद' कथामा कथाकारले मानिसको दुई रूप हुने कुरालाई प्रस्तुत गरेका छन् । यस कथामा चण्डेश्वरले देखावटी रूपमा खेमराजको काम गरेको छ भने वास्तविक रूपमा चाहिँ कैलाशनाथको काम गरेको छ । चण्डेश्वरले खेमराजको अघि

कैलाशनाथको विरोध गर्ने जस्तो गरेको छ । एक दिन चुनावको प्रचार प्रसारको समयमा चण्डेश्वरले अप्रत्यक्ष रूपमा मान्छे लगाएर कैलाशनाथलाई बाटोमा पिट्न लगाएको हुन्छ । चुनावमा पनि उसले कैलाशनाथलाई मतदान नदिएर खेमराजलाई दिएको छ । खेमराजले चुनाव जितेको केही समय पछि मन्त्री पद पाएको छ । आफ्नो विपक्षीलाई कुटाएर आफ्नो चाकडी गरे वापत् खेमजराले कैलाशनाथलाई प्र.जि.अ. पद मिलाई दिएको छ । कैलाशनाथले खेमराजप्रति गरेको कार्य अन्य कार्यकर्तालाई थाहा भएको हुँदैन र उनीहरू चण्डेश्वरलाई जागिर मिलाई दिएकोमा असन्तुष्ट रहेको छ । यस कथाको कथानक ढाँचा परिपुष्ट रहेकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'विवेकको खडेरी' कथामा कथाकारले नेपालको पत्रकारको अवस्थालाई विषयवस्तुका रूपमा चित्रण गरेका छन् । यस कथाका विमल र विनिता दुवै पत्रकार हुन्छन् । एक दिन विमल र विनिताको भेट विमलको पूर्वमित्र महेशकान्तसँग भएको छ जो अधिकृत रहेको छ । उसकै सल्लाह बमोजिम विमल र विनिताले द्वैमासिक पत्रिका प्रकाशित गरेका छन् । पत्रिका विमोचन कार्यक्रममा देशका वरिष्ठ मान्छेहरूलाई निम्त्याएका हुन्छन् र विमोचन कार्यक्रममा ललितले पत्रिकाको कटु आलोचना गरेको हुन्छ । विमोचनको दोस्रो दिन विमल र विनिता महेशकान्तसँग रकम लिन जाँदा उल्टै गाली गरेर उनीहरूलाई फर्काइ दिएको छ । यही घटना पश्चात विमलले पत्रकारिता क्षेत्रबाट बिदा लिई व्यापार व्यवसायतिर लागेको छ तर विनिता चाहिँ पत्रकार पेसामा निरन्तर सङ्घर्षरत रहेकी छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यका क्रममा परिपुष्ट कथानकको रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

'जन्तरे काका' कथामा कथाकारले जन्तरे काकाको जीवनीलाई विषयवस्तुका रूपमा चित्रण गरेका छन् । यस कथाका जन्तरे काकाले आफ्नो परिवारलाई ओखलढुङ्गाबाट ल्याएर विराटनगरमा स्थापित गराएको छ । उसले आफ्नो परिवार र गाउँलेहरूलाई आफ्नो जमानामा साहुहरूले गरेको अन्याय, अत्याचार र शोषण प्रवृत्ति सुनाउँदै अहिले नयाँ जमाना आएकोले सबैले शिक्षा पाएर शिक्षित बनेको अनि साहुहरूको शोषक प्रवृत्तिको अन्त्य भएको कुरा सुनाएको छ । साहुले जन्तरे काकालाई पनि विराटनगरमा घर जग्गा दिन्छु भनी प्रलोभन देखाएर ल्याएको हुन्छ तर उसले केही पनि पाएको छैन बरु उल्टै ऊ माथि शोषण मात्र भएको छ ।

साहुको शोषण सहँदै र सङ्घर्ष गर्दै आजको अवस्थासम्म आई पुगेकोमा जन्तरे काका खुशी रहेको छ । यस कथाको कथानक क्षीण भएकोले यसको कथानक ढाँचा निम्न रैखिक प्रकारको रहेको छ ।

'अस्मिताको सङ्घर्ष' कथामा कथाकारले नारीको सङ्घर्षलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस कथाका जगरमानले विदेशमा पढेकी रूपालाई बिहे गरेर गाउँमा ल्याएको छ । गाउँमा दाह्रे साहुको शोषण प्रवृत्ति बढिरहेको बेलामा पनि रूपाले गाउँका बूढी र तरुनी आइमाईलाई पढाएकी छ । रूपाको आगमन पछि जगरमानको घरको रूप नै फेरिएको छ । दाह्रे साहु भने पछि गाउँका सबै मानिसहरू त्रसित हुने गरेका छन् तर रूपा कत्ति पनि विचलित भएकी छैन । एक साँझ रूपा मेलाबाट एक्लै घर फर्कि रहेको मौका पारी दाह्रे साहुले रूपाको नारी अस्मिता माथि खेलवाड गर्न खोजेको हुन्छ तर रूपाले त्यसको प्रतिकारमा दाह्रे साहुलाई लट्ठी प्रहार गरेर रक्ताम्य बनाई दिएकी छ । यही दिनदेखि दाह्रे साहुको शोषक प्रवृत्ति हराएर गएको छ । यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

'उत्सर्गको बाटो' कथामा कथाकारले नारीले आफ्नो हृदयलाई परिआएको बेला कठोर पनि बनाउँन सक्छ भन्ने कुरालाई कथावस्तुको रूपमा प्रस्तुत गरेका छन् । यस कथाकी अनुपा कठोर हृदय भएकी नारीका रूपमा देखा परेकी छ । अनुपाको श्रीमान् भीमसिंहको तार्किकता, इमान्दारिता र सरलपनका कारण उसले सम्पूर्ण गाउँलेहरूबाट प्रशंसा पाउने गरेको थियो तर यो कुरा मुखिया घमानसिंहलाई ईर्ष्या लागि रहेको थियो । एक दिन राति भीमसिंह भूमिगत कार्यकर्ताहरूसँग भावी कार्यक्रम र रणनीति विस्तारका विषयमा आफ्नै घरमा छलफल गरिरहेका थिए । त्यही समयमा सुरक्षाकर्मीले भीमसिंहको गोली हानि हत्या गरेको थियो । आफ्नो श्रीमान्लाई मारेको छ महिना पछि एक मात्र छोरी दिलसाको पनि देहान्त भएको थियो । यी घटनाहरू सहन नसकेर अनुपाले वैधव्य जीवन व्यतीत गर्नेछ भन्ने कुराको अड्कल गाउँलेहरूले काटेका हुन्छन् तर त्यसको ठीक विपरीत अनुपा आफ्नो श्रीमानको अधुरो सपना पूरा गर्न बन्दुक भिरेर भूमिगत पार्टीमा सामेल भएकी छ । यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

'उज्ज्वल भविष्यको सपना' कथामा कथाकारले दलजितले भोगेका घटनाहरूलाई प्रस्तुत गरेका छन् । दलजित आसाममा गाउँबुढोका आश्रयमा बसेको

हुन्छ । उसकी श्रीमती पातलीले गाउँबुढोकोमा पाहुना आउँदा काम सघाई दिने गरेकी छ । दलजितले गाउँबुढोलाई बाबुतुल्य ठानेको हुन्छ तर गाउँबुढोले एक दिन आफ्नी श्रीमती नभएको कारण पातलीलाई श्रीमती बनाउने कुरा व्यक्त गरेको हुन्छ । दलजित आक्रोसित भई गाउँबुढोलाई आक्रमण गरेको छ र आफ्नो गाउँ केरेपे सदाको लागि आएको छ । दलजित गरिब र अशिक्षित भएको कारण हण्डर खानु परेकोले छोराछोरीहरूलाई बिना भेदभाव विद्यालय पठाएको छ । यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यका क्रममा परिपुष्ट कथानकका रूपमा विकास भएकोले उच्च रैखिक प्रकारको रहेको छ ।

## ४.३ चरित्र चित्रण

रविमान लमजेलले आफ्ना कथाहरूमा नेपाली समाजका विभिन्न वर्गका व्यक्तिहरूलाई पात्रका रूपमा टिपेर यथार्थपरक ढङ्गमा प्रस्तुत गरेका छन् । उनका कथाहरूमा धेरैजसो पात्रहरू गाउँले जीवनबाट प्रभावित रहेका छन् । लमजेलका कथाहरूमा आएका पात्रहरूलाई जीवन चेतनाका आधारमा, स्वभावको आधारमा, प्रवृत्तिको आधारमा, द्वन्द्वका आधारमा, ग्रन्थिको आधारमा वर्गीकरण गरिएको छ । जसलाई यसरी क्रमशः प्रस्तुत गरिएको छ ।

### ४.३.१ वर्गीय पात्र

सामाजिक वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गीय पात्र भनिन्छ । जस अन्तर्गत निम्न वर्गीय, मध्यम वर्गीय र उच्च वर्गीय पात्रहरू पर्दछन् । लमजेलका कथाहरूमा चाहिँ निम्न वर्गीय र उच्च मध्यम वर्गीय पात्रहरू रहेका छन् ।

#### ४.३.१.१ निम्न वर्गीय पात्र

'धनबहादुरको प्रतिशोध' कथाको धनबहादुरले गाउँका गरिब र अनपढ वर्गको प्रतिनिधित्व गरेको छ । ऊ अनपढ र गरिब भएकै कारण साहुले ऊ माथि शोषण, अन्याय र अत्याचार गरेको छ ।

'दृढ निश्चय' कथाकी सावित्रीको बाबुले आफू गरिब भए पनि आफ्नी छोरीको बिहे धनीसँग भएर सुख साथ जीवन बिताओस् भन्ने चाहना भएका समाजका निम्न वर्गीय पात्रको प्रतिनिधित्व गरेको छ । दिलीप गरिब भएकै कारण सावित्रीको बाबुले सावित्रीको बिहे दिलीपसँग गरिदिएको पाइँदैन ।

'ओझेलमा परेको इतिहास' कथाकी गंगाले भारतको मुम्बईको कोठीमा नारकीय जीवन बिताउन बाध्य पारिएका नेपाली समाजका सोझी र गरिब चेलीहरूको प्रतिनिधित्व गरेकी छ । प्रस्तुत कथामा गंगालाई छल गरेर मुम्बईको कोठीमा पुऱ्याइएको हुन्छ ।

'न्यायको तराजु' कथाका तुङ्गप्रसादले समाजका साहुमहाजनले गरिबहरूलाई अनेक किसिमका प्रलोभन देखाएर घरमा काम गर्न ल्याइएको निम्न वर्गीय पात्रको प्रतिनिधित्व गरेको छ । तुङ्गप्रसाद एक्लो, असहाय र गरिब भएको कारण उसलाई अनेक प्रलोभन देखाएर घरमा काम गर्न फकाई-फुलाई टंकनाट साहुले आफ्नो घरमा राखेको हुन्छ । ऊ माथि साहुले सधैं अन्याय मात्र गरेको पाइन्छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथाको प्रमेप्रसादले नेपाली समाजमा चलि आएका गरिब युवाहरू धन कमाउन लाहुर जाने प्रवृत्तिको प्रतिनिधित्व गरेको पाइन्छ ।प्रस्तुत कथाको प्रेमप्रसाद माथि साहुले सधैं शोषण गरेको पाइन्छ ।

'हात्तीको देखाउने दाँत' कथाको दिलेन्द्र गुरु सुरुमा मामुली शिक्षक भएको र पछि गाउँलेहरूको सहयोगमा खाद्य संस्थानको महाप्रबन्धक भएको पाइन्छ । उसले आफू महाप्रबन्धक भए पछि गाउँलेहरूले आर्थिक सहयोग माग्दा नगरेको पाइन्छ । यही दिलेन्द्र गुरुले समाजका अवसरवादी व्यक्तिको प्रतिनिधित्व गरेको छ ।

'विदेशको सपना' कथाको म (डगेन्द्र) ले धेरै पैसा कामाउने आशाले विदेश पलायन हुने गरिब नेपाली युवाहरूको प्रतिनिधित्व गरेको छ । प्रस्तुत कथामा 'म' पात्रले ऋण लिएर विदेश जाने तयारी गरेको छ ।

### ४.३.१.२ मध्यम वर्गीय पात्र

'स्थिर धरातल' कथाकी 'म' (सङ्गीता) ले नेपाली समाजका मध्यम वर्गीय चेलीहरूको बाध्यात्मक स्थितिको प्रतिनिधित्व गरेकी छ । प्रस्तुत कथाकी 'म' पात्र एम.ए. सम्म पढेर आफू शिक्षित भए पनि उसले आफ्नो बाबुआमाको करकापमा अपरिचित युवासँग विवाह गरेर दु:ख पाएकी छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाको कृष्णले आफू माथिल्लो पदमा पुगे पछि आफन्तहरूलाई बिर्सिने अवसरवादी प्रवृत्तिको प्रतिनिधित्व गरेको छ । कृष्णले आफू काठमाडौँमा अधिकृत भए पछि आफ्नो भतिजसँग गरेको वचनलाई बिर्सिएको छ ।

### ४.३.२ व्यक्तिगत पात्र

सामाजिक वर्गको प्रतिनिधित्व नगर्ने वा अरूसँग स्वाभाव नमिल्ने चरित्र भएको पात्रलाई व्यक्तिगत पात्र भनिन्छ । लमजेलका विभिन्न कथाहरूमा व्यक्तिगत पात्रहरू रहेका पाइन्छन् ।

'तीतो प्रतिक्रिया' कथाका सुब्बा जेठो र अर्कटे साहु व्यक्तिगत पात्र हुन् । सुब्बा जेठोले खेतमा पानी फर्काए वापत् जर्कटे साहुले नक्कली प्रहरीको प्रयोग गरेर उसलाई धम्काएर पैसा तिर्न बाध्य बनाएको छ । त्यसैले प्रस्तुत कथामा सुब्बा जेठो शोषित र जर्कटे साहु शोषकका रूपमा आएका छन् ।

'चुनाव' कथाको श्यामकर्ण र देउनारायण व्यक्तिगत पात्र हुन् । प्रस्तुत कथामा श्यामकर्णले दोस्रो पटकको चुनाव पनि छलबलले जितेको छ । आफू प्रधानपञ्च भए पछि उसको अत्याचारले डाँडा नाघेको छ । देउनारायणले विद्यालय स्थापना गर्ने भनेर सरकारबाट रकम लिएको तर गाउँलेको श्रमदानमा विद्यालय निर्माण गरेको पाइन्छ । देउारायणले सधै गरिब माथि अन्याय गरेको हुन्छ । तेस्रो पटकको चुनावमा श्यामकर्णको विजय भएको छ अर्थात् गरिब वर्गको विजय भएको छ ।

'पराजयपछिको विजय' कथाका हरिशरण ना.सु. पदको जागिर छोडेर बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि जनआन्दोलनमा प्रवेश गरेको छ । प्रस्तुत कथाकै हाकिम सधै आफू भन्दा तल्लो पदका कर्मचारीलाई आफ्ना अन्डरमा राख्न चाहने पात्रका रूपमा देखा परेको छ । ऊ सधै हरिशरणलाई आफ्नो अन्डरमा राख्न चाहन्छ ।

'मूल्याङ्कन' कथाको कुलनाथ गरिबको लागि जीवन समर्पित गर्ने पात्रका रूपमा प्रस्तुत भएको छ भने प्रताप सिंह एम.ए. गरेर गाउँ कहिल्यै नफर्कने, गरिबसँग व्यवहार गर्न नरुचाउने पात्रका रूपमा प्रस्तुत भएको छ ।

'मुद्दा' कथाका 'म' (हृदयप्रसाद) प्रशासक पदमा पुग्दा उसलाई सपना जस्तो लागेको र उसले इमान्दारपूर्वक कार्यहरू गरेको छ । प्रस्तुत कथाकै लमजडीप्रसादले आफू जि.शि.अ. हुँदा घुस खाएको हुनाले थानामा परेको पात्रको प्रतिनिधित्व गरेको छ ।

'ओझेलमा परेको इतिहास' कथाको 'म' (नवीन) आफ्नी दिदीलाई मुम्बईबाट फर्काएर ल्याई आफ्नी दिदीलाई नारकीय जीवन बिताउन विवश पार्ने व्यक्तिहरूलाई थानामा लैजान सफल पात्रका रूपमा प्रस्तुत भएको छ ।

'प्रतिबद्धता' कथाका मानध्वज खालिङ साहुको शोषण सहन नसक्ने र त्यसको डटेर विरोध गर्ने पात्रका रूपमा रहेको छ । प्रस्तुत कथाकै घोसे साहु चाहिँ सधै गरिब गाउँलेहरूलाई शोषण गर्ने पात्रका रूपमा रहेको छ ।

'न्यायाको तराजु' कथाको टंकनाथ साहु तुङ्गप्रसादलाई अनेक प्रलोभन देखाएर आफ्नो घरमा काम ल्याएको र ऊ माथि नै अन्याय गर्ने पात्रका रूपमा प्रस्तुत भएको छ ।

'शंका निवारण' कथामा चतुरमानले कान्छा महाजनलाई भगवान मानेको तर धोका पाएको गरिब वर्गका पात्रका रूपमा देखा परेको छ भने कान्छा महाजन चाहिँ गरिबको विश्वासघात गर्ने पात्रका रूपमा देखा परेको छ ।

'ठीक बाटो' कथाकी धनमायाले आमाको माया आफ्नो छोराप्रति कतिको हुन्छ भन्ने कुरा प्रस्तुत गर्ने पात्रका रूपमा रहेको छ । प्रस्तुत कथाकै हर्कराज साहुको शोषणमा परेका पात्रको रूपमा देखा परेको छ भने भ्याकुरे साहु चाहिँ गरिब गाउँलेहरूलाई शोषण गर्ने पात्रका रूपमा देखा परेको छ ।

'खुसीले भरिएको हृदय' कथाकी गोठाल्नी सविना पढ्ने अवसर प्राप्त गरी ना.सु. पदको जागिर खाएको पात्रको रूपमा रहेको छ भने घटकसिंह गरिबलाई सधै आफ्नो काम गर्न बाध्य बनाउने प्रवृत्तिको पात्रको रूपमा उपस्थित भएको छ ।

'आदर्श शिक्षिका' कथाकी विमला आदर्श शिक्षिकाको गुणले युक्त नारी पात्रका रूपमा उपस्थित भएकी छ । उसले गरिब गाउँलेहरूलाई उचित किसिमको शिक्षा दिएकी छ ।

'नयाँ क्षितिजको खोजी' कथाकी ज्योति आफ्नो बाबुको इच्छा बमोजिम साथीहरूसँग हिड्डुल र गरिबसँग व्यवहार गरेको देखिदैन । उसले गणेशको व्यवहार देखेर मनमनै मन पराएकी हुन्छ । ज्योतिको बाबु चन्द्रकिरण चाहिँ गरिबहरूलाई घृणा गर्ने र आफ्नो धनसम्पत्तिको घमण्ड गर्ने पात्रका रूपमा देखा परेको छ भने गणेश ज्योतिलाई गुण्डाहरूबाट बचाउने सहयोगी भावनाले युक्त पात्रका रूपमा देखा परेको छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथाका 'म' (नरेश) गरिब प्रेमप्रसादलाई सहयोग गर्ने पात्रका रूपमा उपस्थित भएको छ । उसले प्रेमप्रसादलाई कहिले पैसा

दिएर, कहिले उसको दाउरा किनिदिएर आर्थिक सहयोग गरेको छ साथै लाहुर जाने प्रेरणा पनि उसलाई दिएको छ ।

'हाकिमको कुटनीति' कथाका 'म' (हरिकृष्ण) जालि हाकिमको जालमा परेको पात्रका रूपमा देखा परेको छ । हाकिमले खरदारको जागिर मिलाई दिए वापत् उसले आफ्नी आमाको एक तोलाको सुन हाकिमलाई दिएको छ तर तलव थाप्ने दिनमा जालि हाकिमले उसलाई जागिरबाट निकालि दिएको छ । यस कथाका हाकिम चाहिँ गरिब वर्गको शोषण गर्ने पात्रका रूपमा उपस्थित भएको छ ।

'कागजी बाघ' कथाका साहिला मुखिया गरिब गाउँलेहरू एक भएको देखेर गाउँ नै छोडेर भाग्ने शोषक पात्रका रूपमा उपस्थित भएको छ । साहिली मुखिनी चाहिँ आफ्नो पतिको गरिबहरू माथि गर्ने शोषण प्रवृत्तिको विरोध गर्ने पात्रका रूपमा उपस्थित भएकी छ भने रामवीरे कसैको अन्यायमा बाँच्न नचाहने पात्रका रूपमा देखा परेको छ । उसले साहिला मुखियाको अन्यायको प्रतिकार गरेको छ ।

'आफूले रोजेको बाटो' कथाकी 'म' (ललिता) ले अपरिचित युवासँग विवाह गर्दा भोग्नु पर्ने परिस्थितिलाई प्रस्तुत गरेकी छ । 'म' पात्रले अपरिचित युवकसँग आफ्नो बाबुको इच्छा अनुसार बिहे गरेको तर त्यसको परिणाम नकारात्मक भएको र अन्त्यमा उसले हरिलाललाई आफ्नो श्रीमान् स्वीकार गरेकी छ । हरिलाल चाहिँ दुःखमा परेकी अर्काकी श्रीमतीलाई उदार गरेर आफ्नी श्रीमती बनाउने उदारवादी पात्रका रूपमा प्रस्तुत भएको छ भने दुर्गाप्रसाद आफ्नी श्रीमती माथि शोषण गर्ने पात्रका रूपमा देखा परेको छ ।

'जनआन्दोलनको तस्वीर' कथाका बखतसिंह र लाक्पा शेर्पाले जनआन्दोलनमा खटिएका सुरक्षाकर्मीहरूको प्रतिनिधित्व गरेका छन् । उनीहरूले आन्दोलनकारीहरूलाई मार्न नसकेकोमा हाकिमले जागिरबाट निकालि दिएको छ ।

'निधारको खत' कथाका 'म' (सुरज) र विपना आफ्नो पैसा माग्दा उल्टै धम्की र कुटाई पाउने पात्रका रूपमा उपस्थित भएका छन् ।

'आभास' कथाको भक्तबहादुरले गाउँका साहुहरूले फकाई फुलाई ल्याएर घरमा काम गर्न राखेका गरिब र अनाथ पात्रको प्रतिनिधित्व गरेको छ । प्रस्तुत कथामा पनि भक्तबहादुरलाई दुर्योधन साहुले अनेक सपना देखाएर ल्याएको हुन्छ ।

अन्त्यमा उसले केही पनि पाएको छैन । दुर्योधन साहु गरिबहरूलाई सधैं काम लगाएर तिनीहरूको परिश्रममा आनन्दसाथ बस्ने पात्रका रूपमा रहेको छ भने 'म' पात्र चाहिँ भक्तबहादुरको आत्मकथा सुन्ने पात्रको रूपमा उपस्थित भएको छ ।

'स्थिर धरातल' कथाको थिरलाल रसाइली सहयोगी भावनाले युक्त पात्रका रूपमा देखा परेको छ । उसले ज्योतिलाई विभिन्न काममा सहयोग गरेको छ भने जगतप्रसाद चाहिँ शिक्षित भएर पनि आफ्नी श्रीमती माथि हैकम जमाएर शोषण गर्ने पात्रका रूपमा उपस्थित रहेको छ । उसले जेठी श्रीमती हुँदाहुँदै पनि ज्योतिलाई बिहे गरेको छ र ज्योतिलाई शारीरिक र मानसिक दुवै प्रकारको पीडा पनि उसले दिएको छ ।

'सहिद दिवस' कथाका जगत सिंह सहिदहरूलाई सम्मान गर्ने र सहिदहरूले देखाएको बाटोमा हिड्न सबैलाई प्रेरित गर्ने पात्रका रूपमा देखा परेको छ भने नन्दु सिंह चाहिँ गाउँलेहरूको प्रगती हेर्न नचाहने पात्रका रूपमा उपस्थित भएको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथाका छिरिङ शेर्पा सोझो र निडर ठेकेदार पात्रका रूपमा उपस्थित भएको छ । ऊ अन्यायको प्रतिकार गर्ने पात्रका रूपमा रहेको छ । प्रस्तुत कथाकै जगदीश पहाडी सधैं सोझो ठेकेदारहरूलाई पैसा नदिएर झुल्याउने पात्रका रूपमा उपस्थित भएको छ भने श्रीमती लाक्पा चाहिँ आफ्नो श्रीमान् छिरिङको प्रगतिमा रमाउने पात्रको रूपमा रहेको छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथाका श्यामकृष्ण साथीहरूको लहैलहैमा लागेर आसाम गएको र त्यहाँ दुःख पाई पुनः आफ्नै घर फर्केको पात्रको रूपमा उपस्थित भएको छ । आसामबाट फर्केपछि उसले पुनः पढेर गाउँमै जागिर खाएको छ । च्याँसे साहु गरिब गाउँलेहरूलाई ठग्ने पात्रको रूपमा उपस्थित भएको छ भने सुन्तलीमाया चाहिँ पसल गरेर आफ्नो विरामी श्रीमानलाई स्याहार गर्ने पात्रको रूपमा उपस्थित भएकी छ ।

'जनयुद्धको विजय' कथाको अनिल मयूरध्वजको झूटो आरोपको कारण माओवादी भएर जङ्गल पस्न बाध्य पारिएको पात्रको रूपमा देखा परेको छ भने मयूरध्वज आफूलाई मन नपरेको मान्छेहरूलाई माओवादी भन्दै सुरक्षाकर्मीलाई पोल सुनाउने पात्रका रूपमा रहेको छ । अनिता एक सच्चा आमाको रूपमा उपस्थित भएकी छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाका 'म' (सुशील) गरिब भएको कारण उसको काकाले अपमान गरेर घरबाट निकालि दिएको हुन्छ । सुशीलले आफू पनि पढेर

जागिर खाए पछि आफ्नो काकासँग अपमानको बदला लिन चाहने पात्रका रूपमा उपस्थित रहेको छ भने सुशीलकी आमा चाहिँ सोझी युवतीको रूपमा देखा परेकी छ ।

'हात्तीले देखाउने दाँत' कथाको हरिहर सिंह अरूको चाकडी चाहने पात्रको रूपमा उपस्थित भएको छ । दिलेन्द्र गुरुले उसलाई चाकडी गरे वापत् महाप्रबन्धक पदमा मनोनित गरिदिएको छ ।

'नक्कली मयूर' कथाका यमनाथ सुरुमा नानीमैयालाई धेरै माया गरेको जस्तो वाहना गर्ने र पछि नानीमैया आफ्नी श्रीमती भए पछि त्यति वास्ता नगर्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले आफ्नी श्रीमतीको रक्षा गर्नु पर्नेमा श्रीमतीलाई वेवास्ता गरेको छ । प्रस्तुत कथाका भूसतिघ्रे नानीमैयाको नारी अस्मिता लुट्न चाहने सहरका युवकका रूपमा उपस्थित भएको छ ।

'कोपभाजन' कथाका विमलले आफ्नो खरदार जागिरले परिवारको आवश्यकतालाई धान्न नसकेको सहरी वातावरणको एक व्यक्तिको रूपमा उपस्थित भएको छ । प्रस्तुत कथामा विमलको जागिरबाट आएको एक महिनाको रकमले उनीहरूलाई सात दिन मात्र पुगेको छ भने अरू दिन कष्टपूर्ण वित्ने गरेको छ । नारीले आफ्नो पतिको कम तलवका कारण आफ्नो इच्छा अनुसार लुगा लगाउन पाएकी छैन साथै पैसाकै कारणले नीराले आफ्नो छोरो पनि गुमाएकी छ ।

'सिफारिस' कथाका 'म' (विमल) जसरी भए पनि आफ्नो परिश्रमको रकम लिने पात्रका रूपमा रहेको छ । प्रस्तुत कथामा विमल धेरै पटक आफ्नो तलव लिन हाकिम कहाँ गएको तर हाकिमले अनेक वाहना गरेर टार्ने गरेको पाइन्छ । अन्त्यमा केही सीप नलागे पछि म पात्रले मन्त्रीले लेखेको नक्कली चिठी हाकिमलाई देखाएर आफ्नो रकम लिएको पाइन्छ । कथाका हाकिम चाहिँ आफू भन्दा तल्लो स्तरको कर्मचारीलाई ठग्ने पात्रको रूपमा उपस्थिति भएको छ ।

'स्वभिमानको परिचय' कथाका धनहाङ बाजे आफूले जन्म दिएको छोरा सहर गए पछि फर्केर नआएको गुनासो व्यक्त गर्ने पात्रका रूपमा उपस्थित भएको छ । धनहाङ बाजेको छोरा सुरेश धरान गएर उतै घर किनेर बसको तर बुढा आमाबाबुलाई वास्ता नगरेको देख्दा धनहाङ बाजेलाई दुःख लागेको छ । प्रस्तुत कथाकै 'म' (इन्द्रकुमार) ले पनि काठमाडौं गएर जागिर खाने सोच बनाएको हुन्छ

तर धनहाङ बाजेको कुरा सुनेर आफ्नो सोच परिवर्तन गरी बुढा बाबुआमालाई स्याहार गरी गाउँमै जागिर खाएर बस्ने निर्णय गरेको छ ।

'खास मान्छेहरूको आगमन' कथाका नरवीर साहु गाउँका गरिबहरू माथि अन्याय, अत्याचार गर्ने पात्रका रूपमा उपस्थित भएको छ । प्रस्तुत कथाका खास मान्छेहरू समाजमा शोषकहरूलाई ठीक बाटोमा लगाउने पात्रका रूपमा उपस्थित भएका छन् । उनीहरूले गरिब गाउलेहरू माथि सधै शोषण गर्ने नरवीर साहुलाई तह लगाएका छन् ।

'युगको माग' कथाका बलभद्र आधुनिक युगका पात्रका रूपमा उपस्थित भएको छ । उसको लागि धनी, गरिब, दलित सबै एक हुन् । उसले तल्लो जातकी जमुना विश्वकर्मालाई बिहे गरेर ऊ समाजमा एक उदाहरणीय व्यक्तिका रूपमा उपस्थित भएको छ । चतुरे मुखिया चाहिँ आफ्नो पुरानै परम्परालाई यथावत राख्न चाहने पात्रका रूपमा उपस्थित भएको छ । आफ्नो छोरा बलभद्रले तल्लो जातकी जमुनालाई बिहे गरेको कारण ऊ खहरे खोलामा हाम फालेर मरेको पाइन्छ । जमुना निर्दोष युवतीको रूपमा रहेको छ । ऊ सुरुमा चतुरे साहुको ठोगाल्नी र पछि बलभद्रकी जीवन संगिनीको रूपमा प्रस्तुत भएकी छ ।

'नयाँ जीवनको सुरुवात' कथाकी कल्पनाले आफ्नो लोग्नेको नराम्रो बानी व्यवहार भएको कारण उसलाई छोडेर प्रभाकरसँग पुनः विवाह गरेर सुख साथ जीवन बिताएको पाइन्छ । प्रस्तुत कथाको पीताम्बर बिहे अघि जुन कुरा गर्दिन भनेर कसम खाएको हुन्छ, बिहे पछि त्यही कुरा गर्न थाल्ने पात्रको रूपमा उपस्थित भएको छ । ऊ धनाढ्य र सुशिक्षित श्रीमान् भएर पनि आफ्नी श्रीमतीलाई नराम्रो व्यवहार गर्ने पात्रका रूपमा रहेको छ भने प्रभाकर चाहिँ अन्यायमा परेकी कल्पनालाई आफ्नो जीवन संगिनीका रूपमा स्वीकार गर्ने पात्रका रूपमा उपस्थित भएको छ ।

'खुशामद' कथाका कैलाशनाथ र खेमराज एक अर्काको विपक्षी रूपमा प्रस्तुत भएका छन् । खेमराज आफ्नो विपक्षीलाई हेर्न नचाहने पात्रका रूपमा उपस्थित भएको छ भने चण्डेश्वरले खेमराजले चुनाव नजित्ने थाहा पाएर गोप्य रूपमा कैलाशनाथलाई सहयोग गरेको छ र अन्ततः कैलाशनाथले चुनाव जितेको पाइन्छ । केही समय पछि कैलाशनाथ मन्त्री भएको र आफूलाई सहयोग गरे वापत् चण्डेश्वरलाई प्र.जि.अ. बनाई दिएको छ ।

'सन्यास' कथाको उत्तमप्रसादले एकै पटक नाम र दाम कमाउन चाहने साहित्यकारले प्रतिनिधित्व गरेको छ । उसले आलोक सिंहको बढाई चढाई प्रशंसा गरेर जीवनी लेखेर उसलाई महाप्रबन्धक बनाई दिएको छ तर त्यसको बदलामा न त उसले दाम नै पायो बरु आफ्नो भएको नामलाई पनि वेइज्जत गरेको पाइन्छ । आलोक सिंह शोषक प्रवृत्तिको पात्रको रूपमा उपस्थित भएको छ । उसले आफ्नो जीवनी लेखिदिए वापत् पैसा माग्न आउने उत्तमप्रसादलाई तिरस्कार गरेको छ । यही घटनाका कारण अन्तमा उत्तमप्रसादले साहित्यबाट सन्यास लिएको छ ।

'विवेकको खडेरी' कथाका विमलले पत्रकारको कहिले पनि सम्मान नभएको कारण पत्रकारिताबाट बिदा लिएको छ भने विनिता चाहिँ आफ्नो पत्रकारिता पेसालाई निरन्तर अघि बढाएर लैजाने पात्रको रूपमा उपस्थित भएको छ । प्रस्तुत कथामा महेशकान्तले विमल र विनितालाई तिरस्कार गरेको कारण विमलले सदाको लागि पत्रकारिता पेसा त्याग गरेको छ । महेशकान्तले सुरुमा विमल र विनितालाई द्वैमासिक पत्रिका निकाल्न सल्लाह दिएको र पछि उनीहरू रकम माग्न जाँदा उल्टै वेइज्जत गरेर विमल र विनितालाई पठाइ दिएको छ ।

'अन्तर्ध्वनी' कथाको गुरुजी आफूले बी.ए. पास गरेर पनि गाडी चलाउने पात्रका रूपमा उपस्थित भएको छ । सुरुमा उसले शिक्षक पेसा अवलम्बन गरेको र स्थायी शिक्षकको लागि आयोगमा घुस नदिएको कारण ऊ भन्दा योग्यताविहीन व्यक्ति पास भएको कारण शिक्षक पेसालाई त्यागेर गुरुजी बनेको छ । 'म' पात्र, ढेडुफूले बुढो प्रस्तुत कथामा बसको यात्रुका रूपमा उपस्थित भएको छ ।

'जन्तरे काका' कथाको जन्तरे काका आफूले भोगेको दुःख जस्तै आफ्ना सन्तानहरूले र गाउँलेहरूले नभोगोस् भन्ने चाहना भएको पात्रको रूपमा उपस्थित भएको छ । उनका अनुसार पहिले ऊ गरिब र अशिक्षित भएको कारण उस माथि गाउँका साहुहरूले शोषण गरेका थिए तर अहिले नयाँ जमाना आएको कारण सबै शिक्षित भएको र सङ्घर्ष गरी अघि बढेको कुरा बताएका छन् । रिजाल साहु जन्तरे काकालाई शोषण गर्ने पात्रका रूपमा देखा परेको छ ।

'टुक्रिएको सपना' कथाकी सरुको सपना टुक्रिएको छ । उसले मन्त्रीको भाइसँग बिहे गरेर सुख साथ बस्ने सपना देखेकी हुन्छ तर त्यो सपना पूरा भए पनि केही छिनमै खोसिएको छ । उसको जेठाजु अख्तियारको कब्जामा परी सम्पूर्ण

सम्पत्ति खोसिएको छ । जसराज र टीकादेवी आफ्नी छोरीले सुख पाएको हेर्न चाहने बाबुआमाको रूपमा उपस्थित भएका छन् । आफ्नी छोरीको खुसी केही छिनमै खोसिएको कारण जसराज मुर्छा परेको छ ।

'चाकडी' कथाका नारायणप्रसाद आफू हाकिम पदमा जागिर खाएर पनि सम्पत्ति कमाउन नसक्ने सोझो कर्मचारीको रूपमा प्रस्तुत भएको छ । प्रस्तुत कथामा खरदार चेतप्रसाद जहिले पनि समयमा कार्यालय नआएको कारण एक चोटी नारायणप्रसादले उसलाई गाली गरेको हुन्छ । यही पोल सचिवलाई सुनाएर चेतप्रसादले ऊसँग बदला लिएको छ । नारायणप्रसादले कहिले पनि कसैबाट घुस लिएको हुँदैन । चेतप्रसादले सचिवको चाकडी गरेर नारायणप्रसादलाई सरुवा गराउन सफल भएको छ । चेतप्रसाद आफै समयमा कार्यालय नआउने र आफै सचिवलाई पोल सुनाउने पात्रका रूपमा देखा परेको छ ।

'अस्मिताको सङ्घर्ष' कथाकी रूपा कसैको अन्याय, अत्याचार र शोषण नसहने नारी पात्रको रूपमा उपस्थित भएकी छ । प्रस्तुत कथामा उसले बूढी र तरुनी आइमाईहरूलाई पढाएर शिक्षा दिएकी छ । दाह्रे साहुले आफ्नो नारी अस्मितामा दाग लगाउने प्रयास गर्दा रूपाले डटेर त्यसको प्रतिकार गरेकी छ । दाह्रे साहु गरिब छोरीचेलीहरूको अस्मिता लुट्ने र गरिब गाउँलेहरू माथि अन्याय र अत्याचार गर्ने पात्रको रूपमा उपस्थित भएको छ । जगरमान दाह्रे साहुको कारण गाउँमा बस्न नसकेर खरसाङ पुगेको र त्यहाँबाट फर्कदा उसले रूपालाई श्रीमतीको रूपमा ल्याएको हुन्छ ।

'विदेशको सपना' कथाको जीतसिंह आफू भन्दा तल्लो तहका शिक्षकलाई शोषण गर्ने प्रवृत्तिका पात्रका रूपमा उपस्थित भएको छ । उसले 'म' पात्रलाई घर जान बिदा दिएको छैन ।

'उत्सर्गको बाटो' कथाको भीमसिंह गाउँका इमान्दार व्यक्तिको रूपमा प्रस्तुत भएको छ । उसको तार्किकता, इमान्दारिता र सरलपनको कारण उसले सजिलै गाउँका मान्छेहरूको मन जित्न सफल भएको थियो । यही कुरा मुखिया घमानसिंहलाई मन परेको थिएन । एक दिन भीमसिंह आफ्नो भूमिगत कार्यकर्ताहरूसँग छलफल गरिरहेको समयमा सुरक्षाकर्मीहरूले उसको ज्यान लिएको थियो । घमानसिंह अरूको प्रगति देख्न नचाहने पात्रका रूपमा उपस्थित भएको छ । उसले नै सुरक्षाकर्मीहरूलाई पोल लगाएर भीमसिंहको ज्यान गएको छ ।

'बालुवाको घर' कथाका हितमान विश्वकर्मा ललितबहादुरको पार्टीको कार्यकर्ताका रूपमा उपस्थित भएको छ । उसको सहयोगमा ललितबहादुरले चुनाव जितेको हुन्छ । केही समय पछि ऊ मन्त्री पनि भएको र त्यस पछि पहिलेका सम्पूर्ण कार्यकर्तालाई बिर्सिएर आनन्द साथ जीवन बिताउन थाल्दछ । अन्तमा हितमानले दुःख गरेर चुनाव जिताएको ललितबहादुरले उसको लागि केही पनि गरेको हुँदैन । प्रस्तुत कथाको ललितबहादुर अवसरवादी प्रवृत्तिका पात्रको रूपमा उपस्थित भएको छ । ललिता हितमानको पत्नीको रूपमा उपस्थित भएकी छ । ऊ आफ्नो श्रीमान् सधै चुनावमा मात्र दौडेर केही पैसा नकमाएकोमा श्रीमान्सँग वाक्क भएकी पात्रको रूपमा रहेकी छ ।

'उज्ज्वल भविष्यको सपना' कथाको दलजित कामको सिलसिलामा आसाम पुगेको र त्यहाँ केही समय आनन्द साथ जीवन बिताएर बाध्यतावश आफ्नै गाउँमा फर्किनु परेको पात्रका रूपमा उपस्थित भएको छ । कथाको गाउँबुढो अर्काकी श्रीमतीलाई आँखा लगाउने पात्रका रूपमा उपस्थित भएको छ । ऊ नाति नातिनीहरू भएको बुढो भए पनि उसले छोरी जस्ती पातली माथि गिद्दे दृष्टि लगाएको छ । पातली चाहिँ आफ्नो श्रीमान् दलजितको सुख दुःखमा साथ दिने पात्रको रूपमा उपस्थित भएको छ ।

'मोलतोल' कथाको हरिभक्त कवि गोष्ठीका सदस्यहरूलाई पैसा दिएर आफूलाई पुरस्कृत गराउन चाहने पात्रका रूपमा उपस्थित भएको छ । प्रस्तुत कथाको हरिभक्तले कवि गोष्ठीमा प्रथम भएर पाँच हजार नगद रूपैया प्राप्त गरेको तर दुई हजार चाहिँ आफूलाई प्रथम बनाई दिए वापत् कवि गोष्ठीका सदस्यहरूलाई दिएको छ । कथाकी शारदा आफ्नो श्रीमानको प्रगतिमा रमाउने एक सच्चा श्रीमतीका रूपमा उपस्थित भएकी छ ।

'भुनाजुको करामत' कथाको भिनाजु (प्रभुनाथ) कवि गोष्ठीका सदस्य भएको कारण उसकी साली (कल्पना) प्रथम भएकी छ । प्रस्तुत कथामा प्रभुनाथको कल्पनालाई कान्छी श्रीमती बनाउने मनशायले कल्पनालाई प्रथम बनाई दिएको छ । यस कथाकी कल्पनाको कविता अरूको भन्दा उत्कृष्ट नभए पनि ऊ प्रथम भएकी छ । उसले सबैबाट प्रशंसा पाएकी छ ।

'मुखभरिको जवाफ' कथाकी शान्ताले आफूलाई माग्न आउने प्रकाशलाई मनमनै मन पराएको तर बाबुआमाको डरले केही नभनेको र अन्त्यमा बाबुको

अत्याचार सहन नसकेर कल्पना त्यही प्रकाशसँग गएको पात्रको रूपमा उपस्थित भएकी छ । प्रस्तुत कथामा शान्ताले नारीलाई धन सम्पत्ति होइन हृदयलाई बुझिदिने पुरुष चाहिन्छ भन्ने अठोट गरी प्रकाशसँग गएकी छ । जसमान चाहिँ आफ्नी छोरी शान्ताको बिहे सम्पत्तिवाल केटासँग गरिदिन चाहेको छ । उसलाई लागेको छ की धनी श्रीमान् पाए पछि छोरी सुखी हुनेछ । प्रकाश गरिब भएको कारण जसराजले आफ्नी छोरी शान्तालाई दिएको छैन । प्रकाश धनको गरिब भए पनि मनको धनी पात्रका रूपमा उपस्थित भएको छ ।

### ४.३.३ गतिशील पात्र

वातावरण वा कुनै घटनाले गर्दा पात्रको स्वभाव वा विचारमा परिवर्तन आएको छ भने त्यस्तो पात्रलाई गतिशील पात्र भनिन्छ । रविमान लमजेलका विभिन्न कथाका पात्रहरू गतिशील पात्रका रूपमा रहेका छन् । जसलाई यहाँ यसरी प्रस्तुत गरिएको छ ।

'धनबहादुरको प्रतिशोध' कथाको धनबहादुरले कथाको प्रारम्भमा चुच्चे साहुको अन्याय सहेको छ । जब चुच्चे साहुले ऊ माथि निरन्तर शोषण गर्न थाल्दछ र चुच्चे साहुको शोषण प्रवृत्तिले डाँडा नाघ्दछ, त्यस पछि धनबहादुरको सहनशीलता हराएर गएको छ । उसले चुच्चे साहुलाई तह लगाएर चुच्चे साहुको शोषणबाट सम्पूर्ण गरिब गाउँलेहरूलाई स्वतन्त्र बनाएको छ ।

'तीतो प्रतिक्रिया' कथाको सुब्बा जेठोले कथाको प्रारम्भमा जर्कटे साहुको अन्यायलाई सहेर बसेको छ भने कथाको अन्त्यतिर गरिब गाउँलेहरूलाई शोषण गर्ने जर्कटे साहुलाई थानामा पुऱ्याएको छ । यसरी सुब्बा जेठो पहिला सोझो गाउँले र पछि क्रान्तिकारी पात्रका रूपमा उपस्थित रहेको छ ।

'चुनाव' कथाको श्यामकर्ण कथाको प्रारम्भमा शिक्षक भएको र देउनारायणले आफू लगायत सम्पूर्ण गरिब गाउँलेहरूलाई गरेको अन्याय अत्याचार देखेर आफ्नो शिक्षक पेसा छाडेर देउनारायणको विपक्षी रूपमा ऊ चुनावमा उठेको छ । सम्पूर्ण गाउँलेहरूको सहयोगमा उसले चुनाव जितेको छ । यसरी प्रस्तुत कथामा सम्पूर्ण गाउँलेहरू एक भएर देउनारायणको शोषण प्रवृत्तिको अन्त गरेका छन् ।

'पराजयपछिको विजय' कथाको हरिशरणले ना.सु. जागिर छोडेर बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि जनआन्दोलनमा सरिक भएको छ । एक दिन हरिशरण

न्यूरोडबाट कार्यालय फर्कि रहेको समयमा नारा लगाउँदै सडक परिक्रमा गरिरहेका जुलुस देखेको हुन्छ । त्यस दिनदेखि उसलाई पनि देश र जनताको स्वतन्त्रताको लागि जुलुसमा हिड्न मन लागेको हुन्छ । त्यही कारण उसले आफ्नो ना.सु. पदको जागिर छोडेर जनआन्दोलनमा प्रवेश गरेर नारा, जुलुस लगाउँदै हिडेको छ ।

'दृढ निश्चय' कथाको दिलीपले कथाको प्रारम्भमा सावित्रीलाई प्रेम गरेको हुन्छ तर बाबुआमाको करकापले शर्मिलासँग विवाह गर्ने सोच बनाएको हुन्छ । एक दिन सावित्रीले पठाएको चिठी दिलीपले प्राप्त गरे पछि पुनः दिलीपको सोचाइमा परिवर्तन आएर उसले सावित्रीलाई नै विवाह गरेर आफ्नो साँचो प्रेम सफल बनाउने निर्णय गरेको छ ।

'प्रतिबद्धता' कथाको मानध्वज खालिङ सोझो र गरिब भएकै कारण उसलाई सधैं घोसे साहुले शोषण गरेको छ । उसले घोसे साहुको शोषण सहदा सहदा वाक्क भएर प्रतिकार गरेको छ । यसरी कथाको प्रारम्भमा सोझा देखिने मानध्वज खालिङ कथाको अन्त्यतिर घोसे साहुको प्रतिकार गरेर सम्पूर्ण गाउँलेहरूलाई स्वतन्त्रताको स्वास फेर्ने वातावरण मिलाइ दिएको छ ।

'शंका निवारण' कथाको चतुरमानले कान्छा महाजनलाई भगवान बराबर मानेको हुन्छ तर उसले धोका दिए पछि चतुरमानको सोचमा परिवर्तन आई कान्छा महाजनलाई आक्रमण गरेको छ ।

'ठीक बाटो' कथाको हर्कराजले भ्याकुरे साहुको कहिल्यै पनि विरोध गरेको हुँदैन । एक दिन उसलाई ज्यान मार्ने अभियोगमा भ्याकुरे साहुले जेलमा हाल्छ, त्यही कारण उसको सोझोपन हराएर हर्कराजले भ्याकुरे साहुसँग बदला लिएको छ । प्रस्तुत कथाकै धनमाया आफ्नो छोरो जेलमा हुँदा आत्तिएकी थिइ, जब उसको छोरो हर्कराजले भ्याकुरे साहुसँग बदला लिदा ऊ खुसी भएकी छ र उसलाई आफ्नो छोराप्रति गर्व लागेको छ ।

'खुसीले भरिएको हृदय' कथाकी सविना कथाको प्रारम्भमा घटकसिंहको गोठाल्नी भएकी र उसले घटकसिंहको अन्यायलाई सहन नसकेर त्यहाँबाट भागेर झापा पुगेकी छ । त्यहाँ आफन्तको घरमा भात पकाउने काम गर्दै पढेर उसले ना.सु. पदको जागिर पाएकी छ । यसरी घटकसंहको गोठाल्नी सविनाले अनेक बाधा

अड्चनलाई सहदै ना.सु. पदमा जागिर पाएकी र केही समय पछि उसको बढुवा भएर अधिकृत समेत भएकी छ ।

'नयाँ क्षितिजको खोजी' कथाकी ज्योति धनी बाबुकी छोरी भएकीले पहिले ऊ निम्न स्तरको सार्थीहरूसँग बाहिर हिड्डुल गर्दिन थिइ । जब ऊ गणेशबाट प्रभावित हुँदै गई, त्यस पछि उसको सोचाइमा परिवर्तन आएको पाइन्छ र ऊ साथीहरूसँग नारा, जुलुसमा हिड्ने र नारी जागरणको कुरा गर्ने समेत भएकी छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथाको प्रेमप्रसाद गरिब भएको कारण राते साहुले ऊ माथि शोषण गरेको छ । उसले राते साहुको शोषण प्रवृत्तिको प्रतिकार गरेको छैन तर जब ऊ धन कमाउन मलाया पुग्छ । त्यस पछि उसमा चेतना जागेर आएको छ र नेपालमा फर्के पछि आफूलाई शोषण गर्ने राते साहुलाई तह लगाउने कुराहरू समेत उल्लेख गरी 'म' (नरेश) लाई चिठी पठाएको छ ।

'कागजी बाघ' कथाको साहिँला मुखियाले पहिले गाउँका गरिब गाउँलेहरूलाई सधैं आफ्नो अन्डरमा राखेको थियो । ऊसँग सम्पूर्ण गाउँलेहरू डराउने गरेका थिए । जब गरिब गाउँलेहरू एक भएर उसको अत्याचारको बारेमा थानामा उजुर गर्न जान लागेको कुरा सुन्छ, साहिँला मुखिया इज्जत जाने डरले राती नै साहिंली मुखिनीसँग गाउँबाट भागेर गएको छ । यसरी गाउँमा अधिकार जमाएर बसेको साहिँला मुखियाको एक रात गाउँ छोडेर भाग्ने स्थिति आएको छ ।

'आफूले रोजेको बाटो' कथाकी 'म' (ललिता) को श्रीमान् दुर्गाप्रसादको 'म' पात्र माथिको नराम्रो व्यवहारको कारण 'म' पात्रले दुर्गाप्रसादलाई छोडेर हरिलाललाई आफ्नो श्रीमान् स्वीकार गरेको छ । प्रस्तुत कथामा 'म' पात्रले बाबुआमाको करकापले दुर्गाप्रसादसँग बिहे गरेको हुन्छ तर उसको श्रीमतीलाई शारीरिक र मानसिक यातना दिने बानीका कारण 'म' पात्रले उसलाई त्यागेर हरिलाललाई आफ्नो जीवन साथीको रूपमा वरण गरी सुखी जीवन विताएकी छ ।

'जनआन्दोलनको तस्वीर' कथाका लाक्पा शेर्पा र बखतसिंह जनआन्दोलनको समयमा सुरक्षाकर्मी भएका तर उनीहरूले आन्दोलनकारीलाई मार्न नसकेका कारण हाकिमबाट उनीहरू खारेज भएका छन् । त्यस पछि उनीहरू सर्वसाधारणको रूपमा आन्दोलनकारी भएर जनआन्दोलनमा सरिक भएका छन् ।

'निधारको खत' कथाको दुर्गेशले जापान जानको लागि आफ्नी मीत दिदीलाई पैसा माग्दा एकदमै भलाद्मी र सोझो भएर मागेको हुन्छ । उसले जापानबाट उक्त पैसा फिर्ता गर्ने बाचा गरी पैसा लगेको हुन्छ तर दुर्गेशले जापानबाट आए पछि आफ्नी दिदीलाई पैसा फिर्ता नदिएर उल्टै झगडा गरेको छ । यसरी जापान जान भन्दा अघिको भलाद्मी र सोझो दुर्गेश परिवर्तन भएर झगडालु दुर्गेश भएको छ ।

'आभास' कथाको भक्तबहादुर गरिब र असहाय भएको कारण दुर्योधन साहुले उसको श्रम शोषण गरेको छ । उसलाई काम गरे वापत् साहुले पैसा पनि दिएको छैन । यही कारण भक्तबहादुर दुर्योधन साहुको घरबाट निस्केर छापामार साथीहरूसँग मिसिन पुगेको छ । पहिले दुर्योधनसँग कुरा गर्न नसक्ने भक्तबहादुरले छापामार भए पछि दुर्योधन साहुलाई तह लगाई आफूले दुई वर्ष काम गरेको पैसा लिएको छ ।

'स्थिर धरातल' कथाकी 'म' (संगीता) को बाबुआमाको रोजाईमा अन्जान जगतप्रसाद क्षेत्रीसँग बिहे भएको छ । 'म' पात्रलाई सधैं आफ्नो श्रीमान् जगतप्रसादले दुर्व्यवहार गरेको कारण 'म' पात्रले उसलाई त्यागेर थिरलाल रसाइलीसँग बिहे गरेकी छ । 'म' पात्रले जगतप्रसादको शारीरिक तथा मानसिक यातनालाई सहन नसकेर उसलाई त्यागेर थिरलाल रसाइलीसँग अन्तरजातीय बिहे गरी सुख साथ जीवन निर्वाह गरेकी छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथाको छिरिङ शेर्पा कथाको प्रारम्भमा सोझो भएको कारण उसलाई लेखापाल जगदीश पहाडीले झुल्याएको छ । ठेकेदार छिरिङ शेर्पा आफूले काम गरे वापत् आफूले पाउनु पर्ने पैसा माग्न धेरै पटक लेखापालकोमा गएको छ तर लेखापालले उसको सोझोको फाइदा उठाएर आधा पैसा मात्र दिने कुरा गरेको छ । यही कुराले छिरिङ शेर्पाको सोझोपन हराएर आवेशमा आई लेखापाललाई हातपात गरेर आफ्नो पैसा लिएको छ । यसरी कथाको प्रारम्भमा सोझो देखिएको छिरिङ शेर्पा पछि आक्रामक रूपमा परिणत भएको छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथाको श्यामकृष्ण साथीहरूसँग भागेर आसाम गएको हुन्छ । त्यहाँ उसले दुःख पाए पछि पुनः आफ्नो गाउँमा फर्केर आई पढ्न थालेको र आफ्नै गाउँमा जागिर खाएको छ । आसामबाट फर्के पछि श्यामकृष्णले जेठा सुब्बाको सहयोगमा च्याँसे साहुबाट आफ्नो सम्पूर्ण वस्तुभाऊ र पैसा फिर्ता ल्याएको छ ।

'जनयुद्धको विजय' कथाको अनिल आफू माओवादी नभए पनि मयूरध्वजको अनिल माओवादी हो भन्ने आरोपको कारण सुरक्षाकर्मीबाट भागेर माओवादीमा दर्ता भएको र पछि घर फर्के पछि मयूरध्वजलाई तह लगाएको छ । यसरी प्रस्तुत कथाको सोझो र गरिब अनिल मयूरध्वजको व्यवहारको कारण आफूलाई परिवर्तन गरेको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाको कृष्ण गाउँमा हुँदा आफ्नो भतिज र भाउजूलाई धेरै माया गर्थ्यो तर काठमाडौँमा अधिकृत जागिर पाए पछि ऊ परिवर्तन भएको छ । आफ्नो भतिज (सुशील) लाई काठमाडौँमा गए पछि पढ्न बोलाउँछु भन्ने कृष्णले उल्टै भाउजूसँग बिहेको लागि पैसा मागेको छ । उसले सुशीललाई काठमाडौँ पढ्न बोलाउनुको सट्टा आफ्नो घरमा आएको सुशीललाई समेत तिरस्कार गरेर घरबाट निकालि दिएको छ । गाउँमा छँदा सुशीललाई धेरै माया गर्ने कृष्ण काठमाडौँमा अधिकृत भएर पैसा कमाउन थालेपछि ऊ परिवर्तन भएको छ । यस कथाको 'म' (सुशील) आफ्नो काका (कृष्ण) को घर जाँदा आफूलाई अपमान गरेको देख्दा सहन नसकेर उसले कृष्णलाई प्रतिशोध लिने चुनौती दिएको छ । उसले कृष्णलाई बाबुको स्थानमा राखेको थियो तर जब उसले कृष्णको परिवर्तित रूप देख्छ, त्यस पछि 'म' (सुशील) ले पनि बाबुको स्थानमा राखेको काकालाई घुस्याहाको उपनाम दिदै प्रतिशोध लिएर छाड्ने चुनौती दिएको छ ।

'हात्तीको देखाउने दाँत' कथाको दिलेन्द्र गुरु कथाको प्रारम्भमा इमान्दार शिक्षक भएको र पछि गाउँलेहरूको सहयोगमा महाप्रबन्धक भए पछि दुई नम्बरीहरूसँग सम्पर्क गर्ने भएको छ । दिलेन्द्र गुरुको शिक्षक हुँदाको इमान्दारिता महाप्रबन्धक भए पछि हराएको छ । पहिले चाकडीवाजको विरोध गर्ने दिलेन्द्र गुरु अहिले चाकडीवाज भएको छ ।

'नक्कली मयूर' कथाको यमनाथले बिहे अघि नानीमैयालाई धेरै माया गरेको र बिहे पछि नानीमैयालाई उसले वास्ता गरेको छैन । नानीमैयालाई धेरै माया गर्ने यमनाथको मन बिहे पछि परिवर्तन भएको छ । भूसतिघ्रे केटाहरूले दुःख दिएको कुरा नानीमैयाले आफ्नो श्रीमान् यमनाथलाई सुनाउँदा उसले त्यो कुराको वास्ता गरेको छैन । उसको लागि अहिले नानीमैया भन्दा पैसा प्यारो भएको छ ।

'सिफारिस' कथाको 'म' (विमल) ले आफ्नो तलवको लागि हाकिमसँग कुरा गरेको छ तर हाकिमले सधै उसलाई कहिले के कहिले के भनेर झुल्याइ दिएको छ ।

अन्त्यमा उसले मन्त्रीले पठाएको भनेर नक्कली चिठी हाकिमलाई देखाएर आफ्नो तलव प्राप्त गरेको छ । यसरी प्रस्तुत कथामा 'म' पात्र सोझो भएको कारण हाकिमले दुःख दिएको छ र अन्त्यमा उसले जुक्ति लगाएर हाकिमबाट तलव लिएको छ ।

'स्वभिमानको परिचय' कथाको 'म' (इन्द्रकुमार) ले पढि सकेर काठमाडौँतिर जागिर खाने सोच बनाएको छ तर गाउँको धनहाङ बाजेको कुरा सुनेर उसको सोच परिवर्तन भई गाउँमै जागिर खाने भएको छ । धनहाङ बाजेको छोरो (सुरेश) ले जस्तै उसले आफ्नो बाबुआमाको आँसु नझार्ने, उनीहरूको स्याहार सुसार गर्ने र गाउँमै जागिर खाएर गाउँको सेवा गर्ने विचार गरेको छ ।

'नयाँ जीवनको सुरुवात' कथाकी कल्पनाको श्रीमान् पीताम्बरले ऊ माथि शारीरिक दुर्व्यवहार गरेर सहन नसक्ने भए पछि उसले पीताम्बरलाई त्यागेर प्रभाकरसँग नयाँ जीवनको सुरुवात गरेकी छ । कल्पनालाई पीताम्बरले रक्सी खाएर पिट्ने हुँदा ऊसँग जीवन नचल्ने भएको सोची प्रभाकरलाई आफ्नो जीवन साथीको रूपमा स्वीकार गरेकी छ ।

'खुशामद' कथाको चण्डेश्वर पहिले खेमराजको समर्थक भएको र खेमराजले चुनाव जित्न नसक्ने कुरा थाहा पाए पछि ऊ खेमजराजको विपक्षी कैलाशनाथको समर्थक हुन पुगेको छ । चण्डेश्वरले खेमराजलाई कसैले थाहा नपाउने गरी आन्तरिक रूपमा सहयोग गरेर चुनाव जिते पछि खेमराजले उसलाई प्र.जि.अ. बनाइ दिएको छ ।

'सन्यास' कथाको उत्तमप्रसादको एकैचोटी ठूलो नाम र दाम कमाउने चाहनाले गर्दा उसले धोका पाई साहित्य जगत्बाट सन्यास लिएको छ । उत्तमप्रसादले मन्त्री आलोक सिंहको बढाई चढाई बयान गरेर जीवनी लेखेको हुन्छ । उसले ठूलै धनराशी र नाम प्राप्त गर्ने कुरा सोचेको हुन्छ, तर त्यसको विपरीत उसले न त धन नै प्राप्त गरेको छ, बरु उसले आफूसँग भएको नामलाई पनि बेइज्जत गरेको छ । यही कारण उसले साहित्यकार व्यक्तित्वबाट बिदा लिएको छ ।

'विवेकको खडेरी' कथाको विमलले पत्रकारिताबाट कहिले पनि  जस नपाए पछि उसले पत्रकारिता पेसालाई त्याग गरी ठूलो व्यापारी भएर ऐस आरामको जीवन व्यतीत गरेको छ । विमललाई द्वैमासिक पत्रिका प्रकाशित गर्नको लागि प्रेरणा दिने महेशकान्तले नै विमलको बेइज्जत गरे पछि उसले पत्रकारिता पेसामा अबदेखि

कहिल्यै नलाग्ने कसम खाई व्यापार गर्न थालेर ठूलो व्यापारी भएको छ । यस कथाको महेशकान्तले पहिले विमललाई पत्रिका प्रकाशित गर्न हौशला दिएको र पछि पत्रिका प्रकाशित भए पछि विमलको बेइज्जत गरिदिएको छ ।

'अन्तर्ध्वनी' कथाको गुरुजीले शिक्षक पेसालाई त्यागेर बस चलाउन थालेको छ । उसले वी.ए. पास गरी शिक्षक जागिर खाएको तर स्थायी शिक्षकको लागि आयोग भिड्दा पैसा नदिएको कारण ऊ भन्दा योग्यताविहिनहरू पास भएको हुन्छ । यही कारण उसले योग्यताको कदर नहुने कुरादेखि शिक्षक पेसालाई त्यागि बसको गुरुजी भएको छ । ऊ यही पेसामा खुसी देखिएको पाइन्छ ।

'अस्मिताको सङ्घर्ष' कथाको दाह्रे साहुले रूपाको कुटाई भेटे पछि उसको शोषण प्रवृत्ति कम भएर गएको छ । दाह्रे साहुले सधैं गरिब गाउँलेहरूलाई आफ्नो मुठीमा राख्ने गरेको थियो । उसले गाउँका गरिब चेलीहरूको सतीत्व लुट्दा पनि कसैले ऊ माथि प्रतिवाद गरेको थिएन । जगरमानको श्रीमती रूपालाई पनि त्यही सोझी केटी सम्झेर हातपात गर्न खोज्दा उल्टै उसले कुटाई खाई उसको अहम् भावना नष्ट भएको छ । त्यस दिनदेखि ऊ गाउँघर नै निस्कन छोडेको छ ।

'विदेशको सपना' कथाको 'म' (डगेन्द्र) शिक्षक पेसा छोडेर विदेश जाने भएको छ । साथीहरू विदेश जाने कुरा सुनेर 'म' पात्रलाई पनि विदेश जान मन लागेको र आफ्नो शिक्षक पेसाबाट राजनीनामा दिई विदेश जानको लागि काठमाडौं गएको हुन्छ । तर दुर्भाग्यवश विदेश जान एक दिन बाँकी छ भन्दा उसको सबै पैसा हराएको छ र ऊ होटेलमा काम गरी बसेको छ ।

'बालुवाको घर' कथामा हितमानको सहयोग पाएर ललितबहादुरले चुनाव जितेर केही समय पछि मन्त्री पनि भएको छ । ललितबहादुरले चुनाव जिते पछि आफ्नो लागि केही गरिदिन्छ भनेर हितमानले सोचेको हुन्छ तर ललितबहादुर मन्त्री भए पछि हितमानले बोलाउँदा पनि नसुनेको जस्तो गरेको छ । यस कुराले हितमान मर्माहत भई अबदेखि कुनै पनि नेताको पछि नलाग्ने र दलित उत्थान सङ्घ खोलेर जातीय मुक्तिमा लाग्ने निर्णय गरेको छ ।

'उज्ज्वल भविष्यको सपना' कथाको दलजित कामको सिलसिलामा आसाम पुगेको र त्यहाँ केही वर्ष बसी पुनः आफ्नो गाउँमा फर्केको छ । दलजितको सोझोपनको

फाइदा उठाएर आसामको गाउँबुढोले दलजितको श्रीमती माथि आँखा लगाएको छ । बाबुतुल्य ठानेको गाउँबुढाको यस्तो व्हार देखेर दलजितको सोझोपन हराएर आक्रामक रूपमा परिणत भई गाउँबुढोलाई पिटेको छ । त्यस पछि दलजित आफ्नो गाउँमा फर्की गाउँमै काम गरेर सुख साथ बसेको छ । यस कथाको गाउँबुढोले सुरुमा दलजित र उसकी श्रीमतीलाई आफ्नै छोरा बुहारी जस्तो मानेको र पछि दलजितकी श्रीमतीलाई आफ्नो श्रीमती बनाउने चाहना व्यक्त गर्ने पात्रका रूपमा उपस्थित भएको छ ।

'मुखभरिको जवाफ' कथाकी शान्ताले आफ्नो बाबुआमालाई त्यागेर गरिब प्रकाशलाई आफ्नो जीवन साथीको रूपमा स्वीकार गरेकी छ । शान्तालाई प्रकाशले माग्न आउँदा शान्ताको बाबु जसमानले उसलाई अपमान गरेर पठाइ दिएको छ तर शान्ताले प्रकाशलाई मनमनै मन पराई सकेकी हुन्छ । उसले आफ्नो बाबुआमा समक्ष यो कुरा व्यक्त गर्न सकेको हुँदैन । एक दिन आफ्नो बाबुले शान्तालाई कुटपीट गरेको कारण उसले आफ्नो बाबुलाई चुनौती दिई प्रकाशको जीवनसाथी हुन गएकी छ । यसरी प्रस्तुत कथामा शान्ताले कहिल्यै पनि वचन नलगाएको बाबुसँग मुखामुख गरी घर छोडेर प्रकाशकोमा गएकी छ ।

### ४.३.४ स्थिर पात्र

वातावरण वा कुनै घटनाले पनि प्रभाव पार्दा पात्रको स्वभाव वा विचारमा परिवर्तन आउँदैन भने त्यस्तो पात्रलाई स्थिर पात्र भनिन्छ । रविमान लमजेलका विभिन्न कथामा पात्रहरू स्थिर पात्रका रूपमा रहेका छन् । जसलाई यहाँ यसरी प्रस्तुत गरिएको छ ।

'धनबहादुरको प्रतिशोध' कथाको चुच्चे साहु कथाको प्रारम्भदेखि अन्त्यसम्म नै एउटै विचारमा केन्द्रित रहेको छ । उसले कथाको प्रारम्भदेखि कथाको अन्त्यसम्म नै गरिब र निमुखा गाउँलेहरू माथि शोषण गरेको देखिन्छ ।

'तीतो प्रतिक्रिया' कथाको सुब्बा जेठोले जर्कटे साहुको अन्यायको विरोध कथाको प्रारम्भदेखि अन्त्यसम्म नै गरेको देखिन्छ भने जर्कटे साहुले गाउँका सुब्बा जेठो लगायत सम्पूर्ण गाउँले माथि कथाको आरम्भदेखि अन्त्यसम्म नै शोषण गरेको छ ।

'चुनाव' कथाको देउनारायणको श्यामकर्णको विरोध गर्ने प्रवृत्ति परिवर्तन भएको छैन । उसले सधै श्यामकर्णले गरी खाएको हेर्न सकेको छैन ।

'पराजयपछिको विजय' कथाको हाकिम कथाको प्रारम्भदेखि अन्त्यसम्म हरिशरणको विपक्षिको रूपमा देखा परेको छ ।

'मूल्याङ्कन' कथाको कुलनाथ उदारवादी र क्रान्तिकारी पात्रका रूपमा उपस्थित भएको छ । उसले गरिबका लागि जीवन समर्पित गरेको छ । उसको उदारवादी विचार परिवर्तन भएको पाइँदैन ।

'दृढ निश्चय' कथाकी सावित्रीको दिलीपलाई सधैं माया गर्ने मन परिवर्तन भएको छैन । उसले दिलीपलाई आफू भन्दा बढी माया गरेकी छ । दिलीपको शर्मिलासँग बिहे गर्ने हल्ला सुने पनि सावित्रीको मायामा कति पनि परिवर्तन देखा परेको छैन । यस कथाको शर्मिला चाहिँ दिलीप भन्दा धनी भएको कारण उसको दिलीपप्रति हेर्ने दृष्टिकोण पनि सधैं नकारात्मक भएको पाइन्छ ।

'मुद्दा' कथाको 'म' (हृदयप्रसाद) इमान्दार कर्मचारीका रूपमा देखिएको छ । ऊ प्रशासक भए पछि उसले भ्रष्टाचार गर्ने कर्मचारी लमजडीप्रसादलाई जेलमा हालेको छ । यसरी 'म' पात्र कथामा एक इमान्दार कर्मचारीको रूपमा देखा परेको छ ।

'ओझेलमा परेको इतिहास' कथामा 'म' (नवीन) र गंगा दिदी भाइको रूपमा उपस्थित भएको छ । उनीहरूको दिदी भाइको पवित्र सम्बन्ध कथाको प्रारम्भदेखि अन्त्यसम्म नै फैलिएको छ । 'म' पात्रले आफ्नी दिदीलाई मुम्बईबाट सकुशल फर्काएर ल्याउँन सफल भएको छ ।

'प्रतिबद्धता' कथाको घोसे साहुले सधैं गरिब गाउँलेहरू माथि अन्याय, अत्याचार, शोषण गरेको पाइन्छ । उसको यो प्रवृत्तिमा परिवर्तन भएको पाइँदैन ।

'न्यायको तराजु' कथामा कथाको प्रारम्भदेखि तुङ्गप्रसाद टंकनाथ साहुको अन्यायमा परेको छ । उसले साहुको अन्यायको प्रतिकार गर्न सकेको छैन भने टंकनाथ साहुले चाहिँ तुङ्गप्रसाद लगायत गाउँका गरिब गाउँलेहरूलाई सधैं शोषण गरेको छ । उसको यो शोषण गर्ने प्रवृत्ति परिवर्तन भएको छैन ।

'शंका निवारण' कथामा कान्छा महाजनको गरिब माथि शोषण गर्ने प्रवृत्तिमा परिवर्तन भएको छैन । यस कथाकी पुकुली आफ्नो श्रीमान् चतुरमानको खुसी चाहने जीवन संगिनीको रूपमा उपस्थित भएकी छ ।

'ठीक बाटो' कथामा भ्याकुरे साहुले हर्कराज माथि सधैं अन्याय गरेको छ । हर्कराज गरिब भएकै कारण भ्याकुरे साहुले उसलाई अन्याय गरेको छ ।

'खुसीले भरिएको हृदय' कथाको घटकसिंहले गरिब सविनालाई गोठाल्नी राखेको छ । उसले सविना माथि सधैं अत्याचार गरेको छ भने दीपेशले चाहिँ आफू भन्दा तल्लो पदको कर्मचारी माथ सधैं अन्याय गरेको पाइन्छ ।

'नयाँ क्षितिजको खोजी' कथाको चन्द्रकिरणले गरिबप्रति सधैं घृणा गरेको छ । उसले गरिबसँग बोल्न र व्यवहार गर्न पनि चाहेको छैन । ऊ आफू लगायत आफ्नो परिवारलाई समेत गरिब मानिसहरूबाट टाढा राख्न चाहन्छ, साथै उसमा धनको घमण्ड पनि रहेको छ । यस कथाको गणेश सबै मान्छेलाई समान रूपले हेर्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले ज्योतिलाई गुण्डाहरूबाट बचाएको कारण गणेश सहयोगी भावनाले युक्त पात्रको रूपमा पनि उपस्थित भएको पाइन्छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथाको 'म' (नरेश) गरिबहरूलाई सहयोग गर्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले प्रेमप्रसादलाई कहिले दाउरा किनिदिएर कहिले पैसा दिएर सहयोग गरेको छ । उसको यो सहयोगी भावना परिवर्तन भएको छैन । यस कथाको राते साहुले प्रेमप्रसादमाथि सधैं शोषण गरेको छ ।

'कागजी बाघ' कथाको साहिली मुखिनी आफ्नो श्रीमान् साहिला मुखियाको कार्यप्रति असन्तुष्ट भएकी छ । ऊ आफ्नो श्रीमान्‌को गरिब माथि शोषण गर्ने प्रवृत्तिबाट वाक्क भएकी छ ।

'आफूले रोजेको बाटो' कथाको हरिलाल सोताङको ललिताप्रतिको माया कहिल्यै पनि परिवर्तन भएको छैन । उसले ललिता अर्काको श्रीमती भए पनि आफ्नो जीवन संगिनीको रूपमा स्वीकारेको छ । यस कथाको दुर्गाप्रसाद आफ्नी श्रीमती ललितालाई शारीरिक र मानसिक दुवै खालको पीडा दिने पात्रको रूपमा उपस्थित भएको छ र उसको यो व्यवहारमा परिवर्तन भएको छैन ।

'जनआन्दोलनको तस्वीर' कथाको हाकिम तल्लो पदको कर्मचारी माथि अन्याय गर्ने पात्रका रूपमा उपस्थित भएको छ । उसले लक्पा शेर्पा र बखत सिंहले आन्दोलनकारीलाई मार्न नसकेको कारण सुरक्षाकर्मीको जागिरबाट खारेज गरिदिएको छ ।

'निधारको खत' कथाको विपना र 'म' (सुरज) ले दुर्गेशलाई आफ्नो पैसा माग्दा उल्टै कुटाई पाएका छन् । प्रस्तुत कथामा विपना र 'म' पात्र दुर्गेशको अन्यायमा पिल्सिएको र त्यसको विरोध गर्न नसक्ने पात्रका रूपमा उपस्थित भएका छन् ।

'आभाष' कथाको 'म' पात्रलाई साहुले अन्याय गरे पनि उसले प्रतिकार गर्न सकेको हुँदैन । उसको खेत साहुले षड्यन्त्र गरेर लैजादा पनि उसले केही गर्न सकेको हुँदैन ।

'स्थिर धरातल' कथामा थिरलाल रसाइली सहयोगी भावनाले युक्त पात्रका रूपमा उपस्थित भएको छ । उसले 'म' पात्रलाई सधैं सहयोग गरेको छ । जगतप्रसाद शिक्षित भए पनि आफ्नी श्रीमती संगिताप्रति सधैं शोषण गर्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले सधैं संगितालाई शारीरिक तथा मानसिक यातना दिएको पाइन्छ ।

'सहिद दिवस' कथाको नन्दु सिंहले सधैं सहिदहरूलाई सम्मान गरेको छ । उसले हामीले सहिदले देखाएको बाटोमा हिड्नु पर्छ भनी सम्पूर्ण गाउँलेहरूलाई भन्ने गरेको पाइन्छ । उसको सहिदप्रतिको समर्पित भावना परिवर्तन भएको छैन ।

'ठेकेदार छिरिङ शेर्पा' कथाको जगदीश पहाडीले आफू लेखापाल भएर सोझा ठेकेदारहरूलाई समयमा पैसा नदिएर झुल्याएको छ । उसले ठेकेदार छिरिङ शेर्पा सोझो भएकै कारण आधा पैसा खानको लागि अनेक वाहना गरेको छ । लाक्पा चाहिँ ठेकेदार छिरिङ शेर्पाकी श्रीमतीको रूपमा उपस्थित भएको र आफ्नो श्रीमान्को कमाइमा सन्तुष्ट हुने श्रीमतीको रूपमा उपस्थित भएकी छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथाको च्यासे साहु गाउँका गरिब गाउँलेहरू माथि सधैं अन्याय, अत्याचार गर्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले गाउँलेहरूले सफलता प्राप्त गरेको हेर्न चाहेको छैन ।

'जनयुद्धको विजय' कथाको मयूरध्वजले सधैं गाउँका गरिबहरूलाई आफ्नो मुठिमा राख्न चाहेको छ । उसले आफूलाई मन नपरेको मान्छेलाई माओवादीको आरोप लगाई सुरक्षाकर्मी झिकाएको छ र गाउँका सोझा अनिल जङ्गल पस्न बाध्य भएको छ । यस कथाको अनिताले आमाको माया आफ्नो छोराप्रति कतिको हुँदो रहेछ भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाको 'म' पात्रको आमाको आफ्नो देवर कृष्णप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छैन । ऊ गरिब भए पनि उल्टै काठमाडौँमा जागिर खाने कृष्णलाई बिहेको लागि पैसा पठाई दिएकी छ । उसले सधै आफ्नो देवरलाई आदर गरेकी छ ।

'कोपभाजन' कथामा विमलको खरदार जागिरबाट आउने रकमले उसको परिवारको आर्थिक समस्यालाई पूरा गर्न सकेको छैन । उसको एक महिनाको तलवले सात दिन मात्र पुग्ने र बाँकी दिनहरू कष्टकर रूपमा वित्ने गरेको पाइन्छ तर पनि उसले जागिर छोडेको छैन । नीराले गरिबीकै कारण छोराको उपचार गर्न नसकेर आफ्नो छोरा गुमाएकी छ । उसले अभावै अभावमा जीवन काट्नु परे पनि ऊ कति पनि विचलित भएकी छैन ।

'सिफारिस' कथाको हाकिम तल्लो पदको कर्मचारीलाई ठग्ने प्रवृत्तिको पात्रको रूपमा उपस्थित भएको छ । उसले 'म' (विमल) लाई तलव दिन पनि हिच्किचाएको छ । उसले खरदार 'म' पात्रलाई धेरै दुःख दिएर मात्र उसलाई तलव दिएको छ । हाकिमको यो झुल्याउने प्रवृत्ति यथावत नै रहेको पाइन्छ ।

'स्वभिमानको परिचय' कथाको धनहाङ बाजे र बज्यै दुवैजना आफ्नो छोराले आफूहरूलाई हेरचाह नगरेको कारण उनीहरू दुःखी भएका छन् तर पनि उनीहरू दुई दम्पत्ती मिलेर जीवनचर्या सुख साथ बिताई रहेका छन् ।

'खास मान्छेहरूको आगमन' कथाको नरवीरले सधै गाउँका गरिबहरू माथि अत्याचार गरेको छ । उसले गरिब चेलीहरूको सतीत्व अपहरण गर्ने कार्य समेत गरेको छ । यस कथाको खास मान्छेहरू नरवीर जस्तो गाउँका शोषकलाई ठीक पार्न देखा परेको पात्रका रूपमा उपस्थित भएको छ । यिनीहरू गाउँका शोषक वर्गलाई तह लगाउँदै हिड्ने पात्रका रूपमा रहेका छन् ।

'युगको माग' कथाको बलभद्र समाजमा चलि आएको अन्धविश्वास, परम्परा र जातिगत भेदभावलाई परिवर्तन गर्न चाहने पात्रका रूपमा उपस्थित भएको छ । उसले जमुना विश्वकर्मासँग अन्तरजातीय बिहे गरी युगको मागलाई पूरा गरेको छ । चतुरे मुखिया चाहिँ आफ्नो परम्परालाई तोड्न नसकेर आत्महत्या गरेर मरेको छ । चतुरे मुखियाको छोरा बलभद्रले आफ्नै गोठाल्नी र तल्लो जातकी केटीलाई बिहे

गरेको कारण उसले यो कुरालाई स्वीकार्न नसकेर आत्महत्या गरेको छ । ऊ आफ्नो घमण्ड र इज्जतमा अडिग रहने पात्रको रूपमा उपस्थित भएको छ । यस कथाको जमुना चाहिँ जसले जे गरे पनि सहनशील पात्रको रूपमा उपस्थित भएकी छ ।

'नयाँ जीवनको सुरुवात' कथाको प्रभाकरको कल्पनाप्रतिको माया कहिल्यै पनि परिवर्तन भएको छैन । उसले आफ्नो श्रीमान्बाट अन्यायमा परेकी कल्पनालाई आफ्नी जीवनसाथीको रूपमा स्वीकार गरेको छ । कथाको दिलमान र हरिकला आफ्नो छोरीको दुःखपूर्ण कुरा सुनेर मर्माहत भएका छन् । उनीहरू छोरीको सुखी जीवन चाहने बाबुआमाको रूपमा उपस्थित भएका छन् ।

'खुसामद' कथाको खेमराज र कैलाशनाथ दुवै एक अर्काको प्रतिद्वन्द्विका रूपमा उपस्थित भएका छन् । उनीहरू बेग्लाबेग्लै पार्टीका नेता भएका कारण जहिले पनि एक अर्काको विरोधीको रूपमा उपस्थित रहेको पाइन्छ ।

'सन्यास' कथाको आलोक सिंह अरूले आफ्नो काम गरिए वापत् केही पनि नदिने पात्रको रूपमा उपस्थित भएको छ । उसले उत्तमप्रसादलाई आफ्नो जीवनी लेखाए वापत् केही नगद दिएको छैन बरु उल्टै उसले उत्तमप्रसादलाई नगद माग्दा गाली गरेर बेइज्जत गरिदिएको छ ।

'विवेकको खडेरी' कथाको विनिताले पत्रकारिता पेसाबाट कहिल्यै पनि सम्मान नपाए पनि उसले यस पेसालाई आफ्नो जीवनसँगै अघि बढाएकी छ । उसलाई महेन्द्रकान्तको अपमानले कति पनि विचलित पारेको छैन । आफूसँगैको साथी विमलले पत्रकारिताबाट बिदा लिए पनि उसले यस पेसालाई छोडेकी छैन ।

'अन्तर्ध्वनी' कथाको 'म' पात्रले शिक्षक सेवा आयोगमा हुने घुस प्रथालाई नजिकदेखि नै अनुभव गरे पनि उसले विरोध गर्न सकेको छैन । उसले शिक्षण पेसामा जे जस्तो आई परे पनि सहन बाध्य भएको पात्रको रूपमा उपस्थित भएको छ ।

'जन्तरे काका' कथाको जन्तरे काकाले साहुको अत्याचार सहनु परेको कारण उसले आफ्नो छोरा छोरीलाई पढाएर ठूलो मान्छे बनाउन चाहेको छ । जन्तरे काका अनपढ भएको कारण ऊ माथि सधैं साहुले शोषण गरेको छ र उसले त्यसको प्रतिकार गर्न सकेको छैन । रिजाल साहु गाउँका सोझा र निमुखा गाउँलेहरूलाई अन्याय गर्ने पात्रको रूपमा उपस्थिति भएको छ ।

'टुक्रिएको सपना' कथाको सरुले सुख पाउने आशामा मन्त्रीको भाइसँग बिहे गरेकी हुन्छ तर उसको सपना पूरा भएको छैन । यति हुँदा पनि उसको सोचाइमा परिवर्तन आएको छैन । प्रस्तुत कथाको जसराज र टीकादेवी आफ्नी छोरी सरुको खुसी हेर्न चाहने आमाबाबुको रूपमा उपस्थित भएका छन् ।

'चाकडी' कथाको नारायणप्रसाद एक इमान्दारी पात्रको रूपमा उपस्थित भएको छ । उसले हाकिम भएर पनि कहिल्यै घुस खाएन, आफू भन्दा तल्लो पदका कर्मचारीहरूलाई दुःख दिएन उसको यो व्यवहारमा कहिले पनि परिवर्तन आएन । यस कथाको जयन्ता चाहिँ आफ्नो श्रीमान् नारायणप्रसादले सम्पत्ति कमाउन नसकेको कारण सधैं आफ्नो श्रीमान्सँग रुष्ट भएकी छ । चेतप्रसाद प्रस्तुत कथामा खरदार भएर पनि हाकिमलाई नटेर्ने र उल्टै हाकिमको विरोध गर्ने पात्रको रूपमा उपस्थित भएको छ । चेतप्रसादले हाकिमलाई दुःख मात्र दिएको छ । ऊ एक चाकडीवाजको रूपमा उपस्थित भएको छ ।

'अस्मिताको सङ्घर्ष' कथाकी रूपा एक आटिली र साहशिली पात्रको रूपमा उपस्थित भएकी छ । उसले कथाको आरम्भदेखि नै दाह्रे साहुको अन्यायको प्रतिकार गर्दै आएकी छ । उसले नै दाह्रे साहुको शोषण प्रवृत्तिको अन्त्य गरेकी छ । यस कथाको जगरमान दाह्रे साहुको अन्यायमा चिथिएको र त्यसको प्रतिकार गर्न नसक्ने पात्रको रूपमा उपस्थित भएको छ ।

'उत्सर्गको बाटो' कथाकी अनुपा एक सहनशील पात्रको रूपमा उपस्थित भएकी छ । ऊ आफ्नी छोरी र श्रीमान्को मृत्यु हुँदा कति पनि विचलित भएकी छैन । उसले आफ्नो श्रीमान्ले पूरा गर्न नसकेको काम पूरा गर्न चाहेकी छ । उसको यो निडरपन, अडिग साहस कहिले पनि डगमगाएको पाइँदैन । भीमसिंह धनी गरिब बीचको असमानता, सामाजिक कुसंस्कार नचाहने पात्रको रूपमा उपस्थित भएको छ । उसको सरलपनको कारण सम्पूर्ण गाउँलेहरू उबाट प्रभावित भएका छन् । यस कथाको घमान सिंह चाहिँ गरिबहरूको प्रगति देख्न नसक्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले भीमसिंहको प्रगति देखेर उसलाई माओवादीको आरोप लगाई सुरक्षाकर्मीबाट ज्यान लिन लगाएको छ ।

'बालुवाको घर' कथाको ललितबहादुर सोझा जनताहरूलाई प्रलोभन देखाएर चुनावमा हिडाउने तर आफूले चुनाव जिते पछि कसैलाई पनि वास्ता नगर्ने पात्रको

रूपमा उपस्थित भएको छ । ऊ सोझा गाउँलेहरूलाई ठग्ने प्रवृत्तिको पात्रका रूपमा रहेको छ ।

'मोलतोल' कथाको हरिभक्त कवि गोष्ठीका सदस्यहरूलाई पैसा दिएर आफू प्रथम हुन चाहने पात्रको रूपमा उपस्थित भएको छ । उसको यो प्रवृत्तिमा परिवर्तन भएको छैन । यस कथाको शारदा आफ्नो श्रीमान् हरिभक्तको परिश्रमबाट आएको पैसाबाट सन्तुष्टि हुने पात्रको रूपमा उपस्थित भएको छ ।

'भिनाजुको करामत' कथाको प्रभुनाथले आफ्नो साली कल्पनालाई कान्छी श्रीमती बनाउन चाहेको कारण कल्पनालाई कवि गोष्ठीमा उसले प्रथम बनाएको छ । प्रभुनाथको कल्पनाप्रतिको कुदृष्टि परिवर्तन भएको छैन ।

'मुखभरिको जवाफ' कथाको प्रकाश एक साँचो प्रेमीका रूपमा उपस्थित भएको छ । उसलाई गरिब भएको कारण शान्ताको बाबुले बेइज्जत गरे पनि उसको शान्ताप्रतिको मायामा परिवर्तन आएको छैन । कथाको जसमान र उसकी श्रीमती आफ्नो छोरीको विचारलाई कदर नगर्ने पात्रको रूपमा उपस्थित भएका छन् ।

### ४.३.५ अनुकूल पात्र

कथामा सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल वा सत् पात्र हो । रविमान लमजेलका विभिन्न कथाहरूका पात्रहरू अनुकूल पात्रका रूपमा रहेका छन् । जसलाई यहाँ यसरी प्रस्तुत गरिएको छ ।

'धनबहादुरको प्रतिशोध' कथाको धनबहादुरले कसैलाई पनि असर पुऱ्याउने काम नगरेको कारण ऊ अनुकूल पात्र हो । उसले कथाको अन्त्यमा चुच्चे साहुको अन्याय विरुद्ध लडी सम्पूर्ण गाउँलेहरूलाई स्वतन्त्रतापूर्वक बाँच्ने वातावरण मिलाई दिएको छ । यस कथाको किशोरमान गरिब वर्गको पक्षमा बोल्ने र गरिब गाउँलेहरूलाई शिक्षादीक्षा दिने पात्रको रूपमा उपस्थित भएको छ ।

'तीतो प्रतिक्रिया' कथाको सुब्बा जेठोले गाउँका मानिसहरूको सहयोगमा खेत रोपेको छ । ऊ कसैको पनि कुभलो नचिताउने सत् पात्रको रूपमा उपस्थित भएको छ । अजय जर्कटे साहुको शोषण प्रवृत्तिको अन्त्य गर्न सफल भएको छ । उसले साथीहरूको सहयोगमा जर्कटे साहुलाई थुनामा हाल्न सफल पात्रको रूपमा उपस्थित भएको छ ।

'चुनाव' कथाको श्यामकर्णले गरिब गाउँलेहरूको सहयोग पाएर चुनाव जितेर देउरानारयणको घमण्डलाई तोड्न सफल भएको छ । यही कारण देउनारायणको शोषण प्रवृत्तिको पनि अन्त्य भएको छ ।

'पराजयपछिको विजय' कथाको हरिशरण आफ्नो ना.सु. पदको जागिर समेत छोडेर बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि सभा, जुलुस र भाषणमा भाग लिने अनुकूल पात्रको रूपमा उपस्थित भएको छ । ऊ सधैं गरिब र निमुखा जनताको पक्षमा रहेको पाइन्छ ।

'मूल्याङ्कन' कथाको कुलनाथले देशका गरिब जनताको लागि जीवन समर्पित गरेको हुन्छ । ऊ उदारवादी र क्रान्तिकारी पात्रको रूपमा उपस्थित भएको छ ।

'दृढ निश्चय' कथाको दिलीपले आफ्नो बाबुआमाको कुरा सुनेर सावित्रीलाई धोका दिन खोजे पनि अन्त्यमा उसले सावित्रीको साँचो प्रेम देखेर सावित्रीलाई बिहे गर्ने निर्णय गरेको छ । उसले आफ्नो प्रेमलाई सफल पारेको छ । कथाकी सावित्री कसैलाई पनि नराम्रो व्यवहार नगर्ने पात्रको रूपमा उपस्थिति भएकी छ । उसले दिलीपको शर्मिलासँग बिहे हुने कुरा सुने पनि उसको मनमा दिलीपप्रति नकारात्मक भावना जागेको छैन । उसले सधैं दिलीपलाई आदर गरेकी छ ।

'मुद्दा' कथाको 'म' (हृदयप्रसाद) एक भलाद्मी प्रशासकको रूपमा उपस्थित भएको छ । उसले लमजडीप्रसादलाई भ्रष्टाचार गरे वापत् जेलमा थुनेको छ । यही कारण 'म' पात्र अनुकूल पात्र हो ।

'ओझेलमा परेको इतिहास' कथाको 'म' (नवीन) आफ्नो दिदी गंगालाई मुम्बईको कोठीबाट निकालि गंगालाई नारकीय जीवनबाट मुक्त गरेको छ । उसले गंगाका सहयोगमा गंगालाई मुम्बईमा पुऱ्याउने आफ्नो बाबु र मीत दाजु धनपति शर्मालाई थानामा पुऱ्याउन सफल भएको छ । कथाको गंगा चाहिँ आफ्नो भाइको सहयोगबाट मुम्बईको कोठीबाट निस्केपछि उसलाई मुम्बईमा नारकीय जीवन भोग्न बाध्य तुल्याउने फटाहाका विरुद्धमा लडेकी छ ।

'प्रतिबद्धता' कथाको मानध्वज खालिङ घोसे साहुको अन्यायको प्रतिकार गर्न सक्षम पात्रको रूपमा उपस्थित भएको छ । उसले घोसे साहुलाई एक चड्कन गालामा दिएर घोसे साहुको अन्यायको प्रतिकार गरी सम्पूर्ण गाउँलेहरूलाई घोसे साहुको शोषणबाट मुक्त गराएको छ ।

'न्यायको तराजु' कथाको तुङ्गप्रसादले टंकनाट साहुको अन्याय, अत्याचार सहेर बसेको हुन्छ । ऊ कसैको पनि विरोध गर्दैन बरु टंकनाथ साहुको अन्याय सहेर बस्ने पात्रको रूपमा उपस्थित भएको छ । कथाको कान्छा सुब्बा चाहिँ गाउँका गरिबहरूलाई सहयोग गर्ने पात्रको रूपमा उपस्थित भएको छ । उसले तुङ्गप्रसादलाई साहुले घरबाट निकालि दिँदा तुङ्गप्रसादलाई उसको कटेरामा बास बस्न दिएको छ ।

'शंका निवारण' कथाको चतुरमानले कान्छा महाजनको शोषण प्रवृत्तिको अन्त्य गरी सम्पूर्ण गाउँलेहरूलाई मुक्तिको श्वास फेराएको छ । उसले कान्छा मुखियालाई कुटेर तह लगाएको छ । पुकुली चाहिँ आफ्नो श्रीमानको भलो चाहने पात्रको रूपमा उपस्थित भएकी छ ।

'ठीक बाटो' कथाको हर्कराजले जेलबाट निस्किए पछि भ्याकुरे साहुलाई आमा धनमायाको खुट्टा समाएर माफ माग्न लगाएको छ । उसले पनि भ्याकुरे साहुको गालामा एक चड्कन दिएको छ । यही घटनाले गर्दा भ्याकुरे साहुको शोषण प्रवृत्ति हराएर गएको छ । कथाको धनमायाले आफ्नो छोरा हर्कराजलाई बुढेसकालको सहारा मानेको कारण हर्कराज जेलमा पर्दा उसलाई एकदमै पीर परेको छ र हर्कराज जेलबाट निक्लि भ्याकुरे साहुसँग बदला लिदा ऊ खुसी भएकी छ ।

'खुसीले भरिएको हृदय' कथाकी सविना झपापाको मालपोत कार्यालयमा अधिकृत भएपछि उसले आफ्नो बुढेसकालका बाबुआमालाई पनि झापामा सुख साथ राख्न बोलाएकी छ । उसले आफू अधिकृत भएर पनि गाउँका बाबुआमालाई बिर्सेकी छैन ।

'आदर्श शिक्षिका' कथाकी विमलाले केरेपे प्राथमिक विद्यालयमा प्रवेश गरे पछि विद्यालय र गाउँ दुवैमा परिवर्तन आएको छ । उसलाई भेट्न गाउँका सर्वसाधारणदेखि नेता, कर्मचारी समेत आएको पाइन्छ । गाउँका विद्यार्थी, अभिभावक सबै जना ऊबाट प्रभावित भएका छन् ।

'नयाँ क्षितिजको खोजी' कथाकी ज्योति धनी बाबुकी छोरी भएर पनि उसले गरिब साथीहरूसँग संगत गरेकी छ । उसलाई गरिबहरूसँग व्यवहार नगर्न आदेश भए पनि उसले नारा, जुलुसमा हिड्दै नारी जागरणको कुरा गरेकी छ । ज्योतिले आफ्नो धनी बाबुको घमण्ड तोड्न सफल बनेकी छ । कथाको गणेश सहयोगी भावनाले युक्त पात्रको रूपमा उपस्थित भएको छ । उसले ज्योतिलाई दुई पटक

गुण्डाको कब्जाबाट जोगाउन सफल भएको कारण ऊ ज्योतिको मनमा बस्न पनि सफल भएको छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथाको 'म' (नरेश) दुःखमा परेको प्रेमप्रसादलाई सहयोग गर्ने पात्रका रूपमा उपस्थित भएको छ । उसले प्रेमप्रसादको कहिले दाउरा किनिदिएर कहिले पैसा दिएर उसलाई सहयोग गरेको छ । उसकै सल्लाहमा प्रेमप्रसाद लाहुर पनि गएको छ । कथाको प्रेमप्रसाद गरिब र सोझो भएको कारण नै उसलाई राते साहुले दुःख दिएको छ । उसले लाहुरबाट आए पछि गाउँका शोषकहरूलाई तह लगाउने कुरा उल्लेख गरी 'म' पात्रलाई चिठी लेखेको छ ।

'हाकिमको कुटनीति' कथाको 'म' (हरिकृष्ण) ले खरदार जागिर पाए पछि उसले यो खुसी सम्पूर्ण साथीहरूलाई बाँडेको छ । उसले जागिरबाट प्राप्त पैसाले बारी किन्ने, घर बनाउने, विवाह गर्ने आदि सपना देखेको छ ।

'कागजी बाघ' कथाको रामवीरे कसैको अन्याय नसहने पात्रको रूपमा उपस्थित भएको छ । गाउँको साहिला मुखियाको अन्याय बढ्न थाले पछि उसले त्यसको प्रतिकारमा साहिला मुखियासँग झगडा गरी उसलाई गाउँ छोड्न बाध्य बनाएको छ र गाउँलेहरूलाई साहिला मुखियाको अन्यायबाट मुक्त गराएको छ । साहिली मुखिनी भने आफ्नो श्रीमान् साहिला मुखियाको गरिब गाउँलेहरूलाई शोषण गर्ने प्रवृत्तिप्रति रुष्ट देखिएकी छ ।

'आफूले रोजेको बाटो' कथाकी ललिताले बाबुको इच्छा बमोजिम दुर्गाप्रसादसँग विवाह गरेकी हुन्छ तर दुर्गाप्रसादले ललितालाई शारीरिक तथा मानसिक पीडा दिन थाले पछि उसले दुर्गाप्रसादलाई त्यागेर हरिलाल सोताङलाई आफ्नो जीवन साथीको रूपाम स्वीकारेकी छ । उनीहरूको दाम्पत्य जीवन सुखमय साथ बितेको पाइन्छ । हरिलाल सोताङले दुःखमा परेकी ललितालाई जीवन संगिनीको रूपमा वरन गरेर उसले ललितालाई नयाँ जीवन दिएको छ ।

'जनआन्दोलनको तस्वीर' कथाका लाक्पा शेर्पा र बखत सिंहले जनआन्दोलनमा सुरक्षाकर्मी भएर आफ्नो ड्युटी इमान्दारीका साथ निभाएका हुन्छन् । उनीहरू सुरक्षाकर्मीको पदबाट खारेज भए पछि सर्वसाधारण जनता सरह जनआन्दोलनमा सरिक भएका छन् ।

'निधारको खत' कथाका 'म' (सुरज) र विपनाले मीत भाइलाई आर्थिक सहयोग गरेर जापान पठाएको छ । उनीहरूले परिश्रमले कमाएको पचास हजार दुर्गेशलाई दिएर सहयोग गरेका छन् । 'म' पात्र र विपना सहयोगी भावनाले युक्त पात्रका रूपमा उपस्थित भएका छन् ।

'आभास' कथाको 'म' पात्र कसैको पनि कुभलो नचिताउने पात्रको रूपमा उपस्थित भएको छ । कथाको भक्तबहादुरले दुर्योधन साहु जस्तो गरिबमारालाई तह लगाएको छ। उसले दुर्योधन साहुलाई कुटेरै भए पनि आफ्नो परिश्रमको मोल लिएको छ।

'स्थिर धरातल' कथाकी 'म' (संगीता) ले आफ्नो बाबुआमाको करकापमा जगतप्रसादसँग बिहे गरेकी हुन्छ तर उसको 'म' पात्रप्रति नराम्रो व्यवहार भएको कारण 'म' पात्रले जगतप्रसादलाई छोडेर थिरलाल रसाइलीलाई आफ्नो श्रीमान्को रूपमा स्वीकार गरेकी छ । उसले जगतप्रसादलाई छोडेर थिरलाल रसाइलीसँग अन्तरजातीय बिहे गरी सुख साथ जीवन चलाएकी पाइन्छ। थिरलाल रसाइलीले 'म' पात्रलाई धेरै कुरामा सहयोग गरेको र अन्त्यमा अन्यायमा परेकी 'म' पात्रलाई जीवन संगिनीको रूपमा स्वीकार गरेको छ ।

'सहिद दिवस' कथाको जगत् सिंहले सहिदहरूप्रति सम्मान गर्दै सहिदहरूले देखाएको बाटोमा हिड्नु पर्ने कुरालाई उल्लेख गरेको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथामा छिरिङ शेर्पाले इमान्दारपूर्वक ठेकेदार काम गरी आफ्नी श्रीमती लाक्पाको सुन फिर्ताका साथै नाफा स्वरूप आएको रकम पनि श्रीमतीलाई दिएको छ । कथाको लाक्पा भने आफ्नो श्रीमानलाई ठेक्का पट्टा गर्न आफ्नो सुन दिएर सहयोग गर्ने श्रीमतीको रूपमा उपस्थित भएकी छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथाको श्यामकृष्ण आसामबाट फर्केपछि पुनः पढेर एस.एल.सी. पास गरेर आयोग भिडी शिक्षक भएको छ । उसले आसामबाट फर्केपछि आफ्नो गरिब आमाबाबुलाई छक्याएर पैसा लिने च्यासे साहुलाई तह लगाएर पैसा फिर्ता लिएको छ । उसले गाउँमै आफ्नो बाबुआमालाई सहयोग गरी शिक्षक पेसामा लागेर सुखमय साथ जीवन चलाएको छ । कथाको जेठा सुब्बा गाउँका गरिबहरू दुःखमा पर्दा सहयोग गर्ने पात्रका रूपमा उपस्थित भएको छ । उसले श्यामकृष्णको बाबुआमालाई बास दिएको छ ।

'जनयुद्धको विजय' कथाको अनिल मयूरध्वजको कारण तीन वर्ष हराएर फेरी गाउँमा आएको छ । उसले मयूरध्वजबाट आफ्नो पैसा फिर्ता लिएको छ । उसले गाउँलेहरूको सहयोगमा शोषक मयूरध्वजलाई ठीक बाटोमा ल्याएको छ । कथाको अनिताले आफ्नो छोरा अनिललाई सुरक्षाकर्मीबाट बचाएकी छ । उसले आफ्नो तीन वर्षसम्म हराएको छोरा पाउँदा खुसी व्यक्त गरेकी छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाको 'म' (सुशील) ले आफ्नो काका कृष्णलाई बाबुको स्थानमा राखेको हुन्छ । ऊ एस.एल.सी. पश्चात् काकाको घरमा बसेर पढ्ने सोच बनाएर काठमाडौं जाँदा उपहार स्वरूप दुई प्याकेट चियापत्ति पनि लगिदिएको छ । कथाको 'म' पात्रको आमा गरिब भए पनि आफ्नो देवर कृष्णलाई बिहे गर्नका लागि आर्थिक सहयोग गरेकी छ । ऊ कृष्णले काठमाडौंमा जागिर पाउँदा खुसी भएकी छ ।

'हात्तीको देखाउने दाँत' कथाको हरिहर सिंहले दिलेन्द्र गुरुले आफूलाई चाकडी गरे वापत् उसलाई खाद्य संस्थानको महाप्रबन्धक पदमा मनोनित गरिदिएको छ । हरिहर सिंहले एक मामुली शिक्षक दिलेन्द्र गुरुलाई महाप्रबन्धक पदमा नियुक्ति गराई दिएको छ ।

'नक्कली मयूर' कथाकी नानीमैयाले आफ्नो साचो प्रेमलाई सफल बनाउन यमनाथसँग गएकी छ । यमनाथ गरिब भए पनि नानीमैयाले उसलाई साचो प्रेम गरेकी कारण उसकी श्रीमती हुन स्वीकार गरेकी छ । नानीमैयालाई बिहे प्रशचात यमनाथले वास्ता नगर्दा पनि उसले कनै प्रतिकार गरेकी छैन ।

'कोपभाजन' कथाको विमललाई काठमाडौंको खरदार जागिरले परिवारलाई पाल्न नपुग्ने कुरा थाहा पाउँदा पाउँदै पनि उसले आफ्नी श्रीमती नीरालाई पनि काठमाडौं ल्याएको छ । विमलले नीराको मनलाई बुझेर एक सच्चा श्रीमान् भएको कारण उसलाई पनि काठमाडौंमा आफूसँगै ल्याएको छ । कथाकी नीरा घरमा जे जति कुराको अपुग भए पनि आफ्नो श्रीमान्प्रति रुष्ट नहुने पात्रको रूपमा उपस्थित भएकी छ ।

'सिफारिस' कथाको 'म' (विमल) खरदार भएको कारण उसलाई तलव दिनको लागि सधै हाकिमले झुल्याउने गरेको हुन्छ । उसले आफ्नो परिश्रमको रकम हाकिमलाई मन्त्रीको नक्कली चिठी देखाएर भए पनि लिएको छ । यस कथामा 'म'

पात्रले आफ्नो तलवको रकम अनेक पटक हाकिमलाई विन्ती गर्दा पनि नपाए पछि जुक्ति लगाएर आफ्नो रकम प्राप्त गरेको छ ।

'स्वभिमानको परिचय' कथाको 'म' (इन्द्रकुमार) पढेर आफ्नो बुढा आमाबाबुलाई स्याहार्दै गाउँको सेवा गर्ने अठोट लिएको पात्रको रूपमा उपस्थित भएको छ । धनहाङ बाजेको कुरा सुने पछि 'म' पात्रले आफ्नो सोच परिवर्तन गरी गाउँमै बसेर गाउँको विकास गर्ने निर्णय गरेको छ । कथाको धनहाङ बाजे गाउँका युवाहरूलाई गाउँको विकास गर्न अर्ति उपदेश दिने पात्रको रूपमा उपस्थित भएको छ । धनहाङ बाजेको छोरा सहरमा पढेर सहरमै बसेको तर गाउँमा नफर्केको कारण ऊ चिन्तित भएको छ ।

'खास मान्छेहरूको आगमन' कथाको खास मान्छेहरू गाउँका शोषक वर्गहरूलाई तह लगाउँदै हिड्ने विप्लवी पात्रका रूपमा उपस्थित भएका छन् । उनीहरूले नरवीर साहुले गरेको कृकृत्युहरूको भण्डाफोर गर्दै गरिबहरूलाई तर्साएर लगेको जग्गा जमीन फिर्ता गर्ने कवुल गराएर थप्पड लगाएर उसलाई छोडेका छन् । यस घटनाले नरवीरको शोषक प्रवृत्ति अन्त्य भएको छ ।

'युगको माग' कथाको बलभद्रले टुहुरी जमुना विश्वकर्मासँग अन्तरजातीय बिहे गरेको छ । बिहे अघि बलभद्रले नोकर्नी जमुनालाई आफ्नो कोठामा राखेर पठाएको हुन्छ । उसको नजरमा धनी, गरिब, सानो जात, ठूलो जात केही होइन सबै मानिस एकै भएको कारण उसले आफ्नै घरकी टुहुरी गोठाल्नी जमुना विश्वकर्मालाई सहारा दिएर जीवन संगिनीको रूपमा स्वीकार गरेको छ ।

'नयाँ जीवनको सुरुवात' कथाको कल्पनाले आफ्नो श्रीमान् पीताम्बरको दिन रातको दुर्व्यवहारका कारण उसले पीताम्बरलाई त्यागेर प्रभाकरलाई वरन गरेकी छ । उसले प्रभाकरलाई श्रीमान्को रूपमा पाउँदा खुसी भएकी छ भने प्रभाकरले आफूले दुःखमा होमिएकी कल्पनालाई सहयोग गर्न पाउँदा खुसी भएको छ ।

'खुशामद' कथाको खेमराजले आफूलाई चुनावमा सहयोग गर्ने कार्यकर्ता चण्डेश्वरलाई आफू मन्त्री हुँदा पनि बिर्सिएको छैन । उसलाई चण्डेश्वरले चुनावमा धेरै सहयोग गरेको कारण आफू मन्त्री भए पछि चण्डेश्वरलाई प्र.जि.अ. बनाइ दिएको छ ।

'सन्यास' कथाको उत्तमप्रसादले मन्त्री आलोक सिंहको बढाइ चढाइ गरेर जीवनी लेखेको कारण उत्तमप्रसाद प्रतिकूल पात्र जस्तो देखिए पनि ऊ अनुकूल पात्र नै हो ।

उसले आलोक सिंह जस्तो तस्करीको बढाइ चढाइ जीवनी लेखेको कारण ऊ आफ्नो साहित्यकार मित्रहरूबाट पनि अपमानित हुन पुगेको छ । यही कारण उत्तमप्रसादले साहित्य साधनाबाट सन्यास लिई आफ्नो गल्तीको प्रायश्चित गर्दै बसेको छ ।

'विवेकको खडेरी' कथाको विमल र विनिता चर्चित पत्रकारका रूपमा उपस्थित भएका छन् । पत्रकारितामा कहिल्यै पनि जस पाउन नसकेको कारण विमलले पत्रकारिता पेसाबाट बिदा लिई व्यापारी भएर ऐस आरामका साथ जिन्दगी बिताएको छ भने विनिता चाहिँ पत्रकारिता पेसामै लागेर आफ्नो जिन्दगी अगाडि बढाएकी छ ।

'अन्तर्ध्वनी' कथाको गुरुजीलाई शिक्षक पेसा छोडेर गाडीमा अनेकौं यात्रुहरूलाई बोकेर ओहर दोहर गर्न पाउँदा खुसी लागेको छ । उसले शिक्षक पेसामा योग्यताको उचित कदर भएको नपाउँदा आफ्नो शिक्षक पेसालाई छोडेर गाडी चलाउन थालेको छ । उसले वी.ए. पास गरेर पनि गाडी चलाउने पेसा अवलम्बन गरेकोमा ऊ सन्तुष्ट देखिएको छ । कथाको मचाहिँ सबैलाई राम्रो व्यवहार गर्ने पात्रका रूपमा उपस्थिति भएको छ । 'म' पात्रको जीवनमा पनि गुरुजीको जीवनमा घटेको जस्तै घटना घटेको छ । उसले त्यसको प्रतिकार गर्न सकेको छैन ।

'जन्तरे काका' कथाको जन्तरे काका इमान्दार व्यक्तिको रूपमा उपस्थित भएको छ । ऊ आफू अनपढ र गरिब भएको कारण साहुले ऊ माथि शोषण गरेको हुन्छ । त्यसैले आफ्ना सन्तानहरूले यस्तो दुःख नपाउन भनी उसले सबैलाई अर्ति उपदेश दिएको छ । जन्तरे काकाले नयाँ जमाना आएकोले सङ्घर्ष गरी अघि बढ्नु पर्ने कुरा सबै गाउँलेहरूका माझ उल्लेख गरेका छन् ।

'टुक्रिएको सपना' कथाकी सरुले मन्त्रीको भाइसँग बिहे गरेको कारण उसको भागमा दुईवटा विल्डिङ परेको हुन्छ । ऊ सुखी भएको कारण आफ्नो बुढेसकालका बाबुआमालाई पनि सुख दिनका लागि काठमाडौँमा झिकाएकी हुन्छ । सरुले आफ्नो सुख आफ्नो गाउँका बाबुआमालाई पनि बाँड्न चाहेकी छ । कथाका जसराज र टीकादेवी आफ्नी छोरीको सुखमा रमाउने र दुःखमा दुःखी हुने बाबुआमाको रूपमा उपस्थित भएका छन् । उनीहरूले आफ्नो छोरीले सधैं सुख पाओस् भन्ने सपना देखेका हुन्छन् ।

'चाकडी' कथाको नारायणप्रसाद हाकिम भए पनि उसले सम्पत्ति कमाएको छैन । उसको घरमा सधैं पैसाको आवश्यकता भएर पनि उसले कसैबाट घुस

लिएको छैन । नारायणप्रसादले न त आफू भन्दा तल्लो पदका कर्मचारीहरूलाई अन्याय नै गरेको छ न त उसले घुस नै लिएको छ । प्रस्तुत कथामा ऊ सोझो र इमान्दार हाकिमको रूपमा उपस्थित भएको छ ।

'अस्मिताको सङ्घर्ष' कथाकी रूपा कसैको अन्याय नसहने पात्रको रूपमा उपस्थित भएकी छ । उसले दाह्रे साहुलाई कुटेर सम्पूर्ण गाउँका मानिसहरूलाई स्वतन्त्रपूर्वक बाँच्ने वातावरण मिलाई दिएकी छ । उसले गाउँका बूढी र तरुनी आइमाईहरूलाई उचित किसिमका शिक्षा दिने गरेकी छ । उसले गाउँका गरिब र अशिक्षित वर्गका मानिसहरूलाई सहयोग गरेकी छ ।

'विदेशको सपना' कथाको 'म' (डगेन्द्र) साथीहरूको लहैलहैमा लागेर ऋण लिएर विदेश जानको लागि काठमाडौँ गएको हुन्छ तर विदेश हिड्न एक दिन मात्र बाँकी रहेको हुन्छ, उसको पैसा हराएर ऊ अलमलमा परेको छ । ऊ काठमाडौँको एक होटेलमा काम गरेर बसेको छ ।

'उत्सर्गको बाटो' कथाकी अनुपाले मानिस भएर मानिसको दायित्व पूरा गरेर बाँच्न सक्नु पर्छ भन्ने कुरा व्यक्त गरेकी छ । ऊ आफ्नो श्रीमान् र छोरीको छ महिना भित्र मृत्यु भएर एक्ली हुँदा पनि आत्तिएकी छैन बरु आफ्नो श्रीमान्ले पूरा गर्न नसकेको काम पूरा गर्न लागेकी छ । कथाको भीम सिंह धनी गरिब बीचको असमानता नचाहने पात्रको रूपमा उपस्थित भएको छ । उसको सरलपन र इमान्दारिताका कारण ऊबाट गाउँलेहरू प्रभावित भएका थिए ।

'बालुवाको घर' कथाको हितमान विश्वकर्माले नेताहरूको पछि लागेर हिड्दा आफूलाई केही प्राप्त नहुने कुरा थाहा पाए पछि आफ्नै ठाउँबाट दलित उत्थान सङ्घ खोलेर जातीय मुक्तिमा लाग्ने विचार गरेको छ ।

'उज्ज्वल भविष्यको सपना' कथाको दलजित हण्डर खाएर आसामबाट फर्के पछि उसले आफ्नै गाउँमा खेतीपाती गरेको छ । उसले गाउँका विविध सामुदायिक काममा भाग लिने गरेको छ । उसले आफू अशिक्षित भएको कारण दुःख भोग्नु परेकोले आफ्नो छोराछोरीहरूलाई बिना भेदभाव विद्यालय पठाएको छ ।

'मोलतोल' कथाकी शारदा आफ्नो श्रीमान्को कुकृत्यप्रति असन्तुष्ट भएकी छ । ऊ स्रष्टाको सम्मान नभएकोमा दुःखी भएकी छ साथै साहित्यमा चल्ने गरेको सौदावाजीप्रति शारदा रुष्ट देखिएकी छ ।

'भिनाजुको करामत' कथाकी रीमाले प्रभुनाथको असली रूपलाई चिनेकी छ । प्रभुनाथले कल्पनालाई आफै कविता लेखि दिएर आफै निर्णायक मण्डलमा बसेर कवि गोष्ठीमा उसलाई प्रथम बनाएकोमा रीमाले असन्तुष्टि व्यक्त गर्दै प्रभेनाथको नकारात्मक कार्यप्रति विरोध पनि गरेकी छ ।

'मुखभरिको जवाफ' कथाकी शान्ताले प्रकाशलाई हृदयदेखि नै चाहेकी हुन्छ । प्रकाश गरिब भएको कारण शान्ताको बाबुले उसलाई आफ्नी छोरी शान्ता दिएको हुँदैन । शान्ताले आफ्नो मनले चाहेको प्रकाशलाई प्राप्त गर्नको लागि बाबुआमाको घर त्यागेर प्रकाशसँग गएकी छ । कथाको प्रकाश चाहिँ धनको गरिब भए पनि मनको धनी पात्रको रूपमा उपस्थित भएको छ । उसलाई शान्ताको बाबुले अपमान गरे पनि शान्तालाई जीवनसाथीको रूपमा स्वीकार गरेको छ ।

### ४.३.६ प्रतिकूल पात्र

कथामा नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत् पात्र हो । रविमान लमजेलका विभिन्न कथाका पात्रहरू प्रतिकूल पात्रका रूपमा उपस्थित भएका छन् । जसलाई यसरी प्रस्तुत गरिएको छ ।

'धनबहादुरको प्रतिशोध' कथाको चुच्चे साहुले सधै गाउँका गरिब र सोझा गाउँलेहरूप्रति अन्याय गरेको छ । उसले विरामी श्रीमती रुँगेर बसिरहेको धनबहादुरलाई जबर्जस्ती धरानमा भारी बोक्न लगेको र त्यही समय उसकी श्रीमती मरेकी कारण धनबहादुरले आफ्नी प्राण भन्दा प्यारी श्रीमतीको अन्तिम दाहसंस्कार गर्न पाएको हुँदैन । यसरी कथाको चुच्चे साहुले गरिब गाउँलेहरू माथि सधै आफ्नो अधिकार लागु गरेको छ ।

'तीतो प्रतिक्रिया' कथाको जर्कटे साहुले आफूले फर्काएको पानी सुब्बा जेठोले फर्काएर उसको खेतमा हालेको कारण उसलाई नक्कली प्रहरी लगाई पक्रेर थानातिर लागेको र आधि बाटोमा पुगे पछि अनेक डर देखाएर पाँच सय तिर्न सुब्बा जेठोलाई बाध्य बनाएको छ । यसरी जर्कटे साहुले गाउँका गरिब जनताप्रति सधै ठग्ने गरेको पाइन्छ ।

'चुनाव' कथाको देउनारायण प्रधानपञ्च भएपछि उसको अत्याचारले सीमा नाघेको हुन्छ । उसले तेस्रो पटकको चुनाव पनि छलबलले जितेको हुन्छ । उसले

आफूसँग प्रतिवाद गरेको कारण श्यामकर्णलाई जेलमा हालेको र जेलको म्याद थप्नको लागि देउनारायणले हाकिमलाई घुस समेत दिएकी छ ।

'पराजयपछिको विजय' कथाको हाकिमले आफू भन्दा तल्लो पदको कर्मचारीहरूलाई आफ्नो अधिकारमा राखेको छ । उसले हरिशरण जुलुसमा गएको कारण मन्त्रालयमा गोप्य चिठी लेखेर हरिशरणलाई जागिरबाट निकालि दिएको छ ।

'मूल्याङ्कन' कथाको डम्बर सिंह शोषक प्रवृत्तिको पात्रको रूपमा उपस्थित भएको छ । उसले गाउँका गरिबहरू माथि अन्याय गरेको छ । उसले गरिबको लागि जीवन समर्पित गर्ने डम्बर सिंहलाई प्रहरी लगाएर कुटाएको छ ।

'दृढ निश्चय' कथाकी शर्मिलाको प्रकाशसँग बिहे हुने कुरा भए पनि उसले प्रकाश गरिब भएको कारण घृणा गरेकी छ । उसले आफ्नो हुनेवाला श्रीमान् प्रकाशलाई फटाहाको संज्ञा दिएकी छ । ऊ प्रकाशको छेउमा उभिन पनि चाहेकी छैन ।

'मुद्दा' कथाको लुमजडीप्रसादले जि.शि.अ. हुँदा कैयौं शिक्षकहरूबाट घुस लिएको हुन्छ । उसले भ्रष्टाचार गरे वापत् अख्तियारमा मुद्दा परेकोले ऊ जेलमा थुनिएको छ ।

'आफ्रेलमा परेको इतिहास' कथाको धनपति शर्माले आफ्नो मीत बहिनी गंगालाई सिलगढी घुम्न लाने वाहनामा उसले गंगालाई त्यही बेचेर नेपाल फर्केको छ । उसले गंगालाई मुम्बईमा नारकीय जीवन बिताउन विवश पारेको छ । उसले गंगा लगायत अन्य कैयौं नेपाली चेलीहरूलाई मुम्बईमा पुऱ्याएर त्यस वापत् आएको पैसाले जग्गा किनेको छ । कथाकी गंगाको बाबुले आफ्नी कान्छी श्रीमतीको कुरा सुनेर गंगालाई डाँडो कटाइ दिनु भनेर धनपति शर्मालाई पैसा दिएको छ ।

'प्रतिबद्धता' कथाको घोसे साहुले असार भरि खोलाको पानी उसको पेवा पारेको हुन्छ । कसैले अलिकति पानी फर्काएमा उसले प्रहरी लगाएर कुटाउने गरेको छ । उसले अन्य गाउँलेहरूको खेतीपाती विग्रे पनि कुनै वास्ता गरेको छैन । उसले जहिले पनि गरिब गाउँलेहरू माथि शोषण गरेको छ ।

'न्यायको तराजु' कथाको टंकनाथ साहुले गरिब र अनाथ तुङ्गप्रसादलाई छोरो समान माया गर्छु, संरक्षण गर्छु, बिहे गरिदिन्छु, घर जग्गा दिन्छु भनेर फकाई फुल्याई घरमा ल्याएको हुन्छ तर त्यसको विपरीत टंकनाथ साहुले ऊ माथि सधै अन्याय मात्र

गरिरहेको छ । टंकनाथ साहुले तुङ्गप्रसादलाई सात वर्ष काम गरेको तलब दिनु पर्छ भनेर आतङ्ककारीको आरोप लगाई सुरक्षाकर्मीलाई जिम्मा दिएको छ ।

'शंका निवारण' कथाको कान्छा महाजनले आफूलाई भगवान बराबर मान्ने चतुरमानलाई धोका दिएको छ । उसले चतुरमान जेलमा पर्दा चतुरमानकी श्रीमती पुकुलीलाई अनेक किसिमका डर र लोभ देखाएर आफ्नी बनाउन कोसिस गरेको छ । उसले नै सोझो चतुरमानलाई आतङ्कारी, फटाहा, चोर आदि भनेर जेलमा हालेको हुन्छ ।

'ठीक बाटो' कथाको भ्याकुरे साहुले हर्कराजको बाबुलाई भरीया बनाएर लैजाँदा उसको बाबुलाई खोलाले बगाएर लगेको हुन्छ । भ्याकुरे साहु "तेरो बाबुलाई ढाकरमा बोक्न बीस हजार रूपैया दिएको थिएँ, बगेर जाँदा सबै स्वाहा भयो, क्षतिपूर्ति लान्छु" भन्दै हर्कराजको खसी, हलगोरु लान खोजेको छ तर उसले लान नपाए पछि हर्कराजलाई ज्यान मार्ने अभियोग लगाएर जेलमा पठाउन सफल भएको छ ।

'खुसीले भरिएको हृदय' कथाको घटक सिंहले गाउँका गरिब माथि आफ्नो अधिकार जमाएको छ । सविनाले एक दिन उसको वस्तुभाऊ स्याहार नगरिदिदा घटक सिंहले उसलाई कुटेको छ । कथाको हाकिम दिपेशले आफू भन्दा तल्लो पदको कर्मचारीलाई अनैतिक व्यवहार गर्न खोजेको छ । उसले तल्लो पदको कर्मचारीलाई राम्रो व्यवहार गरेको छैन ।

'नयाँ क्षितिजको खोजी' कथाको साहु चन्द्रकिरण आफू धनाड्य भएको कारण उसले गरिबलाई घृणा गरेको छ । उसले आफ्नी छोरी ज्योतिलाई गरिबहरूसँग हिड्डुल गर्न, बोलचाल गर्न समेत अनुमति दिएको छैन । एक दिन गणेशले ज्योतिलाई बोलाएको मात्र थियो चन्द्रकिरणले म जस्तो धनीकी छोरीलाई बोलाउने तेरो औकात छैन भन्दै गणेशको सातो लिएको थियो ।

'अत्मविश्वासको क्षितिजतिर' कथाको राते साहुले प्रेमप्रसादले ऋण तिर्न नसकेको कारण असारको दिनमा आएर हलगोरु फुकाएर लगेको छ । राते साहुले गरिब प्रेमप्रसादलाई लाहुर जान बाध्य बनाएको छ ।

'हाकिमको कुटनीति' कथाको हाकिमले 'म' (हरिकृष्ण) लाई खरदारको जागिर मिलाई दिएको जस्तो गरी 'म' पात्रबाट उसले एक तोला सुन घुस लिएको

छ र एक महिनामै उसले 'म' पात्रलाई खरदारको जागिरबाट निकाली आफ्नो सालोलाई खरदार बनाएको छ ।

'कागजी बाघ' कथाको साहिला मुखियाले रामवीरेले काम गरेको ज्याला चाहिँ दिएको छैन बरु उल्टै आफ्नो हर हिसाब मिला भनी उसँग निहु खोजेको छ । उसले रामवीरेको घास काटि दिएको, दाउरा ओसारी दिएको, बारी जोति दिएको पैसा दिएको छैन । उसले सधै गरिबहरूको पसनामा मोज गरिरहेको छ ।

'आफूले रोजेको बाटो' कथाको दुर्गाप्रसाद शिक्षित श्रीमान् भएर पनि आफ्नी श्रीमतीको मर्मलाई बुझ्न नसक्ने पात्रको रूपमा उपस्थित भएको छ । उसकी श्रीमती ललिताले एक पटक भाइ, बहिनी र पिताजीलाई भेट्ने इच्छा ऊ समक्ष प्रकट गरेको कारण उसले निहु खोज्दै ललितालाई पिट्ने गरेको छ । दुर्गाप्रसादको नराम्रो बानी व्यहोराका कारण उसलाई दुईवटा श्रीमतीले छोडि सकेको र ललिता चाहिँ तेस्रो श्रीमती भएकी हुन्छ ।

'जनआन्दोलनको तस्वीर' कथाको हाकिमले सुरक्षाकर्मीमा इमान्दार साथ आफ्नो ड्युटी गरिरहेका लाक्पा शेर्पा र बखत सिंहलाई खारेज गरिदिएको छ । लाक्पा शेर्पा र बखत सिंहले जनआन्दोलनमा कुनै पनि आन्दोलनकारीलाई मार्न नसकेको कारण हाकिमले उनीहरूलाई सुरक्षाकर्मीको पदबाट खारेज गरिदिएको छ । ऊ आन्दोलनकारीलाई मार्न चाहने पात्रका रूपमा उपस्थित भएको छ ।

'निधारको खत' कथाको दुर्गेशले मीत दिदी र भिनाजुबाट पचास हजार ऋण लिएर जापान गएको र जापानबाट फर्के पछि 'म' पात्रले दुर्गेशलाई पैसा माग्दा उल्टै निहु खोजेर झगडा गरेको छ । 'म' पात्रले पैसाको कुरा गर्दा उसले "तपाई जस्ताको धन नतिर्दा के हुन्छ ? तपाई शोषक जाली, विद्यालय नगई ठगेर कमाएको सम्पत्ति" (लमजेल, २०६९ : ४८) भनी भए नभएको आरोप लगाएको छ । अन्तमा दुर्गेशले 'म' पात्रको पच्चीस हजार मात्र तिरेको छ ।

'आभास' कथाको दुर्योधन साहुले भक्तबहादुरलाई नागरिकता निकालि दिने, एक पाटो बारी दिने र बिहे गरिदिने आश्वासन दिएर घरमा ल्याएको हुन्छ तर दुर्योधन साहुले आफूले भनेको केही कुरा पनि पूरा गरिदिएको छैन । उसले उल्टै भक्तबहादुरलाई दुई वर्ष हलो जोताएर पैसा पनि दिएको छैन । यही कारण भक्तबहादुरले दुर्योधन साहुको घर छोडी छापामार साथीहरूसँग मिसिन पुगेको छ ।

'स्थिर धरातल' कथाको जगतप्रसादले एम.ए. सम्मको उच्च शिक्षा हासिल गरेर शिक्षित भए पनि उसको नारीप्रति हेर्ने दृष्टिकोण नकारात्मक प्रकारको रहेको छ । उसले जेठी श्रीमती घरमा हुँदाहुँदै पनि 'म' (संगीतालाई) छलेर बिहे गरेको छ । उसले 'म' पात्रलाई शारीरिक र मानसिक दुवै खालको पीडा दिएको छ । ऊ शिक्षित युवक भएर पनि उसले बहु विवाह गरेर नारीलाई खेलौनाको स्तरमा राख्न खोजेको छ ।

'सहिद दिवस' कथाको नन्दु सिंहले सुराकी बनेर जनआन्दोलन, गणतन्त्र र जनभावनाको कुठाराघात गरेको हुन्छ । उसले गाउँका सोझा र निमुखा जनताहरू माथि शोषण गरेको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथाको लेखापाल जगदीशले छिरिङ शेर्पा सोझो भएको कारण रकम दिनमा कैयौँ पटक झुल्याएको छ । छिरिङ शेर्पा आफ्नो रकम लिन कैयौँ पटक लेखापाल जगदीश समक्ष जाँदा कहिले के कहिले के भनेर उसले वाहना मात्र गरिरहेको छ । अन्त्यमा उसले छिरिङ शेर्पालाई आधा रकम घुस दिने भने मात्र रकम दिने कुरा व्यक्त गरेको छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथाको च्यासे साहुले श्यामकृष्ण आसाम भागेर जाँदा मेरोबाट सोह्र सय लगेर गयो भनी झुटो कुरा श्यामकृष्णको बाबु र आमालाई बताएर श्यामकृष्णको वस्तुभाऊ, घरजग्गा सबै लगेर उठीबास पारेको छ । च्यासे साहुले आफ्नो छोराछोरीलाई पास गराउनको लागि परीक्षा सञ्चालकलाई घरमै ल्याएर खसी काटेर मेजमान दिई चाकरीको घण्टी चौबिसै घण्टा बजाएको छ ।

'जनयुद्धको विजय' कथाको मयूरध्वजले आफूलाई मन नपरेको मान्छेलाई माओवादी भन्दै आरोप लगाई सुरक्षाकर्मीलाई झिकाउने गरेको छ । उसले अनिललाई माओवादीको आरोप लगाएको हुनाले सुरक्षाकर्मीको कारण अनिल साच्चिकै माओवादी बन्न बाध्य भएको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाको 'म' पात्रको काका कृष्णले आफूले काठमाडौँमा जागिर खाए पछि गाउँका आफ्नो प्यारो भतिज र भाउजूलाई बिर्सिएको छ । उसले काठमाडौँ जानु भन्दा अघि आफ्नो भतिजलाई भनेको कुरा पनि बिर्सि सकेको छ । कृष्णले धेरै वर्ष पछि आफूलाई भेट्न आएको भतिजलाई बेइज्जत गरेर घरबाट निकालि दिएको छ । उसको लागि आफन्त भन्दा पनि ठूलो पैसा भएको छ ।

'हात्तीको देखाउने दाँत' कथाको दिलेन्द्र गुरु पहिले सामान्य शिक्षक भएको र पछि गाउँलेहरूको सहयोगमा महाप्रबन्धक पदमा मनोनित भएको हुन्छ । ऊ महाप्रबन्धक भए पछि उसले पहिलाको आदर्श र त्याग सम्पूर्ण कुरा बिर्सेर दुई नम्बरीहरूसँग सम्पर्क बढाएको छ । उसले आफूलाई पहिले सहयोग गरेका गाउँलेहरूले विद्यालयको लागि आर्थिक सहयोग माग्दा उसले सहयोग गरेको छैन । यसरी दिलेन्द्र गुरु अवसरवादी व्यक्तिमा परिणत भएको छ ।

'नक्कली मयूर' कथाको यमनाथले आफ्नी श्रीमतीलाई भन्दा पनि आफ्नो पेसालाई माया गर्ने गरेको छ । बिहे अघि नानीमौयालाई धेरै माया गर्ने यमनाथले बिहे पछि भने उसको वास्ता गरेको छैन । नानीमैयाले आफूलाई भूसतिघ्रे केटाले दुःख दिएको कुरा यमनाथ समक्ष राख्दा उसले त्यो भूसतिघ्रे आफ्नो मेनेजर भएको र ऊ रिसायो भने उसको जागिर जाने कुरा गरेको छ । यमनाथले आफ्नी श्रीमतीको सतित्वलाई रक्षा गर्नु पर्नेमा उल्टै उसले आफ्नो जागिर बचाइ दिने कुरा प्रतिकात्मक रूपमा श्रीमतीसँग गरेको छ ।

'सिफारिस' कथाको हाकिमले खरदार 'म' पात्रलाई सधै ठगेको छ । 'म' पात्रकाले आफ्नो तलव माग्न जादा उसले कैयौँ पटक झुल्याएको छ । यसरी प्रस्तुत कथाको हाकिमको आफू भन्दा सानो पदको कर्मचारीलाई सधै झुल्याइ रहने प्रवृत्ति रहेको पाइन्छ ।

'स्वभिमानको परिचय' कथाको सुरेश माथि धनहाङ बाजेले धेरै सपना देखेको हुन्छ । धनहाङ बाजेले आफ्नो सपना पूरा गर्नका लागि आफ्नो छोरा सुरेशलाई उचित किसिमको शिक्षा दिएको हुन्छ तर सुरेशले धरानमा बिहे गरेर उतै जागिर खादै बसेको छ । सुरेशले आफ्नो बुढा आमाबाबुलाई वास्ता गरेको छैन । उसले बाबुको इच्छा विपरीत गाउँको सेवा नगरेर सहरमै बसेर गाउँ फर्केको छैन । उसले बुढेसकालका आमाबाबुलाई रुवाएको छ ।

'खास मान्छेहरूको आगमन' कथाको नरवीरले आफू प्रधानपञ्च हुँदा धेरै धनजनको क्षति गर्नुका साथै गाउँका चेलीबेटीहरूको अस्मितामा आँच पुऱ्याउने दुष्कार्य गरेको हुन्छ । उसको थानेदारसँग मिलेमतो भएको कारण उसको अन्याय विरुद्ध कसैले पनि आवाज उठाउन सकेको छैन । त्यसैले उसको अत्याचार दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

'युगको माग' कथाको चतुरे मुखियाले आफ्नी गोठाल्नी जमुना विश्वकर्मालाई उसको गोरु भीरबाट लडेर मर्दा तैले मारिस भनेर निर्ममतापूर्वक कुटेको छ । ऊ अन्ध परम्परा र रुढिवादी समाजमा हुर्केको हुनाले उसले अहिलेको आधुनिक युगको परम्परालाई स्वीकार गर्न सकेको छैन । उसको छोरो बलभद्रले आफ्नै नोकर्नी जमुना विश्वकर्मासँग अन्तरजातीय बिहे गरेको कारण उसले आफ्नो छोरासँग विद्रोह गरेको छ ।

'नयाँ जीवनको सुरुवात' कथाको पीताम्बरले बिहे अघि जाड रक्सी खादिन, जूवा तास खेल्दिन भनेर कल्पनासँग कसम खाएको हुन्छ तर बिहे पछि उसले गर्दिन भनी कसम खाएका सबै कुराहरू गर्न थालेको छ । कल्पनाले उसलाई सम्झाउँन खोज्दा उसले कल्पनालाई मरणासन्न हुने गरी कुटेको छ । ऊ धनको धनी भए पनि मनको चाहिँ गरिब भएको पाइन्छ ।

'खुशामद' कथाको चण्डेश्वरले चुनावमा बाहिरी रूपमा कैलाशनाथको कार्यकर्ता भए पनि भित्री रूपमा कैलाशनाथलाई धोका दिएर खेमराजको काम गरिदिएको छ । उसले नै मान्छेहरू लगाएर अप्रत्यक्ष रूपमा कैलाशनाथ र उसका कार्यकर्ताहरू माथि आक्रमण गराएको छ ।

'सन्यास' कथाको आलोक सिंहले आफ्नो जीवनी लेखि दिए वापत् पैसा दिने लोभ देखाएर उत्तमप्रसादलाई जीवनी लेख्न लगाएको छ तर आफ्नो परिश्रमको रकम उत्तमप्रसादले आलोक सिंहलाई माग्न जाँदा उल्टै सातो लिएको छ । यही घटनाको कारण उत्तमप्रसादले साहित्य जगतबाट बिदा लिएको छ । यसरी आलोक सिंहको कारण उत्तमप्रसादले साहित्यबाट सन्यास लिएको छ ।

'विवेकको खडेरी' कथाको महेन्द्रकान्तले सुरुमा विमल र विवेकलाई द्वैमासिक पत्रिका प्रकाशित गर्न प्रोत्साहन दिएको र प्रकाशित भए पछि ऊ सन्तुष्ट भएको छैन । विमल र विनिता विज्ञापन वापतको रकम संकलन गर्न र पत्रिका वितरण गर्न महेन्द्रकान्तकोमा गएको बेला उसले विमल र विनितालाई गाली गर्दै बेइज्जत गरिदिएको छ । उसले विमललाई काँतर र बेकामे सम्पादकको संज्ञा पनि दिएको छ ।

'जन्तरे काका' कथाको रिजाल साहुले जन्तरे काका माथि सधै शोषण गरेको कुरा जन्तरे काकाबाट थाहा पाइएको छ । रिजाल साहुको वर्षभरि हलो कोदालो गर्दा पनि उल्टै सिपाही लगाएर कुटाउने गरेको थियो । रिजाल साहुले सुरुमा जन्तरे

काकालाई विराटनगरमा चार विघा जमीन दिन्छु भनेर ल्याएको तर जन्तरे काका बीस वर्ष हलो जोति दिदा पनि उसको मन पग्लेको थिएन । उसले सधैं गरिब माथि शोषण मात्र गर्ने गरेको थियो ।

'चाकडी' कथाको चेतप्रसाद आफू खरदार भए पनि उसले हाकिमलाई अलिकति पनि आदर गरेको छैन । ऊ नै समयमा कार्यालय नआउने र उसले नै हाकिमसँग उल्टै ठूलो कुरा गरेको छ । उसले सचिवलाई रातभरि चाकडी गरेर हाकिमलाई अर्कै ठाउँमा सरुवा गर्न सफल भएको छ । हाकिम नारायणप्रसाद सोझो भएको कारण खरदार चेतप्रसादले हाकिमको सोझोपनको फाइदा उठाएको छ ।

'अस्मिताको सङ्घर्ष' कथाको दाह्रे साहुको अन्याय र अत्याचारले गाउँमा डाँडो काटेको थियो । उसले गाउँका सोझी चेलीहरू माथि हातपात समेत गर्ने गरेको थियो । ऊबाट सबै गाउँलेहरू त्रसित भएका थिए । दाह्रे साहुसँग कसैले प्रतिवाद गरेमा उसले बसाइ हिड्नु पर्दथ्यो ।

'विदेशको सपना' कथाको प्र.अ. जीत सिंहले आफू भन्दा तल्लो तहको शिक्षकलाई आफ्नो अन्डरमा राखेको छ । उसले 'म' पात्रले घर जाने बिदा माग्दा अनेक वाहना बनाएर अवरोध खडा गरेको थियो । 'म' पात्र सबै शिक्षकहरू भन्दा गरिब भएको कारण जीत सिंहले 'म' पात्रलाई अलि दुःख दिने गरेको थियो ।

'उत्सर्गको बाटो' कथाको घमान सिंह गरिब गाउँलेहरूले गरिखाएको हेर्न नसक्ने पात्रको रूपमा उपस्थिति भएको छ । उसले नै सुरक्षाकर्मीलाई पोल लगाएको कारण भीम सिंहको मृत्यु भएको छ । ऊ भीम सिंहले गाउँलेहरूलाई सजिलै प्रभावित पार्न सकेको कारण मुर्मरिएको थियो । उसले सधैं भीम सिंहको चियोचर्चा गर्न भीम सिंहको घरमा मान्छे पठाउने गरेको थियो ।

'बालुवाको घर' कथाको ललितबहादुरले आफूलाई चुनावमा सहयोग गर्ने कार्यकर्ता हितमानलाई मन्त्री भए पछि बिर्सिएको छ । उसले तिम्रो लागि विशेष काम गर्छु भनी हितमानलाई आश्वासन दिएको हुन्छ तर पछि ऊ मन्त्री भए पछि हितमानलाई कुनै वास्ता गरेको छैन ।

'उज्ज्वल भविष्यको सपना' कथाको गाउँबुढोले दलजित र उसकी श्रीमती पुकुलीलाई आश्रय दिएको कारण ऊ अनुकूल पात्र जस्तो देखिए पनि गाउँबुढो

प्रतिकूल पात्र नै हो । उसले आफ्नै छोरा बुहारी जस्तो गरी राखेको पातली माथि आँखा लगाएको छ । नाति नातिनी समेत भएको गाउँबुढोले अर्काकी श्रीमतीलाई कुदृष्टिले हेरेको छ । उसले पातलीलाई आफ्नी श्रीमती बनाउने इच्छा राखेको छ ।

'मोलतोल' कथाको हरिभक्तले आफूलाई कवि गोष्ठीमा प्रथम बनाई देऊ भनी कवि गोष्ठीका सदस्यहरूलाई घुस दिएको छ । यही कारण ऊ प्रथम भई नगद पुरस्कार प्राप्त गरेको छ ।

'भिनाजुको करामत' कथाको प्रभुनाथले आफ्नी साली कल्पनालाई कान्छी श्रीमती बनाउने मनसायले उसले आफै कल्पनालाई कविता लेखि दिएको र आफै निर्णायक मण्डलमा बसी प्रथम बनाई दिएको छ ।

'मुखभरिको जवाफ' कथाकी शान्ताको बाबु जसमानले प्रकाश गरिब भएको कारण शान्तालाई दिएको छैन । उसले छोरी शान्ताको चाहनालाई दबाउने कोसिस गरेको छ । शान्ताले प्रकाशलाई पुनः घरमा आउन भनी उल्लेख गरी लेखेको चिठी जसमानले भेट्टाएको कारण उसले शान्तालाई गाली गरेर पिट्दै घरबाट निकालि दिएको छ । यसरी शान्ताको सानो गल्तीमा पनि जसमानले शान्तालाई घरबाट निकालि दिएको छ ।

### **४.३.७ बाह्य द्वन्द्व ग्रस्त पात्र**

कथामा दुई वा दुई भन्दा बढी पात्रका बीचमा चल्ने द्वन्द्वलाई बाह्य द्वन्द्व भनिन्छ । लमजेलका विभिन्न कथाका पात्रहरू बाह्य द्वन्द्वले ग्रस्त रहेका छन् । जसलाई यसरी प्रस्तुत गरिएको छ ।

'धनबहादुरको प्रतिशोध' कथामा धनबहादुरले चुच्चे साहुलाई धरानको फुस्रे खोलामा हातखुट्टा भाचि दिएर गरिखान नसक्ने गरी अपाङ्ग बनाइ दिएको छ ।

'तीतो प्रतिक्रिया' कथामा जर्कटे साहुलाई नभनी सुब्बा जेठोले आफ्नो खेतमा पानी फर्काएको कारण उनीहरू बीच भनाभन भएको छ ।

'पराजयपछिको विजय' कथामा हरिशरणले कार्यालयको काममा ध्यान नदिई जनआन्दोलनमा मात्र हिडेको कारण कार्यालयको हाकिमले हरिशरणलाई नियन्त्रण गर्न खोज्दा हाकिम र हरिशरण बीच मुखामुख भएको छ ।

'प्रतिबद्धता' कथामा घोसे साहुले मानध्वजको खसी लगेको हुन्छ र त्यही खसीको पैसा उठाउन जाँदा एक्कासी तमसुक देखा भनेर घोसे साहु उफ्रिएकोले मानध्वजले घोसे साहुलाई एक चड्कन गालामा दिएको छ । त्यस्तै गरी मानध्वज र प्रहरी हवल्दार बीच पनि भनाभन भएको छ ।

'न्यायको तराजु' कथा टंके साहुकी श्रीमतीले तेरी स्वास्नी मुखाले भन्दै तुङ्गप्रसाद र उसकी श्रीमतीलाई घरबाट निकाल्दा तुङ्गप्रसादले साहु नआउञ्जेल पर्खिदिनुहोस् भनी लाख विन्ति गरेको छ । टंके साहु आए पछि उल्टै तुङ्गप्रसादलाई मेरी स्वास्नीलाई बन्दुक सोझ्याउने तँ आतङ्ककारी भनी सुरक्षाकर्मीलाई जिम्मा लगाई दिएको छ ।

'शंका निवारण' कथामा कान्छा महाजनले एकरात पुकुलीको सतीत्व हरण गर्ने प्रयास गर्दा चतुरमानले कान्छा महाजनलाई दाउराको कच्चेट टिपेर प्रहार गरी पुकुलीलाई कान्छा महाजनको राक्षसी पञ्जाबाट बचाएको छ ।

'ठीक बाटो' कथामा हर्कराजको बाबुलाई भ्याकुरे साहुले भरिया बनाएर लैजाँदा खोलाले बगाएको हुन्छ । भ्याकुरे साहुले हर्कराजलाई "तेरो बाबुलाई ढाकरमा बोक्न बीस हजार दिएको थिएँ, बगेर जाँदा स्वाहा भयो" (लमजेल, २०५९ : २६) त्यसै क्षतिपूर्ति स्वरूप हर्कराजको सबै वस्तुभाऊ फुकालेर लान लाग्दा हर्कराजले यसो नगर्न विन्ति गरी ऋण विस्तारै तिर्ने कुरा गर्दा पनि पार नलागे पछि हर्कराजले भ्याकुरे साहुलाई मुर्छा हुने गरी कुटेको छ ।

'खुसीले भरिएको हृदय' कथामा सविनाले एक दिन घटक सिंहको वस्तुभाऊ स्याहार नगरी साथीहरूसँग फिदिम बजार जाँदा घटक सिंहले सविनालाई गाला फुट्ने गरी कुटेको छ । त्यसै समय सविनाको पक्ष लिएर प्याउसीले बोलेकी मात्र थियो उसलाई पनि घटक सिंहले एक थप्पड दिएको र प्याउसीले पनि उसलाई तोक्माले कुटी सारन्ताको भीरबाट झारी दिएको छ । त्यस्तै गरी हाकिम दीपेशले सविनासँग अनैतिक कुरा गरेको कारण सविनाले हाकिमको टाउकामा सिसाले प्रहार गरेकी छ ।

'आदर्श शिक्षिका' कथामा मगर कान्छा र जसबहादुरले सिफारिस पत्र लिई धरानमा गहुँ लिन जाँदा त्यहाँको हाकिमले उनीहरूलाई जङ्गली भनेको कारण उनीहरू दुई र हाकिम बीच चर्काचर्की चल्नुको साथै हाकिमले झण्डै कुटाई पाएको छ ।

'कागजी बाघ' कथामा साहिला मुखियाले हरहिसाब मिलाउन ढिला गरेको कारण रामवीरेलाई उसले केटाहरू लगाएर बाधेर पिटेको अनि साहिला मुखिया र रामवीरे बीच भनाभन हुन गएको छ । त्यही बखत रामवीरेले साहिला मुखियाको करङ भाच्ने चुनौती पनि दिएको छ ।

'आफूले रोजेको बाटो' कथामा ललिताले एक पटक आफ्नो भाइ, बहिनी र पिताजीलाई भेट्ने इच्छा आफ्नो श्रीमान् समक्ष राखेकी हुन्छ, त्यही कारण उसको श्रीमान् दुर्गाप्रसादले उसलाई अनेक लाञ्छना लगाएर गाली गर्दै कुटेको छ ।

'जनआन्दोलनको तस्वीर' कथामा जनआन्दोलनको समयमा सुरक्षाकर्मी र आन्दोलनकारीको झगडा भएको छ । सुरक्षाकर्मी बखत सिंह आन्दोलनकारीको इँटा प्रहारले घाइते भएको छ ।

'निधारको खत' कथामा विपना र 'म' पात्रले दुर्गेशलाई आफ्नो पैसा फिर्ता माग्दा उसले उल्टै 'म' पात्रलाई भए नभएको आरोप लगाएर गाली गरेको छ । त्यही कारण 'म' पात्रले पहिले कच्चेट टिपेर प्रहार गरेको र त्यस पछि दुर्गेशले पनि 'म' पात्र र विपना माथि कच्चेट प्हार गरेको छ । यसरी उनीहरू बीच कच्चेट हानाहान भएको छ ।

'आभास' कथामा भक्तबहादुरले आफूले दुई वर्षसम्म हलो जोतेको पैसा दुर्योधन साहुसँग माग्दा दिन इन्कार गरे पछि गोरुको दाम्लाले बाधेर कुट्न थालेको कारण प्राण बचाइदेओ म सबै हिसाव मिलाउँछु भनेर दुर्योधन साहुले भनेको छ ।

'स्थिर धरातल' कथामा जगतप्रसादको जेठी श्रीमतीले 'म' पात्रको चुल्ठोमा प्रहार गरेको बेला 'म' पात्रले आफू अन्जान भएको कुरा सौतालाई बताई माफ मागेकी छ । त्यस्तै गरी 'म' पात्रले आफ्नो श्रीमान्लाई "मादक पदार्थ सेवन कम गर्नुहोस्, थोरै घरमा ल्याएर खानु" (लमजेल, २०५९ : ३) मात्र भनेकी हुन्छ । उसको श्रीमान्ले "त नविकेर बुढी हुञ्जेल माईत बसेकी, मलाई अर्ती उपदेश नदे, तेरो बाबुको कोठेबारी बेचेर खाएको छुइन्, तेरी आमाको दाइजो ल्याएर खाएछैन, मेरो आर्जन खाँदा के विराए मैले" (लमजेल, २०५९ : ५३) भन्दै 'म' पात्रलाई पिट्न थालेको छ ।

'सहिद दिवस' कथामा नन्दु सिंहले जनआन्दोलनको समयमा हरि, पदम र रोहिणीलाई गोली खुवाएको हुनाले सहिद दिवसको दिन नन्दु सिंहलाई कुटेको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथामा छिरिङ शेर्पाले आफूले काम गरे वापतको रकम लिन लेखापाल जगदीशकोमा जाँदा उसलाई सधै झुल्याएको छ । ऊ धेरै पटक आफ्नो रकम माग्न जगदीशकोमा जाँदा पनि रकम दिइएको छैन । अन्त्यमा लेखापालले आफूलाई आधा पैसा दिएको खण्डमा उसको पैसा दिने कुरा व्यक्त गरेको कारण छिरिङ शेर्पाले लेखापालको जुल्फीमा तानेर गालैगालामा पिटेको र पैसा नदिएमा उसको प्राण समेत लिने धम्की छिरिङ शेर्पाले लेखापाललाई दिएको छ । त्यस पछि छिरिङ शेर्पाले रकम लिएको केही दिन पछि लेखापाल जगदीशले दुई/तीन जना केटाहरू ल्याएर उसलाई आक्रमण गर्न आएको बेला छिरिङ शेर्पाको सबै साथीहरू मिलेर लेखापाल र उसका केटाहरूलाई पाता कसेर थानामा पुऱ्याएको छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथामा श्यामकृष्ण आसाम जाँदा मेरोबाट सोह्र सय लग्यो भनी च्यासे साहुले झुटो कुरा बताएर श्यामकृष्णको बाबु आमालाई घरबाट निकालि दिएको कारण जेठा सुब्बाले च्यासे साहुलाई गरिबमारा छिमेकी भएर नबस भन्दै दुई चार थप्पड दिएर रातभरी थाममा बाधेको छ ।

'जनयुद्धको विजय' कथामा अनिल घरबाट वेपत्ता भएको सयमा मयूरध्वजले छक्काएर अनिलको आमाबाबुबाट साठी हजार लगेको हुन्छ । त्यही पैसा फिर्ता गर्ने क्रममा मयूरध्वजलाई गाउँलेहरूले कोर्राले तिघ्रामा र गालामा थप्पड दिएको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथामा काका कृष्णले 'म' पात्रलाई बेइज्जत गरी उसको घरबाट निकालि दिएको कारण 'म' ापत्रले "दुनियाँ गरिबका छोरा हप्काएर घुस खाए जस्तो मसँग हुँदैन । तपाईको जस्तो पढेर जागिर खाएर रूपैया कमाउन म पनि सक्छु । के तपाईले मान्छेसँग गर्ने व्यवहार गर्नु हुँदैछ ? मेरी आमालाई ढाँटेर रूपैया ल्याएर बिहे गर्ने, घर बनाउने तपाई" (लमजेल, २०५९ : ६६) भनेर काकासँग प्रतिशोध लिने कुरा गरेको छ ।

'खास मान्छेहरूको आगमन' कथामा नरवीर साहुको अत्याचार गाउँमा बढ्न थालेपछि एकासी विप्लवी खास मान्छेहरूको जमात आएर एक दिन उसले गरेको कुकृत्यहरूको भण्डाफोर गर्दै उसलाई थप्पड लगाएको छ ।

'युगको माग' कथामा नयाँ पुस्ता र पुरानो पुस्ता बीच वा नयाँ विचार र पुरानो विचार बीच द्वन्द्व चलेको छ । नयाँ पुस्ताको प्रतिनिधित्व बलभद्रले र पुरानो

पुस्ताको प्रतिनिधित्व चतुरे मुखियाले गरेको छ । चतुरे मुखियाको छोरा बलभद्रले जमुना विश्वकर्मालाई आफ्नो कोठामा राखेर पढाएको कारण बाबु र छोरा बीच चर्काचर्की चलेको र बलभद्रले तल्लो जातको जमुनालाई बिहे गरेको कारण यो कुरालाई स्वीकार गर्न नसकी चतुरे मुखिया आत्महत्या गरेर मरेको छ ।

'नयाँ जीवनको सुरुवात' कथामा कल्पनाले आफ्नो श्रीमान् पीताम्बरलाई केही कुरा भनेर सम्झाएको मात्र के थियो पीताम्बरले तँ मेरी आमा होस् र तेरो हुकुम मान्नु भन्दै जगटा लुस्तै लात्तले भकुऱ्याएको छ ।

'खुशामद' कथामा चण्डेश्वरले मान्छेहरू लगाएर खेमराज र उसको कार्यकर्तालाई कुटेर घाइते बनाएको र उनीहरूको सामान तोडफोड समेत गरेको छ ।

'विवेकको खडेरी' कथामा द्वैमासिक पत्रिका प्रकाशित गर्नु भनेर प्रेरणा दिने महेन्द्रकान्तले पत्रिका प्रकाशित पश्चात् विवेक र विनितालाई तथानाम भनेर गाली गरेको कारण विवेक र महेन्द्रकान्त बीच मुखामुख भएको छ ।

'अस्मिताको सङ्घर्ष' कथामा दाह्रे साहुले गाउँका सोझी चेलीहरू जस्तो रूपालाई सम्झेर उसले रूपा माथि हातपात गर्न खोजेको बेला रूपाले चिलाउँनेको कच्चेटले दाह्रे साहु माथि प्रहार गरी उसलाई रक्ताम्य बनाएकी छ । यस दिनको घटनाले दाह्रे साहुको अत्याचारको पनि अन्त्य भएको छ ।

'चाकडी' कथामा चेतप्रसाद खरदार भएर पनि हाकिमको कुरा नसुनेको कारण हाकिम नारायणप्रसादले एक दिन उसलाई गाली गरेको छ । यही कुरालाई बढाई चढाई गरेर उसले सचिवलाई पोल सुनाएको र सचिवबाट नारायणप्रसादले तथानाम गाली पाउनुका साथै उसलाई अन्तै ठाउँमा सरुवा पनि गरिदिएको छ ।

'उत्सर्गको बाटो' कथामा घमान सिंहले सुरक्षाकर्मीलाई पोल लगाएको कारण सुरक्षाकर्मीले भीम सिंहलाई खुट्टामा गोली हानी माफ माग भनेको हुन्छ तर उसले माफ नमाग्ने कुरा गरे पछि उसलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरेको छ ।

'उज्ज्वल भविष्यको सपना' कथामा गाउँबुढोले दलजितको श्रीमती पातली माथि कुदृष्टि राखेको कारण दलजितले गाउँबुढोलाई आक्रमण गरेको छ ।

'मुखभरिको जवाफ' कथामा शान्ताले प्रकाशलाई पुनः आफ्नो घरमा आउनु भनी उल्लेख गरेर लेखेको चिठी बाबु जसमानको हातमा परे पछि उसलाई तथानाम

गाली गर्दै कुटेर घरदेखि निकालि दिएको छ र शान्ताले पनि आफ्नो बाबुलाई मुखभरिको जवाफ दिई प्रकाश भएकोमा गएको छ ।

### ४.३.८ आन्तरिक द्वन्द्व ग्रस्त पात्र

कथामा पात्रको मनमा मच्चिएको मनोद्वन्द्वलाई आन्तरिक द्वन्द्व भनिन्छ । लमजेलका विभिन्न कथाका पात्रहरू आन्तरिक द्वन्द्वले ग्रस्त रहेका छन् । जसलाई यसरी प्रस्तुत गरिएको छ ।

'धनबहादुरको प्रतिशोध' कथामा धनबहादुरले विरामी श्रीमती रुँगेर बसि रहेको बखत चुच्चे साहुले उसलाई बाकस बोकाएर धरान लैजाने कुरा गरेको र यदि चुच्चे साहुले भनेको काम गरिदिएन भने उठिबास लाउने हुनाले धनबहादुर दोधारमा परेको छ । उसको मनमा विरामी श्रीमतीलाई रुँगेर बस्ने की चुच्चे साहुले भनेको गर्ने भन्ने कुराको द्वन्द्व चलेको छ । उसलाई एकातिर आफ्नी श्रीमतीको माया छ भने अर्कोतिर चुच्चे साहुको डर छ । यही कुराले उसको अन्तर मनमा द्वन्द्व चलेको छ ।

'दृढ निश्चय' कथामा दिलीपले सावित्रीको चिठी प्राप्त गरे पछि उसको अन्तर मनमा द्वन्द्व मच्चिएको छ । ऊ आफ्नो प्रेम साकार बनाउने की बाबुआमाले भनेको मान्ने भन्ने कुरामा दोधार परेको छ । दिलीप र सावित्रीको पहिलेदेखि नै प्रेम भएको र पढी सकेपछि बिहे गर्ने कुरा समेत उनीहरू बीच भएको थियो तर दिलीपले बाबुआमाको करकापमा शर्मिलासँग बिहे गर्न लाग्दा उसलाई साचो र कहिल्यै नटुङ्गिने प्रेम गरेको कुरा उल्लेख गरी सावित्रीले लेखेको गरेको चिठी दिलीपले प्राप्त गरे पछि सावित्री र शर्मिला मध्ये कसलाई जीवन संगिनी बनाउँदा राम्रो हुन्छ भनेर उसले मनमनै दाँज्न थालेको छ ।

'हाकिमको कुटनीति' कथामा 'म' पात्रले हाकिमले खरदारको जागिर मिलाई दिए वापत् आमाको कानको एक तोला सुन हाकिमलाई दिएको हुन्छ । उसले जागिर पाए पछि बारी किन्ने, घर किन्ने र विवाह गर्ने सपना देखेको हुन्छ तर जाली हाकिमले एक महिनामै उसलाई जागिरबाट निकालि दिएको छ । यही कारण उसको मनमा द्वन्द्व चलेको छ । उसले जागिर खाएर न त आमाको सुन फिर्ता गर्न सकेको छ न त आफ्नो सपना नै पूरा गर्न सकेको छ । उसको सम्पूर्ण सपनाहरू तासको घर झैं भताभुङ्ग भएको कारण उसको अन्तरमनमा द्वन्द्व मच्चिएको छ ।

'निधारको खत' कथामा दुर्गेशलाई पैसा दिने की नदिने भन्ने बारेमा 'म' पात्र दोधारमा परेको छ । यदि दुर्गेशलाई पचास हजार दिँदा पछि फर्काएन भने आफ्नो जहाजै डुब्ने कुरा 'म' पात्रले सम्झि उसको मनमा अनेकौँ तर्क वितर्क मच्चि रहेको हुन्छ । यही कुरालाई लिएर उसको अन्तरमनमा द्वन्द्व मच्चिएको छ । अन्तमा उसले दुर्गेशलाई पैसा दिएको छ ।

'नक्कली मयूर' कथामा नानीमैयाले आफ्नो बाबुआमाको घर त्यागेर यमनाथसँग धरानमा गएको र त्यस पछि उसलाई यमनाथले वास्ता नगरेको कारण नानीमैयाको मनमा द्वन्द्व चर्किएको छ । नानीमैयाले आफ्नो श्रीमान् यमनाथलाई आफ्नो सतीत्व अपहरण हुन लागेको कुरा सुनाउँदा यमनाथले वास्ता गरेको छैन । नानीमैयाले धरानको वस्तु स्थितिको यथार्थ ज्ञान थाहा पाइसकेर पनि ऊ न त आफ्नो माइती घर फर्कन सकेकी छ न त धरानमा आफ्नो सतीत्व जोगाएर आराम साथ बस्न नै पाएको छ । यही कुराले उसको मन द्वन्द्व ग्रस्त भएको छ ।

'कोपभाजन' कथामा विमलको एकातिर छोरा सिकिस्त विरामी परेको छ भने अर्कोतिर आर्थिक अवस्था पनि कमजोर भएको छ । त्यही समयमा घरबाट बाबुले आमा मरेको र काज किरियामा खर्च लिएर आइज भन्ने कुरा उल्लेख गरी पठाएको चिठी विमलले प्राप्त गरेको छ । विमलको थाप्लोमा समस्या माथि समस्या थपि रहेको कारण उसको मनमा द्वन्द्व चलेको छ । उसले कुन काम गर्ने कुन काम नगर्ने भन्ने कुरा छुट्याउन नै सकेको छैन । अर्को कुरा घर खर्च चलाउन नै धौ धौ परिरहेको विमलसँग न त छोरालाई उपचार गर्ने खर्च रहेको छ न त आमाको काज किरिया गर्ने खर्च नै ऊसँग रहेको छ । यही कारण ऊ अन्योलमा परि सबै समस्याहरूलाई आफ्नो मष्तिस्कमा थुपारेर बसि रहेको छ ।

'विदेशको सपना' कथामा 'म' पात्र विदेश जाने भनेर काठमाडौँ आएको हुन्छ । 'म' पात्रको विदेश जान एक दिन मात्र बाँकी रहेको हुन्छ त्यस दिन उसको सम्पूर्ण पैसा चोरि भएको छ । उसले अब के गर्ने सोच्न नै सकेको हुँदैन । अब कसरी कुन मुख लिएर रित्तो हात घर फर्कने भनेर ऊ चिन्तित भएको छ । अन्तमा ऊ न त विदेश गएको छ न त घर नै रित्तो हात लिएर फर्कन सकेको छ । यही कुराले ऊ अन्तर द्वन्द्वले ग्रस्त बनेको छ । उसले काठमाडौँको होटेलमा काम गरेर बस्नु परेको छ ।

'मुखभरिको जवाफ' कथामा शान्ताले आफूलाई माग्न आउने प्रकाशलाई मनमनै मन पराई सकेकी हुन्छ तर प्रकाश गरिब भएको कारण शान्ताको बाबु जसमानले यो कुरा स्वीकार गरेको छैन । त्यस समयमा तत्काल शान्ताले बाबुसँग प्रतिवाद गर्न सकेको छैन । प्रकाश गए पछि शान्ता मनोरोगीको रूपमा देखा परेकी छ । शान्ताले मन पराएको केटालाई जसमानले मन नपराउँदा उसको मनमा बाबुप्रति अनेक तर्क वितर्क उठेको छ । उसले एकातिर प्रकाशलाई बिर्सन सकेको छैन भने अर्कोतिर आफ्नो बाबुको प्रतिकार पनि गर्न सकेको छैन । यही कारण उसको मनमा अनेक किसिमका उथलपुथल मच्चिएर ऊ अन्तर द्वन्द्वले ग्रस्त बनेकी छ । अन्तमा उसले बाबुआमालाई त्यागी प्रकाशलाई वरण गरेकी छ ।

### ४.३.९ हीनता ग्रन्थिले युक्त पात्र

लमजेलका विभिन्न कथाहरूमा हीनता ग्रन्थीले युक्त पात्रहरू पनि रहेका छन् । जसलाई यसरी प्रस्तुत गरिएको छ ।

'दृढ निश्चय' कथामा आफ्नो प्रेमी दिलीपले सावित्रीलाई धोका दिएर शर्मिलासँग बिहे गर्न लागेको कुरा सुनेर सावित्रीमा हीनताबोध उत्पन्न भएको छ । उसले दिलीपलाई चिठीमा "परिवर्तनशील संसार यस्तै रहेछ । तपाई सुशिक्षित म अल्पशिक्षित, तपाई पूर्व जाने यात्री म पश्चिम जाने यात्री, तपाईले साहुकी छोरी शर्मिलासँग म्यारिज गर्नु हुने कुरा थाहा पाएँ, ठीकै छ, तपाईको छेऊमा अप्सरा बन्न सकिन । तपाईले गर्दा नै बाबु आमासँग झगडा गर्नु पर्‍यो । गाउँघर सबै विराना भए" (लमजेल, २०५९ : १३) भनी लेखेकी हुन्छ । त्यसैले सावित्रीमा हीनताको विकास भएको पाइन्छ ।

'हाकिमको कुटनीति' कथामा 'म' पात्रले खरदारको जागिर प्राप्त गरे पछि बारी किन्ने, घर बनाउने, विवाह गर्ने आदि इत्यादि सपनाहरू देखेको हुन्छ तर जाली हाकिमले एक महिनामै उसलाई जागिरबाट निकालि दिएको कारण उसमा हीनता बोध उत्पन्न भएको छ । उसले "मैले सपनामा चिताएको थिइँन - मेरो आशाका हवेलीहरू यति छिट्टै सिसा फुटे झैं चकनाचुर हुनेछन् । अनि मैले आँशुको घुट्का पिएर भोक र शोकमा तड्पिएर उपवास बस्नु पर्ने छ । लाग्छ मैले जागिरे बन्ने इच्छाले ठूलो भूल गरे" (लमजेल, २०५९ : ३८) भनेको छ । यही कारण 'म' पात्रको जीवनमा पनि हीनता उत्पन्न भएको छ ।

'सन्यास' कथामा उत्तमप्रसादले आलोक सिंहको जीवनी लेखि दिए वापत् उसलाई हीनता बोध भएको छ । उसले ठूलो धनराशी र सम्मान पाउने आशामा आलोक सिंहको बढाई चढाई गरेर जीवनी लेखि दिएको हुन्छ तर त्यसको बदलामा उसले आफूसँग भएको सम्मान, मान, प्रतिष्ठा सबै गुमाएको छ । यही कारण उत्तमप्रसादमा हीनता ग्रन्थीको विकास भएको छ ।

'टुक्रिएको सपना' कथामा सरुले भविष्यको स्वर्णिम सपना बुनेर मन्त्रीको भाइसँग बिहे गरेको हुन्छ तर सरुको जेठाजु अख्तियारको कब्जामा परेको कारण सबै सम्पत्तिहरू खोसिएका छन् । त्यसैले सरुको सपना पनि टुक्रिएको कारण उसमा हीनताको बोध उत्पन्न भएको छ ।

### **४.३.१० उच्चता ग्रन्थिले युक्त पात्र**

लमजेलका विभिन्न कथाहरूमा उच्चता ग्रन्थीले युक्त पात्रहरू पनि रहेका छन् ।

'दृढ निश्चय' कथामा शर्मिला धनी बाबुकी छोरी भएकीले उसमा उच्चता ग्रन्थीको विकास भएको छ । उसले आफ्नो हुनेवाला श्रीमान् प्रकाशलाई गरिब भएको कारण घृणा गरेकी छ । ऊ प्रकाशको छेऊमा पनि उभिन चाहेकी छैन । उसले प्रकाशलाई फटाहाको संज्ञा दिएकी छ ।

'निधारको खत' कथामा सुरुमा दुर्गेशले मीत दिदी र भिनाजुबाट पचास हजार ऋण लिएर जापान गएको र जापानबाट पैसा कमाएर फर्के पछि उसमा उच्चता ग्रन्थीको विकास भएको छ । उसले दिदी भिनाजुको ऋण तिर्नुको सट्टा उनीहरूलाई विभिन्न लाञ्छना लगाएर गाली गर्दै झगडा गरेको छ ।

'मुखभरिको जवाफ' कथामा शान्ता उच्चता ग्रन्थीले युक्त पात्रको रूपमा उपस्थित भएकी छ । शान्तामा उच्चता ग्रन्थीको विकासका कारण उसले आफ्नो बाबुलाई मुखभरिको जवाफ दिएर प्रकाशको श्रीमती हुन प्रकाशकोमा गएकी छ ।

'नक्कली मयूर' कथामा नानीमैयाले एक दिन आफू पनि साथीहरूसँग धरान जाने इच्छा आमासँग राखेकी हुन्छ तर आमाले उसलाई उल्टै गाली मात्र गरेकी छ । नानीमैयामा उच्चता ग्रन्थीको विकास भएको कारण आमाको गालीको प्रतिशोध स्वरूप ऊ सदाको लागि यमनाथसँग धरान भागेर गएकी छ ।

## ४.४ संवाद

रविमान लमजेलका कथाहरूमा विभिन्न पात्रहरू बीच कथ्य भाषाको प्रयोग गरिएको पाइन्छ भने कतै-कतै व्याकरणका अनुशासनहरू पनि खजमजिएका भेटिन्छन् । उनले आफ्ना कथाहरूमा पात्र अनुकूलको एकालापीय र वार्तालापीय संवादको प्रयोग गरेका छन् । यहाँ संवादको प्रधानता नरहेका कथाहरूलाई प्रस्तुत गरिएका छैनन् ।

'धनबहादुरको प्रतिशोध' कथामा वार्तालापीय संवादको प्रयोग गरिएको छ । कथामा समाजका धनीवर्गका व्यक्तिले गरिब वर्गका व्यक्तिलाई के कस्तो व्यवहार गर्न सक्छन् भन्ने कुरालाई प्रस्तुत संवादबाट प्रष्ट रूपमा थाहा पाउन सकिन्छ ।

चुच्चे साहु : "ए ! धने ! ए ! धने, मरिस क्या हो बजिया ।"

धनबहादुर : "ए हजुर किन बोलाउनु भयो ? म त श्रीमती सिकिस्त भएकीले पंखा हम्केर बसीरहेको छु ।"

ललिते बराल : "मालिकको काम गर्नुपर्छ भनेर चेपारे कुरा गर्छस् ? मालिक धरान हिडेको वाकस यहाँ छ, नत्र तेरो जान्दो गर्छु ।"

यसका साथै यस कथामा अत्यन्त सङ्क्षिप्त र स्वभाविक संवादको पनि प्रयोग गरिएको पाइन्छ । त, तिमी जस्ता अत्यन्त नजीक र आत्मीयता प्रकट गर्ने र हजुर जस्ता उच्च आदरार्थी प्रकट गर्ने संबोधनको प्रयोग पनि यस कथामा भएको छ ।

'तीतो प्रतिक्रिया' सरल, सहज, स्वभाविक र अकुटिल संवादले सरल ग्रामीण जीवनको सरलता र सहजतालाई उपस्थित गरेको छ । यस कथामा वार्तालापीय संवादको प्रयोग भएको पाइन्छ । जसलाई यसरी प्रस्तुत गरिएको छ ।

जर्कटे साहु : "ए ! कोल्वुडे यो के गरेको ? मेरो सयमुरी धान फल्ने खेतको पानी सुकाइ दिइस् । यो पानी फर्काउन कसले आदेश दियो, तँलाई ?"

सुब्बा जेठो (कोल्बुडे) : "के साहुजी, सबैले खाँदा खान मन लाग्छ ।"

जर्कटे साहु : "मलाई नसोधी यो खोलाको पानी किन फर्काइस् ?"

सुब्बा जेठो : "खोलोको पानी फर्काउन कसलाई सोध्नुपर्छ र साहुजी आफै फर्काए ।"

'चुनाव' कथामा पात्रहरू बीचको आपसी संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । यसमा उमेर र स्तर अनुसारको अति सङ्क्षिप्त संवादको प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा देउनारायण र बोल कुमारी बीचको थोरै संवाद प्रस्तुत भएको छ, जसले कथामा सजीवता ल्याएको छ । जसलाई यहाँ प्रस्तुत गरिएको छ ।

बोलकुमारी : "किन ढिलो भयो नी ?"

देउनारायण : "अब यो ठाउँमा बसाइँ भएन, खान दियो, काम दियो सब गुन बिर्सने ? म केमा कम थिए ?"

'पराजयपछिको विजय' कथामा हरिशरणको एकालापीय संवादका साथै हरिशरण र हाकिम बीचको वार्तालापीय संवाद पनि प्रयोग भएको पाइन्छ । जसले कथाको घटनालाई गति प्रदान गरेको छ । यसमा स्तर अनुसारको संवाद प्रयोग गरिएको छ । प्रस्तुत कथामा हाकिम र हरिशरण बीच एकले अर्कोलाई संवादका माध्यमबाट आक्रोश प्रकट गरेका छन् ।

हाकिम : "नेताजीहरूको काम नारा, जुलुसमा जाने हो, भाषण छाट्ने हो भने हामी जस्ता लठुवा हाकिमको काममात्र नुनको सोझो गरेर कुर्सी रुँग्ने हो । हरिशरण तपाई जस्तो महान नेतालाई मेरो नियन्त्रणमा राखेर काम लगाउँन सकिँन, राजनीनामा दिनुहोस् । स्वीकृत हुन्छ ।"

हरिशरण : "फूर्ति नलडाउनुहोस् हाकिम साहेब सक्नुहुन्छ भने खारेज गर्नुहोस् ।"

'मूल्याङ्कन' कथामा पात्रको चरित्र उद्घाटन गर्न वार्तालापीय संवादको प्रयोग भएको छ । यसमा सरल, सहज र स्वाभाविक संवादको प्रयोगका साथै पात्र अनुकूलको संवाद पनि प्रयोग गरिएको पाइन्छ । कथामा अयोध्या प्रसाद किसान र जमातका बीच ज्यादै थोरै मात्र वार्तालापीय संवाद भएको छ ।

जमात : "किसानजी त्यो माग्दै हिड्ने बाहुलाको बारे किन यति ठूलो लगानी गरिरहनु भएको छ । बरु समाज सेवामा नै त्यो रकम व्यय गरिदिनु भएको भए अझ वेश हुने थियो ।"

अयोध्या प्रसाद किसान : "तपाईहरू उद्घाटन समारोहका दिन आउँनु होस् । त्यसको जवाफ मञ्चबाट मिल्ने छ ।"

'दृढ निश्चय' कथामा पात्रको मनोविश्लेषण गर्न एकालापीय संवाद र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवाद प्रयोग भएका छन् । कथामा वार्तालापीय संवादको रूपमा दिलीप र आमा बीच छोटो संवाद भएको छ भने कथाको बाँकी भागमा दिलीपको एकालापीय संवादको प्रयोग गरिएको छ । जसलाई यहाँ प्रस्तुत गरिएको छ ।

"दिलीपले फेरी सोच्न थाल्यो । सावित्री साच्चै कै देवी हुन् । उनको र मेरो प्रथम भेटमा नै जीवन वसन्तको जवानीको राग बोकेर लाली गुराँस फक्रिएको थियो । कति आनन्द साथ जीवनका क्षणहरू वितेर गएका थिए ।"

'मुद्दा' कथामा प्रयुक्त सरल, सहज, स्वाभाविक र अकुटिल संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । यसमा एकालापीय र वार्तालापीय संवादको प्रयोग गरिएको छ । कथामा प्रयुक्त वार्तालापीय संवादलाई यसरी प्रस्तुत गरिएको छ :

लमजडीप्रसाद : "नमस्ते प्रशासकज्यू ।"

'म' पात्र : "के कामले पाल्नु भो ?"

लमजडीप्रसाद : "हजुर दबाबको कारणले भ्रष्टाचारको दल्दलमा फस्न पुगे ।"

'प्रतिबद्धता' कथामा अत्यन्त सङ्क्षिप्त, स्वाभाविक र स्तर अनुसारको कौतुहलपूर्ण संवादले कथालाई सजीवता तुल्याएको छ । कथामा एकालापीय र वार्तालापीय संवादको प्रयोग गरिएको छ । सरल, सहज र स्वाभाविक संवादले सरल ग्रामीण जीवनको सरलता र सहजतालाई उपस्थित गरेको पाइन्छ । कथामा प्रयुक्त घोसे साहुको एकालापीय संवादलाई यसरी प्रस्तुत गरिएको छ ।

"म बुढोले कति दुःख गरेर धन सम्पत्ति जोडिदिएको छु र तिमीहरू टाउकामा गिर खेलिरहेछौ । दुनियासँग झगडा गरेर हाकिमदेखि परिचरसम्मलाई घ्यू र घुसको पोको टक्राएर घरबार जोडिदिएको हुँ । तिमीहरूलाई आकाशबाट तेसै खसेर आए जस्तो छ ।"

'न्यायको तराजु' कथामा वार्तालापीय संवादको प्रयोग गरिएको छ । यसमा पात्रहरू बीचको आपसी संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा प्रयुक्त सङ्क्षिप्त संवादले कथामा द्वन्द्वपूर्ण स्थितिलाई अग्रता दिएको पाइन्छ ।

एउटा सुरक्षाकर्मी : "यो के हो ?"

टंकनाथ साहु : "यो नै आतङ्ककारी हो, मेरो स्वास्नीलाई बन्दुक सोझ्याउने ।"

'शंका निवारण' कथामा वार्तालापीय संवादको प्रयोग भएको पाइन्छ । यसमा पात्र अनुकूलको छोटो संवादको प्रयोग भएको पाइन्छ ।

केन्द्रप्रसाद : "यो मोतीलाल भनेको को हो ? चिन्छौ ?"

चतुरमान : "किन नचिन्नु साहेब हाम्रो गाउँको कान्छा महाजनको नाम हो ।"

केन्द्रप्रसाद : "के कुरामा असन्तुष्ट भएर महाजन, यहाँ त तिम्रो बारे नराम्रो लेखेको छ आतङ्ककारी, फटाहा, चोर, गुण्डो सबैथोक लेखेको छ ।"

चतुरमान : "हाकिम साहेब यो केही म बुझ्न सक्दिन, म गरिब माटीकोरेले के जान्नु राजनीतिका कुरा ।"

'ठीक बाटो' कथामा वार्तालापीय संवादको प्रयोग गरिएको पाइन्छ । कथामा सरल, सहज र अकुटिल संवादका साथै त, तिमी जस्ता अत्यन्त नजीक र आत्मीयता प्रकट गर्ने संबोधनको पनि प्रयोग भएको छ । स्तर अनुसारको कौतूहलपूर्ण संवादले गरिबको साहस र एकतालाई प्रस्तुत गरेको छ ।

'खुसीले भरिएको हृदय' कथामा पात्रहरू बीचको आपसी संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा सरल, सहज र स्वाभाविक संवादले सरल ग्रामीण जीवनको सरलता र सहजतालाई उपस्थित गरेको पाइन्छ । यसमा छोटो-छोटो संवादको प्रयोग गरिएको छ ।

घटकसिंह : "तिमीहरू सबैलाई लगेर फिदिम जेलमा जाक्छु । मेरी गोठाल्नीलाई किन भगायौ ?"

प्याउँसी : "तिमीले के गरेका बा, सबै आउँदा आई । सामान ल्याई । के भयो ?"

'आदर्श शिक्षिका' कथामा वार्तालापीय संवादको थोरै प्रयोग गरिएको पाइन्छ । यसमा सरल, सहज र सङ्क्षिप्त संवादको प्रयोग भएको पाइन्छ । कथामा सहरका मानिसले गाउँका मानिसलाई कस्तो व्यवहार गर्दछन् भन्ने कुरालाई प्रस्तुत संवादले खुलस्त पारेको छ साथै गाउँलेहरूको सोझोपन र इमान्दारि चरित्रलाई पनि संवादले उद्घाटन गरेको छ :

मगर कान्छा : “हजुर हामी त गरिब मान्छे, बेलुकी खान पनि छैन, आइमाई केटाकेटी छन्, आजै दिए बाटो लाग्ने थियौ ।”

हाकिम : “आज छुट्टीको दिन हो कसरी हुन्छ तिमीहरू जंगली असभ्य कुरा बुझ्दैनौ ।”

‘आत्मविश्वासको क्षितिजतिर’ कथामा पात्रहरू बीचको आपसी संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा स्तर, लिङ्ग र उमेर अनुसारका संवाद प्रयोग भएका छन् । कथाको प्रकृति अनुसार यसमा प्रयोग भएको संवाद रोचक तथा स्वाभाविक प्रकारको रहेको पाइन्छ ।

‘म’ पात्र : “के छ भाइ ?”

प्रेमप्रसाद : “दाइ, मेरा त पिता खस्नु भयो, भाइ बहिनी सानै छन्, आमा पनि विरामी हुनुहुन्छ । राते साहु आएर पुरानो तमसुक देखाएर हल गोरु पनि लगिदियो, लाबरबोटे जाउँ भनेको ।”

‘हाकिमको कुटनीति’ कथामा वार्तालापीय संवादको प्रयोगले कथाको घटनालाई गति प्रदान गरेको छ । अति छोटो र अकुटिल संवादले पात्रको चरित्रलाई सजिलै उद्घाटन गरेको छ ।

हाकिम : “हरिकृष्ण”

हरिकृष्ण : “हजुर”

हाकिम : “कस्तो देख्यौ सपना ?”

हरिकृष्ण : “राम्रै छ सर”

‘कागजी बाघ’ कथामो पात्रहरू बीचको दोहोरो संवादले कथामा स्वाभाविकता थपिएको छ । कथामा समाजका यथार्थ पात्रहरू बीचको वार्तालाप संवादका रूपमा आएकाले यसमा प्रयुक्त संवाद पनि जीवन्त र व्यवहारिक किसिमको रहेको छ । कथामा साहिला मुखिया र साहिली मुखिनी बीचको संवाद प्रस्तुत गरिएको छ ।

साहिली मुखिनी : “तपाई आफ्नो स्वास्नीलाई समेत सत्य कुरा छल्न खोज्नु हुन्छ, नभए आधा रातमा भाग्ने के काम थियो ?”

साहिला मुखिया : “हिजो रामवीरे कहाँ गएको थिएँ, हर-हिसाब मिला भनेर भनेको पछि मिलाउँला भन्यो । एक दुई जना केटा पनि थिए, जिस्केर बाँध

फटाहालाई भनेको थोग्रामा बाँधेर भकुर्न थाले, तिर्छु भन्यो र छोडिदिएको उपद्रो मच्चाई हाल्यो ।"

'निधारको खत' कथामा दोहोरो संवादको थोरै ठाउँमा प्रयोग भएको र बढी मात्रामा एकालापीय संवाद प्रयोग भएको पाइन्छ । यसमा सरल, सहज र स्वाभाविक संवादको प्रयोग गरिएको छ । यहाँ प्रस्तुत गरिएको संवादले द्वन्द्वात्मक स्थितिको सिर्जना गरेको ।

म पात्र : "हामी पट्टिको रकम के भयो ? यस पाली म पनि सहरमा घडेरी किनुँ भनेको ।"

दुर्गेश : "तपाई जस्ताको धन नतिर्दा के हुन्छ ? तपाई जाली शोषक, विद्यालय नगई ठगेर कमाएको सम्पत्ति ।"

'आभास' कथामा पात्रको मनोविश्लेषण गर्न एकालापीय संवाद र पात्रको चरित्र उद्घाटन गर्न वार्तालापीय संवादको प्रयोग गरिएको छ । कथामा समाजका यथार्थ पात्रहरू बीचको वार्तालाप संवादका रूपमा आएकाले यसमा प्रयुक्त कथोपकथन पनि जीवन्त र व्यवहारिक प्रकारको रहेको छ । यहाँ भक्तबहादुर र 'म' पात्र बीचको संवाद प्रस्तुत गरिएको छ ।

भक्तबहादुर : "मलाई चिन्नु भएन हजुबाले, म पाँचथर बस्ने भक्तबहादुर भुजेल हुँ ।"

'म' पात्र : "अहिले नानी के गर्दै नि ? पहिला त दुर्योधन साहुकहाँ बस्छु भनेको होइन ?"

'स्थिर धरातल' कथामा एकालापीय संवादको प्रधानता रहेको छ । कथाको कथावस्तु वर्तमानका घटनाको वर्णनमा भन्दा 'म' पात्रको जीवनसँग सम्बन्धित भूत कालिक घटनाको वर्णनमा बढी सवल देखिएको छ । यहाँ 'म' पात्रले आफ्नो श्रीमान्सँग गरेको गुनासोलाई एकालापीय संवादका रूपमा प्रस्तुत गरिएको छ ।

"तपाईको कालिम्पोङ्ग बिहे भएकै रहेछ, छोरा छोरी समेत रहेछन्, तपाई ढाट्न सफल हुनुभयो । म असफल भएँ । उताको सम्पत्ति आउँदैन । यतै कमाऔं, ऋण तिर्नुपर्छ, घडेरी भयो, घर ठडाउँनु पर्छ, प्रतिष्ठा राख्नुपर्छ, तपाई मादक पदार्थ कम सेवन गर्नुहोस्, थोरै घरमा ल्याएर खानु ।"

'ठेकेदार छिरिङ शेर्पा' कथामा प्रयुक्त वार्तालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । पात्र अनुकूलको संवादले कथामा थप आकर्षण थपिएको छ । यहाँ प्रस्तुत छिरिङ शेर्पा र लेखापाल बीचको संवादले कथामा द्वन्द्वात्मक स्थितिको सिर्जना गरेको छ ।

छिरिङ शेर्पा : "सर म कुरा गर्न पनि जान्दिन, नयाँ ठेकेदार हुँ, तपाईलाई पाँच हजार रूपैया दिन्छु, मेरो साठी हजारको चेक काटि दिनुहोस् ।"

लेखापाल : "तँ चारजना कामदार लगाएर चारहात बाटो नखनी पैसा लिन आउँछस्, आधा रकम दिन्छस् भने चेक हुन्छ, नत्र हुँदैन ।"

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथामा प्रयुक्त दोहोरो संवादले कथाको घटनालाई गति प्रदान गरेको पाइन्छ । कथामा उमेर, लिङ्ग र स्तर अनुसारको छोटो र सरल संवादको प्रयोग भएको छ । निश्छल र निस्वार्थ रूपले व्यङ्ग्यपूर्ण वार्तालापमा कथाको गति बढेको छ भन्ने कुरा श्यामकृष्ण र सुन्तलीमायाको बाटोमा भएको संवादले प्रस्तुत गरेको छ ।

श्यामकृष्ण : "माझिटार जाने बाटो कता हो दिदी ?"
सुन्तलीमाया : "यतै पर्छ जानु नि ।"
सुन्तलीमाया : "भाइको घर कहाँ पऱ्यो नि ?"
श्यामकृष्ण : "मेरो घर थोक्लुङ गयले गाउँमा पर्छ ।"

'जनयुद्धको विजय' कथामा पात्रहरू बीचको दोहोरो संवादले कथाको घटनालाई गति प्रदान गरेको पाइन्छ । कथामा समाजका यथार्थ पात्रहरू बीचको वार्तालाप संवादका रूपमा आएकोले कथामा थप आकर्षण थपिएको छ । कथामा जनयुद्धको समयमा गाउँका सोझा गाउँलेहरूलाई सरकारले कतिसम्मको दुःख दिएका थिए भन्ने कुरा यी संवादबाट केही मात्रामा झल्किएको छ ।

सरकारी सेना : "तेरो छोरो अनिल भन्ने कहाँ गयो, नत्र तेरो प्राण पखेरु उडाइ दिन्छु ।"

अनिता : "बढेको छोरो साथीहरूसँग विद्यालय गएको फर्केको छैन ।"

'कोरिदै गएका भविष्यका रेखाहरू' कथामा एकालापीय र वार्तालापीय संवादको प्रयोगले आकर्षण थपिएको छ । कथामा पात्रको मनोविश्लेषण गर्न

एकालापीय संवादको र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवादको प्रयोग गरिएको छ । यहाँ सुशील र काका बीचको संवाद प्रस्तुत गरिएको छ जसले द्वन्द्वको वातावरण सिर्जना गरेको छ ।

सुशील : "नमस्कार काका ।"

काका : "तिमी नै हौ बिहान चिया लिएर आउने ?"

सुशील : "म नै हुँ काका, राम्रो लागेर इलामबाट लिएर आएको ।"

काका : "मलाई भेट्न आउँदा घुस लिएर भेट्न आउनु पर्छ ? तिमी यहाँबाट गइहाल ।"

सुशील : "दुनिया बदनाम गर्ने तपाई । ल्याउनुहोस् मेरी आमाले दिएको रकम, तपाईका दाह्रे उक्काई दिन्छु नत्र ..... ।"

'हात्तीको देखाउने दाँत' कथामा अत्यन्त झिनो मसिनो र छोटो संवाद ज्यादै थोरै ठाउँमा मात्र रहेको देखिन्छ । कथामा पात्रको स्तर अनुसारको संवादको प्रयोग भएको पाइन्छ । जसले कथाको घटनालाई थप गति प्रदान गरेको छ । कथामा एकालापीय र वार्तालापीय दुवै संवादको प्रयोग भएको छ । यहाँ दिलेन्द्र गुरुको एकालापीय संवाद प्रस्तुत गरिएको छ ।

"यो कसैको चाकडी र खुशामदले पाएको पुरस्कार होइन, शिक्षा क्षेत्रमा दीर्घकाल सेवा गरे वापत पाएको हुँ ।"

'नक्कली मयूर' कथामा पात्रहरूको दोहोरो र एकालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा त, तिमी जस्ता अत्यन्त नजीक र आत्मीयता प्रकट गर्ने संबोधनको पनि प्रयोग भएको पाइन्छ । कथामा आमाले छोरीप्रति गर्ने विषालु वचनवाणलाई पनि प्रस्तुत गरिएको छ ।

नानीमैया : "आमा ! माथ्ला घर साहिंली, कान्छी पनि धरान जान्छन् रे म पनि उनीहरूसँग गएर एक ढाकर नुन लिएर आउँछु ।"

आमा : "तरुनीवरुणी भएर जहीतही जान्छु भन्छेस् तँलाई, हामी आमाबाबुको नाकमा मोसो दल्न, तँ जस्ता छोरी सबैका छन् उताउँल्याइ गरेर नक्कल पारेपनि इज्जत थामेर बसेका छन्, बडा छाडा हुन्छेस् तँलाई पोई चाहियो ... ।"

'कोपभाजन' कथामा एकालापीय संवादको प्रधानता रहेको छ । कथाको प्रकृति अनुसार यसमा प्रयोग भएका संवाद स्वाभाविक तथा रोचक प्रकारका रहेका छन् । कथामा केन्द्रीय पात्र विमलको एकालापीय संवाद सशक्त रहेको छ ।

"कसरी मुख देखाउनु, घरमा पनि तीन वर्ष भयो नगएको, घरमा जाँदा कमसेकम पितामातालाई दुई चार सयको कोट, जुत्ता, गुन्यू, चोलो, मजेत्रो त लगिदिनै पर्‍यो । चेलीबेटीलाई पनि केही त दिनै पर्‍यो । छर छिमेकलाई पनि खित्रिङ-मित्रिङ बाड्नै पर्‍यो बरु यसपाली पनि घर नजानु पर्‍यो टण्टै खत्तम ।"

'सिफारिस' कथामा 'म' पात्र र हाकिम बीचको दोहोरो संवाले कथाको घटनालाई गति प्रदान गरेको छ । यहाँ केही मात्रामा एकालापीय संवादको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त संवादले पात्रको मनोदशा र हाकिमको मनोमानी प्रवृत्तिलाई स्पष्ट पारेको छ । यहाँ हाकिम र 'म' पात्रको संवाद प्रस्तुत गरिएको छ ।

हाकिम : "मन्त्री ज्यूलाई कहाँबाट चिन्नु भएको ?"

'म' पात्र : "उहाँ मेरो आफ्नै मामा हुनुहुन्छ ।"

हाकिम : "अनि मलाई भन्नु पर्दैन ?"

'म' पात्र : "सर भनेकै हुँ ।"

'स्वाभिमानको परिचय' कथामा एकालापीय र वार्तालापीय संवादको प्रविधि प्रयोग गरिएको छ भने तँ, तिमी जस्ता अत्यन्त नजीक र आत्मीयता प्रकट गर्ने संबोधनको पनि प्रयोग भएको पाइन्छ । सरल, सहज र अकुटिल संवादले सरल ग्रामीण जीवनको सरलता र सहजतालाई उपस्थित गरेको पाइन्छ ।

इन्द्रकुमार : "अनि बाजे आरामै हुनुहुन्छ ?"

धनहाङ बाजे : "के गर्नु नानी बाहुन बुढो भयो भने चोयामा लिम्बु बुढो भयो भने खोयामा भन्छन् । तागत छैन मन मान्दैन अर्काको मान्छे लगाउन, अह्राउन कठिन छ यसो बसिवियालो गरेको नि ।"

'युगको माग' कथामा वार्तालापीय संवादको प्रयोग गरिएको छ । यहाँ परम्परावादी सोचाई भएका पात्र र आधुनिक सोचाई भएका पात्रका बीचमा देखिएको भिन्नतालाई संवादका माध्यमबाट प्रस्तुत गरिएको छ ।

चतुरे मुखिया (बाबु) : “बलभद्रे बजिया, तैले पनि नाकमा दिसा दल्ने भइस् । तेरो बहिनीहरू त चौधरीका जोई बनेर गए तँ बजिया पनि टुहुरी नोकर्नीलाई एउटै खाटमा राखेर खुव पण्डित भएर फलाकिरहेको छस् । त्यो पनि विश्वकर्माकी छोरी । समाजले देख्दा के भन्लान् ।”

बलभद्र (छोरो) : “पिता जी, तपाई यस्तो नामर्द कुरा नगर्नु होस् । धन भएर पनि चिन्तनको दरिद्र मान्छे तपाई जस्तो यो संसारमा अर्को छैन होला ।”

‘नयाँ जीवनको सुरुवात’ कथामा पात्रको चरित्र उद्‌घाटन गर्न वार्तालापीय संवादको प्रयोग गरिएको छ । कथामा यसको प्रयोग ज्यादै थोरै ठाउँमा मात्र भएको छ । यी सङ्क्षिप्त संवादले नेपाली समाजमा वर्तमान समयमा पनि पुरुषबाट नारीको सम्मान हुन नसकेको कुरालाई प्रष्ट पारेको छ ।

कल्पना (श्रीमती) : “हजुरले भान्सा चाहिँ समयमै लिइदिए हुन्थ्यो, ढुक्क हुने थियो ।”

पीताम्बर (श्रीमान्) : “तँ मेरी आमा होस् र तेरो हुकुम मान्छु ?”

‘खुशामद’ कथामा पात्रहरू बीचको छोटो र वार्तालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको पाइन्छ । कथामा समाजका यथार्थ पात्रहरू बीचको वार्तालाप संवादका रूपमा आएकाले यसमा प्रयुक्त कथोपकथन पनि जीवन्त र व्यवहारिक देखिएको पाइन्छ । यहाँ कैलाशनाथ र चण्डेश्वर बीचको संवादलाई प्रस्तुत गरिएको छ ।

कैलाशनाथ : “के हो चण्डेश्वरजी हामी एकै टोल, एउटै विचारधारा बोकेर हिड्ने, तिमी अहिले घुस्याहा काकालाई किन लास झैं काखी च्यापेर हिड्छौ ?”

चण्डेश्वर : “म कामले सहयोग गर्ने मान्छे । नातावाद र कृपावाद, फरियावाद मेरो निम्ति चल्दैन ।”

‘सन्यास’ कथामा वार्तालापीय र एकालापीय संवादको प्रयोग गरिएको छ । कथामा वार्तालापीय संवादले द्वन्द्वपूर्ण स्थितिको सिर्जना गरेको छ भने एकालापीय संवादले पात्रको मनोविश्लेषणलाई प्रस्तुत गरेको छ । यहाँ उत्तमप्रसादको एकालापीय संवादलाई प्रस्तुत गरिएको छ, जुन संवाद उत्तमप्रसादले सोचे बमोजिमको परिश्रमको रकम नपाउँदा उसले मनमनै गरेको संवाद हो ।

"कमसेकम सामग्री सङ्कलन गरेर नेपाली साहित्यको इतिहास लेखिदिएको भएपनि सबैले पढ्थे । विश्वविद्यालयको पाठ्यक्रमको सन्दर्भ ग्रन्थ सूचीमा राखिदिन्थे । पुस्तकको गरिमा बढ्थ्यो । त्यो चुस्याहा पत्नी, तस्कर व्यक्तिचारीको जीवनी कसले पढ्ने ?"

'अन्तर्ध्वनी' कथामा पात्रको मनोविश्लेषण गर्न एकालापीय संवाद र पात्रको चरित्र उद्घाटन गर्न वार्तालापीय संवाद प्रयोग भएका छन् । जसले कथाको घटनालाई गति प्रदान गरेको पाइन्छ । कथामा पात्रानुकूलको संवाद प्रयोग गरिएको छ । यहाँ प्रस्तुत संवादले गुरुजीले जीवनमा भोगेको घटनालाई स्पष्ट रूपमा छर्लङ्गाएको छ ।

टेडुफूले बुढो : "गुरुजीका कुरा सुन्दा त हाकिम हुनु पर्ने कसरी गुरुजी हुनु भयो ?"

गुरुजी : "बाजे मैले पनि बी.ए. पास गरेको छु । म पनि गाउँको शहीद मा.वि. को हेडमाष्टर भएको थिएँ । स्थायीको लागि आयोग लड्न जाँदा दलालले रकम माग्यो । म रकम पनि दिने पक्षमा थिइन । रकम नदिदा म भन्दा योग्यताविहीन व्यक्ति पास हुन गयो । नैतिकताको आधारमा राजीनामा दिएर गाडी चलाउन थाले ।"

'जन्तरे काका' कथामा जन्तरे काकाको एकालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा जन्तरे काकाले गाउँलेहरूलाई एकोहोरो आफ्नो जीवन वृत्तान्त सुनाउने सन्दर्भमा प्रस्तुत संवाद आएको पाइन्छ ।

"नानी हो अहिले नयाँ जमाना आएको छ । जताततै विद्यालय खुलेका छन् । हाम्रो पालामा यस्तो थिएन । शोषक साहुहरूको अत्याचार र दमनले डाँडा काटेको थियो । पेटपालाको निम्ति वर्षमा सात/आठ पटक नुन ओसार्न धरान जानु पर्थ्यो । साहुको वर्षभरि हलो, कोदालो गर्दा पनि सिपाही लगाएर कुटाउँथे .... ।"

'टुक्रिएको सपना' कथामा एकालापीय संवादको प्रधानता रहेको छ । कथामा पात्रहरू एक्लै एकोहोरो बोलिरहेको पाउन सकिन्छ । प्रस्तुत संवादले सरुको सपना टुक्रिए पछि उसले आफ्ना बाबुआमालाई टेलिफोन मार्फत सुनाएको कारुणिक कुरालाई प्रस्तुत गरेको छ ।

"पितामाता अब काठमाडौँ नआउनु होला । राजनीति दुई दिनको घाम छायाँ रहेछ । भविष्यको स्वर्णिम सपना बनेर मन्त्रीको भाइसँग बिहे गरे । यो परिवार ठूलो गिरोहसँग सम्बन्धित रहेछ । अब सबै अख्तियारको कब्जामा परे । अब उम्कने ठाउँ छैन । तपाईहरूको ज्वाइँ पनि भागेर अमेरिका जानु भयो ।"

'चाकडी' कथामा पात्रहरू बीचको दोहोरो संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा सरल, सहज र स्वाभाविक संवादले कथामा आकर्षण थपिएको छ । प्रस्तुत संवाद चेतप्रसादले सचिवलाई चाकडी गरेर नारायणप्रसादको बारेमा भए नभएको कुरा सुनाए पछि भएको सचिव र नारायणप्रसादको संवाद हो ।

नारायणप्रसाद (हाकिम) : "चेतप्रसाद खरदार भनेको मान्नु हुन्न, काम लाउन कठिन भयो ।"

सचिव : "आफू भन्दा निम्न स्तरका कर्मचारीप्रति व्यवहार गर्न जान्नु पर्छ, तपाई जस्तो डरपोक मान्छे, वेकार हाकिम बनाएछु, बोकाको मुखमा कुभिण्डो आँटेन । तपाईलाई काज फिर्ता गरिदिन्छु, ताप्लेजुङ्ग जानुहोस् रक्सी खाएर बस्नुहोस् ।"

'अस्मिताको सङ्घर्ष' कथामा पात्रहरू बीचको आपसी संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा प्रयुक्त सङ्क्षिप्त र सरल संवादले कथामा रोचकता बढाएको छ । यहाँ रूपा र दाह्रे साहु बीचको संवादले द्वन्द्वपूर्ण स्थितिलाई अग्रता दिएको छ ।

दाह्रे साहु : "के हो एक्लै बुहारी, यस्तो उमेरमा ।"

रूपा : "यो के गरेको ?"

दाह्रे साहु : "अब तेरो पालो मलाई के ठानेकी छस् ?"

'विदेशको सपना' कथामा पात्रको मनोविश्लेषण गर्न एकालापीय संवाद र पात्रको चरित्र उद्घाटन गर्न वार्तालापीय संवादको प्रयोग गरिएको छ । कथाको कथावस्तु वर्तमानका घटना वर्णनमा भन्दा 'म' पात्रको जीवनसँग सम्बन्धित भूत कालिक घटनाको वर्णनमा बढी सबल देखिएको छ । कथा 'म' पात्रको स्वकथनबाट सुरु भएको छ । यहाँ 'म' पात्र र झमकसिंह बीचको संवाद प्रस्तुत गरिएको छ ।

'म' पात्र : "के हो साथीहरू मलाई मात्र एक्लो पारेर आफैमात्र विदेश जाने ?"

झमकसिंह : "तपाई भर्खर घर आउनु भएको, आजैमात्र भेट भएको, इच्छा छ भने सँगै जाऔ । लाख रूपैया लाग्छ रे सँगै जाँदा बाटो साँगुरो हुँदैन ।"

'उत्सर्गको बाटो' कथामा प्रयुक्त छोटो संवाद ज्यादै थोरै ठाउँमा मात्र प्रयोग भएको छ । कथामा प्रयुक्त संवाद सरल र स्वाभाविक किसिमको रहेको छ । यहाँ भीम सिंह र गस्ती टोलीको प्रमुख बीचको संवादले कथामा द्वन्द्वपूर्ण वातावरणको सिर्जना गरेको छ ।

गस्ती टोलीको प्रमुख : "राष्ट्रघाती साला, गाउँ भाड्ने तैं होस्, जीवन पाउँछस् भने माफ माग र आफ्ना मतियारहरू सबै चिना, नत्र तेरो अन्त्य गरिदिन्छु ।"

भीम सिंह (अनुपाको श्रीमान) : "तँ जस्ता कुत्तासँग जीवनको भीख मागेर बाँच्न चाहन्न । म जिउँदो योद्धा हुँ, मार म माफ माग्दिन ।"

'बालुवाको घर' कथामा प्रयुक्त वार्तालापीय संवाद र एकालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथाको प्रकृति अनुसार यसमा प्रयोग भएका संवाद स्वाभाविक तथा रोचक प्रकारको रहेको छ । यहाँ हितमानको एकालापीय संवादलाई प्रस्तुत गरिएको छ ।

"अब यी सालेको पछि दगुर्दिन, आफ्नै ठाउँबाट दलित उत्थान सङ्घ खोलेर जातीय मुक्तिमा लाग्छु । साला धोखेवाज नेताहरू सबै घुस्याहा फटाहा ।"

'उज्ज्वल भविष्यको सपना' कथामा पात्रहरू बीच दोहोरो संवाद भएको छ । कथामा सरल, सहज र स्वाभाविक यो संवाद ज्यादै थोरै ठाउँमा प्रयोग गरिएको छ । कथामा गाउँबुढो र दलजित बीच संवाद भएको छ । दलजितको आश्रयदाता गाउँबुढोको उमेर ढल्केर बुढो भए पनि उसले छोरी जस्ती दलजितकी श्रीमतीप्रति लोभिएको कुरा गाउँबुढो र दलजितको संवादका क्रममा गाउँबुढोको भनाईबाट थाहा पाउन सकिन्छ ।

मुख मिठ्याउँदै गाउँबुढोले दलजितलाई भन्यो : "दलजित तिमी र तिम्री जहानसँग म ज्यादै खुसी छु, एउटा कुरा के भने मेरी जहान खसेको पाँच वर्ष भयो, दुई हजार रूपैया दिन्छु, तिमी अन्त गएर बिहा गर, तिम्री स्वास्नी म राख्छु ।"

'मोलतोल' कथामा प्रयुक्त पात्रहरू बीचको वार्तालापीय र एकालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथाको प्रकृति अनुसार यसमा

प्रयोग भएका संवाद स्वाभाविक तथा रोचक प्रकारको रहेको छ । कथामा प्रयुक्त हरिभक्त र शारदा बीचको संवादले समाजको यथार्थतालाई प्रस्तुत गरेको पाइन्छ ।

शारदा : "घरको पुग नपुग केही थाहा छैन । सबै रूपैया किन बाड्नु भएको ?"

हरिभक्त : "शारदा तिमीलाई थाहा छैन ? साहित्यमा पनि सौदावाजी चल्छ । आफूसँग दुई पैसा छैन । मलाई पुरस्कृत गराइदेउ म हजार-हजार रूपैया दिन्छु भनेर कवुल गरेको थिएँ, अहिले दिएको ।"

'भिनाजुको करामत' कथामा सरल र सङ्क्षिप्त वार्तालापीय संवादले कथाको घटनालाई गति प्रदान गरेको पाइन्छ । कथाको प्रकृति अनुसार यसमा प्रयोग भएको संवाद स्वाभाविक तथा रोचक प्रकारको रहेको देखिन्छ । प्रस्तुत संवादले वर्तमान नेपाली समाजमा सही प्रतिभाको मूल्याङ्कन हुन नसकेको कुरालाई देखाएको छ ।

प्रभुनाथ : "आजको कवि गोष्ठी कस्तो लाग्यो ? तपाईकी छिमेकी कल्पना प्रथम भई, अब नारीहरू पनि जाग्नु पर्छ ।"

रीमा : "रातभरि आफै कविता लेखेर दिए पछि र आफै निर्णायक मण्डलमा बसे पछि प्रथम हुदैन र ?"

'मुखभरिको जवाफ' कथामा पात्रको मनोविश्लेषण गर्न एकल संवाद र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवाद प्रयोग भएको देखिन्छ । कथाको वार्तालापीय संवादले कथामा द्वन्द्वपूर्ण वातावरणको सिर्जना गरेको छ भने एकालापीय संवादले शान्ताको मनमा चलेको उथलपुथल र दोधार स्थितिलाई प्रस्तुत गरेको छ । यहाँ शान्ताको एकालापीय संवादलाई प्रस्तुत गरिएको छ ।

"विचरा ! प्रकाशको नै के भूल थियो र ? सम्पत्ति थिएन होला ऊसित, योग्यता थियो, प्रतिष्ठा थियो । म जस्ता युवतीलाई जीवनसाथी बनाएर सुखभोग गर्न चाहन्थ्यो होला । के गरिब हुँदैमा भोकै बस्थ्यो र ? आखिरी जसरी भए पनि बाँच्नु न हो दुनियामा बाँच्ने उपाय अनेक छन् एक नभए अर्को...., उफ ! म कस्ती अभागी ।"

## ४.५ परिवेश

रविमान लमजेलका कथाहरू स्वदेश र विदेशका गाउँले समाज र सहरीया परिवेशको सेरोफेरोमा केन्द्रित हुन पुगेको देखिन्छ । उनका धेरै कथाहरूले गाउँले

जीवनको झझल्को दिएका छन् । त्यसैले उनका धेरैजसो कथाहरूमा गाउँले परिवेशको चित्रण गरिएको पाइन्छ । लमजेलका कथाहरूमा नेपालको वि.सं. २०४६ सालको जनआन्दोलनको समय र त्यस भन्दा केही समय अघिको परिवेश र वि.सं. २०६२/०६३ सालको जनआन्दोलनको समय र त्यस भन्दा अघिका केही समयलाई परिवेशको रूपमा लिइएको पाउन सकिन्छ ।

'धनबहादुरको प्रतिशोध' कथा पूर्वी नेपालको तेह्रथुम जिल्लाको थोक्लुङ, लोक्ताङ, गाउँ र धरानमा सीमित रहेको छ । समयका हिसाबले यस कथाले करिब एक वर्षको परिवेश समेटेको छ । कथामा घर माथिको बरोबोटे डाँडा, विद्यालय, कर्कले, चिहान डाँडा, धरानको फुस्रे खोला आदि स्थानको चित्रण रहेको छ । कथामा गाउँका शोषक चुच्चे साहुलाई धनबहादुरले पिटी उसको शोषक प्रवृत्तिबाट सम्पूर्ण गाउँलेहरूलाई स्वतन्त्र बनाई दिएको कारण कथाको वातावरण सुखदपूर्ण रहेको छ ।

'तीतो प्रतिक्रिया' कथामा नेपालको ग्रामीण क्षेत्र परिवेशको रूपमा आएको छ । कथामा करेपे, लोक्ताङ, थोक्लुङ, फाकचुवा खोला, सक्रान्ति थाना, कैजले व्यासी आदि स्थानको चित्रण गरिएको छ । समय सूचक तथ्यहरूमा असार महिनाभरि घटेका घटनाहरूलाई कथाकारले कथामा समेटेको छ । कथामा जर्कटे साहुको शोषक प्रवृत्ति अन्त्य भएकोले कथाको वातावरण सुखान्त रहेको देखिन्छ ।

'चुनाव' कथाले विशेष गरी पूर्वी नेपालको तेह्रथुम जिल्लाको केरेपे र आठराई गाउँको परिवेशको चित्रण उतारेको छ साथै काठमाडौं पनि प्रशंगवश आएको छ । यस कथामा समय सूचक तथ्यहरूमा "सबैको सेवा गर्छु भनेर २०१८ सालमा पहिलोपल्ट निर्वाचनमा उम्मेद्वार खडा भई प्रधानपञ्च विजयी भयो" भन्ने प्रसङ्ग आएबाट कथा सिर्जनाको समय पञ्चायती व्यवस्था रहँदाको समय हो भनी किटान गर्न सकिन्छ । कथामा गरिबको पक्षबाट देउनारायणले चुनाव जितेको कारण कथाको वातावरण सुखान्त प्रकारको रहेको छ ।

'पराजयपछिको विजय' कथाको परिवेशका रूपमा सामान्यतया २०४६ सालको जनआन्दोलन अघि र आन्दोलन पछिको काठमाडौं सहर आएको छ । यसले नेपथ्य परिवेशका रूपमा हरिशरणको जन्मथलो आठराईलाई चित्रण गरेको छ । कथामा स्थानका रूपमा हरिशरण बस्ने काठमाडौंको कुनै टोलको घरको डेरा,

उसको कार्यालय, न्यूरोड, टुडिखेल आदि आएको छ । कथामा जनआन्दोलन पश्चात् प्रजातन्त्र आएको कारण यसको वातावरण सुखान्त रहेको छ ।

'मूल्याङ्कन' कथामा नेपालको ग्रामीण क्षेत्र परिवेशको रूपमा आएको छ । कथामा थोक्लुङ गाउँ स्थानको रूपमा आएको छ भने समय सूचकका रूपमा पञ्चायती व्यवस्था हटे पछिको समय आएको छ । प्रस्तुत कथामा गरिबको लागि जीवन समर्पित गर्ने कुलनाथको सम्मान गरिएको कारण कथाको वातावरण उल्लासमय रहेको पाउन सकिन्छ ।

'दृढ निश्चय' कथामा परिवेशलाई जनाउने स्थान, वातावरण बुझाउने केही तथ्यहरू स्पष्ट रूपमा सङ्केत भए पनि समय सूचक तथ्यहरू स्पष्ट रूपमा सङ्केत हुन सकेका छैनन् । यस कथाको नायकले सावित्रीले लेखेकी चिठी पढे पछि उसले सावित्री र आफूले बिताएका क्षणहरू सम्झेको र सावित्री र शर्मिलालाई मनमनै तुलना गरेको प्रसङ्ग आएबाट प्रस्तुत कथाले लगभग दुई/तीन घण्टाको शान्त वातावरणलाई समेटेको छ । कथामा स्थानका रूपमा दिलीप बस्ने कुनै गाउँको घरको कोठा, कार्यालय आएको छ भने प्रसङ्गवश काठमाडौँ, कालिम्पोङ आदि स्थान पनि परिवेशका रूपमा आएका छन् । प्रस्तुत कथाले छोराछोरीको भावनालाई कदर नगरी बाबुआमाले आफ्नो विचार जबर्जस्ती लाद्ने समाजको चित्रण गरेको छ ।

'मुद्दा' कथामा परिवेशलाई जनाउने स्थान, समय र वातावरण स्पष्ट रूपमा सङ्केत भएको पाइँदैन । प्रस्तुत कथाको 'म' पात्र प्रशासक पदमा नियुक्त भएको कारण स्थानका रूपमा कुनै सहरको कार्यालय र थाना आएको छ । समय सूचक तथ्यका रूपमा 'म' पात्र प्रशासक पदमा नियुक्त भएको दिनदेखि भोलिका दिनसम्मको घटनालाई कथाले समावेश गरेको हुँदा यस कथामा दुई दिनको परिवेश आएको छ । कथामा जुनसुकै कार्यालयमा चाकडी प्रथा यथावत नै रहेको वातावरणको चित्रण गरिएको छ ।

'ओझेलमा परेको इतिहास' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । यस कथाले नेपाल लगायत भारतका केही ठाउँलाई परिवेशको रूपमा समेटेको छ । कथामा नेपालको कुनै गाउँको 'म' पात्रको घर, तेह्रथुम, धरान, काठमाडौँ र भारतका सिलगढी, मुम्बई आदि स्थानमा

घटेका घटनाहरू कथामा समावेश भएका छन् भने प्रसङ्वश अमेरिका पनि स्थानको रूपमा आएको छ । समय सूचक तथ्यहरूमा यस कथाले करिब दुई/तीन महिनाको समयलाई समेटेको छ । कथामा गंगालाई फकाई फुल्याई मुम्बईमा लगी धनपती शर्माले बेचेको प्रसङ्गबाट नेपाली चेलीको दयनीय अवस्थाको कारुणिक वातावरणको सिर्जना कथामा भएको छ ।

'प्रतिबद्धता' कथाले विशेष गरी पूर्वी नेपालको तेह्रथुम जिल्लाको लोक्ताङ गाउँको परिवेशको चित्रण गरेको छ । साथै धरान क्याम्पस पनि प्रसङ्गवश आएको छ । कथामा लोक्ताङ गाउँका निगुरे खोला, खेत, गाउँ, घर, आँगन, अँगेनु, थाना आदि स्थान आएको छ । समयका हिसाबले यस कथाले छ महिनाको परिवेश समेटेको छ । कथामा गाउँका गरिबहरूले घरमा पालेका परेवा, लैना भैसी गाई आदि पैसा नतिरी नै आफ्नो बनाउने घोसे साहुको प्रवृत्ति रहेको पाइन्छ । यही कारण समाजमा जरा गाडेर रहेको ठूला महाजनको मनपरी तन्त्र, समाजका तल्लो स्तरका व्यक्तिहरू पिरोलिनु परेको दुःखद वातावरणको चित्रण प्रस्तुत कथाले गरेको छ ।

'न्यायको तराजु' कथामा मुख्य रूपमा थाप्ले गाउँको परिवेश आएको छ भने प्रसङ्गवश काठमाडौँको रत्नपार्क पनि आएको पाइन्छ । कथामा थाप्ले गाउँको तुङ्गप्रसाद बस्ने घर, वनपाखा, हाटबजार, कान्छा सुब्बाको कटेरा आदि स्थानका रूपमा आएका छन् । समय सूचक तथ्यका रूपमा तुङ्गप्रसाद बसेको पनि सात वर्ष बितिसकेको छ भन्ने प्रसङ्ग कथामा आएको कारण प्रस्तुत कथाले सात वर्षको परिवेशलाई समेटेको पाइन्छ । कथामा गाउँका ठूलाठालुहरूले गरिब र असहायहरूलाई फकाई फुल्याई अनेक प्रलोभन देखाएर आफ्नो घरमा काम गर्न राख्ने तर उनीहरूलाई कामको ज्याला समेत नदिएर उल्टै उनीहरू माथि नै शोषण गर्ने सामाजिक स्थितिको चित्रण गरेको छ ।

'शंका निवारण' कथामा नेपालका कुनै ग्रामीण क्षेत्रका चतुरमानको घर गोरुथला, कोठा र झ्यालखाना परिवेशको रूपमा आएको छ । कथामा चतुरमान जेल परेको पाँच महिना पाँच दिन लागे पछि श्रीमती पुकुली भेट्न आएको प्रसङ्गबाट प्रस्तुत कथाले छ महिनाको परिवेशलाई समेटेको छ । कथाले समाजका ठूलाबडाले गरिबहरूप्रति सड्यन्त्र गरेर अनेक तरिकाले फसाएर शोषण गर्ने प्रवृत्तिलाई कथाले चित्रण गरेको हुनाले कथाको वातावरण त्रासदपूर्ण रहेको देखिन्छ ।

'ठीक बाटो' कथामा बहुदलीय प्रजातन्त्र प्राप्ति पछि र अघिको समयको परिवेश आएको छ । कथामा चन्द्रगढी जेल र पीपलबोटे गाउँ स्थानका रूपमा आएको छ । कथामा बहुदलीय प्रजातन्त्र अघिका गरिब गाउँलेहरूको दयनीय स्थिति र ठूला महाजनका शोषण प्रवृत्ति र बहुदलीय प्रजातन्त्र पछि गरिब गाउँलेहरूले आफ्नो अधिकार पाएर आफू माथि शोषण गर्ने शोषकहरूको विरोध गर्न सफल भएको वातावरणको चित्रण गरिएको छ ।

'खुसीले भरिएको हृदय' कथामा झापा जिल्लाको मालपोत कार्यालय, केरेपे गाउँका पाखा पखेरा, फाकचुवा र अँधेरी खोलाको भीर, देवीथाने खोलाको पुछार, सारन्ताको भीर, झापाको शनिश्चरे आदि स्थानगत परिवेशका रूपमा आएका छन् । समयका हिसाबले यस कथाले आठ वर्षको परिवेश समेटेको छ । कथामा सविनाले घटक सिंहको अन्यायको प्रतिकार गरी ऊ अधिकृतसम्म भएको सुखदपूर्ण वातावरणको चित्रण गरिएको छ ।

'आदर्श शिक्षिका' कथामा परिवेश जनाउने स्थान र वातावरण सूचक तथ्यहरू उपलब्ध भए पनि समय सूचक तथ्यहरू कथामा कतै पनि आएको देखिदैन । प्रस्तुत कथामा केरेपे प्राथमिक विद्यालय, थोक्लुङका भगवती माध्यमिक विद्यालय, आठराई आदिको प्रसङ्गबाट नेपालको तेह्रथुम जिल्लाको केही गाउँहरूलाई कथामा समेटिएको छ । यस कथामा कथाकी नायिकाले पढेर आदर्श शिक्षिका बनेकी प्रसङ्गबाट कथाले नारीहरू पनि शिक्षित हुन थालेको वातावरणको सिर्जना गरेको छ । यो कथा कुन समयमा रचना भएको हो भन्ने प्रसङ्ग कथामा कतै पनि आएको छैन ।

'नयाँ क्षितिजको खोजी' कथामा परिवेश जनाउने स्थान, वातावरण सूचक तथ्यहरू उपलब्ध भए पनि समय सूचक तथ्यहरू कथामा कतै पनि आएको देखिँदैन । यस कथाले काठमाडौँ सहरलाई परिवेश बनाएको छ । कथामा पद्मकन्या क्याम्पस, डिल्लीबजार, घट्टेकुलो, बागबजार, कीर्तिपुर, रत्नपार्क, रानी पोखरी आदि स्थानको चित्रण भएको पाइन्छ । प्रस्तुत कथामा धनी वर्गका मानिसले गरिब निमुखा वर्गका मानिसलाई मानिसको रूपमा व्यवहार नगर्ने समाजको चित्रण गरिएको छ । यो कथा कुन समयमा रचना भएको हो भन्ने प्रसङ्ग कथामा कतै पनि आएको छैन ।

'आत्मविश्वासको क्षितिजतिर' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध भएका छन् । यस कथामा राते साहुले

असारको दिनमा हलगोरु फुकाएर लैजानु, भदौमा विद्यालय खुले पछि उसकी आमाले छोरालाई चिठी लेखि दिनुहोस् भनी ‘म’ पात्रलाई आग्रह गर्नु, केही समयपछि ‘म’ पात्रको ताप्लेजुङ्ग सरुवा हुनु आदि प्रसङ्गबाट प्रस्तुत कथाले तीन/चार महिनाको परिवेशलाई समेटेको छ । कथामा कुनै ग्रामीण क्षेत्रका चिया पसल, दोकान, ‘म’ पात्रको घर, विद्यालय, लाबरबोटे आदि स्थान आएबाट कथाले कुनै ग्रामीण क्षेत्रलाई परिवेश बनाएको छ । कथामा प्रेमप्रसाद गरिब भएको कारण राते साहुले उसलाई गाउँमा बसि नसक्नु बनाए पछि प्रेमप्रसाद लाहुर जान बाध्य भएको प्रसङ्गले कथाको वातावरण कारुणिक रहेको छ भन्न सकिन्छ ।

‘हाकिमको कुटनीति’ कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध भएका छन् । यस कथामा ‘म’ पात्रको घर र अफिस परिवेशको रूपमा आए पनि गाउँ वा सहर कुन हो भनी स्पष्ट किटान गरिएको प्रसङ्ग कतै पनि पाइएको छैन । यस कथाले ‘म’ पात्रको अफिसमा घटेका धेरैजसो घटनाहरूलाई समेटेको छ । कथामा ‘म’ ापत्र मसान्तको दिन खुसीले भरिएर तलब थाप्ने आशाले अफिस तर्फ गएको प्रसङ्गबाट यस कथाले एक महिनाको परिवेशलाई समेटेको छ । कथामा जाली हाकिमको कारण ‘म’ पात्रले देखेका सपनाहरू तासको घर झैं भताभुङ्ग भएकोले कथाको वातावरण कारुणिक रहेको छ भन्न सकिन्छ ।

‘कागजी बाघ’ कथामा तेह्रथुम जिल्लाका विभिन्न ठाउँहरू परिवेशको रूपमा आएका छन् । कथामा आठराई, लोरिपा, लाबरबोटे आदि स्थानको चित्रण गरिएको छ । समयका हिसाबले यस कथाले दुई दिनको परिवेश समेटेको छ । यस कथामा गाउँका शोषक साहिला मुखिया अन्त्यमा गाउँ छोडेर भागेको हुनाले कथामा सुखद वातावरणको सिर्जना भएको छ ।

‘आफूले रोजेको बाटो’ कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध रहेका छन् । कथामा सहरी र ग्रामीण परिवेशको चित्रण भएको छ । कथामा थोक्लुङ, आठराई, मोराहाङ, विराटनगर आदि मुख्य स्थानका रूपमा आएका छन् भने प्रसङ्गवश धरान, म्याङलुङ, संक्रान्ति आदि स्थानहरू कथामा परिवेशका रूपमा आएका छन् । यस कथामा ‘म’ पात्रले एस.एल.सी. पास गरी आइ.ए. पढि सकेपछिको केही समयको दाम्पत्य जीवनको प्रसङ्ग आएकोले यस कथाले तीन/चार वर्षको परिवेशलाई समेटेको छ भन्न

सकिन्छ । कथामा 'म' पात्रलाई आफ्नो श्रीमानले शारीरिक तथा मानसिक यातना दिएको प्रसङ्गबाट ऊ आफ्नो श्रीमानबाट शोषित भएको छ । कथामा प्रस्तुत यस प्रसङ्गले पुरुषको हैकमवादी प्रवृत्तिलाई वातावरणले चित्रण गर्न सफल भएको छ ।

'जनआन्दोलनको तस्वीर' कथाको परिवेश सामान्यतः २०४६ सालको जनआन्दोलनको समयको काठमाडौँ सहर आएको छ भने यसमा नेपथ्य परिवेशको रूपमा दोलखाको कुनै गाउँ पनि आएको छ । कथामा स्थानका रूपमा काठमाडौँको चक्रपथ र टुडिखेल आएको छ । जहाँ कथाको घटनाहरू घटेका छन् । कथामा जनआन्दोलन पछि प्राप्त भएको बहुदलीय प्रजातन्त्रको पनि उल्लेख भएको कारण कथाको वातावरण उल्लासमय देखिएको छ ।

'निधारको खत' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । यस कथामा गाउँका भलाद्मीहरू आएर छलफल गरेर र फैसला गरे भन्ने प्रसङ्ग आएकोले कथाले ग्रामीण क्षेत्रको परिवेशलाई समेटेको छ । यस कथामा तीन वर्ष अघि जापान जाने मौका मिल्यो भन्ने प्रसङ्ग आएकोले कथाले तीन/चार वर्षको परिवेशलाई लिएको छ । कथामा 'म' पात्रले आफूले दिएको पैसा दुर्गेशबाट फिर्ता माग्दा उसले उल्टै कुटाई खाएको प्रसङ्गबाट समाजमा कसैलाई सहयोग गरे वापत् फल प्राप्त हुनु पर्नेमा उल्टै दुर्गति प्राप्त गरेको कारुणिक वातावरणको सिर्जना गरिएको छ ।

'आभास' कथामा तेह्रथुम जिल्लाका रमिते बरको चौतारो, फाकचुवा खोला, दुर्योधन साहुको घर आदि स्थानहरू मुख्य परिवेशको रूपमा आएको छ भने नेपथ्य परिवेशको रूपमा पाँचथर जिल्ला पनि आएको छ । कथामा पाँच वर्ष अघि हाम्रो यही चौतारामा भेट भएको थियो भन्ने प्रसङ्ग आएको हुनाले यस कथाले पाँच वर्षसम्मको परिवेशलाई समेटेको मान्न सकिन्छ । कथामा दुर्योधन साहुले भक्तबहादुरलाई अनेक प्रलोभन देखाएर फकाई फुल्याई घरमा ल्याएको तर उस माथि नै शोषण गरेको प्रसङ्गबाट कथाको वातावरण दुःखान्त रहेको छ ।

'स्थिर धरातल' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । कथामा इलाम, झापा र कालिम्पोङ मुख्य परिवेशको रूपमा आएको छ भने काठमाडौँ प्रसङ्गवश आएको छ । कथामा 'म' पात्रको

इलामको घर, क्याम्पस, झापाको मेची क्याम्पस र 'म' पात्रको श्रीमानको कालिम्पोङको घर आदि स्थानहरू परिवेशको रूपमा आएका छन् । समयका हिसाबले यस कथाले आठ/नौ महिनाको परिवेश समेटेको छ । यस कथामा 'म' पात्रको श्रीमानको घरमा जेठी श्रीमती हुँदाहुँदै पनि 'म' पात्रलाई झुक्याएर विवाह गरेको र उसलाई शारीरिक तथा मानसिक यातना दिएको प्रसङ्गबाट प्रस्तुत कथाले नारीहरूको दयनीय अवस्थाको वातावरणलाई चित्रण गरेको छ ।

'सहिद दिवस' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध भएका छन् । कथाले तेह्रथुम जिल्लाको सहरलाई परिवेश बनाएको छ । कथामा वि.सं. २०६३ सालको जनआन्दोलन पछिको सहिद दिवस परिवेशको रूपमा आएको छ । कथाको वातावरण उल्लासमय रहेको छ । कथामा सहिदहरूलाई सम्मान गर्दै सहिदले देखाएको बाटोमा सबैले हिड्नु पर्ने कुराको उल्लेख पनि गरिएको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथामा इलाम र फिदिमको सडक, ताप्लेजुङ्गको लुङथुङ र लेलेप, मुस्कान होटल, च्यौराली लज आदि स्थानहरू परिवेशको रूपमा आएका छन् । प्रस्तुत स्थानहरूमा यस कथाको घटनाहरू घटेको पाइन्छ । कथामा छिरिङको जीवनमा ठेकेदारी काम भएको सातौँ वर्ष भयो भन्ने प्रसङ्ग आएको हुनाले कथाले सात/आठ वर्षको परिवेशलाई समेटेको छ । प्रस्तुत कथामा सोझो ठेकेदार छिरिङलाई लेखापालले झुल्याएर आधा पैसा खान खोजेको प्रसङ्गले यस कथाले समाजका सोझा वर्गहरूले दुःख पाएको कारुणिक वातावरणको चित्रण गरेको छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथामा भारतको आसामदेखि नेपालको विभिन्न ठाउँ परिवेशको रूपमा आएको छ । कथामा आसामको मनिपुरको होटल, नेपालको फिदिम, जोरसाल, माझिटार आदि मुख्य परिवेशको रूपमा आएको छ भने प्रसङ्गवश तराई, काँकडभिट्टा आदि स्थान पनि आएको पाइन्छ । कथामा समय सूचक तथ्यहरूमा कथामा तीन वर्ष अघि आसाम भागेर नगएको भए अहिले आइ.ए. पास गरिसक्न्थ्यो भन्ने प्रसङ्ग आएको हुनाले कथाले तीन/चार वर्षको परिवेश समेटेको पाउन सकिन्छ । यस कथामा स्वदेशमै बसेर पनि केही गर्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत गरेको छ । प्रस्तुत कथाको नायक श्यामकृष्णले आसाममा दुःख पाए पछि आफ्नै गाउँमा फर्किएको र गाउँमै उसले प्रगति गरेको

प्रसङ्गबाट कामको खोजीमा छिमेकी राष्ट्र भारतमा जाने र त्यहाँ दुःख पाएर पुनः स्वदेशमै फर्केर आउने नेपालीहरूको कारुणिक अवस्थालाई जीवन्त पार्न यस कथाको वातावरण सक्षम रहेको छ ।

'जनयुद्धको विजय' कथामा मुख्यतः परिवेशको रूपमा ग्रामीण क्षेत्र आएको छ । कथामा केरेपे गाउँ, संक्रान्ति बजार, थाना आदि स्थानहरू कथामा समावेश भएका छन् । यस कथामा तीन वर्षसम्म कुनै खबर नभएको मानिस बैशाख सात गते टुप्लुक्क घर आइपुग्यो भन्ने प्रसङ्ग आएबाट यस कथाले तीन/चार वर्षको परिवेशलाई समेटेको छ । कथामा मयूरध्वजले अनिललाई माओवादीको आरोप लगाई सुरक्षाकर्मी झिकाएको प्रसङ्गले कथाले समाजमा व्याप्त साहु महाजनले गरिब माथि गर्ने मनपरीतन्त्र र मनोमानीले युक्त दुःखद वातावरणको सिर्जना गरेको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथामा ग्रामीण र सहरीया दुवै क्षेत्र परिवेशको रूपमा आएको छ । कथामा तेह्रथुमको आठराई, कृष्णले पढाउने कुनै विद्यालय, काठमाडौँको रत्नपर्का, डिल्लीबजार, कीर्तिपुर, इलाम आदि स्थानहरू परिवेशको रूपमा प्रस्तुत भएका छन् । समयका हिसाबले यस कथाले नौ/दस वर्षको परिवेशलाई समेटेको पाइन्छ । प्रस्तुत कथामा कृष्ण ना.सु. भएर काठमाडौँ आए पछि आफ्नो भाउजू र भतिजहरूलाई बिर्सिएको प्रसङ्गबाट यस कथाले अवसरवादी वातावरणको सिर्जना गरेको छ । समाजमा व्याप्त अवसरवादी प्रवृत्तिले युक्त व्यक्तिको चित्रण गरेको छ । 'म' पात्रलाई पहिले आफ्नो बाबुले भन्दा बढी माया गर्ने काका कृष्णलाई 'म' पात्र काठमाडौँमा भेट्न जाँदा उसलाई बेइज्जत गरी घरबाट निकालि दिएको प्रसङ्गबाट कथाले कारुणिक वातावरणको चित्रण गरेको छ भन्न सकिन्छ ।

'हात्तीको देखाउने दाँत' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । कथामा ग्रामीण र सहरी दुवै क्षेत्र परिवेशको रूपमा आएका छन् । कथामा नेपालको कुनै गाउँ र काठमाडौँको कुनै सहर स्थानको रूपमा आएको छ । यस कथामा एक वर्ष पछि खबर आयो भन्ने प्रसङ्गबाट कथामा एक/दुई वर्षको परिवेशलाई समेटिएको छ भन्न सकिन्छ । कथामा दिलेन्द्र गुरु खाद्य संस्थानको महाप्रबन्धक भएको कारण उसलाई सहयोग

गर्ने गाउँलेहरूको गुन बिर्सिएको कारण कथाले दिलेन्द्र गुरुको अवसरवादी प्रवृत्तिलाई जीवन्त पार्न यस कथाको वातावरण सक्षम बनेको छ ।

'नक्कली मयूर' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । यस कथामा गाउँ र सहरी क्षेत्रको परिवेश समेटिएको पाइन्छ । कथामा आठराईको नानीमैयाको घर, पधेरा, खरबारी आदि स्थान र धरानको कुनै घरको एक कोठा र भानुचोक स्थानका रूपमा आएका छन् । कथाले नानीमैयाको दाम्पत्य जीवनको सात महिना अघि र पछिको समयलाई परिवेशको रूपमा समेटेको छ । यस कथामा सहरी क्षेत्रको कोलाहल परिवेशलाई मुख्य रूपमा चित्रण गरिएको पाइन्छ । जहाँ नारीहरूले आफ्नो सतीत्वलाई प्रत्येक घण्टा बचाउन कोसिस गरिरहेको हुन्छ । प्रस्तुत कथाका नानीमैयाले प्रत्येक घण्टा आफ्नो सतीत्वलाई बचाउन प्रयास गरिरहेको प्रसङ्गबाट कथामा नारीहरूले स्वतन्त्रतापूर्वक बाँच्न नपाएको त्रासदपूर्ण वातावरणको सिर्जना गरिएको छ ।

'कोपभाजन' कथामा विमल र नीरा काठमाडौँ सहरको कुनै एउटा घर र डाक्टरको घर मुख्य परिवेशको रूपमा आएको छ भने अमेरिका र थोक्लुङ गाउँ प्रसङ्गवश आएका छन् । कथामा काठमाडौँ आएको तीन वर्ष भयो भन्ने प्रसङ्गले प्रस्तुत कथाले तीन वर्षको परिवेशलाई समेटेको छ भन्न सकिन्छ । यस कथामा काठमाडौँ सरहमा कुनै सानो तिनो जागिरले परिवारलाई पाल्न नसकिने स्थितिको चित्रण गरिएको छ । प्रस्तुत कथामा विमलको खरदार जागिरबाट आएको एक महिनाको रकम सात दिनमै सकिने र बाँकी दिनहरू कष्टकर रूपमा बिताउनु पर्ने प्रसङ्ग आएको कारण कथाको वातावरण कारुणिक र हृदयस्पर्शी देखिएको छ ।

'सिफारिस' कथामा धनकुटा र झापा जिल्लाको सहरी परिवेश आएको छ । कथामा 'म' पात्रले झापाको कुनै कार्यालयमा आफ्नो तलब लिन कैयौँ पटक धाएको छ । कथामा म आएको दस/बाह्र पल्ट भैसक्यो चाडै मिलाइ दिए वेश भन्ने 'म' पात्रको प्रसङ्गबाट कथाले दस/बाह्र दिनको परिवेशलाई समेटेको छ । यस कथाले कार्यालयका उच्च पदका कर्मचारीले आफू भन्दा तल्लो पदका कर्मचारीलाई हरेक कुरामा झुल्याउने वर्तमान समयको समाजको चित्रण गरेको छ ।

'स्वाभिमानको परिचय' कथामा तेह्रथुम जिल्लाको कुनै गाउँ, कालिम्पोङ आदि परिवेशको रूपमा आएको छ भने प्रसङ्गवश दार्जिलिङ, सिक्किम, फिदिम,

धरान र संक्रान्ति बजार आएको छ । यस कथामा तीन वर्ष पछि म कालिम्पोङबाट वी.ए. अध्ययन समाप्त गरेर आफ्नो घर फर्कि रहेको थिएँ भन्ने प्रसङ्गबाट कथाले तीन वर्षको परिवेशलाई समेटेको मान्न सकिन्छ । यस कथामा धनहाङ बाजे र उसकी श्रीमतीलाई उनीहरूको एउटै मात्र छोरोले बुढेसकालमा पनि वास्ता नगरेको हुनाले कथाको वातावरण दुःखान्त रहेको छ ।

'खास मान्छेहरूको आगमन' कथामा परिवेश जनाउने स्थान र वातावरण सूचक केही तथ्यहरू उपलब्ध भए पनि समय सूचक तथ्यहरू कथामा कतै पनि आएको देखिँदैन । प्रस्तुत कथामा तेह्रथुम जिल्लाको चिलाउने गाउँ परिवेशको रूपमा आएको छ । कथामा नरवीर साहुले गाउँका चेलीबेटीहरूको अस्मितामा आँच पुऱ्याउने दुष्कार्य गरेको, चन्द्रमान रसाइलीको खेतबारी झगडा लगाई दिएकोले बसाइ सर्न बाध्य बनाएको आदि प्रसङ्गबाट त्यस समाजमा साहु महाजनको मनोमानी रहेको थियो भन्न सकिन्छ । यस कथाको अन्त्यमा नरवीर साहुको शोषण प्रवृत्ति अन्त्य भएको कारण कथाको वातावरण सुखान्त बन्न गएको छ ।

'युगको माग' कथामा आठराईको बलभद्रको घरको कुनै कोठा, बजार, क्याम्पस, खहरे खोला आदि मुख्य परिवेशको रूपमा आएको छ भने मधेश नेपथ्य परिवेशको रूपमा कथामा समावेश भएको छ । यस कथामा तीन महिना पछि चतुरे साहु मधेशबाट धान बेचेर आफ्नो घर आठराई फर्क्यो भन्ने प्रसङ्ग आएबाट कथाले तीन/चार महिनाको परिवेशलाई समेटेको छ भन्न सकिन्छ । यस कथामा पुरानो पुस्ता र नयाँ पुस्ता बीचको द्वन्द्वात्मक वातावरणलाई कथाले चित्रण गरेको छ । जसमा नयाँ पुस्ताको विजय भएको पाइन्छ ।

'नयाँ युगको सुरुवात' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । यस कथामा तेह्रथुम जिल्लाको केरेपे गाउँ र पीताम्बरको सहरको घर परिवेशको रूपमा आएको छ । कथामा छ महिनासम्म त सुखमय साथ समय व्यतीत भयो कल्पनाको दाम्पत्य जीवन भन्ने प्रसङ्ग आएबाट कथामा सात/आठ महिनाको परिवेश समेटिएको छ भन्न सकिन्छ । यस कथामा पीताम्बरले आफ्नो श्रीमतीलाई शारीरिक यातना दिएको प्रसङ्गले नेपाली समाजमा प्रचलित नारी वर्ग माथि पुरुष वर्गले गर्ने थिचोमिचोलाई जीवन्त पार्न कथाको वातावरण सक्षम बनेको छ ।

'खुशामद' कथामा ताप्लेजुङ्गको कुनै गाउँ परिवेशको रूपमा आएको छ । कथामा बैशाख सात गते मतदान कार्य सुरु भयो भन्ने प्रसङ्ग आएबाट कथाले बैशाख सात गते भन्दा अघि र पछिको परिवेशलाई समेटेको छ । कथामा कति सालको बैशाख सात गते हो भनी कतै पनि किटान गरिएको पाइँदैन । कथामा चुनावी चहलपहलको वातावरणलाई मुख्य रूपमा चित्रण गरिएको पाइन्छ ।

'सन्यास' कथामा परिवेश जनाउने स्थान र वातावरण सूचक केही तथ्यहरू उपलब्ध भए पनि समय सूचक तथ्यहरू कथामा कतै पनि आएको देखिँदैन । प्रस्तुत कथामा काठमाडौँको डिल्लीबजार नजिकैको कल्पना होटल, प्रज्ञा प्रतिष्ठान आदि सहरी परिवेश आएको छ । कथामा मन्त्री आलोक सिंहको बारेमा उत्तमप्रसादले बढाई चढाई जीवनी लेखि दिएको कारण उसलाई सबैले घृणा गरेको कारुणिक वातावरणको चित्रण आएको छ । कथामा उत्तप्रसादले आलोक सिंहको जीवनी लेखिदिए वापत् उसले आफ्नो मान प्रतिष्ठा सबै गुमाएर अन्त्यमा साहित्य क्षेत्रबाट सन्यास लिएको कारुणिक वातावरणको चित्रण गरिएको छ । यो कथा कुन समयमा रचना भएको हो भन्ने प्रसङ्ग कथामा कतै पनि आएको छैन ।

'विवेकको खडेरी' कथामा परिवेश जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । कथामा धरान बजार, इनरुवा, महेन्द्र क्याम्पस, धरानको कुनै कार्यालय आदि स्थान परिवेशको रूपमा आएको छ । त्यसैले कथाले सहरी परिवेशलाई समेटेको छ । यस कथामा अहिले दस/बाह्र वर्ष बित्यो होला त्यो घटना भएको भन्ने प्रसङ्ग आएबाट कथाले दस/बाह्र वर्ष अघिको परिवेशलाई समेटेको मान्न सकिन्छ । प्रस्तुत कथाले नेपाली समाजमा पत्रकारिता पेसाले कहिल्यै पनि सम्मान पाउन नसकेको वातावरणलाई चित्रण गरेको छ । कथाको नायक विमलले पत्रकारिता पेसालाई त्यागेर ठूला व्यापारी भई ऐस आरामको जिन्दगी व्यतीत गरिरहेको प्रसङ्गबाट नेपालको पत्रकारिता पेसाबाट सम्मानका साथै अर्थ पनि आर्जन गर्न नसकिने दुःखदपूर्ण वातावरणको समेत यस कथाले चित्रण गरेको छ ।

'अन्तर्ध्वनी' कथामा ताप्लेजुङ्ग जिल्लाका विभिन्न ठाउँ, फिदिम, इलाम आदि स्थान परिवेशको रूपमा आएको छ । कथामा एक दिनको यात्रालाई समेटेको कारण यस कथामा एक दिनको परिवेश आएको छ । यस कथामा गुरुजीले शिक्षक पेसालाई

त्यागेर बस चलाउन थालेको प्रसङ्गबाट त्यस समाजमा शिक्षक पेसाको लागि अनेक किसिमको मनोमानी भएको र शिक्षक पेसा भन्दा गुरुजी भएर यात्रुहरूलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन पाउँदा गुरुजीलाई धेरै सन्तुष्टि प्राप्त भएको वातावरणलाई कथामा चित्रण गरिएको छ ।

'जन्तरे काका' कथामा परिवेश जनाउने स्थान र वातावरण सूचक केही तथ्यहरू उपलब्ध भए पनि समय सूचक तथ्यहरू कथामा कतै पनि आएको देखिँदैन । कथामा विराटनगरको कुनै गाउँ मुख्य परिवेशको रूपमा आएको छ भने ओखलढुङ्गा, कालिपा गाउँ, धरान आदि स्थान प्रसङ्गवश कथामा आएको छ । कथामा जन्तरे काकाको वृत्तान्तको प्रसङ्गबाट त्यस समाजमा गरिबहरू शोषणमा परेको कुरा स्पष्ट भएको छ । यो कथा कहिले रचना भएको हो भन्ने प्रसङ्ग कथामा कतै झल्किएको छैन ।

'टुक्रिएको सपना' कथामा आठराई, काठमाडौँको पद्मकन्या क्याम्पस, सरुको काठमाडौँको कुनै घर परिवेशको रूपमा आएको छ । कथामा २०६० जेष्ठ १९ गते आदरणीय पितामाताज्यूमा सेवा ढोग छ भन्ने प्रसङ्ग आएबाट कथाले २०६० अघि र पछिको समयलाई परिवेशको रूपमा समेटेको छ भन्न सकिन्छ । कथामा सरुको जेठाजु मन्त्री भए पछि अख्तियारको कब्जामा परेको प्रसङ्गबाट नेपालका मन्त्रीहरूको घुस खाने वातावरणको कथाले स्पष्ट रूपमा चित्रण गरेको पाउन सकिन्छ ।

'चाकडी' कथामा परिवेशलाई जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । प्रस्तुत कथामा इलाम, झापा जिल्लाको कार्यालय, सरकारी क्वाटर आदि स्थान मुख्य परिवेशको रूपमा आएको छ भने ताप्लेजुङ्ग र मोरङ प्रसङ्गवश कथामा आएका छन् । यस कथाले दुई दिनको परिवेशलाई समेटेको छ । कथामा समाजमा प्रचलित चाकडी प्रथालाई चित्रण गरिएको छ । प्रस्तुत कथामा चेतप्रसादले सचिवलाई चाकडी गरेर इमान्दार हाकिम नारायणप्रसादलाई सरुवा गर्न सफल भएको प्रसङ्गबाट नेपाली समाजमा चाकडीवाज र चाकडी प्रथाले जरा गाडेर बसेको कारुणिक वातावरणलाई कथाले देखाउन खोजेको छ ।

'अस्मिताको सङ्घर्ष' कथामा परिवेशलाई जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । यस कथामा तेह्रथुमको आठराई गाउँ,

खरसाङको कुनै गाउँ, भुटान आदि मुख्य परिवेशको रूपमा आएको छ भने मुग्लान, पाँचथर आदि स्थान कथामा प्रसङ्गवश आएको छ । यस कथामा पाँच वर्ष अघि हर्कध्वज तामाङकी छोरी मनमायाको दाह्रे साहुको बलात्कारबाट गर्भ रहन गएछ भन्ने प्रसङ्ग आएबाट कथाले पाँच/छ वर्षको परिवेशलाई समेटेको छ भन्न सकिन्छ । कथामा रूपाले दाह्रे साहुको प्रतिवाद गरी दाह्रे साहुको शोषण प्रवृत्तिको अन्त्य गरेकी हुनाले कथाको वातावरण सुखान्त रहेको छ ।

'विदेशको सपना' कथामा तेह्रथुम जिल्लाको डाँडाखर्क गाउँ, 'म' पात्रको तेह्रथुमको कुनै गाउँको घर, मावल घर, 'म' पात्र बसेको काठमाडौँको कुनै होटलको एक कोठा आदि परिवेशको रूपमा आएको छ भने कथामा मलेसिया पनि प्रसङ्गवश आएको पाइन्छ । यस कथामा छ महिना पछि दशैँ बिदा भएर घर फर्के भन्ने प्रसङ्ग आएबाट कथाले छ/सात महिनाको परिवेशलाई समेटेको छ भन्न सकिन्छ । कथाले पैसा कमाउन जाने नेपाली समाजलाई चित्रण गरेको छ । कथामा 'म' पात्रको विदेश जान एक दिन मात्र बाँकी रहेको दिनमा उसको सम्पूर्ण पैसा हराएर विदेश जान नसकी आफू बसेको होटलमा काम गरी बसेको प्रसङ्गले कथाको वातावरण कारुणिक रहेको छ ।

'उत्सर्गको बाटो' कथामा ग्रामीण क्षेत्रको परिवेश आएको भए पनि गाउँको नाम कथामा कतै पनि उल्लेख भएको पाइँदैन । यस कथामा आएका विधवा अनुपा अब कमरेड अनुपामा परिवर्तन भई, गस्तीमा आएका सुरक्षाकर्मी आदि प्रसङ्गबाट कथाले तत्कालीन नेपालको सङ्कटकालीन समयलाई परिवेश बनाएको छ भन्न सकिन्छ । यस कथाकी अनुपाले आफ्नो श्रीमान् र छोरीलाई गुमाए पनि उसमा निराशावादी प्रवृत्ति नआएको र आफ्नो श्रीमान्ले देखाएको बाटोमा हिड्न तत्पर भएकी प्रसङ्गबाट ऊ समाजका एक वीर योद्धा नारीको रूपमा उपस्थित भएकी छ । कथाको वातावरण युद्धग्रस्त रहेको पाउन सकिन्छ ।

'बालुवाको घर' कथामा हितमानको गाउँको कुनै घर, काठमाडौँ, खाद्य संस्थान आदि परिवेशको रूपमा आएको छ । कथामा एक महिना पछि चुनाव सकिएको, चुनाव जितेको एक महिना पछि ललितबहादुर आपूर्ति राज्यमन्त्री भएको, मन्त्री भएको दुई महिना पछि मन्त्री आफ्नै गुरासे गाउँमा आएको प्रसङ्गबाट कथाले चार/पाँच महिनाको परिवेशलाई समेटेको मान्न सकिन्छ । कथामा ललितबहादुर

मन्त्री भए पछि हितमानले केही सपना देखेको हुन्छ तर त्यो सपना पूरा नभई बालुवाको घरमा परिणत भएको प्रसङ्गबाट कथाको वातावरण कारुणिक रहेको पाउन सकिन्छ ।

'उज्ज्वल भविष्यको सपना' कथामा परिवेशलाई जनाउने स्थान वातावरण बुझाउने केही तथ्यहरू स्पष्ट रूपमा सङ्केत भए पनि समय सूचक तथ्यहरू स्पष्ट रूपमा सङ्केत हुन सकेका छैनन् । कथामा केरेपे गाउँ र आसामको कुनै गाउँ परिवेशको रूपमा आएको छ भने प्रसङ्गवश झापा, इलाम र फिदिम पनि आएको छ । नेपाली प्रवासीहरूको दुःखद स्थितिलाई जीवन्त पार्न यस कथाको वातावरण सक्षम बनेको छ ।

'मोलतोल' कथाले वृहत् कवि गोष्ठी भएको कुनै सहरको कुनै ठाउँलाई परिवेश बनाएको छ । कथाले एक दिनको घटनालाई परिवेशको रूपमा समेटेको छ । कथामा साहित्यमा पनि सौदावाजी चल्छ भन्ने प्रसङ्ग आएबाट कथाले नेपाली समाजका कवि गोष्ठीहरूले सही कविहरूलाई सम्मान गर्न नसकेको दुःखदपूर्ण वातावरणको चित्रण गरेको पाउन सकिन्छ ।

'भिनाजुको करामत' कथामा कुनै गाउँको कवि गोष्ठी भएको ठाउँ परिवेशको रूपमा आएको छ । कथामा एक दिनको परिवेशलाई समेटिएको पाइन्छ । कथामा प्रभुनाथले आफ्नी सालीलाई कवि गोष्ठीमा प्रथम बनाइ दिएको प्रसङ्गबाट नेपाली कवि गोष्ठीमा चल्ने नातावाद र कृपावादलाई जीवन्त पार्न यस कथाको वातावरण सक्षम रहेको छ ।

'मुखभरिको जवाफ' कथामा परिवेशलाई जनाउने स्थान, समय र वातावरण सूचक केही तथ्यहरू उपलब्ध छन् । प्रस्तुत कथामा सहरी र ग्रामीण दुवै क्षेत्रको परिवेश आएको छ । कथामा शान्ताको घरको कोठा, सिकुवा, आँगन, सहर, होटल आदि स्थान परिवेशको रूपमा आएको छ भने काठमाडौं र कालिम्पोङ कथामा प्रसङ्गवश आएका छन् । यस कथामा एक महिना अगाडि कालिम्पोङ जाँदा भन्ने प्रसङ्ग आएबाट कथाले एक/दुई महिनाको परिवेशलाई समेटेको छ भन्न सकिन्छ । कथामा शान्तालाई मन परेको केटा माग्न आउँदा शान्ताको बाबु जसमानले शान्तालाई नदिएको प्रसङ्ग आएबाट कथाले बाबुआमाले छोरीको मर्मलाई बुझ्न

नसक्ने र जबर्जस्ती बाबुआमाको इच्छा लाद्ने समाजको चित्रण गरेको छ । कथामा बाबु जसमानले आफ्नी छोरी शान्तालाई घरबाट निकालि दिएको प्रसङ्गले कथाको वातावरण दुःखद बनेको पाइन्छ ।

## ४.६ दृष्टिबिन्दु

रविमान लमजेलका कथाहरूमा प्रथम पुरुष केन्द्रीय, प्रथम पुरुष परिधीय, तृतीय पुरुष सीमित र तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'धनबहादुरको प्रतिशोध' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । प्रस्तुत कथा 'ऊ' (धनबहादुर) को कथा हो । यसमा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर धनबहादुरको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'तीतो प्रतिक्रिया' कथा ऊ अर्थात् सुब्बा जेठेको कथा हो । कथामा समाख्याता कथा भन्दा बाहिरै बसेर सुब्बा जेठोको कथा भनिरहेका हुनाले प्रस्तुत कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

'चुनाव' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत कथामा देउनारायण र श्यामकर्णका जीवनमा घटेका घटनाहरूलाई कथाकारले कथा बाहिरै बसेर भनिरहेको हुँदा कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'पराजयपछिको विजय' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । प्रस्तुत कथा हरिशरणको कथा हो । यसमा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर हरिशरणको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'मूल्याङ्कन' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत कथा कुलनाथको कथा हो । यसमा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर कुलनाथको योगदानलाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'दृढ निश्चय' कथामा कथाकारले सावित्रीलाई केन्द्रमा राखेर 'म' पात्रको माध्यमबाट सावित्रीको जीवनमा घटेका घटनाहरूलाई अगाडि बढाएका छन् । यसर्थ यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'मुद्दा' कथा 'म' पात्रको कथा हो । कथामा समाख्याहरूले पात्रका विषयमा नबताई पात्र स्वयम्ले आफ्नो जानकारी आफै गराएकोले प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'ओझेलमा परेको इतिहास' कथा 'म' पात्रको कथा भएकोले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले पात्रका विषयमा नबताई पात्र स्वयम्ले आफ्नो जानकारी आफै गराएकोले प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ ।

'प्रतिबद्धता' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यसमा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थिति भई कथाको बाहिरै बसेर घोसे साहुको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'न्यायको तराजु' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यसमा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर तुङ्गप्रसादको कथा प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'शंका निवारण' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यसमा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर चतुरमानको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'ठीक बाटो' कथामा कथाकार बाहिरै बसेर धनमायाको कथा भनिरहेकाले कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा कथाकारले एउटा मात्र पात्र धनमायाको कथा प्रस्तुत गरेका हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'खुसीले भरिएको हृदय' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथा बाहिरै बसेर सविनाको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'आदर्श शिक्षिका' कथामा कथाकार कथा बाहिर बसेर विमलाको कथा भनिरहेको हुनाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा एउटा मात्र पात्र विमलाको जीवनमा घटेका घटनालाई कथाकारले समाख्याताका रूपमा उपस्थित भई प्रस्तुत गरेकाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'नयाँ क्षितिजको खोजी' कथामा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथा बाहिरै बसेर ज्योतिको कथा भनिरहेको हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथामा कथाकारले प्रेमप्रसादलाई केन्द्रमा राखेर 'म' पात्रको माध्यमबाट प्रेमप्रसादको जीवनमा घटेका घटनालाई अगाडि बढाएका छन् । यसर्थ यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'हाकिमको कुटनीति' कथा 'म' पात्रको कथा भएकोले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले पात्रका दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले पात्रका विषयमा नबताई पात्र स्वयम्ले 'म' को रूपमा उपस्थित भई आफ्नो जानकारी आफै गराएकाले प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'कागजी बाघ' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर साहिला मुखियाको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'आफूले रोजेको बाटो' कथा 'म' पात्रको कथा हो । कथामा समाख्याताले पात्रका विषयमा नबताई पात्र स्वयम्ले आफ्नो जानकारी आफै मका रूपमा

उपस्थित भई गराएकोले कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'जनआन्दोलनको तस्वीर' कथामा समाख्याता कथा बाहिरै बसेर कथा प्रस्तुत गरेको हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत कथामा समाख्याताले बखतसिंह र लाक्पा शेर्पाको कथालाई प्रस्तुत गरेको छ । यसर्थ कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'निधारको खत' कथा 'म' पात्रको कथा भएकोले कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले पात्रका विषयमा नबताई पात्र स्वयम् 'म' पात्रको रूपमा उपस्थित भई आफ्नो जानकारी आफै गराएकोले यसमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'आभास' कथामा कथाकारले भक्तबहादुरलाई केन्द्रमा राखेर 'म' पात्रको माध्यमबाट उसको जीवनमा घटेका घटनालाई अगाडि बढाएका छन् । यसर्थ यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'स्थिर धरातल' कथा 'म' पात्रको कथा हो । कथामा समाख्याताले पात्रका विषयमा नबताई पात्र स्वयम्ले आफ्नो जानकारी आफै गराएकोले प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'सहिद दिवस' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर नन्दु सिंहको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथामा कथाकार समाख्याताका रूपमा उपस्थित भई कथा बाहिर बसेर छिरिङ शेर्पाको कथा भनिरहेको हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा एउटा मात्र पात्र छिरिङ शेर्पाको जीवनमा घटेका घटनाहरूलाई समाख्याताले समाख्यान गरेकोले तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथामा तृतीय पूरष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर

श्यामकृष्णको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'जनयुद्धको विजय' कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर अनिलको कथा भनिरहेको हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा समाख्याताले एउटा मात्र पात्र अनिलको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेको छ । यसर्थ यस कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथा 'म' पात्रको कथा भएकोले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले पात्रका विषयमा समाख्यान नगरी पात्र स्वयम् 'म' पात्रको रूपमा उपस्थित भई आफ्नो कथा आफै प्रस्तुत गरेको हुनाले कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ ।

'हात्तीको देखाउने दाँत' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा समाख्याता कथा बाहिर बसेर दिलेन्द्र गुरुको कथा भनिरहेको हुँदा यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'नक्कली मयूर' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा कथाकार स्वयम् समाख्याताको रूपमा उपस्थित भई कथाको बाहिरै बसेर नानीमैयाको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेको हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'कोपभाजन' कथामा समाख्याता कथा बाहिर बसेर विमल र नीराको कथा समाख्यान गरिरहेको हुदा कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले कथाका दुई पात्रहरू विमल र नीराको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुनाले यसमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'सिफारिस' कथा 'म' पात्रको कथा भएकोले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा समाख्याताले पात्रको विषयमा समाख्यान नगरी पात्र स्वयम् 'म' पात्रको रूपमा उपस्थित भई आफ्नो जानकारी आफै प्रस्तुत गरेको हुनाले यसमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

'स्वभिमानको परिचय' कथामा कथाकारले धनहाङ बाजेलाई कथाको केन्द्रमा राखेर 'म' पात्रको माध्यमबाट उसको जीवनमा घटेका घटनाहरूलाई अगाडि बढाएका छन् । यसर्थ यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'खास मान्छेहरूको आगमन' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याता कथा बाहिरै बसेर नरवीर साहुको जीवनमा घटेका घटनालाई समाख्यान गरिरहेको हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'युगको माग' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा समाख्याता कथा बाहिरै बसी चतुरे मुखियाको जीवनमा आइपरेका घटनाहरूलाई प्रस्तुत गरेको हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'नयाँ जीवनको सुरुवात' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर कल्पनाको कथा भनिरहेको हुँदा यसमा तृतीय पुरुष सीर्मित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'खुशामद' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा समाख्याताले कथाको बाहिरै बसेर कैलाशनाथ र चण्डेश्वरको कथा प्रस्तुत गरेको हुनाले यसमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'सन्यास' कथामा समाख्याता कथा बाहिर बसेर उत्तमप्रसादको कथा समाख्यान गरिरहेको हुँदा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्यताले एउटा मात्र पात्र उत्तमप्रसादको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेको हुँदा यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'विवेकको खडेरी' कथामा काथ वाचकका रूपमा सुरुदेखि अन्त्यसम्म प्रथम पुरुषका रूपमा रहेकी 'म' पात्र विनिता छ र उसैको संवेगात्मक स्थितिबाट कथा अघि बढेकाले आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । कथा विनिताको मात्र नभई 'ऊ' पात्र विमलको पनि भएकाले आन्तरिक दृष्टिबिन्दुमा पनि परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

‘अन्तर्ध्वनी’ कथामा कथाकारले गुरुजीलाई कथाको केन्द्रमा राखेर ‘म’ पात्रको माध्यमबाट उसको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेका छन् । यसर्थ यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

‘जन्तरे काका’ कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर जन्तरे काकाको कथा भनिरहेको हुँदा यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

‘टुक्रिएको सपना’ कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथाको बाहिरै बसेर सरुको जीवनमा घटको घटनालाई प्रस्तुत गरेको हुँदा कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

‘चाकडी’ कथामा समाख्याता कथाको बाहिरै बसी नारायणप्रसादको जीवनमा घटेका घटनालाई प्रस्तुत गरिरहेको हुँदा यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा एउटा मात्र पात्र नारायणप्रसादको जीवनमा घटेका घटनालाई समाख्याताले प्रस्तुत गरेको छ । यसर्थ यस कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

‘अस्मिताको सङ्घर्ष’ कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले रूपाको कथालाई मूल रूपमा प्रस्तुत गरेको हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

‘विदेशको सपना’ कथा ‘म’ पात्रको कथा भएकोले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले पात्रको विषयमा समाख्यान नगरी पात्र स्वयम् ‘म’ पात्रको रूपमा उपस्थित भई आफ्नो जानकारी आफै प्रस्तुत गरेकोले यसमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

‘उत्सर्गको बाटो’ कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा कथाकार स्वयम् कथाकारको रूपमा उपस्थित भई कथा बाहिर बसेर अनुपाको कथा भनिरहेको हुँदा यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'बालुवाको घर' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथा बाहिरै बसेर हितमान विश्वकर्माको कथा समाख्यान गरिरहेको हुँदा यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

'उज्ज्वल भविष्यको सपना' कथामा समाख्याता कथाको बाहिरै बसेर दलजितको जीवनमा घटेका घटनाहरू प्रस्तुत गरेको हुँदा यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले कथाको एउटै मात्र पा दलजितको जीवनमा घटेका घटनाहरूलाई मुख्य रूपमा प्रस्तुत गरेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'मोलतोल' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा समाख्याताले कथा बाहिर बसी मुख्य रूपमा शारदा र हरिभक्तको कथा भनिरहेको हुँदा यसमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'भिनाजुको करामत' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथा बाहिर बसेर प्रभुनाथको कथा भनिरहेको हुनाले यसमा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

'मुखभरिको जवाफ' कथामा कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई कथा बाहिरै बसी मुख्य रूपमा शान्ताको जीवनमा घटेका घटनाहरूलाई प्रस्तुत गरेको पाइन्छ । यसर्थ कथामा तृतीय पुरष सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.७ भाषाशैली

कथाकार रविमान लमजेलका कथाहरूमा सरल र सहज भाषाको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त भाषा अभिधा स्तरमै अर्थ खोतल्न सबल रहेको पाइन्छ । उनले आफ्ना कथाहरूमा निपात, अनुकरणात्मक शब्द, उखान र टुक्का आदिको प्रयोग गरी भाषाशैलीमा मिठास ल्याएको पाइन्छ । उनका कथामा तत्सम, तत्भव र आगन्तुक शब्दको समेत प्रयोग भएको पाइन्छ ।

'धनबहादुरको प्रतिशोध' कथामा कथाकारले सरल, सहज र स्वाभाविक भाषिक विन्यासको प्रयोग गरेका छन् । कथामा नेपाली समाजमा प्रचलित मुटुमाथि ढुङ्गा राख्नु, दिनमा भोक न रातमा निन्द्रा पर्नु, सास रहुञ्जेल आश हुनु जस्ता उखान र टुक्काको प्रयोग गरिएको पाइन्छ । कथामा रात्री, पाठशाला, मस्तिष्क, नर आदि संस्कृत शब्दको साथै तुरुलुरु, सुस्तरी, टक्क जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग पाइन्छ । कथामा प्रयुक्त हिमखिम, मनमनै, मरीतरी, रातारात जस्ता द्वित्व शब्दहरूले कथामा भाषिक स्वाभाविकता ल्याएको छ । कथामा आएको वर्षेनी धनबहादुरको टाउकामा विपत्तिको पहाड वज्रने गर्छ भन्ने वाक्यले धनबहादुरको जीवनमा सधैं दुःख मात्र आएको कुरालाई बिम्बात्मक रूपमा प्रस्तुत गरेको छ भने ढुङ्गे हृदयले चुच्चे साहुको कहिल्यै नपग्लने कठोर मनलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ । प्रस्तुत कथामा धनबहादुरालई बुद्धसँग तुलना गरिएकोले यहाँ उपमा अलङ्कारको प्रयोग गरिएको छ । छोटा र मीठा वाक्यका साथै वर्णनात्मक तथा संवादात्मक भाषाशैलीको प्रयोगले कथामा स्वाभाविकता थपिएको छ ।

'तीतो प्रतिक्रिया' कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि ओहोर दोहोर, आलोपालो, बल्लतल्ल जस्ता द्वित्व शब्दहरूका साथै तर्याङ मर्याङ, झमक्क, टन्टलापुर, रनघन जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग भएको पाइन्छ । यस कथाको भाषा सरल र सहज रहेको छ । कथाको वाक्य गठनमा कतैकतै त्रुटि देखिएको पनि पाइन्छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांश पूर्ण वाक्यहरूको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण वाक्यको प्रयोग पनि गरिएको छ । कथामा गाउँ घरमा प्रचलित बोलीचालीको भाषाका साथै तद्भव शब्दको पनि आधिक्यता रहेको छ । प्रस्तुत कथामा प्रयुक्त शैली वर्णनात्मक खालको रहेको पाइन्छ । कथामा आएको तुषारोपातले सुब्बा जेठोको जीवनमा आइपर्ने विपत्तीलाई प्रतिकात्मक रूपमा प्रस्तुत गरेको छ ।

'चुनाव' कथामा छोटाछोटा वाक्यका साथै अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि लख काट्नु, मुखामुख गर्नु, थुकेको थुक चाट्नु, मरेको मुख लगाउनु जस्ता उखान र टुक्काको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त घरिघरि, हप्काई दप्काई, सिदासाधा, छलबल जस्ता द्वित्व शब्दहरूले

कथामा रोचकता थपिएको पाउन सकिन्छ । साथै यसमा फारम, हक, माष्टर, जुलुस, हाकिम, गरिब, ढिकुटी जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग भएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ भने वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग बढी मात्रामा भएको पाइन्छ ।

'पराजयपछिको विजय' कथाको भाषा सरल र सहज रहेको छ । कथामा प्रयुक्त जुरुक्क, सरासर, धमाधम, मुसुक्क जस्ता अनुकरणात्मक शब्दले भाषाशैलीमा मिठास आएको छ । कथामा नारा, जुलुस, भाषण, आमसभा, नेता जस्ता राजनीतिक क्षेत्रमा बढी प्रयोग हुने शब्दहरू पनि आएको पाइन्छ । प्रस्तुत कथा वर्णनात्मक र संस्मरणात्मक शैलीमा प्रस्तुत भएको छ । कथामा सरल र मिश्र वाक्यका साथै जुलुस, हाकिम, डाक्टर, रिपोर्ट, जागिर, पसल, सरकार, आवाज, वकिल, कुर्सी, गरिब जस्ता आगन्तुक शब्दहरू र पिता, नर, सिन्दुर, माता जस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । कथामा आएको कोठामा उडेको चुरोटको धूवाले हरिशरणको जीवनलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ ।

'मूल्याङ्कन' कथामा कथाकारले गरिब, एम.ए., कदर जस्ता आगन्तुक शब्द र तद्भव शब्दको प्रयोगाधिक्य र निपातहरूको प्रयोग गरेका छन् । लघु आयाममा संरचित यस कथाको भाषा सरल र सहज रहेको छ । यस कथामा मिश्र वाक्य र संयुक्त वाक्यको बढी प्रयोग भएको पाइनुका साथै कतै कतै वाक्य गठनमा कमजोरी पनि देखिएको पाइन्छ । प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । केही अनुकरणात्मक शब्द र पटकपटक, धमाधम, धेरैधेरै, हर्ताकर्ता जस्ता द्वित्व शब्दहरूको प्रयोगले कथा रोचक र स्वाभाविक बन्न पुगेको छ ।

'दृढ निश्चय' कथाको भाषा पात्रानुकूल सहज र सरल किसिमको रहेको छ । कथामा प्रयोग भएका बाक्रे इज्जतको लागि टोपी सोझाउनु, पुङ न पुच्छर, तीन र तेह्रका टाट, कालो गए गोरो आउँछ जस्ता उखान र टुक्काले कथामा रोचकता थपिएको छ । एस.एल.सी., आई.ए., म्यारेज, म्याम, विल्डिङ, टेबल, मेशीन जस्ता नेपाली जनजिब्रोमा झुण्डिएका आगन्तुक शब्दले प्रस्तुत कथामा थप आकर्षण बढाएको छ । यस कथामा संवादात्मक तथा मनोवादात्मक शैलीको प्रयोग भएको छ । वाक्य गठनमा मिश्र र सरल वाक्यको अधिक्यता रहेको छ । प्रस्तुत कथामा सावित्रीको पवित्रतालाई हिमालयसँग तुलना गरिएको हुनाले यहाँ उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

'मुद्दा' कथामा सरल, सहज र स्वाभाविक भाषिक विन्यासको प्रयोग गरिएको छ । छोटोछाटा वाक्यमा संरचित अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउम अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त क्वाँक्वाँ, खिसिक्क जस्ता अनुकरणात्मक शब्दहरूले कथामा स्वाभाविकता ल्याएको छ । कथामा आएका माहुरीले घेरिएको रानो, भिंगा धपाउनेहरू आदि प्रतीकका रूपमा आएका छन् । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग पाइन्छ । कथामा केही मात्रामा कथ्य भाषा र तद्भव शब्दको प्रयोग गरिएको पाइन्छ ।

'ओभेलमा परेको इतिहास' कथाको भाषा पात्र अनुकूल सरल र सहज किसिमको रहेको छ । कथामा तद्भव शब्दको अधिक प्रयोगका साथै एस.एल.सी., आई.एस्सी., साइन्स, क्याम्पस, तारिख, प्लेन, सेमिनार, हजार जस्ता आगन्तुक शब्द र एक एक, कुराकानी, भेटघाट जस्ता द्वित्व शब्दहरूको प्रयोग भएका छन् । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूको प्रयोग भएको पाइन्छ । यस कथाको भाषाशैली कृत्रिम आलङ्कारिक नभई सहज, स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'प्रतिबद्धता' कथामा चुपचाप, खुत्रुक्क, फुत्त, टुलुटुलु जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिनुका साथै जो चोर उसको ठूलो स्वर, मरेको विरालो काखी च्याप्नु जस्ता उखानको प्रयोगले कथालाई अभ्क बढी प्रभावकारी र जीवन्त तुल्याएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको छ । कथामा बढी मात्रामा तद्भव शब्दको प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त शैली औपचारिक खालको भएकोले निकै आकर्षक बनेको छ ।

'न्यायको तराजु' कथामा सरल, सहज र स्वाभाविक भाषिक विन्यासलाई प्रस्तुत गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग भएको पाइन्छ । यस कथामा तद्भव शब्दको आधिक्यता रहेको पाइन्छ भने कथाको भाषाशैली कृत्रिम र आलङ्कारिक नभएर सरल र प्रवाहमय रहेको छ ।

'शंका निवारण' कथामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको पाइन्छ । यस कथामा झ्याउरे, क्वाँक्वाँ, खपाखप, खत्र्याक्क जस्ता अनुकरणात्मक शब्दका साथै मुखमा राम राम बगलिमा छुरा जस्ता उखानको प्रयोगले कथामा प्रभावकारिता र आकर्षण बढाएको छ । प्रस्तुत कथाको शैली वर्णनात्मक रहेको छ । वाक्य गठनमा संयुक्त वाक्यको आधिक्य रहेको पाउन सकिन्छ ।

'ठीक बाटो' कथा छोटाछोटा वाक्यमा संरचित हुनुका साथै कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त कान फुक्नु, कानमा बतास लाग्नु, लिंडेढिपी गर्नु, कन्सिरीका रौं तातेर आउनु जस्ता टुक्का र धुरुधुरु, सरासर, खुत्रुक्क जस्ता अनुकरणात्मक शब्दहरूले कथालाई अझ बढी प्रभावकारी र रोचक तुल्याएको छ । कथामा आएको डाँडाको जून बुढेसकालकी धनमायाको प्रतीकका रूपमा आएको छ । यस कथामा प्रयुक्त शैली वणनात्मक तथा संवादात्मक खालको रहेको छ । वाक्य गठनमा सामान्यता सरल वाक्यको प्रयोग गरिएको पाइन्छ ।

'खुसीले भरिएको हृदय' कथामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग हुनुका साथै गाउँघरमा प्रचतिल कथ्य भाषाको पनि केही मात्रामा प्रयोग भएको छ । कथामा प्रयुक्त जिब्रो टोक्नु, डाँडा काट्नु, मुख फोर्नु जस्ता टुक्काहरूले कथाको रोचकता बढाएको छ । यस कथामा डाइरेक्टर, एस.एल.सी., आई.ए. जस्ता नेपाली जनजिब्रोमा भिजिसकेका अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग गरिएको पाइन्छ ।

'आदर्श शिक्षिका' कथामा छोटाछोटा वाक्यको प्रयोग हुनुका साथै कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । यस कथामा तद्भव शब्दको बाहुल्यताका साथै डेस्क, वेञ्च, अस्पताल, क्याम्पस, सिनेमा हल, हाकिम, रक्सी, इतिहास जस्ता आगन्तुक शब्दहरू पनि आएका छन् । कथामा प्रयुक्त शैली वर्णनात्मक खालको रहेको छ । वाक्य गठनमा सरल वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । यस कथाको भाषाशैली कृत्रिम आलङ्कारिक नभई सहज र सरल प्रकारको रहेको पाउन सकिन्छ ।

'नयाँ क्षितिजको खोजी' कथाको भाषा सहज र सरल रहेको छ । कथाकारले तद्भव शब्दको प्रयोगाधिक्य र निपातहरूको प्रयोग गरेका छन् । कथामा प्रयुक्त छक्क, आश्चर्य जस्ता अनुकरणात्मक शब्दहरूले कथाको थप आकर्षण बढाएको छ । यस कथामा प्रयुक्त शैली वर्णनात्मक तथा मनोवादात्मक किसिमको रहेको छ । वाक्य गठनमा सरल वाक्यहरूको नै प्रयोगाधिक्य रहेको देखिन्छ ।

'आत्मविश्वासको क्षितिजतिर' कथामा सरल, सहज र स्वाभाविक भाषिक विन्यासको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त ठ्याम्मै, अचम्म, झल्यास्स, पुलुक्क, मुसुक्क, टिङटिङ, झनक्क, धुरुधुरु, झसङ्ग, झलझली जस्ता अनुकरणात्मक शब्दहरूले कथामा थप प्रभावकारिता र रोचकता बढाएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा संयुक्त वाक्यको प्रयोगाधिक्य रहेको पाइन्छ ।

'हाकिमको कुटनीति' कथा छोटाछोटा वाक्यमा संरचित हुनुका साथै कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । मनको लड्डु घ्युसँग चपाउनु जस्ता उखानको प्रयोगले कथालाई अझ बढी प्रभावकारी र रोचक तुल्याएको छ । यस कथामा प्रयुक्त शैली मनोवादात्मक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग गरिएको छ । यस कथाको भाषाशैली कृत्रिम आलङ्कारिक नभई सरल स्वतःस्फूर्त र प्रवाहमय रहेको छ ।

'कागजी बाघ' कथाको भाषा सरल र सहज रहेको छ । कथामा प्रयुक्त भुकभुके, सरासर, फुस्सै जस्ता अनुकरणात्मक शब्दहरूले कथाको स्वाभाविकता बढाएको छ । कथामा आएका सर्पलाई पनि नचलाई आफूतिर जाई लाग्दैन, हाडी घोप्ट्याए जस्तो कालो अनुहार लगाउनु, कुरा खुस्काउनु, कालो निलो हुनु, वनको बाघले नखाए पनि मनको बाघले खानु जस्ता उखान र टुक्काले कथामा थप आकर्षण थपिएको पाउन सकिन्छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सरल वाक्यहरूको बढी प्रयोग गरिएको छ ।

'आफूले रोजेको बाटो' कथा छोटाछोटा वाक्यमा संरचित हुनुका साथै यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त

शिक्षादीक्षा, भेटघाट, ओहोर दोहोर, बल्लतल्ल जस्ता द्वित्व शब्दहरू र मख्ख, गडगडाहट जस्ता अनुकरणात्मक शब्दहरूले कथामा स्वाभाविक र रोचक ल्याएको छ । रिजल्ट, एड्मिसन, एस.एल.सी., आई.ए., बी.ए. जस्ता नेपाली जनजिब्रोमा भिजि सकेका अङ्ग्रेजी शब्दहरूको प्रयोगले कथालाई थप आकर्षण प्रदान गरेको छ । कथाको शैली वर्णनात्मक तथा संस्मरणात्मक खालको रहेको छ । कथामा सरल र संयुक्त वाक्यको प्रयोगाधिक्य रहेको छ ।

'जनआन्दोलनको तस्वीर' कथामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त टुक्का र अनुकरणात्मक शब्दहरूले कथामा प्रभावकारिता बढाएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

'निधारको खत' कथाको भाषा पात्र अनुकूल सरल र सहज किसिमको रहेको छ । यस कथामा प्रयुक्त हाड घोट्नु, जहाज डुब्नु, गुनको वैगुन, मन चोर्नु जस्ता टुक्काहरूले कथालाई थप आकर्षण प्रदान गरेको छ । भनसुन, छलफल, कुराकानी जस्ता द्वित्व शब्दहरूले कथामा स्वाभाविक र रोचक ल्याएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । कथाको वाक्य गठन सरल प्रकारको नै रहेको छ । कथाको भाषाशैली कृत्रिम आलङ्कारिक नभई सहज स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'आभास' कथा छोटाछोटा वाक्यमा संरचित हुनुका साथै कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त अचम्म, झसङ्ग, सरासर जस्ता अनुकरणात्मक शब्दहरूले कथामा स्वाभाविकता ल्याएको छ । कथामा आएका कथ्य भाषा र टुक्काहरूले कथालाई अझ बढी प्रभावकारी र रोचक तुल्याएको छ । कथामा तद्भव शब्दहरूकै बढी प्रयोग भएको छ । कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । कथाको वाक्य गठनमा सरल तथा संयुक्त दुवै प्रकारका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

'स्थिर धरातल' कथामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । यस कथामा गाउँघरमा प्रचलित बोलीचालीको भाषा पनि प्रयोग गरिएको छ ।

कथामा प्रयुक्त जसोतसो, सोधखोज, जातपात, तालमेल, वेलिविस्तार जस्ता द्वित्व शब्दहरूका साथै झसङ्ग, सरासर जस्ता अनुकरणात्मक शब्दहरूले कथामा भाषिक स्वाभाविकता ल्याएको छ । प्रस्तुत कथामा तद्भव शब्दकै प्रधानता रहेको छ । यसमा एम.ए., क्याम्पस, बोर्डिङ, प्रिन्सिपल, टेबुल, पिएच.डी. जस्ता केही आगन्तुक शब्दहरू पनि प्रयोग भएका छन् । प्रस्तुत कथामा आएको उडिरहेको चियाको वाफले संगीताको जीवनमा आइ पर्ने घटनालाई प्रतीकात्मक रूपमा उतारेको छ । कथाको शैली वर्णनात्मक रहेको छ भने यसको वाक्य गठन सरल प्रकारको रहेको पाइन्छ ।

'सहिद दिवस' कथामा सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । कथामा तद्भव शब्दको अधिक प्रयोग र केही तत्सम शब्दहरूको प्रयोग भएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग गरिएको पाइन्छ । यस कथाको भाषाशैली कृत्रिम आलङ्कारिक नभई सहज स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथामा पात्र अनुकूलको सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । कथामा प्रयुक्त निपात र अनुकरणात्मक शब्दहरूले कथामा भाषिक स्वाभाविकता ल्याएको छ । यस कथामा तद्भव शब्दहरूको बाहुल्यता रहेको पाइन्छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । प्रस्तुत कथाको शैली औपचारिक खालको रहेको छ । कथाको वाक्य गठनमा मिश्र वाक्यको प्रधानता रहेको पाउन सकिन्छ ।

'स्वदेशमै मर्ने-बाँच्ने प्रण' कथाको भाषा सरल र सहज प्रकारको रहेको छ । घ्यार-घ्यार, झमक्क, क्वाँक्वाँ जस्ता अनुकरणात्मक शब्दहरूले कथाको भाषाशैलीमा मिठास आएको छ । कथामा प्रयुक्त तालुमा आलु फल्नु, बाउन्न घुस्सा त्रिपन्न ठक्कर, मनमा चस्का पस्नु जस्ता उखान र टुक्काले कथामा प्रभावकारिता बढाएको छ । कथामा गिलास, गुन्द्रुक, जागिर, हजार, कटेरा, बस जस्ता आगन्तुक शब्दहरूको प्रयोगका साथै एकएक, ढलीमली, सोधखोज, हराभरा जस्ता द्वित्व शब्दहरूको प्रयोगले कथामा भाषिक स्वाभाविकता ल्याएको छ । प्रस्तुत कथाको

शैली वर्णनात्मक रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूकै प्रयोग भएको पाइन्छ ।

'जनयुद्धको विजय' कथाको भाषा पात्र अनुकूल सहज र सरल रहेको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको छ । कथामा प्रयुक्त टुप्लुक्क, मुस्कुराउनु, आश्चर्य, झल्झली जस्ता अनुकरणात्मक शब्दहरूले कथामा भाषिक स्वाभाविकता ल्याएको छ । कथाको शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग गरिएको छ । यस कथाको भाषाशैली कृत्रिम, आलङ्कारिक नभई स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाको भाषा सरल, सहज र स्वाभाविक रहेको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको पाइन्छ । कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि सरासर, स्वाँस्वाँ, फटाफट, छक्क जस्ता अनुकरणात्मक शबदहरूका साथै अत्तोपत्तो, बल्लतल्ल, सोधखोज जस्ता द्वित्व शब्दहरूको प्रयोग भएको पाइन्छ । यसमा आषाढ, पिता, पुस्तक, प्रथम, गुरु, कठिन जस्ता नेपाली जनजिब्रोमा झुण्डिएका तत्सम शब्दहरूको पनि प्रयोग भएका छन् । प्रस्तुत कथामा आत्मसंस्मरणात्मक तथा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूको नै प्रयोग भएको पाइन्छ ।

'हात्तीको देखाउने दाँत' कथामा पात्र अनुकूलको सरल र सहज भाषाको प्रयोग भएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको भए पनि कतिपय ठाउँमा अपूर्ण वाक्यहरूको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त जसले मह काट्छ उसले हात चाट्छ जस्ता उखानले कथालाई प्रभावकारी र रोचक प्रदान गरेको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग भएको पाइन्छ । यस कथाको भाषाशैली सरल, स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'नक्कली मयूर' कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । कथामा गाउँघरमा प्रचलित बोलीचालीको भाषा पनि प्रयोग भएको छ । कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि सुटुक्क, हतारहतार, झमक्क, सरासर

जस्ता अनुकरणात्मक शब्दहरूका साथै कताकता, आदान प्रदान, ओहर दोहर, बल्लतल्ल जस्ता द्वित्व शब्दहरूको प्रयोग भएको पाइन्छ । रातोपिरो हुनु, नाकमा मोसो दल्नु जस्ता टुक्काहरूले कथामा थप आकर्षण बढाएको छ । यस कथाको शैली औपचारिक खालको रहेको छ । कथामा सामान्यतया सरल वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

'कोपभाजन' कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशः पूर्ण वाक्यको प्रयोग गरिएको छ । कथामा प्रयुक्त अनुकरणात्मक र तद्भव शब्दहरूले कथामा प्रभावकरिता र रोचकता ल्याएको छ । यस कथामा औपचारिक शैलीको प्रयोग भएको छ । कथामा सरल वाक्यहरूकै आधिक्यता रहेको छ ।

'सिफारिस' कथामा छोटाछोटा वाक्यहरूको प्रयोग हुनुका साथै कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको छ । कथामा प्रयुक्त निपात र अनुकरणात्मक शबदहरूले कथामा मिठास थपिएको छ । कथामा कार्यालय क्षेत्र प्रयोग हुने शब्दहरूको बढी प्रयोग भएको पाइन्छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग रहेको पाइन्छ । यस कथाको भाषाशैली सरल, स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'स्वभिमानको परिचय' कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको नै प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त नि, है, बा, लौ, रे जस्ता निपातले कथाको स्वाभाविकता बढाएको छ । कथामा आएको 'बाहुन बुढो भयो भने चोयामा, लिम्बु बुढो भयो भने खोयामा' भन्ने प्रचलित तुक्काले कथामा भाषिक मिठासपन ल्याएको छ । साथै प्रस्तुत कथामा प्रयुक्त अनुकरणात्मक शब्दहरूले कथामा थप आकर्षण बढाएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहनुका साथै सरल वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

'खास मान्छेहरूको आगमन' कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित प्रस्तुत कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त निपात, तद्भव र

अनुकरणात्मक शब्दहरूले कथामा स्वाभाविकता प्रदान गरेको छ । यस कथामा औपचारिक शैलीको प्रयोग हुनुका साथै सरल वाक्यहरूको प्रयोगाधिक्य रहेका पाउन सकिन्छ । कथाको भाषाशैली सरल, स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'युगको माग' कथामा पात्र अनुकूलको सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको भए पनि कतिपय ठाउँमा अपूर्ण वाक्यहरूको पनि प्रयोग गरिएको छ । कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि वनवन, राम्राराम्रा, जातभात, टनाटन जस्ता द्वित्व शब्दहरूका साथै है, नि, रे जस्ता निपातहरूको प्रयोग भएको छ । प्रस्तुत कथामा वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूको प्रयोग भएको छ ।

'नयाँ जीवनको सुरुवात' कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । कथामा गाउँघरमा प्रचलित बोलीचालीको भाषा पनि कथाकारले कथाको यथास्थानमा प्रयोग गरेका छन् । कथामा प्रयुक्त बाँदरलाई दशा लाग्यो भने आरा चलाउँछ, स्याललाई दशा लाग्यो भने सहर पस्छ जस्ता उखान र मान्छे चिनिन्छ व्यवहारबाट, पशु चिनिन्छ अनुहारबाट जस्ता तुक्काले कथामा अझ बढी मिठासपन थपिएको छ । कथामा द्वित्व शब्दहरूको प्रयोगले कथा स्वाभाविक बनेको छ । कथामा प्रयुक्त शैली वर्णनात्मक खालको रहेको छ भने कथाको वाक्य गठन सरल किसिमको रहेको पाउन सकिन्छ ।

'खुशामद' कथामा पात्र अनुकूलको सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । छोटाछोटा वाक्यमा संरचित प्रस्तुत कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको पाइन्छ । कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि अचम्म, डङ्रङ्ग, खुरुक्क जस्ता अनुकरणात्मक शब्दहरूका साथै हातपात, रातरात जस्ता द्वित्व शब्दहरूको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग भएको पाइन्छ । यस कथाको भाषाशैली सरल, स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'सन्यास' कथामा सरल, सहज र स्वाभाविक भाषिक विन्यासको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको

प्रयोग गरिएको भए पनि कतिपय ठाउँमा अपूर्ण वाक्यहरूको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त के खोज्छस् काना आँखो, भाटले भाऊ भेट्नु जस्ता उखान र टुक्काले कथामा रोचकता प्रदान गरेको छ । यस कथामा आएको अनुकरणात्मक शब्दहरूले कथामा स्वाभाविकता थपिएको छ । यस कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूको प्रयोग भएको छ ।

'विवेकको खडेरी' कथामा पात्र अनुकूलको सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । कथामा प्रयुक्त छोटाछोटा र पूर्ण वाक्यहरूले कथामा स्वाभाविकता ल्याएको छ । प्रस्तुत कथामा तद्भव शब्दको बाहुल्यता रहेको छ । यस कथामा प्रयुक्त शैली वर्णनात्मक तथा संस्मरणात्मक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग भएको पाइन्छ । यस कथाको भाषाशैली सरल, स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'अन्तर्ध्वनी' कथामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित प्रस्तुत कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण वाक्यको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त हेडमाष्टर, टिकट, स्टाफ, सीट, बी.ए., बस जस्ता नेपाली जनजिब्रोमा भिजिसकेका आगन्तुक शब्दहरूले कथामा मिठासपन थपिएको पाउन सकिन्छ । कथा शैली औपचारिक खालको रहेको छ भने कथाको वाक्य गठन सरल प्रकारको नै रहेको छ ।

'जन्तरे काका' कथा छोटाछोटा वाक्यमा संरचित हुनुका साथै अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको छ । लघु आयाममा रहेको प्रस्तुत कथाको भाषा सरल, स्वाभाविक र सहज प्रकारको रहेको पाइन्छ । कथामा प्रयुक्त शैली वर्णनात्मक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग भएको छ । कथाको भाषाशैली कृत्रिम र आलङ्कारिक नभई सरल, स्वतः स्फूर्त र प्रवाहमय रहेको पाउन सकिन्छ ।

'टुक्रिएको सपना' कथाको भाषा पात्र अनुकूल सरल र सहज किसिमको रहेको छ । तद्भव शब्दको अधिक प्रयोग र क्याम्पस, ट्युसन, जागिर, मक्ख जस्ता केही आगन्तुक शब्दहरूको प्रयोग कथामा भएको छ । कथामा प्रयुक्त वाक्यहरू छोटाछोटा हुनुका साथै पूर्ण पनि रहेको पाइन्छ । यस कथामा प्रयुक्त शैली

औपचारिक खालको रहेको छ । कथामा सरल वाक्यको प्रयोग हुनुका साथै भाषाशैली कृत्रिम र आलङ्कारिक नभई स्वतः स्फूर्त र प्रवाहमय रहेको पाइन्छ ।

'चाकडी' कथामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । यस कथामा प्रयुक्त कचकच, सोधखोज, गेटसेट जस्ता द्वित्व शब्दहरूले कथामा स्वाभाविकता ल्याएको छ । कथामा आएका अनुकरणात्मक, आगन्तुक र तद्भव शब्दहरूले कथाको मिठासपन र प्रभावकारिता बढाएको छ । कथाको शैली वर्णनात्मक खालको रहेको छ । कथामा सरल वाक्यको बाहुल्यता रहेको पाउन सकिन्छ ।

'अस्मिताको सङ्घर्ष' कथाको भाषाशैली सहज र स्वाभाविक रहेको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिएको छ । कथामा प्रयुक्त निपात र अनुकरणात्मक शब्दहरूले कथा स्वाभाविक र रोचक बनेको छ । ओठे जवाफ दिनु, पानी माथिको ओभानो हुनु, धान खाने मुसो चोट पाउने भ्यागुतो जस्ता उखान र टुक्काको प्रयोगले कथा मार्मिक र प्रभावकारी बन्न पुगेको छ । प्रस्तुत कथाको शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सरल र संयुक्त वाक्यको प्रधानता रहेको पाउन सकिन्छ ।

'विदेशको सपना' कथामा पात्र अनुकूल सरल र सहज भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । यस कथामा प्रयुक्त वाक्यहरू छोटा र पूर्ण खालको रहेको छ । कथामा आएका निपात र अनुकरणात्मक शब्दहरूले कथा स्वाभाविक र रोचक बनेको छ । प्रस्तुत कथामा प्रयुक्त शैली औपचारिक खालको रहेको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यको प्रयोग गरिएको पाइन्छ । यस कथाको भाषाशैली कृत्रिम र आलङ्कारिक नभई स्वतः स्फूर्त र प्रवाहमय रहेको छ ।

'उत्सर्गको बाटो' कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग भएको पाइन्छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त अनुकरणात्मक र द्वित्व शब्दहरूले कथाको स्वाभाविकता बढाएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । वाक्य गठनमा सामान्यतया सरल वाक्यहरूकै प्रयोग भएको पाउन सकिन्छ ।

'बालुवाको घर' कथाको भाषा सरल र सघन रहेको छ । लघु आयाममा संरचित यस कथामा तद्भव शब्दको प्रयोगाधिक्य रहेको छ । कथामा अधिकांशतः पूर्ण वाक्य भए पनि कतै कतै वाक्य गठनमा कमजोरी पनि देखिएको छ । प्रस्तुत कथामा राजनीतिक क्षेत्रमा प्रयोग हुने चुनाव, पार्टी, आमसभा जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त अनुकरणात्मक र द्वित्व शब्दहरूले कथाको भाषिक स्वाभाविकता ल्याएको छ । यस कथाको शैली वर्णनात्मक रहेको छ । यसमा सरल वाक्यको नै प्रधानता रहेको पाउन सकिन्छ ।

'उज्ज्वल भविष्यको सपना' कथाको भाषाशैली सहज र स्वाभाविक रहेको छ । छोटाछोटा वाक्यमा संरचित यस कथामा अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । कथामा प्रयुक्त लहलह, हराभरा, बालीनाली, मनमन, खेतीपाती जस्ता द्वित्व शब्दहरूका साथै मुख मिठ्याउनु, कन्सिरीका रौं तातेर आउनु, कोखमा दाह्रा उम्रनु, हण्डर खानु जस्ता उखानहरूले कथामा भाषिक स्वाभाविकता र प्रभावकारिता ल्याउन सफल भएको छ । कथामा सामान्यतया सरल वाक्यको र वर्णनात्मक शैलीको प्रयोग गरिएको पाउन सकिन्छ ।

'मोलतोल' कथामा सरल, सहज, स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । कथामा छोटा वाक्यका साथै अधिकांशतः पूर्ण वाक्यको प्रयोग भए पनि कतै कतै वाक्यगठनमा कमजोरी पनि भएको पाउन सकिन्छ । कथामा प्रयुक्त अनुकरणात्मक र द्वित्व शब्दहरूले कथामा भाषिक स्वाभाविकता ल्याएको छ । नाक जानु, मुख फोर्नु जस्ता टुक्काहरूको प्रयोगले कथा मार्मिक र प्रभावकारी बन्न पुगेको छ । यस कथामा औपचारिक शैलीलाई अङ्गालिएको छ । यसमा मुख्यतया संयुक्त वाक्यको प्रयोग गरिएको पाउन सकिन्छ ।

'भिनाजुको करामत' कथामा सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा तद्भव शब्दको प्रयोगाधिक्य रहेको छ । कथामा प्रयुक्त अनुकरणात्मक र द्वित्व शब्दहरूले कथामा स्वाभाविकता ल्याएको छ । कथामा औपचारिक शैलीको प्रयोग गरिएको छ । यसमा सरल वाक्यको प्रयोग गरिए पनि कतै कतै वाक्य गठनमा कमजोरी देखा परेको छ ।

'मुखभरिको जवाफ' कथामा पात्र अनुकूलको सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । छोटाछोटा वाक्यमा संरचित यस कथाको अधिकांशतः पूर्ण वाक्यको प्रयोग गरिए पनि कतिपय ठाउँमा अपूर्ण र विचलनयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । कथामा भाषिक स्वाभाविकता ल्याउनका लागि एक्कासी, घुटुक्क, जुरुक्क, खासकखुसुक, हुप्प, सुक्कसुक्क, भुत्भुताउनु, मुसुमुसु, क्वाँक्वाँ जस्ता अनुकरणात्मक शब्दहरूका साथै कुनै कुनै, मनमनै, कताकता, झनझन, लुगाफाटो, झनझन, आनीबानी, खोसाखोस जस्ता द्वित्व शब्दहरूको प्रयोग भएको पाइन्छ । यस कथामा आँखाको कसिङ्गर हुनु, कुलको कुटुम्ब जातको गंगा, भातको सिङ्जुर्रो उम्रनु जस्ता उखान र टुक्काको प्रयोगका साथै गाउँघरमा प्रचलित बोलीचालीको भाषा पनि प्रयोग भएको पाउन सकिन्छ । प्रस्तुत कथामा संवादात्मक तथा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । वाक्य गठनका दृष्टिले हेर्दा सामान्यतयता सरल वाक्यको नै प्रयोग भएको छ । प्रस्तुत कथाको 'नारीको जीवन फर्सीको लहरो हो आफूले चिताए जस्तो थाङ्ग्रो कहाँ भेटिन्छ र !' भन्ने वाक्यमा नारीको जीवनलाई फर्सीको लहरामा आरोप गरिएको हुनाले यहाँ रूपक अलङ्कारको प्रयोग गरिएको छ ।

## ४.८ उद्देश्य

कथाकार रविमान लमजेलले समाजका यथार्थ पात्रहरूलाई टिपेर आफ्ना कथाहरूमा राखी समाजमा घट्ने गरेका यथार्थ घटनाहरूलाई देखाउने उद्देश्य राखेका छन् । जहाँ उच्च वर्गको पात्रले निम्न वर्गको पात्र माथि सधैं अन्याय, अत्याचार र शोषण गरेको पाइन्छ । यस्तै गरी वर्तमान समय दिन प्रतिदिन व्यक्तिको धनी बन्ने होडमा अवसरवादी र व्यक्तिवादी बन्दै गएको अनि यस समयमा सोझा र निमुखा व्यक्तिहरूको अस्तित्व नरहेको कुरालाई पनि कथाकारले आफ्नो कथामा देखाउने उद्देश्य राखेका छन् । कथाले हाल योग्यताको कुनै कदर नहुने र चाकडी प्रथा र घुस प्रथाले समाज जेलिएको देखाउने उद्देश्य राखेको छ ।

'धनबहादुरको प्रतिशोध' कथामा कथाकारले समाजका गरिब वर्ग सधैं धनी वर्गबाट अपहेलित र शोषित हुनु पर्ने यथार्थतालाई देखाउने उद्देश्य राखेका छन् । यस कथामा चुच्चे साहुको काम नगरिदिँदा उठिबास लगाउने डरको कारण धनबहादुरले आफ्नी श्रीमती लीलामायालाई उसको जीवनको अन्तिम अवस्थामा पनि साथ दिन सकेको छैन । विरामी श्रीमती रुँगेर बसेको धनबहादुर बाध्यतावश चुच्चे

साहुको भारी बोक्न धरान गएको छ । यसरी प्रस्तुत कथाले गरिब वर्गको बाध्यतालाई देखाउने उद्देश्य पनि राखेको छ ।

'तीतो प्रतिक्रिया' कथामा कथाकारले गाउँका गरिबहरूले सधैं त्रासमा जीवन व्यतीत गर्नु पर्ने र केही काम गर्दा पनि गाउँका साहु महाजनलाई सोध्नु पर्ने बाध्यात्मक स्थितिलाई उद्घाटन गर्ने उद्देश्य राखेका छन् । प्रस्तुत कथामा सुब्बा जेठोले जर्कटे साहुलाई नसोधी पानी फर्काएर आफ्नो खेतमा हाले वापत् जर्कटे साहुले सुब्बा जेठोलाई धान रोप्दा रोप्दै खेतबाट पक्रेर लगेको छ । जर्कटे साहुले उसलाई अनेक डर र त्रास देखाएको छ । यसरी यस कथाले गरिबहरू सधैं धनी वर्गको शोषणमा रहेको यथार्थ कुरालाई देखाउने उद्देश्य पनि राखेको छ ।

'चुनाव' कथामा गरिबहरू एक भएर उठेमा गाउँ समाजका धनी शोषक वर्गको अन्त्य हुने यथार्थतालाई कथाकारले चित्रण गर्ने उद्देश्य लिएको छ । प्रस्तुत कथामा श्यामकर्णले गरिब जनताको साथ पाएर चुनावमा देउनारायणलाई हराएर विजयी भएको छ । उसले देउनारायण जस्तो सामन्तको सामन्ती प्रथालाई अन्त्य गरिदिएको छ । गरिबहरू एकजुट भएमा कसैले पनि केही गर्न सक्दैन भन्ने कुरालाई कथाले प्रस्तुत गरेको छ ।

'पराजयपछिको विजय' कथामा कार्यालयका कर्मचारीहरूले सधैं हाकिमको अन्डरमा रहनु पर्ने स्थितिलाई कथाकारले चित्रण गर्ने उद्देश्य लिएको छ । प्रस्तुत कथामा ना.सु. पदका कर्मचारी हरिशरणले हाकिमले भनेको नसुन्दा र हाकिमको नियन्त्रणमा नरहँदा उसलाई हाकिमले जागिर बाट निकालि दिएको छ । प्रस्तुत कथाले कसैले पनि कसैको अन्तरमनको चाहनालाई दबाउन सक्दैन, अन्त्यमा उसले गरेर नै छोड्छ भन्ने सन्देश पनि दिएको छ ।

'मूल्याङ्कन' कथाले देश र जनताको लागि आफ्नो जीउ ज्यान सुम्पने मान्छेको एक दिन सही मूल्याङ्कन भएर छोड्ने छ भन्ने कुरालाई प्रस्तुत गर्ने उद्देश्य राखेको छ । प्रस्तुत कथामा कुलनाथ देश र जनताको स्वतन्त्रताको लागि लड्दा लड्दै वीरगति प्राप्त गरेको हुनाले उनको देहान्त पश्चात् सही मूल्याङ्कन गरी उनको सालिक बनाइएको छ । मानिसले राम्रो काम गरेमा मृत्यु पश्चात् पनि उसको सही मूल्याङ्कन हुन्छ भन्ने कुरालाई कथाले सन्देशको रूपमा उल्लेख गरेको छ ।

'दृढ निश्चय' कथाले एक दिन कुनै पनि मान्छेको साचो प्रेम अवश्य सफल हुनेछ भन्ने कुरालाई देखाउने उद्देश्य लिएको छ भने अर्कोतिर छोराको इच्छालाई नबुझी छोराको विवाहको लागि आफै निर्णय गर्ने बाबुआमा माथि व्यङ्ग्य प्रहार गर्न खोजिएको छ । प्रस्तुत कथामा सावित्रीको दिलीपप्रति साचो प्रेम भएको कारण उनीहरूको प्रेम सफल भएको छ । प्रस्तुत कथाले कुनै पनि बाबुआमाले विवाह जस्तो कुराको निर्णय लिनु पर्दा आफ्नो सन्ततिको इच्छालाई पनि सामेल गर्नु पर्छ अन्यथा एक जनाको मात्र होइन दुई जनाकै जीवन बर्बाद हुन्छ भन्ने कुराको सन्देश पनि दिएको छ ।

'मुद्दा' कथाले वर्तमान समयमा योग्यताको कदर नभएको र चाकडी प्रथा र घुस प्रथाले योग्तालाई दबाएको कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्ने उद्देश्य राखेको छ । प्रस्तुत कथामा 'म' पात्रको नि.मा.वि. को बढुवाको लागि योग्यता भए पनि घुस नपुगेको कारण उसको बढुवा हुन सकेको छैन । यसरी यस कथाले घुस प्रथाले गर्दा कुनै पनि क्षेत्रमा सही योग्यता भएको मानिसले स्थान नपाएको कुरालाई प्रस्तुत गर्ने उद्देश्य पनि राखेको छ ।

'ओझेलमा परेको इतिहास' कथाले नेपालका चेलीहरू कसरी मुम्बईको कोठीमा नारकीय जीवन व्यतीत गर्न बाध्य हुन्छन् भन्ने कुरालाई झल्काउने उद्देश्य लिएको छ । प्रस्तुत कथाले नेपालका शिक्षित युवतीहरू पनि मुम्बईको कोठीमा बेचिएको तीतो कुरालाई पनि प्रस्तुत गरेको छ । यस कथाकी गंगा आई.ए. पढ्दै गरेकी शिक्षित युवती पनि आफन्तबाट बेचिएकी छ । उसलाई आफ्नै मीत दाजुले सिलगढी घुमाउन लैजाने वाहनामा बेचिएकी हुन्छ । प्रस्तुत कथाले कसैको भर परी कुनै पनि नौलो ठाउँमा जान हुँदैन भन्ने कुराको सन्देश पनि दिएको छ ।

'प्रतिबद्धता' कथाले गरिबहरूले साहु महाजनको अन्यायको प्रतिकार गरेमा उनीहरूको अन्याय प्रवृत्ति हराएर जाने यथार्थतालाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा मानध्वजले घोसे साहुको अन्याय सहन नसकेर कुटेको र सम्पूर्ण गरिब गाउँलेहरू मिलेर घोसे साहुको अन्यायको प्रतिकार गरेको घटनाले उसको अन्याय तथा शोषण प्रवृत्ति हराएर गएको छ । यसरी यस कथाले सम्पूर्ण गरिबहरू मिलेर एक भएमा कसैले पनि केही गर्न सक्दैन भन्ने सन्देश पनि दिएको छ ।

'न्यायको तराजु' कथाले धनी वर्गका मानिसले जतिसुकै छलकपट गरेर गरिबहरूलाई केही दिन फसाए पनि एक दिन अवश्य गरिबहरूप्रति न्याय हुनेछ भन्ने

कुरालाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा टंकनाथ साहुले तुङ्गप्रसाद माथि आफै शोषण गर्छ र आफै विभिन्न अभियोग लगाएर तुङ्गप्रसादलाई प्रहरी लगाएर पक्राउँछ तर तुङ्गप्रसाद बेकसुर भएको कुरा प्रहरीले थाहा पाए पछि गरिब तुङ्गप्रसाद माथि न्याय भएको छ । यसरी प्रस्तुत कथाले न्याय धनी, गरिब सबैको लागि बराबर हुने कुरालाई यथार्थतामा परिणत गरिदिएको छ ।

'शंका निवारण' कथामा कथाकारले वर्तमान समाज जाली र शोषकले भरिएको र यस्तो अवस्थामा कसैले कसै माथि पूर्ण रूपमा विश्वास गरेमा त्यसबाट आघात पाउन सकिन्छ भन्ने कुरालाई स्पष्ट रूपमा देखाउने उद्देश्य राखेका छन् । प्रस्तुत कथामा चतुरमानले भगवान् सरह मानेको कान्छा महाजनले चतुरमानको जीवनमा तुषारापात ल्याइदिएको छ । कान्छा महाजनले गरिब चतुरमानलाई अनेक अभियोग लगाई जेल जीवन जिउन बाध्य बनाएको र त्यसै बखत उसकी श्रीमती पुकुली माथि कान्छा महाजनले गिद्दे दृष्टि पनि लगाएको छ । यसरी वर्तमान समाजका मानिसहरूबाट विश्वास दिन प्रतिदिन खस्कदै गइरहेको कुरालाई कथाकारले आफ्नो कथामा उतार्ने उद्देश्य लिएका छन् ।

'ठीक बाटो' कथामा समाजका साहु महाजनले गरिबहरूले सुख पाएको र गरिखाएको हेर्न सक्दैनन् भन्ने कुरालाई कथाकारले देखाउने उद्देश्य राखेका छन् । प्रस्तुत कथामा भ्याकुरे साहुको ढाकर बोक्न जाँदा हर्कराजको पितालाई खोलाले बगाएर ज्यान गएको हुन्छ । त्यस बखत भ्याकुरे साहुको बीस हजार पनि बगाएर लगेको निहुँ पारी उसले हर्कराजको परिवारलाई दुःख दिइरहेको हुन्छ । अर्को तर्फ यस कथाले आमाको हृदय कोमल हुने कुरालाई पनि झल्काउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा हर्कराजले भ्याकुरे साहुको अन्यायको प्रतिकार गर्ने क्रममा जेलमा परेको हुन्छ । यस समयमा हर्कराजकी बुढेसकालकी आमा धनमायाको मनमा आँधिहुरी मच्चिएको छ । यस कथाले साहु महाजनले गरिबहरूप्रति गर्ने मनोमानीलाई देखाउने उद्देश्य राखेको छ ।

'खुसीले भरिएको हृदय' कथामा एउटी नारीले पनि समाजमा केही गरेर देखाउन सक्छ भन्ने कुरालाई कथाकारले देखाउने उद्देश्य राखेका छन् । प्रस्तुत कथाकी गोठाल्नी सविना समयसँगै अघि बढी सङ्घर्ष गरेर अधिकृत भएकी छ । यस कथाले नारीको साहसलाई पनि देखाउने उद्देश्य राखेको छ । समाजका नारी र पुरुष समान हुन् र नारीले पनि पुरुष सरह केही गर्न सक्छन् भन्ने सन्देश पनि यस कथाले दिन खोजेको छ ।

'आदर्श शिक्षिका' कथाले नारीहरूको साहसीपनलाई देखाउने उद्देश्य राखेको छ। यस कथाले एक्काइसौँ शताब्दीका शिक्षित नारीहरूको सामर्थ्यलाई देखाएको छ। प्रस्तुत कथामा विमला एक आदर्श शिक्षिका बनेर गाउँ, समाज र देशमै परिचित भएकी छ। गाउँका सर्वसाधारणदेखि नेता, मन्त्री समेत उसलाई भेट्न आएको छ। विमलाले केरेपे गाउँको नै मुहार फेरिदिएकी छ। यसरी प्रस्तुत कथाले अवसर पाएमा एउटी नारीले पनि देश र समाजमा केही गर्न सक्ने कुरालाई देखाउने उद्देश्य राखेको छ।

'आत्मविश्वासको क्षितिजतिर' कथामा कथाकारले गाउँका साहु महाजनको मनोमानी र हैकमवादी प्रवृत्तिलाई देखाउने उद्देश्य राखेका छन्। साथै कथाले साहु महाजनको ढुङ्गे हृदय हुने कुरालाई पनि इङ्गित गरेको पाउन सकिन्छ। प्रस्तुत कथाको प्रेमप्रसाद गरिब भएको कारण राते साहुले गाउँबाट उठिबास लगाएको छ। राते साहुले प्रेमप्रसादलाई गाउँमा बस्न नसक्ने बनाए पछि ऊ विदेश पलायन भएको छ। प्रस्तुत कथाले देशका युवाहरू रहरले मात्र होइन कर वा बाध्यताले पनि विदेश पलायन हुन्छ भन्ने कुरा देखाउने उद्दश्य राखेको छ।

'हाकिमको कुटनीति' कथाको उद्देश्य भन्नु नै कार्यालयका हाकिमहरूले तल्लो स्तरका कर्मचारीहरूप्रति गर्ने मनोमानीलाई स्पष्टसँग देखाउनु रहेको छ। साथै यस कथाले वर्तमान समाजमा ठगहरूले मात्र जरा गाडेर बसेको कुरालाई पनि सङ्केत गरेको छ। प्रस्तुत कथामा 'म' पात्रले तलब पाउने दिनमा हाकिमले उसलाई जागिरबाट निकालि दिएको छ। यस कथाले घुस खाने कार्यालयका हाकिमप्रति पनि व्यङ्ग्यवाण प्रहार गरेको छ।

'कागजी बाघ' कथाले गाउँ समाजका गरिबहरू एक भएमा कसैले पनि केही गर्न नसक्ने र यदि केही गर्न खोजेमा उनीहरू नै त्यस गाउँ समाजबाट पलायन हुनु पर्छ भन्ने यथार्थ कुरालाई देखाउने उद्देश्य राखेको छ। यस कथामा गरिबहरू एक भएर साहिला मुखियाको शोषणको विरोध र प्रतिकार गरेको कारण ऊ त्यस गाउँमा बस्न नसकि अन्यत्र बसाई सरेको छ। यसरी यस कथाले गरिबहरू एक भएर उठेको बेला कुनै पनि सामन्तीको अस्तित्व नरहने कुरालाई पनि देखाउने उद्देश्य राखेको छ।

'आफूले रोजेको बाटो' कथाले अञ्जान परपुरुषसँग बिहे गर्दा नारीको जीवन बर्बाद हुने कुरालाई देखाउने उद्देश्य राखेको छ। प्रस्तुत कथामा ललिताले अपरिचित र अञ्जान दुर्गाप्रसादसँग बिहे गरेको कारण उसको दाम्पत्य जीवन सफल भएको

छैन । उसको श्रीमान्ले उस माथि सधै शारीरिक तथा मानसिक यातना मात्र दिएको छ । कुनै पनि नारीले दाम्पत्य जीवनमा बाधिनु अघि आफ्नो हुनेवाला श्रीमान्को पारिवारिक वातावरण, बानी व्यहोरा आदि कुराको जाँचबुझ गर्नु पर्छ भन्ने कुराको सन्देश पनि यस कथाले दिएको छ ।

'निधारको खत' कथाको उद्देश्य भन्नु नै कसैलाई आफूले कमाएको सम्पत्ति दिनु अघि धेरैबेर सोचेर र त्यस व्यक्तिको बानी व्यहोरा थाहा पाउनु पर्छ अनि मात्र आफ्नो सम्पत्ति अरूलाई दिनु पर्छ भन्ने रहेको छ । प्रस्तुत कथामा 'म' पात्रले दुर्गेशलाई पचास हजार दिएको हुन्छ र 'म' पात्रले आफ्नो पैसा फर्ता माग्दा उल्टै दुर्गेशसँग झगडा भएको र अन्त्यमा उसले पच्चीस हजार मात्र प्राप्त गरेको छ । यसरी आफूले हड्डी खियाएर कमाएको सम्पत्ति कसैलाई दिन लाग्दा धेरै कुरामा सोच विचार गरेर मात्र दिनु पर्छ भन्ने कुरालाई यस कथाले सन्देशको रूपमा पनि प्रस्तुत गरेको छ ।

'आभास' कथाले मानिसको शोषक प्रवृत्तिलाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा दुर्योधन साहुले अनेक प्रलोभन देखाएर टुहुरो भक्तबहादुरलाई घरमा ल्याएर काममा मात्र जोताएको तर उसलाई तलव भने दिएको हुँदैन । भक्तबहादुरले दुई वर्षसम्म हलो जोतेको पैसा पनि उसले पाएको छैन । उसले सधै काम मात्र गरिरहनु परेको छ । यस कथाले मानिसले काम गरे वापत् उसले सही रकम वा मूल्य पाउनु पर्छ भन्ने सन्देश पनि दिएको छ ।

'स्थिर धरातल' कथाले कुनै पनि नारी दाम्पत्य जीवनमा बाधिनु अघि धेरै कुरामा सोच विचार गर्नु पर्ने र आफ्नो हुने वाला जीवन साथीको हरेक पक्षलाई नजिकबाट नियाल्नु पर्ने कुरालाई देखाउने उद्देश्य राखेको छ । साथै यस कथाले शिक्षित श्रीमान्ले आफ्नी श्रीमती माथि गर्ने दुर्व्यवहार र उनीहरूले नारी अस्मिता माथि गर्ने खेलवाडलाई पनि व्यङ्ग्य प्रहार गरेको प्रतीत हुन जान्छ । प्रस्तुत कथाकी 'म' पात्रले अपरिचित युवकसँग बिहे गरेको कारण दुःख पाएकी छ । साथै 'म' पात्रकी श्रीमान् उच्च शिक्षा हासिल गर्ने युवक भए पनि उसले बहुविवाह गरी नारी अस्मिता माथि खेलवाड गरेको छ । यसरी यस कथाले उच्च शिक्षा प्राप्त गरेको तर नारी माथि सधै खेलवाड र मनोमानी गर्ने श्रीमान्प्रति असन्तुष्टि व्यक्त गरेको छ ।

'सहिद दिवस' कथाले सहिद दिवसको दिन वातावरण उल्लासमय भएको कुरालाई देखाउने उद्देश्य राखेको छ । साथै यस कथाले हरेक नेपालीहरूलाई

सहिदले देखाएको बाटोमा हिड्नु पर्छ भन्ने सन्देश पनि दिएको छ । प्रस्तुत कथामा नयाँ नेपालको मार्ग चित्र कोर्न तन, मनले लागेका वीर सहिदहरूप्रति श्रद्धाञ्जली प्रकट गरिएको छ भने यस्तो काम गर्न बाधा पुऱ्याउनेहरूलाई सजाय पनि दिइएको छ । यस कथाले देश निर्माणमा लागेका मानिसहरूलाई बाधा पुऱ्याउनु हुँदैन भन्ने सन्देश पनि दिएको छ ।

'ठेकेदार छिरिङ शेर्पा' कथाले समाजका सोझा वर्ग माथि सधै अन्याय हुने कुरालाई देखाउने उद्देश्य राखेको छ । साथै यस समाज छलकपट र गुण्डागर्दीले जेलिएको यथार्थलाई पनि यस कथाले छर्लङ्ग्याउने उद्देश्य लिएको छ । प्रस्तुत कथाको ठेकेदार छिरिङ शेर्पा सोझो भएकै कारण उसलाई काम गरे वापत् लेखापालले रकम नदिई झुल्याएको छ । उसले आफूले काम गरे वापत् पाउनु पर्ने रकम समयमै नपाई ढिला पाएको छ । यसरी यस कथाले कुनै पनि व्यक्तिले परिश्रम गरे वापत् उसले रकम पाउनु पर्छ भन्ने सन्देश पनि दिएको छ ।

'स्वदेशमै मर्ने-बाँचने प्रण' कथाले मानिसहरू विदेशमा धेरै पैसा कमाउन सकिन्छ भन्ने प्रलोभनमा परी विदेश गएको र त्यहाँ उनीहरूले दुःख बाहेक केही पनि नपाएको कुरालाई देखाउने उद्देश्य रोखेको छ । यसका साथै यस कथाले दिन प्रतिदिन नेपाली नागरिकहरू विदेशिएको र त्यहाँ उनीहरूले कष्टकर जीवन व्यतीत गरेको कुरालाई उद्घाटन गर्ने उद्देश्य पनि लिएको छ । यस कथामा श्यामकृष्ण साथीहरूसँग घरबाट भागेर आसाम गएको छ । त्यहाँ उसले दुःख पाए पछि पुनः स्वदेशमै फर्की लेखपढ गरेर शिक्षक पेसामा आबद्ध रहेको छ । उसको जीवन स्वदेशमै सुख साथ व्यतीत भएको छ । प्रस्तुत कथाले स्वदेशमै बसी केही गरेर जीवन चलाउन सकिन्छ भन्ने सन्देश पनि दिएको छ ।

'जनयुद्धको विजय' कथाले २०६२/०६३ सालको जनआन्दोलन भन्दा अघिको सङ्कटकालीन स्थितिमा नेपाली सर्वसाधारण जनताले भोग्नु परेको दयनीय अवस्थालाई झल्काउने उद्देश्य राखेको छ । यसका साथै यस कथाले त्यस बेलाको सरकारप्रति पनि व्यङ्ग्य प्रहार गरेको छ । जसले कसैको पोलमा नै सर्वसाधारण जनतालाई दुःख दिएको छ । प्रस्तुत कथामा मयूरध्वजले अनिल माओवादी हो भनी सुरक्षाकर्मीलाई पोल लगाएको भरमै अनिललाई पक्रनको लागि सुरक्षाकर्मी अनिलको घरमा आएको छ । जसले अन्जान अनिललाई साचो रूपमै माओवादी बन्न बाध्य

पारिएको छ । यसको साथै अनिलका अञ्जान बाबु र आमालाई समेत सुरक्षाकर्मीले मरणासन्न हुने गरी पिटेको छ । प्रस्तुत कथाले कसैको भनाइमा विश्वास नगरी आफै अनुसन्धान गरेर पत्ता लगाए पछि मात्र कसै माथि कारवाही गर्नु पर्छ भन्ने कुराको सन्देश पनि दिएको छ ।

'कोरिदै गएका भविष्यका रेखाहरू' कथाले वर्तमान नेपाली समाजका मानिस धनी बन्ने, राम्रो लगाउने चाहनामा व्यक्तिवादी बन्दै गइरहेको र उसले आफ्ना आस्था विश्वासहरू पनि त्यसैमा बेच्दै गएको कटु यथार्थलाई उद्घाटन गर्ने उद्देश्य लिएको छ । प्रस्तुत कथामा कृष्णचन्द्रले काठमाडौँमा ना.सु. पदको जागिर खान थालेपछि उसले गाउँका आफ्नी भाउजू र भतिजसँग गरेको वाचालाई समेत बिर्सिएर एकोहोरो पैसाको पछि मात्र लागेको छ । उसको लागि पैसा नै सबथोक भएको छ । यसरी यस कथाले मानिसलाई पैसाले अन्धो बनाएको र मानिस पैसाले स्वार्थी भएको यथार्थलाई पनि प्रस्तुत गरेको छ ।

'हात्तीको देखाउने दाँत' कथाले वर्तमान नेपाली समाजका मानिसहरू व्यक्तिवादी र अवसरवादी बन्दै गएको यथार्थतालाई देखाउने उद्देश्य लिएको छ । वर्तमान समयका मानिसहरू धनी बन्ने होडमा दिन प्रतिदिन स्वार्थी हुँदै गएको कुरालाई पनि यस कथाले उद्घाटन गरेको छ । यस कथामा साधारण शिक्षक पेसाका दिलेन्द्र गुरु गाउँलेहरूको सहयोगमा खाद्य संस्थानको महाप्रबन्धक पदमा मनोनित भएको हुन्छ तर उसले आफू उच्च पदमा पुगे पछि सम्पूर्ण सहयोगी गाउँलेहरूलाई बिर्सिएको छ । उसले आफ्नो लागि मात्र दिन प्रतिदिन धन आर्जन गरिरहेको छ । यसरी यस कथाले वर्तमान समयमा धनको पछि लागि रहने मानिसहरूप्रति व्यङ्ग्यका दृष्टिले हेरेको छ ।

'नक्कली मयूर' कथाले मानिसको मन समय जस्तै परिवर्तनशील हुने कुरालाई प्रष्ट पार्ने उद्देश्य राखेको छ । यसका साथै यस कथाले एक सच्चा श्रीमान्मा हुनु पर्ने गुण नभएका श्रीमान्हरूप्रति पनि तीतो प्रतिक्रिया प्रस्तुत गरेको पाइन्छ । यस कथामा नानीमैयालाई धेरै माया गर्ने यमनाथको मन विवाह पछि परिवर्तन भएको छ । यमनाथले आफ्नी श्रीमतीलाई अपरिचित सहरमा लगेर उसको वास्ता गर्न छोडेको छ । नानीमैयाले आफ्नो सतीत्व अपहरण हुन लाग्ने कुरा आफ्नो श्रीमान्लाई बताउँदा पनि ऊ मौन रहेको छ । प्रस्तुत कथाले कुनै पनि व्यक्ति

श्रीमान् भई सकेपछि उसले एक सच्चा श्रीमान्ले गर्ने व्यवहार आफ्नी श्रीमतीप्रति गर्नु पर्छ भन्ने सन्देश पनि दिएको छ ।

'कोपभाजन' कथाले महङ्गीले जरा गाडेको सहर काठमाडौम सानोतिनो जागीरुले परिवारलाई धान्न नसकिने यथार्थ कुरालाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा विमलको खरदार जागिरबाट आउने सानो रकमले उसलाई परिवार चलाउन गाह्रो परेको छ । उसको एक महिनाको तलवले तीन जनाको परिवारलाई एक हप्ता मात्र पुगेको र बाँकी दिन कष्टकर रूपमा बितेको पाइन्छ । प्रस्तुत कथाले वर्तमान समयको महङ्गीप्रति असन्तुष्ट जनाउँदै तल्लो पदका कर्मचारीले आफ्नो परिवारलाई काठमाडौँमा राख्न नसक्ने यथार्थ कुराको सन्देश पनि दिएको छ ।

'सिफारिस' कथाले सोझो औंलाले घ्यू आउँदैन भन्ने प्रसिद्ध कथनलाई प्रमाणित गर्ने उद्देश्य राखेको छ । यसका साथै यस कथाले हाकिमहरूले आफू भन्दा तल्लो स्तरका कर्मचारी माथि गर्ने मनोमानी र शोषण प्रवृत्तिलाई पनि देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा 'म' पात्र सोझो र तल्लो स्तरको कर्मचारी भएकै कारण उसले पाउनु पर्ने सबै तलव पाएको छैन । उसले कैयौं पटक हाकिमलाई विन्ती गर्दा पनि तलव नपाए पछि मन्त्रीको नक्कली सिफारिस चिठी हाकिमसामु पेश गरेर आफ्नो तलव लिएर छोडेको छ । यसरी यस कथाले वर्तमान समयमा सोझो व्यक्तिहरूले हरेक ठाउँमा ठक्कर खानु पर्ने यथार्थ कुरालाई पनि देखाउने उद्देश्य राखेको छ ।

'स्वभिमानको परिचय' कथाले आफूलाई जन्म दिने बुढेसकालका बाबु र आमालाई वास्ता नगर्ने सन्ततिप्रति व्यङ्ग्यवाण प्रहार गर्ने उद्देश्य राखेको छ । यस कथामा बुढेसकालका धनहाङ बाजे र बज्यैलाई उनीहरूको बुढेसकालको सहारा एउटै मात्र छोरो सुरेशले वास्ता गरेको छैन । सुरेश धरान सहरमा घर बनाएर श्रीमतीसँग बसेको तर उसले गाउँका आफ्ना बाबुआमालाई भने माया मारेको छ । उसले बुढेसकालका बाबुआमालाई रुवाएको छ । यस कथाले कुनै पनि छोराछोरीले आफ्नो बुढेसकालका बाबुआमालाई नरुवाई उनीहरूको सहारा बन्नु पर्ने सन्देश पनि दिएको छ ।

'खास मान्छेहरूको आगमन' कथाले कुनै पनि मानिसको अन्यायले सीमा नाघे पछि त्यसको समाधान एक दिन भएरै छोड्ने कुरालाई प्रस्तुत गर्ने उद्देश्य राखेको छ । प्रस्तुत कथामा गाउँमा नरवीर साहुको अन्याय दिन प्रतिदिन बढ्दै गए पछि एक्कासि

खास मान्छेहरूको आगमन भई नरवीर साहुको अन्याय प्रवृत्तिको तहसनहस पारी गाउँलेहरूलाई स्वतन्त्रतापूर्वक बाँच्ने वातावरण मिलाई दिएको छ । यसरी प्रस्तुत कथाले कसैले पनि कसै माथि अन्याय गर्न नहुने र उनीहरूको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको हनन् गर्न नहुने कुरालाई प्रस्तुत गर्ने उद्देश्य राखेको छ ।

'युगको माग' कथामा पुरानो पुस्ता र नयाँ पुस्ता बीचको वैचारिक भिन्नतालाई कथाकारले देखाउने उद्देश्य लिएका छन् । प्रस्तुत कथामा पुरानो पुस्ताको रूपमा बाबु चतुरे मुखियाले र नयाँ पुस्ताको रूपमा छोरा बलभद्रले प्रतिनिधित्व गरेका छन् । कथामा चतुरे मुखियाले अछुतलाई मान्छेको रूपमा नहेरेको र उनीहरूलाई घरभित्र समेत पस्न दिएको हुँदैन तर छोरा बलभद्र चाहिँ शिक्षित भएको कारण मानिसको जातभातको वास्ता नगरेको र उसले आफ्नै घरकी गोठाल्नी जमुना विश्वकर्मासँग बिहे पनि गरेको छ । यसरी बलभद्रले आफूसँग जात, स्तर केही पनि नमिल्ने जमुना विश्वकर्मालाई आफ्नो जीवन संगिनी बनाएर समाजमा एक उदाहरणीय व्यक्ति बनेको छ । यसरी प्रस्तुत कथाले मानिस जातले ठूलो सानो नहुने कुरालाई पनि प्रस्तुत गरेको छ ।

'नयाँ जीवनको सुरुवात' कथामा कुनै पनि नारीको जीवन सुखमय साथ व्यतीत हुनको लागि उसको पति राम्रो बानी व्यहोरा भएको हुनु पर्छ यदि त्यस्तो भएन भने त्यो नारीले मृत्यु पर्यन्तसम्म नै दुःख भोगिरहनु पर्छ भन्ने कुरालाई कथाकारले प्रस्तुत गर्ने उद्देश्य लिएका छन् । प्रस्तुत कथामा कल्पनालाई उसको श्रीमान् प्रभाकरले सधै शारीरिक तथा मानसिक यातना दिएको कारण उसको जीवन दुःखमय बनेको छ । उसले जीवनभरलाई हुने यस्तो दुःखलाई पन्छाएर प्रभाकरसँग पुनः बिहे गरी दाम्पत्य जीवन सुखमयका साथ बिताइरहेकी छ । यसरी यस कथाले कुनै पनि अपरिचित व्यक्तिसँग विाह गर्न नहुने कुरालाई पनि उल्लेख गरेको पाइन्छ ।

'खुशामद' कथामा कुनै पनि मानिसको दुई रूप हुने कुरालाई कथाकारले देखाउने उद्देश्य राखेको छ । मानिसको बोली एक प्रकारको हुने र व्यवहार अर्कै प्रकारको हुने कुरालाई कथाले प्रस्तुत गरेको छ । प्रस्तुत कथामा चण्डेश्वरले बाहिरी रूपमा कैलाशनाथको विरोध गरे पनि ऊ कैलाशनाथको समर्थक भएको छ । चण्डेश्वर खेमराजको पार्टीको कार्यकर्ता भएको कारण उसले खेमराजको छेऊमा कैलाशनाथको विरोध गर्ने जस्तो भए पनि भित्र भित्र उसले कैलाशनाथलाई सहयोग

गरिरहेको हुन्छ । प्रस्तुत कथाले एक व्यक्तिले अर्को व्यक्तिको विश्वास गर्न नहुने सन्देश पनि दिएको पाइन्छ ।

'सन्यास' कथाले सम्पत्तिको प्रलोभनमा परी भए नभएको कुरालाई बढाई चढाई गरेर साहित्य रचना गर्ने कुनै पनि साहित्यकारप्रति व्यङ्ग्यवाण प्रहार गर्ने उद्देश्य राखेको छ । यसका साथै यस कथाले छोटो समयमै मान, प्रतिष्ठा र धन आर्जन गर्न खोजेमा उल्टो फन्दामा परिने कुरालाई पनि उल्लेख गरेको छ । प्रस्तुत कथामा उत्तमप्रसादले छोटो समयमै धन र प्रतिष्ठा कमाउने आशामा परी मन्त्री आलोक सिंहको बढाई चढाई गरी जीवनी लेखि दिएको हुन्छ । त्यस वापत् उसले न त धन, न त सम्मान नै पायो बरु उसले उल्टै आफूसँग भएको केही इज्जत पनि गुमाएको छ । अन्त्यमा उसले साहित्य जगत्बाट बिदा लिएको छ । यसरी प्रस्तुत कथाले कुनै पनि काम गर्न अघि त्यसको बारेमा धेरै सोच विचार गरेर कदम चाल्नु पर्ने कुरालाई पनि सन्देशको रूपमा उल्लेख गरेको छ ।

'विवेकको खडेरी' कथाले नेपाली समाजमा पत्रकारको उचित सम्मान हुन नसकेको कुरालाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा सुरुमा द्वैमासिक पत्रिका प्रकाशित गर्न विमल र विनितालाई प्रेरित गर्ने महेन्द्रकान्तले पत्रिका प्रकाशित भए पछि पत्रिका स्तरीय नभएको उल्लेख गर्दै उनीहरूको बेइज्जत गरिदिएको छ । अर्कातिर यस कथाले नेपालको पत्रकार पेसाबाट अर्थ आर्जन गर्न नसकिने कुराप्रति पनि तीतो प्रतिक्रिया प्रस्तुत गरेको इङ्गीत समेत हुन्छ ।

'अन्तर्ध्वनी' कथाले योग्यताको कदर नगरी घुस प्रथालाई नेपाली समाजका व्यक्तिले अग्रता दिएको वास्तविकतालाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा शिक्षक पेसामा समेत योग्यताको कदर नभई घुस प्रथाले जरा गाडेको हुनाले कथाको गुरुजीले शिक्षक पेसाबाट राजीनामा दिई गाडी चलाउने काम गरेको छ । यस कथामा गुरुजीले वी.ए. पास गरेको भए पनि गाडी चलाउने पेसालाई उसले सहज रूपमा स्वीकार गरेको छ । प्रस्तुत कथाले गर्न चाहनेहरूको लागि कुनै पनि काम ठूलो र सानो हुँदैन भन्ने सन्देश पनि दिएको छ ।

'जन्तरे काका' कथाले कसैले पनि कसैको अन्याय, अत्याचार र शोषण सहेर बस्न नहुने कुरालाई देखाउने उद्देश्य राखेको छ । यसका साथै अन्यायको डटेर प्रतिकार गरेमा त्यसको अन्त्य हुने कुरालाई पनि कथाले प्रस्तुत गरेको छ । प्रस्तुत

कथाले पहिले जन्तरे काका माथि साहुले अन्याय गरेको तर पछि त्यसको प्रतिकार गरी अघि बढेको घटनालाई प्रस्तुत गरेको छ । यस कथाले मानिस भएर जन्म लिए पछि उसले पाउने स्वतन्त्रता, हक, अधिकार पाउनु पर्छ । कसैले पनि कसैलाई यी कुराहरू पाउनबाट वञ्चित गर्ने कोसिस गर्नु हुँदैन भन्ने कुरा पनि सन्देश दिएको छ ।

'टुक्रिएको सपना' कथाले कुनै पनि मानिसले ठूलो सपना देख्नु हुँदैन यदि त्यो सपना टुक्रिएमा उसको जीवन निराशमय हुने कुरालाई उल्लेख गर्ने उद्देश्य लिएको छ । प्रस्तुत कथामा सरुले मन्त्रीको भाइसँग बिहे गरे पछि धनाढ्य भएर जीवन व्यतीत गर्ने सपना देखेकी हुन्छ तर उसको धनाढ्य भएर जीवन व्यतीत गर्ने सपना माथि तुषारापात भएको छ । यही कारण सरु दुःखी र निराश भएकी छ । यसरी यस कथाले मानिसले आफ्नो हैसियत भन्दा ठूलो सपना नदेख्न सन्देश पनि दिएको छ ।

'चाकडी' कथाले वर्तमान समयमा सोझो व्यक्तिको कुनै अस्तित्व नभएको र चाकडी प्रथाले अनि चाडकीवाजले वर्तमान समाज जेलिएको कुरालाई देखाउँने उद्देश्य राखेको छ । प्रस्तुत कथाको हाकिम नारायणप्रसाद सोझो र कसैलाई चाकडी गर्न नजान्ने भएको कारण सचिवले उसको सरुवा अन्यत्र गरिदिएको छ भने खरदार चेतप्रसादले सचिवलाई आफ्नो घरमा लगि रातभरि चाकडी गरेको कारण चेतप्रसादले सचिवको सहयोगमा नारायणप्रसादलाई अन्यत्र सरुवा गरिदिन सफल भएको छ । सचिवले खरदार चेतप्रसादको भए नभएको पोल सुनेर अनि उसको चाकडी पाएर हाकिम नारायणप्रसादलाई अन्यत्र सरुवा गरिदिएको छ । यसरी प्रस्तुत कथाले चाकडी गर्ने व्यक्ति र चाकडी चाहने व्यक्तिप्रति व्यङ्ग्य प्रहार गर्ने उद्देश्य पनि राखेको छ ।

'अस्मिताको सङ्घर्ष' कथाले नारी सधै कमजोर मात्र हुँदैन, परेको बेला कसैसँग लड्न पनि सक्ने कुरालाई देखाउने उद्देश्य राखेको छ । यस कथामा दाह्रे साहुले रूपाको नारी अस्मिता माथि दाग लगाउने प्रयास गरेको बेला उसले त्यसको डटेर प्रतिकार गरेकी छ । रूपाले आफ्नो नारी अस्मिताको रक्षा गर्ने क्रममा दाह्रे साहुलाई दाउराले पिटेर रक्ताम्य बनाएकी छ । यसरी प्रस्तुत कथाले आई परेको बेला नारी सिंहिनी पनि बन्न सक्ने कुरालाई उल्लेख गरेको छ ।

'विदेशको सपना' कथाले विदेश गएर धेरै धन आर्जन गर्न चाहने सपना बोकेका नेपाली युवाहरूको कारुणिक स्थितिलाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत

कथामा 'म' पात्रले धेरै अर्थ आर्जन गर्ने आशाले आफ्नो शिक्षक पेसालाई समेत त्यागेर विदेश जानको लागि काठमाडौँ गएको र त्यहाँ उसको विदेश जानको लागि तयार पारिएको सम्पूर्ण पैसा हराएको कारण ऊ विचलित परी काठमाडौँकै एक होटेलमा काम गरी बसेको छ । 'म' पात्रको लागि विदेश जाने सपना सपनामै यथावत रहेको छ । प्रस्तुत कथाले विदेश जान रुचाउने युवाहरूलाई होशियार बनाउने उद्देश्य पनि राखेको छ ।

'उत्सर्गको बाटो' कथाले नारीको हृदय सधैं एकैनासको नभई कहिले कठोर पनि हुने कुरालाई देखाउने उद्देश्य राखेको छ । यसका साथै नारीले पनि पुरुष जस्तै मनोबल बलियो बनाई आफ्नो लक्ष्य पूरा गर्न तत्परताका साथ लाग्न सक्ने कुरालाई पनि कथाले प्रस्तुत गर्ने उद्देश्य लिएको छ । प्रस्तुत कथामा छ महिनाको अन्तरमा अनुपाको श्रीमान् र एक मात्र छोरीको मृत्यु हुँदा पनि ऊ अलिकति पनि खस्किएन अर्थात् उसको आत्मबल अलिकति पनि कमजोर भएन । ऊ सधैं आफ्नो श्रीमान्ले पूरा गर्न नसकेको कामलाई पूरा गर्न तनमनका साथ अघि बढी रहेकी पाइन्छ । यसरी यस कथाले नारीले पनि पुरुष जस्तै आफ्नो लक्ष्य पूरा गरेर छोड्ने कुरालाई देखाएको छ ।

'बालुवाको घर' कथाले नेताहरूको अवसरवादी प्रथालाई व्यङ्ग्यताका साथ उल्लेख गर्ने उद्देश्य राखेको छ । यस कथाले चुनावका समयमा आफूलाई सहयोग गर्ने कार्यकर्ता र आफूले जनतासमु गरेका वाचाहरूलाई चुनावमा विजय भए पछि बिर्सिने नेताहरूको प्रवृत्तिलाई यस कथाले सजीवताका साथ उतारेको छ । प्रस्तुत कथामा ललितबहादुर चुनावमा विजयी भएर मन्त्री भए पछि उसले आफ्नो नजिकको कार्यकर्ता हितमानलाई र ऊसँग गरेका वाचाहरूलाई समेत बिर्सिएको छ । यसरी यस कथाले मानिसहरू दिन प्रतिदिन स्वार्थी र व्यक्तिवादी बन्दै गएको कुरालाई पनि देखाउने उद्देश्य राखेको छ ।

'उज्ज्वल भविष्यको सपना' कथाले प्रवासी नेपालीहरूको दुःखद अवस्थालाई चित्रण गर्नुका साथै अन्त्यमा नेपालीहरू पुनः स्वदेशमै फर्कनु पर्ने बाध्यात्मक स्थितिलाई देखाउने उद्देश्य राखेको छ । प्रस्तुत कथामा दलजित र पातलीले सुरु सुरुमा आसाममा सुखका साथ जीवन काटे पनि पछि उनीहरूको आश्रयदाताले पातली माथि आँखा गाडेको कारण झगडा परी उनीहरू पुनः नेपाल फर्की आफ्नै गाउँमा सुखमयका साथ जीवन बिताई रहेका छन् । मानिसमा स्वार्थ प्रवृत्ति हुने

कुरालाई पनि कथाले उल्लेख गरेको छ । यस कथामा आश्रयदाता गाउँबुढोले पातलीलाई मन पराएको कारण उनीहरूलाई आश्रय दिएको कुरा प्रमाणित भएको छ ।

'मोलतोल' कथाले प्रतिभाशील कविको सही मूल्याङ्कन नभई साहित्यमा चल्ने सौदावाजी प्रवृत्ति माथि व्यङ्ग्यवाण प्रहार गर्ने उद्देश्य रोखेको छ । प्रस्तुत कथामा हरिभक्तले कवि गोष्ठीका अध्यक्षहरूलाई प्रथम बनाई दिन पैसा दिएको कारण ऊ प्रथम भएको छ । यसरी यस कथाले वर्तमान समयमा सौदावाजी प्रवृत्तिले केही कुरा पनि अछुतो नरहेको कुरालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेको छ ।

'भिनाजुको करामत' कथाले साहित्यमा समेत चल्न थालेको नातावाद र कृपावादलाई देखाउने उद्देश्य लिएको छ । वर्तमान समयमा साहित्यिक क्षेत्र पनि दिन प्रतिदिन खस्कदै गइरहेको कुरालाई पनि यसले उल्लेख गरेको छ । प्रस्तुत कथामा कविता गोष्ठीको सदस्य कल्पनाको भिनाजु प्रभाकर भएको कारण कल्पना कवि गोष्ठीमा प्रथम भएकी छ । यसरी यस कथाले साहित्यकारको पनि उचित मूल्याङ्कन हुन नसकेको तीतो कुरालाई प्रकट गरेको छ ।

'मुखभरिको जवाफ' कथाले आफ्नो छोराछोरीको इच्छालाई मारेर आफ्नो इच्छालाई जबर्जस्ती लाद्ने बाबुआमाप्रति व्यङ्ग्य प्रहार गर्ने उद्देश्य राखेको छ । यसका साथै यस कथाले बाबुआमाको हृदय पनि कठोर हुने कुरालाई प्रस्तुत गरेको छ । प्रस्तुत कथामा शान्ताले आफूलाई माया गर्ने प्रकाशलाई चिठी लेखेको कारण उसलाई बाबुआमाले घरबाट निकालि दिएको छ । शान्ता प्रकाशलाई आफ्नो जीवन साथी बनाउन चाहन्छ तर उसको बाबुआमाले प्रकाश गरिब भएको कारण उसलाई ज्वाइँ बनाउन चाहेको छैन । शान्तालाई घरबाट निकालिए पछि अन्त्यमा शान्ता प्रकाशकोमा गएकी छ । यसरी बाबुआमाले आफ्ना सन्ततिहरूको मर्म बुझ्नेन भने ती सन्ततिहरूले दुःख पाउने र अन्त्यमा विद्रोह गर्ने छन् भन्ने कुरा कथाकारले देखाउने उद्देश्य राखेका छन् ।

## ४.९ निष्कर्ष

रविमान लमजेलका **आस्थाका पदचापहरू** कथा सङ्ग्रहमा एकाउन्नवटा कथाहरू सङ्कलित रहेका छन् । जस अन्तर्गत सामाजिक विषयवस्तुमा आधारित 'आत्मविश्वासको क्षितिजतिर', 'हात्तीको देखाउने दाँत', 'नक्कली मयूर', 'कोपभाजन',

'अन्तर्ध्वनी', 'चाकडी', 'विदेशको सपना', 'बालुवाको घर', 'मोलतोल' र 'भिनाजुको करामत' गरी दसवटा कथाहरू, अस्तित्ववादी विषयवस्तुमा आधारित 'सन्यास' र 'टुक्रिएको सपना' गरी दुईवटा कथाहरू, राजनीतिक विषयवस्तुमा आधारित 'पराजयपछिको विजय', 'जनआन्दोलनको तस्वीर', 'चुनाव', 'जनयुद्धको विजय' गरी चारवटा कथाहरू, मनोवैज्ञानिक विषयवस्तुमा आधारित 'दृढ निश्चय', 'हाकिमको कुटनीति', 'आफूले रोजेको बाटो', 'निधारको खत', 'मुखभरिको जवाफ' गरी पाँचवटा कथाहरू, प्रगतिवादी विषयवस्तुमा आधारित 'धनबहादुरको प्रतिशोध', 'तीतो प्रतिक्रिया', 'मूल्याङ्कन', 'मुद्दा', 'ओझेलमा परेको इतिहास', 'प्रतिबद्धता', 'न्यायको तराजु', 'शंका निवारण', 'ठीक बाटो', 'खुसीले भरिएको हृदय', 'आदर्श शिक्षिका', 'नयाँ क्षितिजको खोजी', 'कागजी बाघ', 'आभास', 'स्थिर धरातल', 'सहिद दिवस', 'ठेकेदार छिरिङ शेर्पा', 'स्वदेशमै मर्ने-बाँच्ने प्रण', 'कोरिदै गएका भविष्यका रेखाहरू', 'सिफारिस', 'स्वभिमानको परिचय', 'खास मान्छेहरूको आगमन', 'युगको माग', 'नयाँ जीवनको सुरुवात', 'खुशामद', 'विवेकको खडेरी', 'जन्तरे काका', 'अस्मिताको सङ्घर्ष', 'उत्सर्गको बाटो' र 'उज्ज्वल भविष्यको सपना' गरी तीसवटा कथाहरू रहेका छन् । यी कथाहरूमा कथाकारले सरल भाषाशैलीको माध्यमबाट सामाजिक यथार्थका विविध पाटाहरूको वस्तुपरक चित्रण गर्ने र सामाजिक व्यवस्था र विकृति माथि विद्रोह र व्यङ्ग्य प्रहार गर्ने उद्देश्य राखेका छन् । प्रस्तुत कथाहरूमा कथाकारले समाजका यथार्थ पात्रहरूलाई टिपेर आफ्नो कथाको पात्र बनाएका छन् । लमजेलका कथाहरूमा प्रायः सबै जसो कथाहरूको कार्यपीठिका स्वदेश नै रही पाँचवटा मात्र कथाको कार्यपीठिका प्रवासभूमि रहनुका साथै केही कथाहरूको कार्यपीठिका भने स्पष्ट रहेको पाउन सकिदैन । उनका कथाहरूमा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दु, विविध उखान र टुक्का, निपात, द्वित्व शब्द र अनुकरणात्मक शब्दहरूको उचित किसिमले प्रयोग भएको पाइन्छ । यसका साथै लमजेलका कथाहरूमा व्याकरणिक दृष्टिले केही अशुद्ध र अपरिष्कृत वाक्यहरूको पनि प्रयोग भएको देखिन्छ । लमजेलका अधिकांश कथाहरूमा समाजका वर्गद्वन्द्व र आर्थिक द्वन्द्व मूल विषयवस्तुका रूपमा आएकाले उनी सामाजिक यथार्थवादी कथाकारका साथै एक सफल प्रगतिवादी कथाकार पनि हुन् । उनलाई मुख्यतया प्रगतिवादी कथाकारका रूपमा लिन सकिन्छ ।

# पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ विषय प्रवेश

रविमान लमजेलका कथाहरूको विश्लेषण गर्ने क्रममा विभिन्न परिच्छेदमा विश्लेषण गरिएको छ । यस परिच्छेदमा परिच्छेदगत रूपमा विश्लेषणको निष्कर्ष गरिएको छ ।

## ५.२ परिच्छेदगत निष्कर्ष

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । जस अन्तर्गत रविमान लमजेलका जीवनी र व्यक्तित्व, कथाको सैद्धान्तिक परिचय र **आस्थाका पदचापहरू** कथा सङ्ग्रहको विश्लेषण सम्बन्धी समस्या राखि तिनीहरूको समाधान गर्ने उद्देश्य राखिएको छ ।

दोस्रो परिच्छेदमा रविमान लमजेलका जीवनी र व्यक्तित्व राखिएको छ । जसबाट लमजेलका जीवनी र व्यक्तित्व सम्बन्धी धेरै कुरा थाहा पाउन सकिन्छ । तेह्रथुम जिल्लाको आठराई केरेपे गाउँमा वि.सं. २००८ सालमा जन्मेका रविमान लमजेल पिता धनवीर लमजेल र माता जानुकादेवी लमजेलका कान्छो पुत्र हुन् । यिनको पारिवारिक पृष्ठभूमि सामान्य खालको देखिन्छ । यिनको शिक्षारम्भ गाउँकै स्कुलबाट भए पनि उच्च शिक्षा चाहिँ काठमाडौँको त्रिभुवन विश्वविद्यालयबाट प्राप्त भएको हो । यिनले नेपाली विषयमा वी.एड. र एम.ए. सम्मको अध्ययन गरेको देखिन्छ । लमजेलको जन्मथलो तेह्रथुम जिल्ला भए पनि उनले आफ्नो कर्मथलो चाहिँ ताप्लेजुङ्ग जिल्लाको विभिन्न गाउँहरू बनाएको पाइन्छ । यिनले मुख्य रूपमा शिक्षण पेसालाई अवलम्बन गरेको र हाल यिनी शिक्षण पेसाबाट अवकाश भई विभिन्न लेख रचनाका साथै विभिन्न सङ्घ संस्थाहरूमा आबद्ध भएर आफ्नो जीवन व्यतीत गरिरहेका छन् ।

लमजेलको अर्को सशक्त पक्ष साहित्यकार व्यक्तित्व हो । यिनी कवि, निबन्धकार, गजलकार, एकाङ्कीकार, कथाकार र खोज समालोचक जस्ता नेपाली साहित्यका बहुमुखी प्रतिभाले सम्पन्न व्यक्तित्व भएको र सम्पादकीय, समाजसेवी र

प्रशासनिक व्यक्तित्व जस्ता साहित्येतर व्यक्तित्वमा पनि यिनको नाम प्रसिद्ध भएको छ । वि.सं. २०२९ सालदेखि औपचारिक रूपमा नेपाली साहित्य जगतमा देखा परेका लमजेल विभिन्न पुरस्कारद्वारा पनि सम्मानित भएका छन् ।

तेस्रो परिच्छेदमा कथाको सैद्धान्तिक परिचयलाई प्रस्तुत गरिएको छ । कथा एक यौगिक रचना हो । त्यसैले कथाको निर्माण गर्न विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । यी तत्त्वहरूको समष्टि रूपबाट नै एउटा पूर्ण कथाको निर्माण हुन्छ । कथाका आवश्यक तत्त्वहरूमा कथावस्तु, चरित्र चित्रण, संवाद वा कथोपकथन, परिवेश, भाषाशैली र उद्देश्य पर्दछन् ।

चौथो परिच्छेदमा रविमान लमजेलका **आस्थाका पदचापहरू** कथा सङ्ग्रहमा सङ्कलित एकाउन्नवटा कथाहरूको कथाको तत्त्वको आधारमा विश्लेषण गरिएको छ । उनका कथा सङ्ग्रहका कथाहरूलाई हेर्दा उनले कथामा समाजमा देखिएका यथार्थ विषयहरूलाई समावेश गरेका छन् । यी कथाहरूले मानिसले आर्थिक अभावका कारण भोग्नु परेको दुरावस्थाको चित्रण गर्ने, नारीहरू पुरुष वर्गको शोषणमा पर्नु परेको अवस्थाको चित्रण गर्ने र समाजका उच्च वर्गका पात्रले निम्न वर्गका पात्र माथि गर्ने थिचोमिचोलाई यथार्थपरक ढङ्गमा देखाउने उद्देश्य राखेको छ । यसका साथै वर्तमान समयमा जरा गाडेर बसेको घुस प्रथा र चाकडी प्रथाप्रति कथाकारले व्यङ्ग्यवाण पनि प्रहार पनि गरेको छ । वर्तमान समाजका व्यक्तिहरू धनी बन्ने होडमा दिन प्रतिदिन अवसरवादी र व्यक्तिवादी बन्दै गइरहेको कुरालाई पनि कथाले प्रस्तुत गरेको छ ।

## ९.३ समग्र निष्कर्ष

लमजेलका कथाहरूको अध्ययन गर्दा उनका कथाहरूमा झिनो आख्यानको प्रयोग भएको लघु आयामले युक्त कथाहरू रहेका छन् । उनका सबै कथाहरूमा परिपुष्ट कथावस्तुको प्रयोग पनि भएको पाइँदैन । उनका कतिपय कथाहरूमा विभिन्न पात्रहरूका बीचमा वार्तालापीय संवाद र एक्लो पात्रको माध्यमबाट एकालापीय संवाद प्रस्तुत भएकाले ती कथाहरूमा निम्न रैखिक प्रकारको कथानक ढाँचा पनि प्रयोग भएको पाउन सकिन्छ । लमजेलका कथाहरूमा सहरीया परिवेश भन्दा ग्रामीण परिवेशको बढी प्रयोग भएको पाइन्छ । उनले आफ्ना अधिकांश

कथाहरूमा ग्रामीण समाजमा हुने गरेका यथार्थ घटनाहरूलाई उतारेका छन् । पूर्वी नेपालको ताप्लेजुङ्ग, तेह्रथुम, इलाम, झापा आदि जिल्लाको विभिन्न ग्रामीण क्षेत्र उनका कथाहरूमा परिवेशका रूपमा आएका छन् । ती ग्रामीण क्षेत्रहरूमा उच्च वर्गका व्यक्तिले निम्न वर्गका व्यक्ति माथि गर्ने मनोमानी, निम्न वर्गका व्यक्तिले सधैं गाउँका ठूलाबडाको अन्यायमा पिल्सिएर बाँच्नु पर्ने बाध्यता र गाउँका गरिबहरूले सधैं डर र त्रासमा कष्टकर जीवन व्यतीत गर्नु पर्ने स्थितिलाई कथाकारले आफ्ना कथाहरूका माध्यमबाट स्पष्ट रूपमा देखाउने उद्देश्य राखेका छन् । लमजेलका कथाहरूमा सहरीया परिवेशको रूपमा काठमाडौं, मुम्बई र धरानको कुनै सहर आएको छ, जहाँ एकले अर्काको कुनै वास्ता नगर्ने व्यत्तिवादी प्रवृत्तिले युक्त मानिसहरूको बसोवास भएको, महङ्गीले जरा गाडेको समाज भएकाले सानोतिनो जागिरले आफ्नो चारजनाको परिवारलाई पनि पाल्न नसक्ने स्थिति भएको र नारी अस्मिता माथि खेलवाड गर्न चाहने दानवरूपी मावनको बसोवास भएको जस्ता विभिन्न कुराहरूलाई कथाकारले आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् । लमजेलका कतिपय कथाहरू कथानकहीन र अकथात्मक रूपमा पनि रहेका छन् । ठाउँ ठाउँमा उखान र टुक्काको प्रयोगका साथै वर्णनात्मक, मनोवादात्मक र संवादात्मक शैली अपनाइएको यस कथा सङ्ग्रहका अधिकांश कथाहरू सहज र सरल भाषाशैलीमा रहेका छन् । कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भए पनि तृतीय पुरुष दृष्टिबिन्दुको आधिक्यता रहेको देखिन्छ । वाक्य गठनको दृष्टिले हेर्दा सामान्यतया सरल वाक्यको प्रधानता रहेको छ ।

# सन्दर्भ सामग्री

## (क) नेपाली पुस्तक सूची


उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश**, पाँ.संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), **नेपाली कथाको इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, हिमांशु (२०३६), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

---. (२०५०), **साहित्य परिचय**, चौ. संस्क., ललितपुर : साझा प्रकाशन ।

पौडेल, गोपीन्द्र (२०६५), **कथाको सौन्दर्यशास्त्र**, काठमाडौँ : उर्मिला पौडेल प्रकाशन ।

बन्धु, चुडामणि (२०५०), **भाषाविज्ञान**, छै.संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर (सम्पा.) (२०५५), **साहित्यकोष**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

---. (२०५३), **झ्यालबाट**, छै. संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), **कथा सिद्धान्त**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. ।

बराल, कृष्णहरि तथा नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ते. संस्क., ललितपुर : साझा प्रकाशन ।

भण्डारी, एकराज (२०६६), “स्रष्टा रविमान लमजेल : व्यक्ति र कृतित्व”, स्नातकोत्तर तह अप्रकाशित शोधपत्र, स्नातकोत्तर क्याम्पस, विराटनगर ।

भण्डारी, मेदनीप्रसाद (२०६३), “साहित्यकार रविमान लमजेलका कविता कृतिको अध्ययन”, स्नातकोत्तर तह अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६६), **शोधविधि**, चौ. संस्क., ललितपुर : साझा प्रकाशन ।